CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वधर्म निर्णय



वाणी गु[illegible]कथने श्रावणौ कथाया, हस्तौच कर्मसु मनस्तव पादयोर्नः।
स्मृत्या शिरस्तव निवासजगत्प्रणामे, दृष्टिः सता दर्शनेऽस्तु भवत्तनुनाम्।।

हे भगवान् मेरो वोलि तपाइको गुण–किर्तनमा लागिरहोस। मेरा कान तपाइका लिलाकथाहरू सुन्नमा तल्लिन रहुन। मेरा हात तपाइको सेवा रूप कार्यमा लागीरहुन अनि मन तपाइको चरण कै (वास्तविक तत्व) चिन्तनमा निरन्तर लागिरहोस्। मेरा शिर तपाइको निवास भएका सकल सृष्टि "जगत" लाई नमस्कार गर्न नतमस्तकरहोस। अनि मेरा यि नेत्र "आँखा" हरूले तपाइकै स्वरूपभएका संतजनहरूको दर्शनमा निर्लिप्तरहुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

ध०श्री ६८४
R.
R.60



जस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयोनाम नगाधिराजः ।
पुर्वापरौ तोयनिधिवगाह्य स्थितः पृथिव्यां इवमान दण्ड ॥
गावः स्वर्गस्य सोपान गर्व स्वर्गेऽपिपुजिताः ।गावः कामदुधे देव्योनान्यत् किञ्चित् परं स्मृतम् ॥

मातर सर्वभुतानां गाव: सर्वसुखप्रदा: ।

गावो मे घाऽग्रतः सन्तु गावोमे सन्तु पृष्ठतः । गावो मे हृदये सन्तु गावां मध्ये वसाम्यहम् ॥
पञ्चगावः समुत्पन्ना मथ्यमाने महोदधौ । तासां मध्ये तु या श्रेष्ठा तस्मै धेन्वै नमो नमः ।
पुजितासि वसिष्ठेन विश्वमित्रेण धीमता । सुरभे ! हरमे पापं यन्मया दुष्कृतं कृतम् ॥
पृष्ठे ब्रह्मा गले विष्णु: मुखे रुद्राः प्रतिष्ठिताः । मध्ये देवगणाः सर्वेरोमकुपे महर्षयः ॥
नागाः पुच्छे खुराऽग्रेषु ये चाऽष्टौ कुलपर्वताः । मुत्रे गङ्गादयो नद्यो नेत्रयोः शशि-भाष्करौ ॥
एते यस्याः स्तनौ देवा सा धेनुर्वरदाऽस्तु मे । यालक्ष्मीः सर्वभुतानां यत्र देवा व्यवस्थिताः ॥
धेनुरुपेण सादेवी मम पापं व्यपोहतु । विष्णोर्वक्षसिया लक्ष्मीः स्वाहा या च विभावसोः ॥
चन्द्रार्क-शक्र-शक्तिर्या सा धेनुर्वरदाऽस्तुमे । चतुर्मुखस्य या लक्ष्मीर्या लक्ष्मीर्धनदस्य च ॥
या लक्ष्मीर्लोकपालानां सा धेनुर्वरदास्तुमे । या स्वधा पितृमुख्यानां स्वाहा यज्ञभुजांस्तथा ॥
सर्वपापहरा धेनुस्तस्माच्छान्तिं प्रयच्छमे । यः शास्त्रोक्त विधि स्मृत्य गोरक्षां कारयेत् जनः ॥
न त्वहं कामये राज्य न स्वर्ग न पुनर्भवम् । कामये दुःख तप्तानां प्राणिनामार्तिनाशनम् ॥

श्री कृष्ण गो सेवा सदन विराटनगर-१८ जतुवा (नेपाल)
मा रहेको गौशालालाई सम्पूर्ण मानव जगतले समुचित कदर एवम् सहानुभुति
पूर्वक ५१ योजनालाई आध्यात्म विज्ञानको उपयोग निमित्त हरेक वैदिक-आर्य-हिन्दु जे
नाम दिएपनि आखिर मानव कल्याण हेतु भनीएका वाक्यलाई
स्विकार गर्दै योगदान गर्न अनुरोध एवम् आशा राख्दछ ।

विनित्
स्वधर्म निर्णय ग्रन्थ प्रकाशक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध०शा०६८४ R

स्वधर्म निर्णय

R- 60

NEPAL SANSKRIT UNIVERSITY
R.
९१५५

वाणी गुणानुकथने श्रवणौ कथायां, हस्तौच, कर्मसु मनस्तव पादयोर्नः '
स्मृत्यां शिरस्तव निवासजगत्प्रणामे, दृष्टिः सतां दर्शनेऽस्तु भवत्तनूनाम् ॥

"हे भगवन् । मेरो बोली तपाईका गुण-कीर्तनमा लागि रहोस् । मेरा कान तपाइका लीला कथा सुन्नमा तल्लीन रहुन् । मेरा हात तपाईको निवास भएका सकल जगत्लाई नमस्कार गर्नलाई निहुरिरहुन्, अनि मेरा यी नेत्रहरूले तपाईंकै स्वरूप भएका सतजनहरूको दर्शनमा निर्लिप्त रहुन् ।" (१)।१०।३८ भागवत्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक एवम् सङ्कलक

केशवप्रसाद दाहाल

चक्रघट्टी-२, महेन्द्रनगर, सुनसरी (नेपाल)

सर्वाधिकार

लेखक, संकलक एवम् प्रकाशकमा सुरक्षित

प्रकाशित कृतिः "स्वधर्म निर्णय" (भाग-१)

प्रकाशित संख्याः ११०० प्रति

मूल्यः रु.२२१।-, (भारु १४५।-), US $ 7.00

विमोचकः विमोचन स्थान र मिति
…न्द गिरि जि महाराज
श्री …ेश संन्यास आश्रम गुरुकुलम्
२०६५ रामनवमि देवघाटधाम् तनहुँ
I.S.B.N 978993721286101
… मूल्य रु.५५१।-

प्रुफरिडिङ्ग-भाषा (करेक्सन)

पं. हेमन्तराज अर्याल

टङ्कण खर्च दाताः दुर्गाप्रसाद ढवाडी, कीर्तिपुर काठमाडौं रु. १०,०५।-

टीकाराम ढुङ्गेल (नारायणस्वरुप), दुहवी सुनसरी, रु २,०००।-

कम्प्युटर ले-आउट

मैया बराल, सौजन्य डेस्कटप, धरान-११, किसानपथ

आवरणः विनायक डिजिटल स्टुडियो, धरान प्रो.सरोज श्रेष्ठ धरान ? विशेश सहयोगी रत्न फोटो उद्योग प्रो. भुपाल-सुमन श्रेष्ठ मेनरोड धरान

समाग्री संकलन सहयोगीः भूपाल

मुद्रणः गजुरमुखी प्रिन्टर्स, विराटनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
८१०३१।८ ६९८

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।

मनुस्मृति २।२०

स्वयं शिव त्वं वामोरौ शक्तिर्गणपति स्तथा ।
दक्षिणो रक्षिणिसूर्यो हृदये भक्तराड् हरिः ॥

स्क. श्रा. म. अ. १

सनतकुमार भन्नुहुन्छ । तपाईं स्वयं शिवजी होइबक्सिन्छ, हजूरको बायाँ जङ्घामा पार्वतीको निवास छ, दाहिने जङ्घामा गणेशका निवास छ, आँखामा सूर्यको निवास छ, हृदयमा भक्तवत्सल हरिको निवास छ । त्यसकारण तपाई (शिव)को पूजा गर्दा पञ्चायन देवताको पूजा हुन्छ ।

एकस्य तेऽर्चनादेव पञ्चायतनपूजनम् ।
जायतेऽन्यसुरे चैवं शम्भवो न हि सर्वथा ॥

स्क. श्रा. म. अ-१.

केवल हजुरको पूजा गर्दा पञ्चायतनको पूजा हुन्छ, अन्य एक देवताको पूजा गर्दा पाँचै देवताको पूजा हुँदैन अर्थात् जुन देवताको पूजा गरिन्छ उनैको मात्र (एकल) पूजा हुन्छ । अरुको हुँदैन । तर शिव (पञ्चवक्त्र)को पूजा गर्दा चाहिं पञ्चायतन देवताकै पूजा हुन्छ ।

अहं विष्णुश्च सर्वश्च देवी विघ्नेश्वरस्तथा ।
एकोऽहं पञ्चधाजातो नाट्ये सूत्रधरो यथा ॥

(सनतकुमार सहिता)

नाटकमा अभिनय गरेझैं म नै सूर्य, विष्णु, शिव, देवी, गणेश यिनै पाच प्रकारका रूप धारण गरेको हुं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवो ममात्मा मम शक्ति राद्या, बुद्धिर्गणेशो मम चक्षुरर्कः ।
ये भेद बुध्या मनुजा यजन्ति, पूजाफलं ते नहि प्राप्नु वन्ति ॥

(कार्तिक महात्म्य)

विष्णु भगवान् भन्नुहुन्छ । मेरा आत्मा शिवजी हुनुहुन्छ, मेरी शक्ति (पालनशक्ति) देवी हुन्, मेरो वुद्धि गणेश हुन्, मेरा आँखा सूर्य हुन्, म विष्णु भए, हामी पञ्च देवमा भेद वुद्धि गरेर पूजा गर्नेले फल पाउँदैन ।

एवमुक्त्वा ददौ ज्ञानमुपमन्युर्महामुनिः ।
ब्रतं पाशुपतं योगं कृष्णायाक्लिष्ट कर्मणे ॥२४॥४८

कू. पु. पु. वि. (द्व. शि. पु. वि. पु.)

धौम्यऋषिका दाजु उपमन्युले सुन्दर कर्म गर्ने वाला श्रीकृष्णलाइं शिवसम्वन्धी पाशुपत योग व्रत, ज्ञान "भस्मोदधुलित सर्वाङ्गो मुण्डो वल्कल संयुतः" विधिपूर्वक त्रिपुण्ड भस्मधारण गरेर वल्कल-कौपीन वस्त्र धारण गर्नुभएको थियो ।

धर्मेण हन्यते रोगाः धर्मेण हन्यते ग्रहाः ।
धर्मेण हन्यते शत्रुर्यतो धर्म ततो जयः ॥

(नीति समुच्चय)

नीति शास्त्रानुसार वर्णाश्रमानुकूल अनुष्ठान गर्नाले रोग, ग्रह, शत्रुलाई परास्त गर्न सक्तछ। जहाँ स्व धर्मयुक्त आचार अर्थात् वर्णसाङ्कर्य यतावाट कर्मसाङ्कर्यतावाट वचेर त्यस्ताको असंलग्नतामा गरे गरिएका यज्ञ, व्रत, पूजा, तीर्थ, दान, तपको कारणले मात्र मनुष्यहरूले कल्याण पाउँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधु साधु महाभाग वामदेव मुनीश्वर ।
त्वमतीव शिवेभक्तः शिवज्ञानवतां वरः ॥
त्वयात्वविदितं किञ्चिन्नास्ति लेकेषु कुत्रचित् ।
तथापि तव वक्ष्यामि लोकानुग्रहकारिणः ।
लोकेऽस्मिंन्पशवः सर्वे नानाशास्त्र विमोहिताः ।
वञ्चिताः परमेशस्य माययाऽतिविचित्रया ॥
नजानन्ति परं साक्षात्प्रणवार्थं प्रव्रवीमिते ।
सत्यं सत्यं पुनः सत्यं सत्यं सत्यं पुनः पुनः ॥

(शि. म. पु. कै. सं.)

कुमार भन्नुहुन्छ हे वामदेव ! हे महाभाग !! तिमी धन्य छौं अनि शिवभक्त पनि छौं शिव ज्ञान जान्नेहरूमा श्रेष्ठ पनि छौं । तिमीले नजानेको कुरा तीन लोकमा कही केही छैन। तर पनि संसारको हित गर्ने हेतुले म तिमीलाई वताउंछु । यसलोकमा प्राणीहरू विभिन्न शास्त्रले मोहित भएका छन् र परमेश्वरको विचित्र मायाले ठगिएका छन् । उनीहरू साक्षात् प्रणवार्थस्वरूप महेश्वरलाई जान्दैनन् जो सगुण र निगुर्ण दुवै स्वरूपको हुनुहुन्छ र जो व्रह्मा, विष्णु र रुद्र तिनैवटा देवतालाई उत्पन्न (सृष्टि-सृजना) गर्ने परव्रह्म हुनुहुन्छ । यो कुरा म दाहिने हात उठाएर प्रतिज्ञा (शपथ-किर्या) साथ भन्दछु सत्य हो ! सत्य हो !! फेरि पनि सत्यहो । सत्य हो ! सत्य हो !....॥

निगमशास्त्रहरू मनुष्यहरूको कल्याणहेतु नै रचना गरे गराइएका हुन् र सत्य छन् उज्वल छन्) ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची

क्र.सं.	विषय	पेज
१.	मिश्रित संस्कार	१
२.	सनातन	२०
३.	एकदृष्टि	३७
४.	प्रारम्भ	६८
५.	गृहस्थ धर्म	७४
६.	रुद्राक्ष धारण महिमा	९०
७.	चन्दन-तिलक-भस्म धारण महात्म्य	९४
८.	वैदिक श्रौत स्मार्त कर्म गर्नेलाई उर्ध्वपुण्ड्र आदि	१००
९.	द्विजाति (त्रैवर्णिक) लाई गायत्रीको उपासना	१०३
१०.	पुराणका वक्ता कस्तो ब्राह्मण योग्य हुँदैनन्	१०६
११.	धेरै चेलाचेली वनाउने र त्यस्ताको गति	१११
१२.	पितृ कार्यमा निषेध गरिएको प्रकरण	११५
१३.	पितृ कार्यमा निषेधको अर्थ	११७
१४.	वैदिक भष्म रुद्राक्ष बाहेक इश्पर-देवताहरुका हतियार शरीरमा डाम्नु वा अङ्कित गर्नु हुँदैन	११९
१५.	जन्म-मरणाशौचमा सनातन गृहस्थीद्विजहरुको कर्तव्य र प्रेतशब्दोच्चारण	१२३
१६.	स्वधर्मका रक्षक पुरुषभन्दा पतिब्रता नारीनै वढी हुन सक्छन्	१२७
१७.	टिपन टापन	१३७
१८.	नयाँ पुरानो वैष्णव धर्म विचार	१४३
१९.	वैदिक काल पूर्व नै वर्णाश्रम धर्म थियो	१७२
२०.	स्व संस्कृतिलाई वैदिक सनातन हिन्दु धमावलम्बिले उपेक्षा गर्दैनन्	१८४
२१	उपसंहार	१८८

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो ग्रन्थ प्रकाशनार्थ सहयोग गर्नुहुने महानुभावहरू

क्र.सं.	नाम, थर बतन	रकम
१.	नारायणदत्त शर्मा पौडेल धरान न.पा.१४ सुनसरी	रु. ५०००।-
२.	पूरुषोत्तम भट्टराई " "	रु.५१००-
३.	नरेन्द्रराज भट्टराई " " १५ सुनसरी	रु.५०५१।-
४.	श्री "देवी" गौरामाताको तर्फबाट उपासीका नरमदा देवी न्यौपाने धरान न.पा.-८ (ईन्जिनियरिङ् क्याम्पस एरिया)	रु.५२००।-
५.	टिकाराम ढुङ्गेल दुहवी, सुनसरी	रु. ५१००।-
६.	पद्मराज पौडेल महेन्द्रनगर, सुनसरी	रु.५१००।-
७.		
८.		
९.		
१०.		
११.		
१२.		
१३.		

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

सर्वे भवन्तु सुखिनःसर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

सवै ईश्वरीय सृष्टिका उपज सुखीरहुन् अनि निर्भय । सबैलाई राम्रों देख्न पाऊन्, दुःखी कोही नहोऊन् । सबैका लागि शुभ-कामना व्यक्त गरेको यथार्थ सत्य छ । तर भनाइ एकातिर काम र कर्तव्य चाहिँ ठीक विपरीत देख्दा मलाई कौतुहल र आश्चर्य उत्पन्न भयो । म मेरा वा समग्र आर्य-हिन्दु धर्मावलम्बील के गर्थे भन्नुभन्दा पनि हाम्रो धरोहर श्रुति-स्मृतिले के भन्दछन् यिनैले हाम्रो धर्मको आचरणको पालना गर्ने र गराउने गर्दछन् (जन्म मरणोपरान्त) । अनि 'आप्तवाक्य' पूर्व-पूर्व पितृ (पुर्खा)हरूको सङ्कल्प के हो ? त्यो नै मेरो धर्म हो भन्ने दृढ निश्चय हुँदा र भागवत महापुराणमा 'धर्मःस्वनुष्ठितंपुंसां' भन्ने वाक्य र कुल गोत्र वंश परम्परा नै हिन्दू आर्य धर्मको मूल हो र यो नै हिन्दू धर्म ग्रन्थहरूले कर्तव्य-अकर्तव्य अनि व्यावहारिक-अव्यावहारिक चालचलनहरू छर्लङ्ग पार्छन् यिनैले गर्भाधान-अन्त्येष्टिसम्मका कर्मको निरूपण गर्दछन् । यही सिद्धान्तमा हामी वर्णाश्रमका आधारमा आ-आफ्ना जाति विशेष अनुरूपका संस्कार, संस्कृति, कुल, वंश, गोत्र एवं मर्यादाका पालक हौं । तसर्थ 'देही गुनाको फर्सी' भनेजस्तो धर्म होइन भन्ने लाग्दा यी व्यासोक्त पौराणिक स्मृत्यादि धर्म आचरण निर्देशिका (अनुशासन) को सङ्कलन गर्न बाध्य भएँ । किन ? धर्म दश, बीस, पचास सय हुँदा रहेनछन् । जो कुल, गोत्र, वंश पाछामा आधारित धर्न सवैले मानेर आयौं । निष्कलङ्क परिवार र समाज थियो । विगत केही समय यता विद्वान् हुं भन्नेहरूले स्वविचारबाट रचिएका कथित ग्रन्थकारहरूले धर्मशव्दको प्रयोग गर्दै मानिसलाई भ्रममा पारेर आ-आफ्ना धर्म सम्प्रदायको आचार संहिता (घोषणा पत्र) तत्तत् सम्बन्धका तिलकादि ऊर्ध्व पुण्ड, शंख-चक्र (लिङ्ग चिन्ह) कण्ठी दीक्षाजन्य मन्त्र आदिको काल्पनिक आचरण गरे । कसैले आफ्नै नाउँवाट धर्मको संगठन गरेर मानिलाई धर्म शब्दको प्रयोगले गर्दा नै धर्मको मर्म नबुझ्रेर विरोध गर्नु पाप हो भन्ने कुराले टीका टिप्पणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेनन् । विद्वान् भएर पनि 'अनुमन्ता' भए किन ? प्रयोजकले प्रायोज्यलाई लाभ दियो । चेला चेलीवाट प्राप्त हुने भेटी दक्षिणाको लाभांश अनि ती सत्शास्त्रलाई भ्रमपूर्ण चटके 'अनेक धर्म विभ्रान्ता'का व्याख्याताः' कथित पण्डितज्यूहरूले गर्ने गराउने यज्ञ अनुष्ठानमा सहभागिताको दक्षिणाको प्रतिग्रहले वैदिक वैष्णवत्वलाई वलात्कार गर्ने दुःस्साहस गरिँदै थियो । हठात् पूर्वी नेपालको प्राचीनवदरिवन हाल वयरवन (जि.सु.वराहक्षेत्र गा.वि.स.) वराहक्षेत्र प्रवेशद्वारा सप्तकोशीतटमा कथित कुम्भ मेलाको आयोजना गर्दै शाब्दिक छलपूर्ण 'वैष्णव' धर्म प्रचार गर्ने क्रम सुरु भएको आभास चाहिँ भएकै हो । तथापि आफ्नो खुट्टा ठेस लाग्दा मात्र त्यो ठेसको पीडाको अनुभव हुन्छ र पनि त्यो विषकुम्भस्थलको पण्डालमा चिरपरिचत पण्डित मित्रसँग बसेर योजनाकारको प्रवचन सुन्दा पाखण्ड धर्म प्रचारकको परिचय पाएँ र प्रिय मित्रप्रसाद घिमिरेज्यूलाई तपाईं पनि अब डुब्नु हुने भयो भनेको थिएँ । धेरैले परधर्मको दीक्षा, कण्ठी, उर्ध्वपुण्ड्र, लिङ्ग चिन्ह (देवास्त्रका छाप) तत् सम्बन्धी प्रशिक्षण (गुरुवाक्य) द्वारा विवाहिता, कुमारी, वयोवृद्धा नारीहरू र वैदिक संस्कारयुक्त द्विजहरूलाई दीक्षित बनाइयो । जुन कर्म शास्त्रमा निन्दनीय छ । अर्थात् नारी (स्त्री) र पुरुषले परस्पर मन्त्रदान लिनेदिने गर्ने गराउने कार्य त्यो विवाह दीक्षाबाट त्यो गुरुसँग अन्योन्याश्रित प्रीतिद्वारा गृहस्थ धर्मको सुरु हुन्छ । जुन कर्मले सन्तानोत्पत्तिको मार्ग प्रशस्त गर्दछ । वंश, कुल, गोत्र, धर्मको उदय हुनछ र ती दीक्षा मन्त्र प्राप्त गरेकी नारीले 'उभय' एक्काइस कुलको उद्धार गर्दछिन् । वैदिक सनातन वैष्णव धर्मको मर्म विपरीत जुन कर्म गराइयो-गरियो त्यो अवैदिक असहिष्णुता घोर नारकीय कर्म हो भनेर सत्शास्त्रहरूमा बताइन्छ । पुरुष पातकी हुन्छ भने नारी पुँश्चली कहिन्छिन् । (अविवाहिता कुमारी भने पुँश्चली हुन्नन् । किन कि एक गुरु नै पतिव्रता भनिएको छ । दीक्षा लिएपछि कुमारी नै रहन्नन्) भने यता विना पत्नीको कुनै कार्यको सिद्धि हुँदैन । 'पत्नी हस्ताच्च संगृह्य' भनेको छ । पतिले आफ्नो धर्म त्यागेर (अगोत्र) अर्कै खाले धर्ममा लागे ती पतिसँग सहवास गर्न हुँदैन भनेर पुराणमा भनिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठक वर्गमा निवेदन ॥

यो भूमिकामार्फत् मैले वैदिक सनातन-वैष्णवका गृहस्थ कर्म के हुन् र थिए। अनि कथित अमुक वैष्णव शब्दालङ्कारी छलपूर्ण धर्महरूको परिचयात्मक चिन्हबाट नै आफ्नो वा सम्प्रदायहरूका उर्ध्वपुंड्रादि लकेट वस्त्र केशको वनावट शरीरको सजावट आदिबाट नै राजनीति पाटीजस्तो लाग्दछ। धर्म शब्द ग्रन्थ प्रयोग गर्दै स्वकीय सम्बन्ध विच्छेदमात्र गराइएको छैन कि पारिवारिक कलह विभेद तथा काज-क्रिया नै हुँदैन किन ? गोत्र नाम थर परिवर्तन गरेपछि आशौच लाग्दछ र ? जसरी विद्युत् गृहको नाता त्यो वल्वसम्म निरन्तर रहँदा स्विच थिच्दा उज्यालो बल्छ प्रसारण लाइन छिनेपछि बल्दैन। त्यसरी नै कुल गोत्र वंश परम्परा वा शास्त्र मर्यादा विपरीत अन्य नीच वर्णको आचरणमा समाहित भएको मनुष्य स्नान, संस्कार, काजक्रिया गर्ने, आशौच वार्ने र और्ध्वदेहिक गराउने पनि घोर नरकमा पर्दछ। जसरी त्यो विद्युत् करेण्टमा परेर तुरुन्त मृत्यु हुन्छ। जसरी भत्केको कुलो-पैनीबाट खेतमा पानी पुग्दैन मुहान नै बन्द गर्नुपर्छ नत्र भने झन् ठूलो क्षति हुन्छ र बिगो तिर्नुपर्छ। अनि मर्मत प्रायश्चित्त गरेर मात्र पानी चलाउनु पर्छ अनि मात्र पानी पुगेर खेतमा उब्जाउ हुन्छ। वैदिकशास्त्र नदीको मुहान हो भने सन्तान कुलो हो। पितृहरू खेत हुन्। जसरी खेतमा राम्रो पानी मलजल, गोडमेल गर्दा अन्न आदि पाउँछौं त्यस्तै वार्णाश्रम अनुसार गोत्र, कुल, वंश जातअनुसार निर्दिष्ट उपासनाबाट मात्र ईश्वर भक्तिको फल र पितृको आशीर्वाद प्राप्त हुन्छ। शास्त्रीय मत यही हो। त्यसैले कसैको चट्किला-भट्किला प्रवचनमा नलागी आ-आफ्ना स्वकुलोचित धर्म के हो ? बुझ्ने बुझाउने गरौं। चार्वाक (नास्तिक)का चेला न बनौं र नबनाउँ पनि। मलाई नीति शास्त्र र धर्मको सिद्धान्त निर्णय सङ्कलन गर्न बाध्य बनाइयो। मैले मेरो कर्तव्य पालना गर्दा वा मेरो स्वधर्मको रक्षार्थ प्रयोग भए गरेका शब्दार्थले कोही कसैलाई दुःख लागेमा त्यो संयोग मानिदिनु भई क्षमा दिन आग्रह गर्दछु। यो कसैले अभक्ष वस्तु भक्षण गरेको देख्दा दिग्मिग् लागी वाकवाकी लाग्दछ नै। सत्शास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

पं. श्री केशवप्रसाद दाहालज्यूले लेख्नुभएको स्वधर्म निर्णय पाण्डुलिपि आफ्नो दृष्टि दोषका कारणले गर्दा हेर्न नसकेता पनि वहाँकै मुखारविन्दवाट आद्योपान्त सुन्न पाएँ । यसै प्रसङ्गमा कहींकहीं अलिखित व्याख्या पनि सुनाउनु भयो । विषयवस्तु धार्मिक जिज्ञासु जनका लागि महत्त्वपूर्ण छ । यत्र तत्र छरिएर रहेका हाम्रा पथप्रदर्शक ऋषिमुनिका वाक्यहरूलाई वडो परिश्रमका साथ एकत्रित गरिदिनु भएको छ । होलान् एकाध कमी कमजोरी, नभएका पनि होइनन् तर पनि मानव सुलभ यस कमी-कमजोरीकै आधारमा भएको कुरालाई नकार्न कदापि सकिन्न । यस कार्यका निमित्त वहाँ साधुवादका पात्र अवश्य हुनुहुन्छ ।

विद्वान् लेखक महोदयले प्रस्तुत पुस्तकको विषयमा मेरो मन्तव्य लेखनको चाहना राख्नु भएकाले प्रस्तुत लेखमा कोही धार्मिक असहिष्णुताले प्रवेश गरेको त छैन ? भन्ने शंकाले पुन: एकवार पुस्तक पढ्न लगाइ सुनें र साथै वहाँसंग प्रश्नोत्तर रूपमा विषयवस्तुको अध्ययन गरें । मैले त्यसमा धार्मिक असहिष्णुता पाइनं । प्रत्युत वास्तविकता विषयक जिज्ञासा रहेको पाएं ।

१. धार्मिक असहिष्णुताको अभाव

यो सर्वमान्य सिद्धान्त हो कि संसार अनादि हो । संसार अनादि भन्नुको अर्थ मानव जाति अनादि हो । मानव मस्तिष्क अर्थात् मानव जातिको विचार अनादि हो 'मुण्डे-मुण्डे मतिर्भिन्ना' मानव जातिको विचार विविधता पनि अनादि नै छ । 'धरतीति धर्मः'

यस विग्रहवाट तलतिर खस्नवाट जोगाउने क्रियालाई धर्म भनिने गरिन्छ । यसकारण धर्म पनि अनादि नै सिद्ध हुन्छ । कुनै धर्माचार्य गुरुहरूवाट त्यो न्यो धर्म सुरु भएको होइन 'एवं परंपरा प्राप्तमिमं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुकूल धर्मको पालना गर्नु नै हिन्दुत्वको परिचय हो। यसमा मैले स्वविवेक तथा आफ्नो मनगढन्ते श्लोक प्रमाणहरू दिएको छैन। भरसक श्रोत खुलाउने प्रयास गरेको छु। तर पनि कहीँ कहीँ छुट्न गएको होला। त्यो तर्फमा यति भन्दै यहाँ उद्धृत उदाहरण श्लोकहरू स्श्रुति-स्मृति तथा पुराणहरूवाट निर्देशित शास्त्रीय आधारमा दिएको छु र भन्न चाहन्छु स्वधर्मलाई नमारौं आफू भ्रष्ट भएपनि अरुलाई भ्रष्ट हुनबाट वचाउने नैतिक दायित्व लिऔं।

स्वधर्म घाम झैं उज्यालो छ। शास्त्र प्रमाण छन् यसलाई ग्रहण लाग्नबाट बचाऔं। कहींका श्लोक कटु भएर नमीठो लाग्न सक्दछ। यो त सवालको जवाफको रूपमा मात्रै छ। उद्देश्य भनेको वेदअनुकूलको धर्मको वारेमा अहिले भ्रान्त भइ अन्य धर्म अंगालेकालाई मात्र सोझो बाटो देखाउनु हो। त्यो वाटोमा लाग्ने नलाग्ने वहाँहरूकै इच्छामा भर पर्दछ। प्रस्तुत पुस्तकमा केही त्रुटि रहन गएका भए सुझाव पाउने आशामा रही आगामी संस्करणमा सच्याउने प्रयास गर्ने नै छु। सम्पूर्ण वैदिक सनातन धर्मलाई नछोडी त्यसैको सम्वर्द्धनमा लागिरहनु भइ मलाई सहयोग दिने सम्पूर्ण विद्वान्वर्गमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

अन्त्यमा प्रमाणको खोजीमा मलाई सहयोग गर्ने र सुझाव दिनुको साथै अतिरिक्त सहयोगका लागि शान्तिराम दहाल, महेन्द्रनगर-९ र आफ्नो अति व्यस्तताको समयमा पनि यो ग्रन्थलाई भाषा शुद्धि (प्रुफ रिडिङ) पुस्तकाकार शैलीको समेतमा तन, मन, वचन र कर्मले अनन्य सहयोग गर्नुहुने श्री हेमन्तराज अर्याल एवम् सहमति प्रदान गरी हौसला दिनुहुने विद्वान्, गुरुवर्ग र शुभेच्छुक महानुभावहरूलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु र भविष्यमा अझ सहयोगको अपेक्षा गर्दछु।

विद्वद्वर्ग सबैको कृपाकांक्षी।

संकलक एवं प्रकाशक

केशवप्रसाद दहाल

महेन्द्रनगर गाविस-२, जनहित टोल चक्रघट्टी, सुनसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजर्षयो विदुः' स कालेनेह महता योगो नष्टः परंतपक ॥ स एवायं मता तेऽद्य......' ।

के सनातन, के वैष्णव, के वौद्ध, के जैन, के इसलाम, के इसाई आदि साराका सारा धर्म अनादि कालदेखि चलेर आइरहेका छन् । वीचवीचमा ओझेलमा पर्ने हुँदा त्यसवेला तत् तत् आचार्यहरूले प्रकाशमा ल्याउने गर्दछन् । यस्ता यी आचार्यहरू पनि अरु कोही होइनन् हुन् उनै एक परव्रह्म, परमात्मा या उसले खटाएको सन्देश वाहक, १८० डिग्रीको दूरीमा रहेका परस्पर विरोधी कोटिमा उभिएका वैदिक धर्म र वौद्ध धर्मका व्याख्याता 'रामो रामश्च कृष्णश्च वुद्ध ....।' एउटै व्यक्ति हुन् । यस वस्तुस्थिति.का सामुन्ने कुनै पनि धर्मलाई लिएर ठीक वेठीकको चर्चा गर्न मिल्दैन ।

भगवान् वुद्ध भन्नु हुन्छ 'चरथ भिक्खवे चारिक वहुजनहिताय वहुजनसुखाय । हिताय सुखाय ....देव-मनुस्सानाम्' सवै धर्म आफूमा परिपूर्ण छन् । आफ्ना उपासकलाई फल प्राप्ति गर्न सक्षम छन् । यसमा अर्काको भरोसा लिनुपर्ने स्थितिमा कुनै पनि छैनन् ।

हँ, यहाँ यौटा विचारणीय पक्ष अवश्य छ, त्यो हो अनुष्ठान पक्ष । एउटै सवैका लागि ठीक हुने संसारमा कुनै पनि छैन । रोग अनुसारको औषधि, भोक अनुसारको भोजन, अधिकारी अनुसारको उपदेश, शक्ति अनुसारको काम । "आयुर्वै घृतम्" । श्रुति अनुसार घ्यु आयु वर्धक भएर पनि उच्च रक्तचापमा रोगीका लागि मृत्युकारक वन्दछ । धर्मका विषयमा पनि यो नियम उत्तिकै जागरुक छ । "स्वधर्मे निधनं श्रेयः पर धर्मो भयावहः ।" गार्हस्थ्य धर्म सर्वश्रेष्ठ धर्म हो भनेर व्रह्मचर्याश्रममा रहेका व्रह्मचारीले सन्यासाश्रममा रहेका सन्यासीले गार्हस्थ्योचित कार्य गर्न थाले भने परिणाम कस्तो आउला ?

रजोवस्थामा, जनन-मरण आशौच परेका अवस्थामा पूजा-पाठ सन्ध्यावन्दन व्रत, दानजस्ता उत्तमोत्तम नित्य नैमित्तिक कार्य पनि गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहुने हुन्छन् । जतिसुकै ठूलो दुष्ट अपराधी हत्यारालाई अरुले मार्न हुँदैन । मारे दोष लाग्छ, भने राजाले त्यसलाई मारेमा दोष लाग्दैन वरु नमार्दा दोष लाग्छ । आमा वुवाको साम्वत्सरिक श्राद्ध गर्दा याज्ञवल्क्य परम्परा वालाले एकोद्दिष्ट गर्नुपर्छ । एकपार्वण गर्नु हुन्न भने याज्ञवल्वय परम्परा वाहेककाले एकपार्वण नै गर्नुपर्छ । एकोद्दिष्ट गर्नुहुदैन ।

यस प्रकार कृत्याकृत्य कर्महरू सवैका लागि र सधैंका लागि एकै किसिमका हुँदैनन् । जाति धर्म, कुल धर्म, युग धर्म, देश धर्म, समय धर्म, एक समान नहुने हुंदा विना विचारको अनुसरण भेडिया धसान हुनसक्छ ।

२. जिज्ञासा

अनादि कालदेखि चलिआइहेकाले सवै धर्म यौगिक अर्थमा सनातन धर्म हुन् ता पनि रुढिअर्थमा वेदका तत् तत् शाखानुसारि गृह्यसूत्र, श्रौतसूत्रद्वारा निर्दिष्ट धर्मलाई सनातन धर्म भनेर व्यवहार गरेका छन् । श्रौतसूत्र, गृहचसूत्र भनेको नवुझ्नेहरूलाई मोटामोटी रूपमा वुझाउनु पर्दा कतिपय अपवादलाई छोड्दा लगभग आठदशक अगाडिसम्म नेपालमा वस्ने नेपाली मात्रले भन्ने गरेका धर्मलाई सनातन धर्म भनेको हो भनेर वुझाउन सकिन्छ । यो हो सनातन धर्मको मोटामोटी परिचय ।

विश्वका सवै सम्प्रदाहरूमा ईश्वरभक्ति, आमा, वावु, गुरु आदि मान्यजनहरूप्रति आदर सत्कार गर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, हिंसा नगर्नु, अर्कालाई दुःख नदिनु, काम कोध, लोभ आदिवाट अलग रहनु दुःखी दरिद्रप्रति दया गर्नु, दान दिनु आदि सदाचार एक समान रूपले प्रतिपादन गरिएका छन् र पनि ती धर्म सम्प्रदाय एकै मानिदैनन् । अलग-अलगै मानान्छन् । वौद्ध धर्म र जैन धर्म दुवै अहिंसावादी हुन् तर पनि अलग-अलग धर्म सम्प्रदायवाला हुन् । यसवाट यो स्पष्ट हुन्छ कि धर्म सम्प्रदायलाई पृथक्-पृथक् अस्तित्व दिलाउने प्रधान कारण सम्प्रदायहरूका आ-आफ्ना दार्शनिक सिद्धान्त र आह्निक कर्म अर्थात आचार पद्धति हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिवेत्ता मनु महाराजको "स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।" भन्ने आदेश एवं योगेश्वर भगवान् श्री कृष्णको "स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः" (गीता १८-४५) श्रेयान् स्वधर्मो विगुणः धर्मात् स्वनुष्ठितात् । स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः (गीता ३-३५) आदि कथनअनुसार "यस्य कस्य तरोर्मूलं येन केनापि मिश्रितम् । यस्मै कस्मै प्रदातव्यं यद्वा तद्वा भविष्यति" । तिर नगई आफ्नो कल्याणको कामना राख्ने धर्मानुरागी हरेक स्त्री पुरुषले गम्भीरता पूर्वक मेरा लागि यी देखिएका अगणित धर्ममध्ये कुन चाहिँ धर्म अनुष्ठेय हो र कुन चाहिँ धर्म अननुष्ठेय हो भन्ने कुरामा गम्भीरतापूर्वक मनन चिन्तन गर्नु नितान्त आवश्यक देखिन्छ ।

प्रस्तुत लेखको क्षेत्रानुसार विचारार्थ वैष्णव सम्प्रदायलाई लिउं । वैदिक सनातन धर्म र वैष्णव धर्म अभिन्न रूपमा समाजमा प्रतिष्ठित भएर रहिरहेका छन् ता पनि निम्नानुसार पार्थक्य पाइन्छ ।

वैदिक सनातन धर्म

१. हवन गर्दा अग्निको षोडश संस्कार मात्र गरिने विष्णु दीक्षाद्वारा दीक्षित गराइरहनु नपर्ने ।
२. पञ्चमहायज्ञ अन्तर्गत देवपूजामा पञ्चदेवपूजा अपरिहार्य भएको ।
३. श्राद्ध गर्दा पितृ कार्य अपसव्य भएर गर्नुपर्ने ।
४. पितृ कार्यमा मोटक नभइ नहुने ।
५. प्रेत योनिलाई छेकावार गर्न गृहस्थाश्रमलाई छोडेर सन्यासाश्रममा जानुपर्ने ।
६. प्रेतत्व विनाशक नारायणवलि दशाहक्रिया आदि कृत्यहरू प्रेतत्व निवृत्तिका लागि गरिन्छन् ।
७. धार्मिक कर्मका निमित्त गरिने संकल्प वाक्यमा वर्णानुसार शर्मान्त, वर्मान्त, गुप्तान्त, दासान्त, नामोच्चारण गर्नुपर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. आफ्ना आमा वुवाको देहान्त हुँदा त्रयोदशाहमा शान्ति कार्य र नित्य कर्म वाहेक अन्य कुनै देवकार्य वर्ष दिनभित्र गर्न नहुने ।

९. विष्णुलाई इष्टदेवता मान्ने विष्णुदीक्षा लिई विष्णु पञ्चायतन पूजा गर्नेवाला वैष्णव मानिन्छन् ।

वैष्णव धर्म

१. हवन गर्दा अग्निको षोडश संस्कार अतिरिक्त विष्णु दीक्षावाट अग्निलाई दीक्षित गराउनु पर्ने ।

२. विष्णुको वाहेक अरु देवताको पूजा गर्न नहुने ।

३. श्राद्ध गर्दा विकर दिंदा वाहेक पितृ कार्यमा अपसव्य हुनु नपर्ने ।

४. मोटक प्रयोग गर्न नहुने ।

५. प्रेत योनिलाई छेकावार गर्न विष्णु दीक्षाद्वारा दीक्षित भए मात्र पुग्ने गृहस्थाश्रमलाई छोड्नु नपर्ने ।

६. नारायणवलि दशाह क्रिया षोडशी श्राद्ध आदि कृत्यहरू अन्य कुनै प्रयोजनका लागि गरिन्छ ।

७. धार्मिक कृत्यकर्मका निमित्त गरिने संकल्प वाक्यमा सवै वर्णका लागि दासान्त नामोच्चरण गर्नुपर्ने ।

८. आफ्ना आमा ववाको देहान्त हुँदा त्रयोदशाहमा शान्ति कार्य र नित्य कर्म वाहेक अन्य जुनसुकै देवकार्य गर्न हुने ।

९. विष्णुलाई इष्टदेवता मानेर मात्र वैष्णव नहुने शंख चक्र आदि चिन्ह धारण गर्नुपर्ने र विष्णु वाहेक अरु कसैको पूजा नगरे मात्र वैष्णव वन्न सकिने ।

उपर्युक्त तालिकावाट स्पष्ट हुन्छ कि एक अर्काका विरुद्ध क्रियाकलाप भएका सम्प्रदाय सनातन धर्म एव वैष्णव धर्म अलग-अलगै धर्म हुन् । एकै धर्म होइनन् । एकत्वको आभास भएको मात्र हो ।

यस अतिरिक्त जति पनि धर्म सम्प्रदाय समाजमा अनुष्ठापित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् ती कुनै पनि सनातन धर्मअन्तर्गत पर्दैनन् भन्ने कुरा कैमुतिक न्यायद्वारा सिद्धा छ ।

यहाँ तत् तत् धर्म अनुयायी धर्मानुरागी सवैले सदा स्मरणीय यो छ कि हाम्रा धर्म ग्रन्थ पुराण कुरान आदिमा कतै कतै अन्य धर्मको निन्दा गरेको पाउँछौं । त्यसको तत् तत् धर्मको निन्दामा तात्पर्य होइन । ती सवै धर्म ईश्वरले आफ्नै श्री मुखवाट वा आफ्ना दूत वा आफ्ना प्रतिनिधि वडे वडे सिद्ध महात्माहरूद्वारा "वहुजन-हिताय वहुजनसुखाय" प्रतिपादित धर्म हुन् । किन्तु आफ्नो कुल, जाति, परम्परा प्राप्त धर्मलाई छाडेर अन्य धर्म सम्प्रदायमा लाग्नुमा तात्पर्य हो । गीतामा भगवान् श्री कृष्णले कसैका धर्मको निन्दा गर्नु भएको छैन ।

"श्रेयन् स्वधर्मो विगुणः ।" सिर्फ वहाँले आफ्नो धर्म नछोडेने र अर्काको धर्ममा प्रवेश नगर्ने कुरामा जोड दिनुभएको छ । "स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः" जस्तो वैदिक सनातन धर्मावलम्वीहरूले वैष्णव सम्प्रदायअनुसार दीक्षित हुनु भयावह हुन्छ । आफ्ना कुल परम्परा प्राप्त स्व-शाखा सूत्र निर्दिष्ट नियम परित्यागजन्य प्रत्यवायको भागी वन्नु पर्ने हुन्छ ।

वृहन्नारदीय पुराणअनुसार नैमिषारण्य क्षेत्रमा शौनकादि ८८ हजार ऋषिहरू र सूतजी श्रोता एवं वक्ताका रूपमा वसेका बेला शंख, चक्र आदि मुद्रा ऊर्ध्व पुण्ड्र तिलक तुलसीको माला धारण गर्नेमा केवल सूतजी मात्र हुनुहुन्थ्यो । अन्य ती श्रौत स्मार्त परायण ८८ हजार ऋषिहरू मध्ये कुनै पनि शंख, चक्र आदि चिन्ह धारी थिएनन् । यसले पनि द्विजातिमा शंख चक्र धारण गर्न नहुने कुरा छर्लङ्ग हुन्छ ।

यस्तै अन्यान्य "शङ्खं चक्रं मृदा यस्तु कुर्यात्तप्तायसेन वा । स शूद्रवद्वयहिः कार्यः सर्वस्माद्विजकर्मणः ॥ शखंचक्राद्यंकनं च गीतनृत्यादिकं तथा । एकजातेरयं धर्मो न जातु स्याद्द्विजन्मनः ॥" इति वृहन्नारदः "शिवकेशवयोरङ्कान् शूलचक्रादिकान्द्विजः । न धारयेत मतिमान्वैदिके वर्त्मनि स्थितः ।" इति आश्वलायनः । "श्रृणु राम महावाहो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्गचक्रादिधारणम् । शूद्रधर्मरतानां हि तेषां नास्ति पुनर्भवः॥ विप्रस्य नैतद् गृह्यत्वात् प्रायश्चित्तमुदीरितम् ॥" इति हेमाद्रिः ।

अङ्गेषु नाङ्कयेद् विप्रो देवतायुधलाञ्छनैः । अङ्कयेद यदि वा मोहात्पतत्येव न संशयः" इति शातातपः इत्यादि स्मृति प्रमाणका आधारमा पनि द्विज कुलले वैष्णव सम्प्रदाय ग्रहण गर्न नहुने देखिन्छ ।

व्राह्मण वर्ग सम्प्रदायी वैष्णव हुँदैनन् भन्ने कुराको संकेत व्यासमुनिले श्रीमद् भागवत्मा "अन्यत्र व्राह्मणकुलादन्यत्राच्युतगोत्रतः" ४।२१।१२ मा स्पष्ट शव्दमा उल्लेख गर्नु भएको छ ।

अत एवं धर्माचार्य गुरुहरूले धार्मिक प्रचार प्रसार गर्दा र श्रद्धालु जनले तत्तत् धर्म दीक्षा ग्रहण गर्दा सीमा सम्वन्धी विचार पुऱ्याउनु आवश्यक पर्दछ । अन्यथा धार्मिक क्षेत्रमा जस्तै समाजमा पनि प्रतिकूल असर पर्न सक्दछ । वावु-छोरा, दाजु-भाइ, पति-पत्नीको घर-घरमा कलहको श्रृखंला चलिरहने हुन्छ । जुनसुकै पनि धर्म कल्याणका लागि स्थापित भएका हुन्, कलहका होइनन् । दही स्वयंम अमृत हो ता पनि रात्रिका समयमा दही खानु भनेको विषपान गर्नु वरावर हो ।

अन्त्यमा "धर्म जिज्ञासमानानां प्रमाणं परमंश्रुतिः" । "वादे वादे जायते तत्ववोधः" इत्यादि महदुक्ति अनुसार "विद्वान् लेखकको संग्रह संग्राह्य छ । धर्म जिज्ञासुहरूका लागि अत्यन्त उपादेय छ" भन्ने उद्गारका साथ शीघ्रातिशीघ्र प्रस्तुत लेखको प्रकाशनको कामना गर्दछु । अस्तु ।

पु. भट्टराई.
पुरुषोत्तम भट्टराई, धरान-१४
फोन नं.:०२५-५२०७१६
अत्राऽर्थे ममापि सम्मति
दुर्गाप्रसाद दवाडी, २०६४/११/१४, कीर्तिपुर

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः
स्वधर्म जिज्ञासा

'धर्मं यो बाधते धर्मो न स धर्मः कुधर्म तत्। अविरोधी तु यो धर्मः स धर्मः सत्यविक्रम' ध.सि.। 'वेदोऽखिलो धर्ममूलम्' इत्यादि श्रुति-स्मृति वाक्यबाट धर्मलाई कतैबाट र कसैबाट पनि आँच पुऱ्याउने क्रियाकलाप गरिन्छन् भने त्यो धर्म धर्म नभएर कुधर्म वा विधर्म भनिन्छ। हाम्रो धर्मको मूल वेद भएकाले नै हामीले मानिआएको धर्मलाई 'वैदिक सनातन धर्म' भनिएको हो। अर्को: 'धृतिःक्षमा दमो स्तेयं शौचमिन्द्रियनिग्रहः। धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्' यो उद्गार कुनै एक जातिका लागि मात्र नभएर सबै जात जाति वर्ण लिङ्ग आदि समेतलाई समेटेर गरिएको उद्घोष हो। धर्म कहिल्यै टुक्रिदैन सधैं एक ढिक्का रहन्छ। त्यो हो मानव धर्म। त्यसैको अर्को नाम हो वैदिक सनातन धर्म। आज विभिन्न समयका धर्माचार्यहरूले स्थापित गरेका सम्प्रदायहरूको तिथि मितिबाट अमुक सम्प्रदाय कसले र कहिले स्थापित गऱ्यो भन्ने लेखाजोखा शास्त्रहरूले कुन सम्प्रदाय कति पुरानो हो भन्ने टुङ्गो लगाएका छन् तर वैदिक सनातन धर्मको अनादित्व स्वतः सिद्ध छ। त्यसैले भक्त अर्जुनले श्रीकृष्णलाई 'सनातनस्त्वं पुरुषो मतो मे' भनेका होलान्।

विभिन्न सम्प्रदाय र दर्शनका प्रतिपादक आचार्यहरूमा पनि मतैक्य पाइदैन। कोही द्वैत, कोही अद्वैत, कोही विशिष्टाद्वैत, कोही द्वैताद्वैत त कोही विशुद्धाद्वैत आदि। जसले जुन दर्शनको अध्ययन गऱ्यो त्यसले त्यही दर्शनको वकालत त गर्ने नै भयो। त्यो व्याख्यान अर्को दर्शनको अध्येतालाई रुचिकर नहुन सक्छ। 'तुलसीं हेमरूपां च रत्नरूपां च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मञ्जरीम् । भवमोक्षप्रदां तुभ्यमर्पयामि हरिप्रियाम्' पञ्चगव्य, पञ्चामृत, गगाजल र तुलसीलाई अपवित्र मान्नेहरूका लागि उपर्युक्त श्लोक वाहियानको वकवास मात्र लाग्न सक्छ ।

जहाँसम्म वैष्णव सम्प्रदायमा दीक्षित हुने वा नहुने भन्ने वारेको प्रश्न छ, यसमा विधि र निषेध दुवै प्रमाण पाइन्छन् । विधिलाई प्रमाण मान्नेहरू शंखचक्राङ्कित चिन्ह धारण गरी वैष्णव सम्प्रदायमा दीक्षित हुन्छन् भने उनीहरू 'अतप्ततनुर्नतदा मोक्षमश्नुते' यस भनाइका आधारमा वैष्णव भएका हुनसक्छन् । निषेध तर्फ भने 'शंखचक्राद्यङ्कनं च गीतनृत्यादिकं तथा । एक जातेरयं धर्मो न जातु स्याद् द्विजन्मनः ॥ शंखचक्रं मृदा यस्तु कुर्यात्तप्तायसेन वा । स शूद्रवद् वहिष्कार्यः सर्वस्माद् द्विजकर्मणः ॥ यथा स्मशानजं काष्ठमनर्हं सर्वकर्मसु । तथा चक्रांकितो विप्रः सर्वकर्मसु गर्हितः' तथा 'शिवकेशवयोरंकाञ्छूलचक्रादिकान् द्विजः । न धारयेत मतिमान् वैदिके वर्त्मनि स्थितः ॥' इति विष्ण्वाश्वलायनादि वचनात् ऋग्वेदादिश्रुतिनामन्यार्थत्वादन्य श्रुतिनामसत्वाच्चक्रादिधारणं द्विजेतर विषयमित्यूचुः । यी निषेध वचनहरूलाई आधिकारिक प्रमाणिक आधार मान्नेहरूले मन्त्रद्रष्टा ऋषिमहर्षिहरूले अवलम्वन गरेको मूल मार्गलाई नै अनुसरण गरेका हुन्छन् । जे भए पनि तप्त मुद्रा धारण वैदिक सनातन धर्मावलम्वीहरूका लागि होइन रहेछ भन्ने शास्त्रवाट प्रमाणित भएको देखिन्छ ।

हिजो आज सम्प्रदायका नाममा केही विसंगति आएको चाहिँ स्पष्टै देखिन्छ । एउटै घरपरिवारमा वावु छोराका वीचमा वैमनस्यता आउनु, पति पत्नीका वीचमा सम्वन्ध नै तोडिनु, दाजु भाइका वीचमा ठूलो फाटो आउनु जस्ता अप्रिय घटना घटेका उदाहरण निकै देखिन थालेका छन् । यो धर्मको लक्षण कदापि होइन । अन्य आर्थिक कारणवाट उपर्युक्त परिस्थिति आउन सक्ला तर धर्म र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्प्रदायका नाममा यस्ता परिस्थिति आउनु अवश्य पनि राम्रो होइन। धर्म भनेको घरपरिवारलाई फोर्न र टुक्राउनका लागि पटक्कै होइन। गृहकलह जन्माउने काम धर्मको हुँदै होइन।

यस सम्वन्धमा मनन गर्दा धर्माधिकारी गुरुहरू जसले शिष्य वा शिष्यालाई दीक्षित वनाउनु हुन्छ, वहाँहरूलाई आफ्नो सम्प्रदायको संख्या वढाउने धुनले छोएको जस्तो देखिन्छ। दीक्षा लिने व्यक्ति योग्य छ छैन भन्ने तिर ध्यान नपुऱ्याएको हो कि जस्तो लाग्छ। उदाहरणका लागि एउटी विवाहिता सधवा महिला कसैको उल्क्याहटमा लागेर आफ्ना परमाराध्य पतिसँग सल्लाह नगरी मात्र होइन उनलाई पत्तै नदिई कतै गएर दीक्षित वनेर आउँछिन् र त्यसपछि मात्र पतिले थाहा पाउँछन् भने यो कस्तो विडम्वनापूर्ण संस्कार हो ? अव त्यो घर परिवारमा विचलन आउन थाल्यो र क्रमशः पतिप्रतिको आदर भाव र पत्नीप्रतिको स्नेह भावमा पहिरो गयो।

साँच्चै भन्ने हो भने एक पतिपरायणा नारीका लागि पतिको वचन पालन गर्नु वाहेक अर्को धर्म नै छैन। 'स्त्रीभिर्भर्तुर्वचः कार्यमेप धर्मपरः स्त्रियाः' याज्ञवल्क्य स्मृति आचाराध्याय (श्लोक ७७) त्यसैगरी 'शंकरादपि विष्णो र्वा पतिरेवाधिकः स्त्रियाः' वृहन्नारदीय पुराण पुरुषोत्तम मास माहात्म्य अध्याय ३० श्लोक ६९ त्यसैगरी 'भर्ता देवो गुरुर्भर्ता धर्मतीर्थव्रतानिच। तस्मात्सर्वं परित्यज्य पतिमेक समर्चयेत् ऐ.ऐ। यसरी एक विवाहिता सधवा नारीका लागि अर्को गुरु वनाइरहनु पर्ने आवश्यकता नै देखिदैन। जगद्‌गुरु शंकराचार्यले पनि सन्यास धर्म लिनका लागि आमासँग अनुमति मागेका थिए र आमाको अनुमति पाएपछि मात्र सन्यास धर्म लिएका थिए भने एक सधवा नारीलाई पतिको अनुपस्थितिमा दीक्षा दिने काम गर्नु हुँदैन थियो। आफ्नो परम्परागत गोत्र परित्याग गर्नु कसैले पनि हुँदैन। एउटी विवाहिता नारी वैवाहिक संस्कारमा आवद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएपछि 'स्वगोत्रात्भ्रस्यते नारी विवाहात्सप्तमे पदे । विवाहमा सप्तपदीको क्रममा नारी आफ्ना माता पिताको गोत्र परित्याग गरेर पतिको गोत्रमा जान्छिन् भने अव अर्को गोत्रमा जाँदा गोत्र फरक भएपछि शाखा पनि फरक पर्छ, शाखा फरक परेपछि आफूले आफ्नो शाखाअनुसार गरिल्याएका कर्मकाण्डका विधिहरूमा पनि फरक पर्दछ यो एक विसंगति नै हुन जान्छ ।

एउटी सधवा नारी पति साथमा नलिई एक्लै दीक्षा लिन आउँछिन् भने दीक्षा दिने गुरुले उनलाई मात्र दीक्षा दिन हुन्छ कि हुँदैन मिल्छ कि मिल्दैन सोच्नुपर्ने थियो जस्तो लाग्छ । त्यो परिवार विखण्डित भयो, एक किसिमवाट सम्वन्ध विच्छेद नै भयो । के यो कुरा गम्भीर भएन र ? यो अत्यन्तै शोचनीय र मननीय विषय भएन ? धर्मका नाममा हुने गरेका यस्ता विसंगतिहरूले वैदिक सनातन धर्मलाई टेवा पुऱ्याउलान् जस्तो लाग्दैन ।

जिल्ला सुनसरी चकरघट्टी निवासी शास्त्रका अनुसन्धाता पं. श्री केशवप्रसाद दाहाल ज्यूले लेख्नु भएको 'स्वधर्म निर्णयः' नामक ग्रन्थको सार मोटामोटी रूपमा उहाँकै मुखवाट सुन्न र केही अंश पौराणिक प्रमाणका रूपमा उहाँले देखाउनु भएको आधारमा वहाँले केही लेखिदिन आग्रह गर्नु भएकाले दुई शव्द लेख्ने धृष्टता गरेको हुँ । प्रस्तुत ग्रन्थ छिटोभन्दा छिटो प्रकाशनमा आओस् भन्ने कामना सहित ।

एक जिज्ञासु

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

"वेदोऽखिलोधर्ममूलम्" भने अनुसार धर्मको मूल वेद हो र वेदमा हामी सनातनीहरूले गर्नुपर्ने सम्पूर्ण कर्तव्यहरूको निरूपण गरेको छ यथाशक्ति वैदिक धर्म वा सनातन धर्मको पालना गर्नु हाम्रो कर्तव्य हो । प्रथमत: सारासंसारै वैष्णव हो । ब्रह्माजीको चराचर सृष्टिको पालन पोषण विष्णुवाटै हुन्छ । विष्णुका अनन्य भक्त महेश्वर शिवको जिम्मामा संहारकार्य रहेको छ । वेदरूपी विशाल धर्मवृक्षका फेदमा बस्ने हामी सनातनीहरू कर्म भेदले गर्दा विभिन्न जात जातजाति, जनजाति र जातीय धर्ममा विभक्त भएका छौं । आफ्नै परम्परामा हुर्कौं वढौं तर मान्छेले कल्पना गरेर वनाएका कृत्रिम वैष्णव आदि धर्म सम्प्रदायहरूमा लागेर संकुचित् भेदभावपूर्ण वातावरणमा बसी समुद्रवाट झिकको लोहोटाको पानी सरह बन्न उचित छैन । वैदिक परम्परागत सिद्धान्तको अवलम्वन गरी पालना गर्नुपर्दछ भन्ने दृढभावना भएका श्री केशव दाहालज्यूले नि:स्वार्थ भावनाले भोक तिर्खा निद्रा आदिको परवाह नगरी निरन्तर लागिपरेर सनातन धर्म सम्वन्धी स्मृतिपुराणहरूमा उल्लिखित सिद्धान्तहरूलांई संकलन गरी यो "स्वधर्मनिर्णय" नामक ग्रन्थ उल्लिखित सिद्धान्तहरूलाई पुस्तकाकारमा ल्याएर अथवा यसो भनौ कि सवै जात जातजाति वा जनजातिहरूको आफ्नै परम्परा प्राप्तको पालना गर्नुपर्दछ धर्मको । कुनै सम्प्रदायमा लाग्नु ठीक छैन भन्ने शिक्षा दिएर समाजको ठूलो उपकार गर्नु भएको छ । हाम्रो गृहस्थ समाजमा पत्नीको ठूलो महत्व छ । "पत्नीको अनुपस्थितिमा यज्ञ गर्न सक्दैनौ" पत्नीको उपस्थिति विना गरिएका यज्ञ यागादि फलदायी हुँदैनन् । भनिएको छ । एक पत्नी ब्रत धर-मर्यादा पुरुषोत्तम रामले गुरु वशिष्ठको आज्ञा अनुसार सीताको सुवर्ण प्रतिमा वनाई दक्षिण पार्श्वमा प्रतिष्ठित गरेर मात्र अश्वमेघ यज्ञ गरेका थिए । अत: हामी सवै जात जाति, जनजातिका सनातनी (पुरानो परम्पराका) गृहस्थीहरू आफ्नै ठाउँमा बसौं कुनै पनि सम्प्रदायमा नजाउ यही हा

नेत्रप्रसाद काफ्ले
व्याकरणाचार्य

नारायणदत्त पौड्याल
साहित्याचार्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिण्डेश्वर पिद्यापीठ (ने.सं.वि. विद्यालय) धरान-१४, सुनसरी

शुभकामना

श्री पं. केशवप्रसाद दाहालज्यूले अति परिश्रम गरी लेख्नुभएको "स्वधर्मनिर्णय" किताव समग्र अवलोकन गर्दा अति उपयोगी भएको र धर्महरू कहा-कहां कस्ताकस्ता छन् त्यस विषयमा कुन् कुन् धर्म कसरी कहां कहां उत्पत्ति भए ती ती धर्मसम्प्रदायहरूको प्रमाण काल्पनिक नभई श्रुतिस्मृति आदि ग्रन्थहरू अवलोकन गरी प्रमाणादिएर लेख्नुभएकाले निम्न प्रमाणानुसार "विधर्म परधर्मश्च: आभाष उपमा छल: ॥ अधर्म शाखा पञ्चेमा धर्मज्ञोऽधर्मवत त्यजेत् ॥१॥ धर्मवाधो विधर्म: स्यात् परधर्मे न्याचोदित: । उपधर्मस्तु पाखण्डो दम्भो वा शब्द भिच्छल" ॥२॥ यी माथि भागवत मै मानिएका पांच किसिमका अधर्महरू हुन्छन् । यी विधर्महरूले वैदिक धर्मलाई ज्यादै वाधा परेका छन् । ज्ञानी जनले यिनलाई अवैदिक जानेर त्यागन् पर्छ भनेको छंदाछदै भ्रमपूर्ण वेद विरोधी आगम शास्त्र अर्थात् नास्तिक सिद्धान्तहरूका पक्षधर सम्प्रदायमा भर्जुण्डएका कथित कुल, गोत्र, नाम त्यागेकाहरूको पण्डित्याई चटके छल, छद्म, भेषी व्याख्याताहरूका भ्रममा परी सम्प्रदायहरूमा फसेकाहरूले प्रायश्चित गरी पूर्व वंशानु कुल गोत्र धर्ममा रहेर अनुष्ठान गर्नुनैपर्ने दृढ निश्चय दिएको छ । अन्यथा और्ध्वदैहिक आदि आशौच पनि वार्नु नपर्ने र काजक्रिया समेत लोप हुने हुदा उक्त ग्रन्थले स्वकुलोचित गोत्र धर्ममा परावर्तन पुन: हुने सुअवसर प्रदान गर्नेछ भन्ने आशा प्रकट गर्दछु । अव उप्रान्त पनि वहांप्रति भगवान्ले मङ्गल गरुन् भन्ने आशा गखेको छु ।

पं देवीप्रसाद दाहाल,
(नव्यव्याकरण ज्योतिष कर्मकाण्डाचार्य सिंगिया लालपुर, सुनसरी)
(विवाह पञ्चमी २०६५)

❑ ❑ ❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

श्री केशवप्रसाद दाहालले श्रुति-स्मृति पौराणिक श्रोत संकलन एवं लेखन 'स्वधर्म निर्णय'को पाण्डुलिपि हेर्दा र परस्पर वहाँसंगको संस्कार संस्कृति विषयक जिज्ञासाको उत्तर पाउँदा म उमेरले, आधुनिकताले र समयको प्रवाहले मेरो चित्तवृत्ति यो हो वा त्यो हो को अनुभूतितिर उन्मुख हुँदै गइरहेको समयमा वहाँको कार्य शैली लेखन एवं हिन्दुत्व, आर्यत्व, वैदिकत्व, जे नाम दिए पनि आखिर हामी एक अविचल वैदिक सनातन धर्मका अनुयायी रहेछौं भन्ने दृढनिश्चयमा पुगें र हामी हिन्दु हौं भने वेद, संस्पृष्ट उपनिषदादि, स्मृति, पुराणोक्त आज्ञापालन कमसेकम गर्न सक्नु नै सार्थक जन्म रहेछ। कुनै पनि सम्प्रदाय वा धर्मका नाममा वने वनाइएका गुट उपगुटमा फसेर त्यस्ता मूल गुरु तथा आचार्यहरूले कल्पना गरेर गुट पार्टी संगठनहरूका चिन्ह वा शारीरिक वनावट आदिवाट यो व्यक्ति त्यो धर्मको रहेछ भनिनु उपयुक्त होइन। धर्म अनेक छैन, धर्म एउटै छ अनि धर्ममा गुटवन्दी वा समूह हुँदैन। हुन्छ त वंशगत:। यही कुराको पुष्टि वहाँले यसरी गर्नु भएको छ:

स्वे स्वे कर्मण्यभिरत: संसिद्धिर्हरितोषणम्।
विधिं संत्यज्य शास्त्रीयं तपोघोरं कथं चरेत्॥
स्वकुलोचित धर्मेण यत्कृतं विहितं व्रतम्। (भा.पद्म.गरुड पु.हरू)
कुलाचारं परित्यज्य अन्याचारं व्रजन्ति च॥
वर्णाश्रम परिवादात् कपोतो जायते वने।
विद्यमाने यदा कान्ते अन्य धर्मं करोतिया॥
वर्णानामाश्रमाणाञ्च जन्मभूम्यनुसारिणी।
आसन् प्रकृतयो नृणा नीचैर्नीचोत्तमोत्तमा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त शास्त्रीय समालोचनाको व्याख्या गर्न सामर्थ्य नहुँदा नहुँदै पनि वहाँले विश्वकोष अर्थात् वैदिक साहित्य मानव कल्याण हेतु अनुशासन पालनार्थ लेखिएका हाम्रा परमपूज्य पूर्वज ऋषि महर्षिहरूका आचरण संस्कारको पालनाले मात्र सद्‌गति प्राप्त हुने तथ्य विद्युतीय प्रवाह र खेतको सिंचाईको उदाहरणले यो पुस्तक अध्यात्म विज्ञान नै हो र हुन्छ भन्ने मेरो विश्वास छ।

अन्त्यमा वहाँले यो ग्रन्थ तयार पार्ने क्रमको समयमा म उमेरले सानो भए पनि वृद्धसरहको सद्भावले मलाई प्रेरित गऱ्यो र यो 'स्वधर्म निर्णय' प्रकाशनमा ल्याउँदाको तपस्या लगनशीलता मैले नजिकबाट देखेको छु जसरी म वहाँको कृतिप्रति आकर्षित भए भनिरहनु जरुरी ठान्दिन। यो कृति शीघ्रातिशीघ्र प्रकाशन भई सफलता पाओस् र श्री केशवप्रसाद दाहालज्यूप्रति श्री पिण्डेश्वर बाबाले कल्याण गरुन्।

२०६५-९-२१

प्रताप भट्टराई
नारायणपुण, धरान-१४

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनको बह

सनातन धार्मिक परम्परामा तीन किसिमका आचार पद्धति नै प्रमुख कृत्यको रूपमा अवलम्वन हुँदै आइरहेको छ । जसमा पर्दछन् (१) शारीरिक संस्कार (२) देवकर्म (३) पितृकर्म । वेदोऽखिलो धर्ममूलम्को मान्यतावाट प्रभावित तथा परोषित यी सनातनीय विशपताहरूलाई मूल मान्यताकै आधारमा अवलम्वन गर्दै वहुदेवता उपासनाको झन्झटवाट मुक्त भई एक इष्ट देवतालाई स्वीकार गर्ने शैव, शाक्त, दैष्णव आदि सम्प्रदायहरू पहिलेदे.ख नै नभएका होइनन् तर तिनीहरूका त्रिविध कृत्य भने अहिलेका सम्प्रदायको झै अलग-अलग थिएनन् । श्रीमद्भागवत तथा अन्य पुराणहरूमा उल्लेखित वैष्णवहरूले पनि हालका वैष्णवहरूको जस्तो संस्कार देवकर्म तथा पितृकर्महरू गर्दथे भन्ने कुरामा म विश्वस्त छैन किन कि एक त अहिलेका वैष्णव पद्धतिहरूको मूल वैदिक आधार पाइएको छैन र अर्को कुरा कतिपय सम्प्रदायहरूले अहिले पनि कर्मकाण्ड पद्धतिहरू निकालिरहेका छन् ।

अहिले त धार्मिक होस् कि अन्य, लहडै-लहडमा संगठन खोलेर पृथक अस्तित्व देखाउन हरेक-हरेक वहाना वनाउन थालिएको देखिन्छ । सनातन होस् कि इस्कोन अथवा अप्रणामी नै किन नहोस्, सवै समान रूपले नै कृष्णलाई मान्दछन् । तर ११ वर्ष उमेरसम्मका कृष्णलाई मात्र मान्नु चाहिँ प्रणामीको आफ्नो अलग विशेषता छ । ८० वर्ष उमेर पुगेका कुनै प्रणामी धर्मगुरुलाई तपाई वाल्यावस्थामा असल हुनुहुन्थ्यो, पछि तपाईंको चरित्र विग्रदै गएकाले हामी तपाईलाई मान्दैनौं भन्दा ती धर्मगुरुले आफ्नो मान अपमान के सम्झन्छन् ? प्रणामीका कृष्णको त्यही हालत छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी सम्प्रदायका नाममा सनातनको मूल आधार स्तम्भ वैदिक शास्त्रीय परम्पराको अवधारणालाई त्यागेर वर्णाश्रमीय मान्यताको पनि एक छेऊ नभेट्ने संस्कार तथा और्ध्वदैहिक कर्म, देवाराधन तथा पितृकर्म आदिका आ-आफ्ना कर्मकाण्ड पद्धतिहरू हिजो आजै बनाउँदै प्रचार गर्दै आफ्नो पृथक अस्तित्व देखाउँदै हिंडेका धार्मिक ऐंभ्रेरुहरूले मूल सनातन वटवृक्षलाई निक्कै गाज्दै ल्याइसकेको आभाष हुन्छ । ती पद्धतिहरूको स्रोत सूत्रादि कुनै मूल आधार देखाउन वा भेट्टाउन सकिएको छैन । यसले योगसिद्ध अलौकिक शक्ति सम्पन्न हाम्रा मार्गनिर्देशक ऋषिमहर्षिहरूको तपः प्रभाव एवम् ज्ञान गरिमाको अपहेलना, अविश्वास मात्र नभएर, मनोमानीको मलिलो खेती समेत भएको पाइन्छ र धार्मिक मान्यतालाई अन्धविश्वसाको पगरी गुथाउनेहरूको सङ्ख्या वृद्धिमा पनि यस प्रक्रियाको अहम् भूमिका रहेको छ । एवम् बाबु सनातनी, जेठो छोरो एक खाले वैष्णव, कान्छो अर्कै खालको, नाति प्रणामी पनाति इस्कोन, जनाति ॐ शान्ति आदि जो जता पनि लागे कुदेको देखिएकाले अहिलेका सम्प्रदायहरूमा कुल परम्पराको सदाचार मटियामेट छ । सही के हो भन्ने कुरा हामीहरू वा अरु कसैले बोल्न पर्दैन । यिनै सम्प्रदायका मूल पण्डित सिद्धान्त वा पद्धतिहरूलाई भिडाइ हेर्ने हो भने सौतेनी लुछाचुडीलाई बिर्साइदिने हठ योग सुरु हुन्छ । जो सनातनी होइनन् वा जसलाई सनातन कृत्य गर्ने अधिकार छैन अथवा जसको कुनै परम्परागत वैदिक कृत्य नै छैन । तिनीहरूका लगि अन्य सम्प्रदायी हुनु, खोलिनु आवश्यक छ र यथार्थ पनि यही हो । तर आफ्नो भएको छोडर अन्य कृत्य ग्रहण गर्नु चाहिँ बाल सुलभ प्रवृत्ति नै हो ।

निर्धारित आचारविचारको इमान्दारीपूर्वक पालना गरेर नैष्ठिक जीवनयापन गर्न सकिने यो सनातनी राजमार्ग छँदाछँदै ....वा के को मोहले यो हठयोगमा सामेल हुनुपरेको हो वा सामेल गराइएको हो म पर्णरूपले अनभिज्ञ छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसले कस्तो किसिमको कर्म गर्ने हो भन्ने कर्मवादको कुरा वर्णाश्रम धर्ममा तोकिएकै छ। ऋषिमुनिहरूद्वारा प्रतिपादित अभ्यास आश्रमगत विविध कृत्यहरू गर्न मन नलागदा सन्यास आश्रम ग्रहण गरेर कुनै पनि कृत्य नगरे हुन्छ। यति सजिलो व्यवस्था पनि पूर्वजहरूले गरिदिकै छन् भन्दा कतिपयलाई नराम्रो लाग्ला तर यति फराकिलो सनातनी परम्परा छँदाछँदै विज्ञ व्यक्तिले विना मूल, विना आधारको चोर वाटो लाग्नुपर्ने आवश्यकता नपर्नुपर्ने हो।

शंकराचार्यले सुरुदेखि नै यही आश्रमको अवलम्वन गरे। वशिष्ठ, याज्ञवल्क्य, मनु, कणाद, विश्वामित्र मार्कण्डेय ....आदि ऋषिमुनिहरूलाई अरु कुनै सम्प्रदायको खाँचो परेन।

त्यसैले संगठन, हुल, भीड, वहुमत, राग, द्वेष आदिसंग धर्मको कुनै नाता सम्वन्ध लेनदेन हुँदैन। धार्मिक मान्यता स्वयंमा अलौकिक भएकाले अलौकिक शक्ति सम्पन्न महापुरुषहरू मात्र यसका आधिकारिक हुन्। अरुको जीउडाल जति मोटो भए पनि ती भजन मण्डलीका सदस्य अवश्य हुन् तर अलौकिक सिद्धान्तका आधिकारिक प्रतिपादक मान्न सकिँदैन। गम्भीर रूपले मनन गर्नु आवश्यक छ।

यस ग्रन्थका शोधकर्ता श्री केशवप्रसाद दाहालज्यूको यसै सम्वन्धी परिश्रम कति ठीक होला, कति वेठीक पनि होला त्यो आफ्ना ठाउंमा छ तर एक सम्प्रदायको धक्काले वहाँ आवश्यक गम्भीर घाइते वा मर्माहत हुनुभएको छ। छटपटिनु भएको छ उहाँको आँगन घर चार चिमर भएर चर्किएको छ। आस्थाको पोको फुटेको छ। घाउ निकै गहिरो भएको प्रतीत हुन्छ। उहाँका लागि यो एक असल डाक्टरको खोजी त हुँदै हो, यस अतिरिक्त आफू जस्तै अरु कुनै व्यक्तिहरू यस्तो दुर्घटनाको शिकार नवनून् भन्ने यथार्थ पनि हो। वहाँको यो आर्त पुकार सहृदयीहरूले सुन्नु, वुझ्नु, मनन गर्नु र लाभ लिनु आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्प्रदायसम्वन्धी धेरै तथ्यहरू यहाँ अगाडि सारिएका छन् । यी वहाँका कपालकल्पित अवश्य होइनन् । आधार छ, प्रमाण छ, केवल प्रस्तुतीकरणको शैली वहाँको आफ्ना हो । यसले सम्प्रदायवारे सर्वथा अनभिज्ञहरूलाई जागरुक गराई जिज्ञासाको जाउलो अवश्य खिलाउने छ । वहाँको चर्केको घरमा नयाँ प्लाष्टर, रंगरोगन होस्, मेरो यही हार्दिक शुभकामना छ । इत्यलम् ।

चन्द्रमणि नेपाल
उपप्राध्यापक
नेपाल संस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, धरान-१४

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय

NEPAL SANSKRIT UNIVERSITY

पिण्डेश्वर विद्यापीठ

विषयः शुभकामना एवम् सम्मति ।

समानी व आकूतिः समाना हृदयानि वः

समानमस्तु वो मनो यथा वः सुसहासति (ऋग्वेद) ।

मान्छेलाई विवेकशील, बुद्धिमान् र जिम्मेवारीपूर्ण मानवीय हैसियत आत्मसात् गर्न संस्कारको आवश्यकता पर्दछ । संस्कार भनेको परिमार्जन हो, अन्तस्करणमा रहेको मयललाई फालेर निर्मल वनाउनु हो । मानवसमुदायमा रहेका संस्कारहरू अनेकौं धर्म र सम्प्रदायअनुसार फरक-फरक रहेका पनि देखिन्छन्, छन्, हुन्छन् । तर धर्म र सम्प्रदाय, वर्ण वा आश्रमका हिसावले एउटा समुदायको संस्कारले अर्को समुदायलाई नकारात्मक असर गरेमा त्यस्तो संस्कारलाई संस्कार मान्नुहुँदैन, त्यस्तालाई मानवहित विपरीत विकार ठानी परित्याग गर्नु आवश्यक हुन्छ । धर्म र संस्कारले त मानवसमुदायको कल्याण गर्नुपर्दछ, प्राणीवर्गको हित गर्नुपर्दछ तथा मानवमनका साथ जगत्लाई सभ्य, सुसंस्कृत र सुन्दर वनाउन सहायक वन्नुपर्दछ । तव संस्कार संस्कार वन्दछ र त्यस्तो संस्कारवाट मान्छे मान्छे वन्दछ ।

संसारमा प्रचलनमा आएका अनेकौं धर्महरूमध्ये हिन्दूधर्म पनि एक विराट धर्म हो, यसमा विविध सम्प्रदायहरू अटाएका छन्, अनेक परम्परा र संस्कृति अन्तर्गर्भित वन्न सकेका छन्, विभिन्न दर्शन र चिन्तन छन् । यसले युगौयुगलाई पूरा गरिसकेको छ तथा भौगोलिक हिसावले पनि विराट भूभागमा फैलिएको छ । क्षेत्र र समयको विशालता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै विविधताका कारण यस धर्मभित्र विविध विचार, परम्परा र आचार पद्धति आत्मसात् हुनु स्वाभाविकै मानिन्छ। तथापि आजको भूमण्डलीकरणका युगमा, एउटा नेपाली भात खान अमेरिकामा, चुठ्न जर्मनीमा र खाजा खान जापानमा पुग्ने जमानामा क्रिस्तान, मुसलमान, हिन्दू तथा अन्य धर्मकै वीचमा पनि संस्कारगत अनेकताभित्र ऐक्यभाव खोज्नुपर्ने अवस्थाभित्र एउटै धर्मका सम्प्रदायहरूको के कुरा ?

'वादे वादे जायते तत्त्ववोधः', विचारविमर्श र छलफल गरिरहेमा सारवस्तुको प्रतिपादन हुन्छ। एक तोला सुन खारेर निकाल्न सुनसँग टाँसिएर रहेका टनौटन विकारलाई फाल्नुपर्दछ। यस 'स्वधर्मनिर्णय' नामक पुस्तकका लेखक केशव दाहालले यसमा हिन्दूधर्म र सम्प्रदायसम्वन्धी अनेकौं तर्क-वितर्कहरू प्रस्तुत गर्दै शास्त्रीय प्रमाणहरूवाट पुष्टि दिएर आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको छ। यस पुस्तकका सम्वद्ध विद्वज्जनहरूका वीचमा राम्रो ढङ्गले तरङ्ग पैदा गर्नेछ र परम्परामा वाद-सवादको सृजना गर्नेछ भन्ने देखिन्छ। हिन्दू सनातनका पक्षपाती लेखक केशव दाहालद्वारा वृहत् खोज र अन्वेषणमार्फत लगनशीलताका साथ तयार पारिएको यस पुस्तकले हिन्दू धर्म तथा यसभित्रका विविध सम्प्रदायसम्वन्धी संस्कारगत केही विवेच्य पक्षहरूको जानकारी गराउन एवम् तिनीहरूको उदार सार निकाल्न निकै उपयोगी प्रयत्न गरेको छ। दृढ सङ्कल्पशक्ति तथा गहिरो अध्यवसायद्वारा ओतप्रोत लेखकवाट अरु पनि उपयोगी पुस्तकहरू जन्मनेछन् भन्ने कुरामा विश्वास गर्दै सम्मतिसाथ यस पुस्तकको लोकप्रियताका लागि शुभकामना व्यक्त गर्दछु।

उपप्रा. रमेश घिमिरे
प्राचार्य
पिण्डेश्वर विद्यापीठ, धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ नमः शिवायः

अन्नपूर्णा माताको जय

स्वधर्म निर्णय नामक पुस्तक श्री केशवप्रसाद दाहालज्यूले शास्त्रीय आधारमा तयार गर्नु वा तयार गर्न लाग्नु भएको छ। यसको पाण्डुलिपि मैले अवलोकन गर्दा खुसी लाग्यो। धर्म भनेको शाश्वत वस्तु हो। धर्म परब्रह्म परमात्माको नाम पनि हो।

हिजो आज धर्मका नाममा धेरै विकृति विसगति समाजमा देखा पर्न थालेका छन्। सीधासाधा धर्मप्राण भक्तहरूमा यस्ता कुराले भ्रमित वनाइरहेका हुन्छन्। धर्मको प्रमाण शास्त्र हो। हाम्रो आस्था भगवान र मन्दिर अनि समाज र शास्त्रमा केन्द्रित हुनुपर्छ। धर्ममा फुट हुदैन। धर्मले घर समाज र राष्ट्रलाई विखण्डनवाट वचाउछ यसमा पाखण्ड हुदैन। हिजोआज धर्मको प्रचारभन्दा अज्ञानवश मतको प्रचार गरी समाजमा फुटको स्थिति यदाकदा देखिन थालेको छ। यस्ता कुरालाइ समाजले समयमै मनन गरी दुरुत्साहित वनाउन आवश्यक छ। धर्ममा एकता हुन्छ, सेवा हुन्छ। परिवार, समाज र राष्ट्रलाइ राम्रो दिशावोध धर्मले गरेको हुन्छ। प्रस्तुत पुस्तकमा 'कैतव धर्म' भन्दा वास्तविक धर्मको निर्णय सम्वन्धमा दाहाल जीले गरेको प्रयास प्रशंसनीय छ।

वहाँको यो अत्यावश्यक सत्प्रयासप्रति म आर्शीवाद एवं धन्यवाद प्रकट गर्न चाहन्छु।

नागा वावा, पशुपति गिरीजी।

महाराज पञ्च दश नाम आवाहन अखाडा अन्नपूर्ण भण्डार, , पशुपति काठमाडौं

❑ ❑ ❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रको तात्पर्य बुझ्ने प्रयास गरौं

अज्ञानवश खडा भएका अन्तःकरणमा विद्यमान मल, आवरण, विक्षेपादि दोषलाई हटाएर हृदयाकाशमा विद्यमान स्वतःसिद्ध स्वयंप्रकाश परमानन्दस्वरूप परमात्माको स्पष्ट अनुभूति सहजरूपले होस् भन्ने उद्देश्यले तत्त्वज्ञानी कारक महापुरुषहरूले आचारपूर्वक गरिएका विचारलाई महत्त्व दिनु भएको छ। 'आचारहीनान्न पुनन्ति वेदा' 'विचाराज्जायते बोधः' इत्यादि। अर्थात् विचारलाई सफलताको विन्दुमा पुऱ्याउने प्रमुख साधन सदाचार हो। श्रुतिस्मृति प्रतिपादित सदाचार नै वास्तवमा सद्धर्म हो र सद्धर्मको आचरण गर्नाले नर-नारायण वन्दछ र जीव शिव वन्दछ भन्ने उदात्त श्रुतिस्मृति मूलक सनातन सभ्यतालाई नवुझेर सम्प्रदायको विस्तार गर्ने नाममा अशास्त्रीय परम्परालाई प्रश्रय प्रदान गरेको कुरा सुन्दा र देख्दा शास्त्रज्ञका अन्तःकरणमा हलचल मच्चिनु स्वाभाविकै हो।

उपर्युक्त स्वाभाविक प्रवृत्तिद्वारा प्रेरित भएर केशवप्रसाद दाहालज्यूले संग्रह गरेका गद्य, पद्यमय ग्रन्थ पठनीय मात्र नभएर चिन्तनीय र मननीय पनि छन्। यस्ता शास्त्रका मार्मिक वचनको मर्म नवुझी सम्प्रदायको नाममा अन्धविश्वासको खेती गर्ने साम्प्रदायिक मित्रहरूले यो कुलचन्द्र गौतमको पद्य अवश्यमेव पढ्नु पर्दछ -

आगामहा शंख र चक्रताती पारी तताइकन वाहुमा जो
डामेर वैकुण्ठमहा धकेल्ने ती धूर्त हुन् नीति विरोध चल्ने। (कुलचन्द्र गौतम)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतिस्मृति आदि शास्त्रको तात्पर्य विचार गर्दा द्विजातिका लागि गोत्र परिवर्तन र चक्राङ्कित अशास्त्रीय ठहर्दछन् । अन्तःशास्त्र प्रमाण मान्ने कुनै सम्प्रदायले पनि यो अन्ध परम्पराको खेती गर्नु हुँदैन । 'व्यापकत्वाद् वै विष्णुः विष्णुर्देवता अस्यास्तीति वैष्णवः' यो व्युत्पत्तिअनुसार वैष्णवधर्मको प्रचारप्रसार गरौं यही नै हाम्रो सनातन परम्परा हो । अन्त्यमा यो पुस्तक शीघ्र प्रकाशन होस् भन्ने कामना गर्दछु ।

भवानीप्रसाद खतिवडा

सह-प्राध्यापक

भवानीप्रसाद खतिवडा

वाल्मीकि विद्यापीठ, प्रदर्शनी मार्ग, काठमाडौं

❑ ❑ ❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डा. दीर्घराज घिमिरे
Dr. Dirgharaj Ghimire
Professor
Nepal Sanskrit University

ph. 4479376

Date.............

मन्तव्य

पावका नःसरस्वती

'वेद एव द्विजातीनां निःश्रेयसकरःपरः' स्मृतिअनुसार वेदोक्त धर्म नै वास्तविक धर्म हो र सनातन धर्म त्यही हो, वेदासंस्पृष्ट वैदिकेतर धर्म धर्म होइन धर्माभास हो, आभासले धर्मवारे भ्रम गराउँछ भुमरीमा पार्छ, त्यस्ता भ्रम पाँच छन् 'विधर्मः परधर्मश्च आभास उपमाच्छलः अर्थात् विधर्म, परधर्म, अभास, उपमा र छल । धर्म वुझ्नेले उक्त पाँचलाई अधर्मरूपमा वुझ्नुपर्छ । त्यसरी वुझ्न वैदिक धर्मज्ञान अपरिहार्य छ, श्रुति स्वयंको उद्घोष छ 'नावेदविन्मनुते तं वृहन्तम्' अर्थात् वेद नजान्नेले धर्मको गति जान्दैन । वेद दुरूह हुनाले स्मृति पुराणादिद्वारा वेदार्थको उपवृहण भएको छ । यस हेतु विद्या र धर्मको स्थान चतुर्दशविद्यालाई मानिएको छ वैदिक धर्ममा कुनै सम्प्रदायविशेष मानिरहनु पर्दैन । वैदिक धर्मको उपेक्षा गर्दै सम्प्रदायविशेषमा आग्रह हुनु पाखण्डपनको वीजारोपण हो । झन् त्यही आचारमा समर्पित हुनु पाखण्डपनलाई नै पल्लवित तथा पुष्पित गर्नु हो । आफूलाई वैदिक भन्नेहरूलाई त्यस्तो कार्यले शोभा दिन्छ ? अर्थात् दिँदैन । यस्तै विषयमा केन्द्रित छ पण्डित केशवप्रसाद दाहालजीको प्रस्तुत संग्रह 'स्वधर्म निर्णय' ।

यो संग्रहले विशेषतः वैदिकेतर वैष्णवलाई कटाक्ष गरेको छ । नत्र त वैदिक सनातनी वैष्णव हुन्छ नै । विष्लृ व्याप्तौ र विश प्रवेशने धातुवाट उणादि प्रत्यय निष्पन्न विष्णु पद हो । उक्त धातुद्वयको अर्थ पर्यालोचन गर्दा व्यापक वा अन्तर्यामी आत्मा भन्नेमा विष्णु पदार्थ टुङ्गिन्छ । अतः उक्त पदार्थको आकलन वा मनन गर्ने वैष्णव हो भन्ने अर्थनिष्कर्ष हुन पुग्छ । यस्तो अर्थ त शव्दमर्यादा सिद्धै छ । विशेष अनुसन्धान नै चाहिँदैन । अधुनातन पारिभाषिक अर्थले सिद्धअर्थ वाधित हुँदैन भन्ने दाहालजीको प्रयास स्तुत्य छ । सत्कार्यको निमित्त शुभकामना ।

दिनाङ्क: २०६४।५।१४ शुक्रवासर ।

डा. दीघराज घिमिरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'ॐ स्वधर्म-निर्णय' शब्दमै रमेर ॐ

पं. श्री केशवप्रसाद दाहालज्यूले संकलन सम्पादन र समीक्षा गर्नुभएको 'स्वधर्म-निर्णय' नामक पुस्तकको पाण्डुलिपिका पाना सर्सर्ती पल्टाउने मात्र मौका मैले पाएँ। यस पुस्तकको विषय-वस्तु यसको शीर्षक-नामले नै वुझाउँछ तापनि उहाँले यसको सारसंक्षेप मलाई सुनाउनुभयो। उहाँको अर्को आग्रह यो रह्यो- 'छपाउनु अर्थाभाव छ। छोटो लेखिदिनु।' के खोज्छस् कानो ? आँखो भनेझैं वैदिक सनातन धर्म जस्तो सनातन विषयमाथि वोल्न थाल्दा आफैं 'कुहिराको काग' वन्ने सम्भावनाका साथ केही लेखि पनि दिनुपर्ने 'उभयतः पाशमा परैं। बाँदरको घाउ कोट्याउनु पनि भएन, उपचार पनि गर्नुपर्‍यो।

पत्नीका वाग्वाणको पीडाले कालिदास र तुलसिदास कवि वनेझैं, क्रौञ्च द्वन्द्वको वियोग देखेर वाल्मीकि कवि भएझैं, कुनै अदृश्य पीडाले दाहालज्यूलाई धर्म र अध्यात्मका प्रवक्ता वनाएको भान उक्त पुस्तकले गराउँछ। यस्ता कृतिहरू समालोचनाका परिधिवाट माथि उठेका हुन्छन्। त्यसैले आत्मसंयमका साथ लेखिएको यो कृति अभ्रान्त छ र धर्मजिज्ञासुहरूका लागि संग्रहणीय र पठनीय वनेको छ। यो कृति छिट्टै प्रकाशित होओस् र कृतिको परिश्रम सफल होओस्। मैले चाहिं पाकेको हलुवावेतमा कौवाको कठोर टुडो धस्नुभन्दा कौवालाई वेल पाक्नुको न्याय नै अवलम्वन गरैं, अस्तु।

जगन्नाथ शर्मा त्रिपाठी

प्रा. जगन्नाथ शर्मा त्रिपाठी
सिनामंगल,
प्रौष्ठ शुल्क सप्तमी, वि.सं. २०६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ASIAN ASTROLOGERS' CONGRESS
CENTRAL EXECUTIVE COMMITTEE.
24/4Chamelibag, Shantinagar DHAKA-1217, Bangladesh, Tel : +88-02-407700

शुभकामना

हिन्दू सनातन धर्मका जिज्ञासु अनुसन्धानकर्ता पण्डित श्री केशवप्रसाद दहालले लामो समयको सत्संग, स्वाध्याय, अनुभव र अनुभूतिहरूको सम्यक् विवेचना सहित स्वधर्म निर्णय नामको ग्रन्थ रचना गरी प्रकाशन गर्न लाग्नु भएको छ भन्ने सुन्न पाउँदा मलाई खुशी लागेको छ । भेटघाटका क्रममा उहाँले प्रस्तुत गर्नु भएको धाराप्रवाह प्रवचन, विभिन्न पुराणका प्रमाणहरू र प्रतिपाद्य विषयप्रतिको निष्ठा एवं आफ्नो कामप्रतिको लगनशीलता समेतले मलाई धेरै कुरा सिक्ने अवसर प्रदान गरेको छ । उहाँको प्रस्तावित प्रकाशनमा कुनै एउटा पन्थ वा समुदाय विशेषलाई भन्दा समग्र सनातन हिन्दू धर्मको आधारभूत पक्षलाई चिनाउने, वुभाउने र जीवित राख्ने प्रमाणहरू घनीभूत रूपमा प्रस्तुत हुनेछ भन्ने मैले विश्वास लिएको छु । उहाँसँगको वार्तालापको क्रममा जे जति कुरा उहाँले विश्लेषणात्मक रूपमा अभिव्यक्त गर्नु भएको छ, त्यतिमात्रै पनि उहाँको प्रस्तावित प्रकाशनमा समावेस हुन सकेमा भावी पुस्ताका लागि यो ग्रन्थ अत्यन्त महत्त्वपूर्ण धरोहर सावित हुने कुरामा सन्देह रहन्न ।

सामान्यतया वहुजनहिताय, वहुजनसुखाय पितापुर्खादेखि मान्दै आएको आफ्नो-आफ्नो पराम्परागत कार्यशैली, विश्वास र अनुभवसिद्ध अवधारणा नै धर्म हो- **"धारणाद्धर्ममित्याहुः"** । त्यसैले नै सनातन धर्मलाई मूल श्रोत मानिएको हो । अर्कालाई करकाप, डरधाक, नाजायज दवाव वा अन्य कुनै नकारात्मक असर नपारीकन आफ्नो मत र परम्पराको संरक्षण र सम्वर्द्धनका लागि प्रयत्नशील रहनु हरेक धर्मका अनुयायीहरूको आफ्नो कर्तव्य हो । अर्कालाई खराव नभनिकन पनि आफू असल वन्न सकिन्छ, अर्काको मत वा धर्मको आलोचना नगरिकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि आफ्नो मत वा धर्मको महानता सिद्ध गर्न सकिन्छ । तर वर्तमान विश्वपरिवेश हेर्दा आफ्नो धर्म, संस्कृति, विचार वा विश्वासलाई अघि वढाउने यस्तो सकारात्मक सोच हराइसकेको भान हुन्छ । हिन्दू, वौद्ध, मुस्लिम या इसाई हरेक धर्मका अनुयायीहरूमा आफ्नो धर्ममा रहेका सकारात्मक पक्षहरूको अभिवृद्धिका लागि काम गर्ने भन्दा अर्काको धर्म संस्कृति परम्पराको आलोचना गर्ने र नीचो देखाउने होड चलेको पाइन्छ । त्यसवाहेक हरेक धर्मावलम्वीहरूले आफ्नो आफ्नो धर्मअन्तर्गत पनि विभिन्न मार्ग, पन्थ, गूट र उपगूटहरूको सृजना गरी अर्को पक्षको आलोचना गर्नमा आफ्नो अमूल्य ज्ञान, सीप र सामर्थ्यको दुरूपयोग गर्ने गरेको तथ्य कसैवाट छिपेको छैन । हिन्दू सनातन धर्मभित्रका शैव, शाक्त, वैष्णव आदि समुदाय इस्लामभित्रका शिया र शुन्नी वौद्धका हीनयान, वज्रयान र महायान क्रिश्चियन धर्मभित्रका क्याथोलिक र प्रोटेस्टाइन आदि विभाजनलाई यस्तै प्रवृत्तिका उपज मान्न सकिन्छ । स्वधर्म रक्षाको मूल आधार त वास्तवमा विभाजन होइन संश्लेषण, परिमार्जन र दिगो संरक्षण गर्नु हो ।

कुनै पनि सभामा श्रोता र वक्ताको एउटै विचार, एकै किसिमको प्रस्तुतीकरणको धारा र परिवेश हुँदैन । त्यसैले वक्ताले श्रोताको अवधारणालाई हृदयंगम गर्दै कटु कषाय वा तिक्त स्वादकै कुरा भए पनि मिश्री-मिश्रित नवनीतको लेप लगाएर प्रस्तुत गर्न सकेमा श्रोतालाई वुझ्न, पचाउन र अवलम्वन गर्न सजिलो हुन्छ भन्ने तथ्यलाई समेत प्रस्तावित ग्रन्थ प्रकाशनका अवसरमा ध्यान दिई सो अनुरूप विषयवस्तुको समावेश र समायोजन गर्न सकेमा अझै सुनमा सुगन्ध हुनेछ भन्ने वैयक्तिक अवधारणाकासाथ म प्रस्तुत स्तुत्य प्रयासको पूर्ण सफलताको कामना गर्दछु ।

डा. खिलनाथ वस्ताकोटी
अध्यक्ष मण्डलको अध्यक्ष, एशियन एष्ट्रोलजर्स कंग्रेस
वसन्त पञ्चमी २०६३ फोन: ४४३३८४१ काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ शुभेच्छा ॥

मिति: २०६४/०५/०६

वैदिक सनातनधर्मका वारेमा प्रस्ट पार्ने उद्देश्यले श्री केशवप्रसाद दहालज्यूले तयार पार्नु भएको शोधखोजमूलक रचना "स्वधर्म निर्णय"को पाण्डुलिपि सर्सति अवलोकन गरें । वहाँको जुन प्रयास हो त्यो प्रशंसनीय छ आफ्नो ठाउंमा । यसले सवै धर्मानुरागीलाई केही सन्देश अवश्य छाड्नेछ । त्यसमा पनि हिन्दु धर्मभित्रै एकताको भावना जगाउन केही मद्दत अवश्य गर्नेछ भन्ने मेरो विचार रहेको छ ।

वास्तवमा आज हिन्दूधर्ममाथि अन्य विधर्मीले विरोधका भालाहरू फ्यांकेर अन्याय गर्दैछन् । समाप्त पार्न खोज्दैछन् । यस्तो विषम परिस्थितिमा हामी हिन्दू के शैव, के वैष्णव, के शाक्त आदि जुनसुकै सम्प्रदाय र मान्यतांका भएपनि हिन्दूधर्म मूल जरो भएका सबै धर्मानुरागीहरू सबै हिन्दू भन्ने अवधारणा लिएर अघि वढ्नुपर्ने आवश्यकता देखिन्छ । तर आज त्यो हुन त परै जावस् झन् नयाँ-नयाँ सम्प्रदायहरू खुल्दैछन् । यसरी सम्प्रदायहरू खुल्दै जाने हो मात्रै भने त केही नहुंदो हो तर एक सम्प्रदायले अर्को सम्प्रदायको विरोध गर्नु नै आफ्नो धर्म बनाउंदै गएंका छन् । तर, आज विरोध होइन समन्वयको खाँचो छ । अनेकता होइन एकतामा आवद्ध हुनुपरेको छ । सबै आफ्नै सम्प्रदायकै ढोलक ठोक्दै आफैं भट्याउंदै हिंडेका छन् । सुन्ने कसले ? आफ्नै छातिमाथि उम्रिएरका रौं जस्तै च्याउसरीका सम्प्रदाय र सम्प्रदायीका परस्परविरुद्ध आचरणदेखि वैदिक सनातन धर्म रुंदैछ । अर्तनाद सुन्ने कसले ?

हाम्रो शास्त्रीय या वैदिक मान्यता एकत्वमा नै छ । भेद प्रतिपादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु मूर्खता हो भने अभेद एकता देखाउनु बुद्धिमता हो । साँच्चै भगवान् ईश्वर तत्त्व एउटै छ । चाहे त्यसलाई जुनसुकै नाम दिइयोस् । शिव र विष्णुमा अत्याधिक प्रेम छ, आस्था छ तर जतिसुकै उनका भक्तहरू एक आपसमा विरोध गरुन्, लडाईं गरुन् "शिवस्य हृदयं विष्णुः विष्णोश्च हृदयं शिवः" भनिएको छ शास्त्रमा । त्यसैले जसले शिव, विष्णु, देवी आदिमा भेद बुद्धि गर्दछ, एउटाको प्रशंसा र अर्काको निन्दा गर्दछ त्यो भेडाको बुद्धि भएको मानव मात्र हो । त्यसैले सबैले 'सर्वम् खल्विदम् ब्रह्म'को नारा लिएर एकताको भावना लिएर, आपसमा प्रेम र श्रद्धा बाँड्दै धर्ममा अघि बढ्नुपर्छ ।

सम्वन्धित जिज्ञासुका लागि दाहालज्यूको यस प्रयासले प्रशस्त ज्ञान दिने नै छ । किन कि वहाँले यो रचना कल्पनामा आधारित नभइ प्रमाणपूर्वक उपस्थापन गर्नु भएको छ । शीघ्र प्रकाशनमा आवस् र लोकप्रियता प्राप्त गरोस् मेरो यही शुभकामना ।

२।भा।।५

डा. स्वामी रामानन्द गिरी
महेश संस्कृत गुरुकूल
देवघाट धाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ॐ॥

नयाँपाटी-१, सुन्दरीजल, काठमाडौं निवासी प्रा.डा. ऋषिराम पोखरेलज्यूबाट प्राप्त भएको

शुभ-कामना मन्तव्य

श्रुतिस्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद् धर्मस्य लक्षणम् ॥

आदिराज आदिमानव महामना मनुले भृगु आदि महर्षिहरूलाई वनाउनु भएको मनुस्मृतिको उपर्युक्त वचन अनुसार वेद धर्मशास्त्र सदाचार आफ्नो आत्मा र अन्तरात्माको प्रिय हुने व्यवहार नै धर्म हो । यस पद्यमा मनुले स्वस्य र आत्मनः यी दुई शव्दले आफ्नो र प्राणीको अथवा परमात्माको प्रिय व्यवहारलाई समेत धर्मको लक्षण वताउनु भएको छ । धर्मको सार बताउने उद्देश्यले महात्मा भीष्मले धर्मराज युधिष्ठिरलाई अन्तिम अवस्थामा वताउनु भएको छ ।

श्रूयतां धर्मसर्वस्वं श्रुत्वा चैवावधार्यताम् ।
आत्मनः प्रतिकूलानि परेषां नसमाचरेत् ॥

अर्थात् धर्मको सर्वस्व (सार कुरा) सुन्नुहोस् र त्यसलाई मनमा गुनेर धारण गर्नुहोस् कि आफू (आत्मा)लाई अर्थात् प्राणीलाई प्रतिकूल कुरा (मन नपर्ने, अनुकूल नपर्ने) कुरा अरुलाई (शत्रुलाई) पनि नगर्नुहोस् । सारांशमा आफूलाई कसैले निन्दा गरेको मन पर्दैन भने त्यस्तो वुझेर अरुलाई पनि आफूले निन्दा गर्नु हुँदैन र अरुलाई पीडा पार्ने काम आफूले पनि गर्नु हुँदैन । यस उक्तिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मसात् गर्ने व्यक्तिले मात्रै धर्मको सार बुझेको मानिन्छ र त्यस बुझाइलाई काम र कुराले व्यवहारमा ल्याउने व्यक्ति नै धर्मात्मा हो । कसैले आफ्ना घरका जहान परिवारलाई अज्ञानीलाई, सोझालाई ललाई फकाई वा क्षणिक प्रभावमा लोभलालचमा पारेर आफ्नो कुल, देश, जाति धर्मको विरुद्ध शिक्षा दीक्षा दिन्छ भने त्यो काम हाम्रा शास्त्र मर्यादाविरुद्ध हो र त्यो घरपट्टिको (घरमूलीको) अभिमत छैन भने शास्त्रविरुद्ध र न्यायविपरीत नै हो त्यसो गर्दा पत्नीसहित वा पतिसहित गर्नुपर्ने धर्मकर्म, तिथिश्राद्ध आदि लोप भयो भने त्यसको दोष दीक्षा दिने गुरुलाई समेत लाग्छ र मन्त्र लिने स्त्री पुरुष समेत धर्म भ्रष्ट हुन्छन् । वेदले मानवलाई मानवोचित व्यवहार गर्न स्वकर्म र स्वधर्मको आचरण गर्न श्रीमान्-श्रीमतीलाई संयुक्त अधिकार दिएको छ । आफ्ना मातापिता, पति अथवा अभिभावकको समेत स्वीकृति लिइ मात्र सपरिवार अर्को धर्म वा सम्प्रदायको दीक्षा लिनु भन्ने वेद धर्मशास्त्र आदिको मान्यता छ । तैत्तिरीय श्रुति भन्दछ- सत्यंवद, धर्मं चर, आचार्यदेवो भव, मातृदेवो भव, पितृदेवो भव, स्वाध्यायप्रवचनाभ्यां मा प्रमद ।

अर्थात् साँचो कुरा बोल, धर्म गर, आचार्य (गुरुलाई) देवता मान, आ-आफ्ना शाखाका वेदको अध्ययन र प्रवचन सुन्ने गर । यसबाट नचुक । यसैगरी गीतामा श्रीकृष्णले भन्नुभएको छ- न बुद्धि भेदं जनयेदज्ञानां कर्म संगिनाम् ॥ अर्थात् आ-आफ्नो धर्म कर्म गर्दै रहेकालाई भ्रमित नपार । तसर्थ धर्मशास्त्रको मर्म नबुझ्नेले धर्मगुरु भएर प्रवचन दिई दुनियाँलाई भ्रममा पारेर झुक्याउने काम नगर भनिएको छ । हाम्रो धर्मशास्त्रानुसारका यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरालाई मानेर नै स्त्रीहरूले आमा, सासू आदि मान्यजनबाट र पुरुषले हजुरबुबा, बुबा, दाजु वा कुलगुरुबाट कुलपरम्परागत शिक्षा-दीक्षा लिने चलन वैदिक कालदेखि नै चालिआएको हो।

उपनयनसम्मका सबै संस्कार गरेपछि मातापिताले आफ्नो कुलपरम्परा अनुसारको शिक्षा-दीक्षा दिईसकेपछि मात्र स्वशाखा अनुसारको वेदको स्वाध्यायनका निम्ति राजादेखि रङ्कसम्म सबैले आफ्ना वालवालिकालाई गुरुकूलमा पठाउने विधान छ।

आजभोलि गुरु वन्ने रहरले, धेरै चेलाचेली बनाउने रहरले दानमान वा मठाधीशको (पीठाधीश) पद पाउने रहरले कतिपय गुरुहरूले त्यो वैदिक परम्परा छोड्दै र तोड्दै अनेकौं मत-सम्प्रदायका, धर्मका नाममा धेरैजना चेलाचेली बनाउने गरेका छन्। संभवतः कतिपय गुरुलाई वेदको अर्थ त के कुरा वेद पढ्न र आफूले जप्ने मन्त्र र दीक्षा मन्त्रका ऋषि, देवता, छन्द र विनियोग पनि थाहा नहुनसक्छ। यस्ता स्थितिमा गुरु र चेला दुवैको अधोगमन हुन्छ, भन्ने वेदको वचन छ।

"यो ह वा अविदितार्षेयच्छन्दोदैवतविनियोगेन मन्त्रेण यजति वाऽध्यापयति स स्थाणुं वा ऋच्छति गर्तं वा पद्यते, प्रमीयते वा पापीयान् भवति। यातयामान्यस्य छन्दांसि भवन्ति ॥" अथवा जो व्यक्तिले ऋषि-छन्दः देवता र विनियोग न जानिकन नभनिकन पढ्छ पढाउँछ वा यज्ञ गर्छ भने त्यो व्यक्ति मूढो बन्दछ। नरकगामी हुन्छ। मृत्युमा परिणत हुन्छ। पापी बन्दछ र त्यसका वेदमन्त्र सबै बासी हुन्छन्। यसो हुनुको पछाडि गुरु बन्नेले संस्कृत भाषा नजान्नु, वेद नपढ्नु, कुलपरम्परा नजान्नु नै प्रमुख कारण रहेको छ। प्राचीन गुरु परम्पराको क्रममा हेर्ने हो भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् विष्णुले ब्रह्मालाई, ब्रह्माले छोरा नारदलाई, नारदले ब्यासलाई, ब्यासले शुकदेवलाई शुकदेवले सूतजीलाई र उनले शौनकादिलाई प्रवचन, उपदेशद्वारा शिक्षा-दीक्षा दिएको र निगम शास्त्र अनुसार भगवान शिवले पार्वतीलाई शिक्षा-दीक्षा दिनुभएकाले आगम भनिएको देखिन्छ। संस्कृतमा यही कुरा बुझाउन गुरु शब्दको अर्थ पिता समेत गरिएको छ। नारीको विवाहपछि गोत्र र कुलपरम्परा अनुसार सासूबाट नै शिक्षा-दीक्षा लिने हाम्रो परम्परा रहिआएको छ। किनभने विवाहपछि नारीको कुल र गोत्र फेरिने हुँदा पिताका कुलको शिक्षा-दीक्षाले पति कुलको शिक्षा-दीक्षामा विरोध पर्ला भनेर नै यस्तो व्यवस्था भएको बुझिन्छ। आजभोलि आधुनिक शिक्षा र नयाँनयाँ सम्प्रदायका वेदविरोधी कतिपय पाखण्डी चलनले गर्दा हाम्रो वैदिक परम्परागत गुरु शिष्य र शिक्षा-दीक्षाको नै लोप हुने अथवा भ्रमपूर्ण प्रचार हुने अवस्था आइरहेको छ। यस परिस्थितिले गर्दा कतिपय अन्जान दिदीबहिनी र दाजुभाइले अरुका लहैलहैमा लागेर आफ्ना कुल परम्पराविरुद्ध मन्त्र र दीक्षा लिएर आफ्नै कुलदेवता, इष्टदेवता र श्रीमान् श्रीमतीकासाथमा पनि विरोध पर्न गई अशान्त र दुःखी हुन पुगेका छन्। हाम्रो वैदिक विधिले गरिने विवाहमा वरवधूले गरेको प्रतिज्ञा समेत भङ्ग भएको छ। जस्तैः 'धर्मे अर्थे च कामे च नातिचरितव्यम्' अर्थात् धर्मकार्य गर्दा कमाउँदा र सुख भोग गर्दा एकापसमा छुट्टिने छैनौं भन्दा हुन्छ भनेको र अबदेखि तिमी वरवधूले धर्मकार्य, धनको कार्य र सुखभोगको कार्य संयुक्तरूपले गर्नु भन्ने कुराको पनि विरोध हुन गएकाले सङ्कल्प गर्दा 'सपत्नीक र सभर्ता' भनेर गरिने दान, धर्म, श्राद्ध, यज्ञादि कार्यसमेत गर्न वाधा पुगेको अवस्था देखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतएव यी सबै पक्ष र विपक्षलाई यथासम्भव केलाई हाम्रा प्राचीन वैदिक ऋषि, महर्षिका वचन र धर्मशास्त्रका वाक्यसमेत उद्धरण गरी सनातन धर्मप्रेमी श्री केशवप्रसाद दाहाल (चक्रघट्टी, महेन्द्रनगर-२ सुनसरी)ले दीक्षा दिने र लिने (कसले कोसँग) भन्ने बारे "स्वधर्म निर्णय" नामक संग्रहात्मक पुस्तिका तयार गर्दै रहेको र त्यसका केही अंश हेर्ने अवसर मैले पनि पाएका हुँदा निजको उत्साह र परिश्रमको निम्ति धन्यवाद दिँदै शीघ्र प्रकाशनको कामनासहित शुभकामना मन्तव्यका केही शब्द लेख्ने जमर्को गरेको छु। संग्रहकर्ताले नेपालमा भएको प्रथम कुम्भमेलाको समर्थन वा विरोध गर्नु वहाँकै स्वविवेकको कुरा हो र कुनै गुरुले गल्ती गरे भन्दैमा शास्त्र र सम्प्रदायलाई दोष दिनु पनि अनुचित हो भन्ने मलाई लाग्छ तर श्रीमान् अथवा घरमूलीको वा अभिभावकको स्वीकृतिविना कसैले स्त्री वा पुरुषलाई आफ्नो सम्प्रदायमा शिक्षा-दीक्षा दिनु पनि वेदादि शास्त्रविरुद्ध नै हो भन्ने कुरामा म पूर्ण विश्वास गर्दछु। यसो भए तापनि हाम्रा विभिन्न धर्म र सम्प्रदायबीच परस्पर आक्षेप प्रत्याक्षेप गर्नु नराम्रो कुरा हो र यसले समाजमा विखण्डन र विरोधपूर्ण द्वन्द्वको अवस्था आउँछ भन्ने कुरामा म विश्वस्त छु। प्रस्तुत पुस्तकमा कतै त्यस्तो आक्षेप-पूर्ण कुरा परेको भए म त्यसमा र व्यक्तिगत निन्दा चर्चामा आफ्नो विसम्मति जनाउँदछु। वास्तममा संसारका सबै धर्म सम्प्रदायहरूलाई मानवबीच आपसी सहयोग, सद्भावना, मेलमिलाप र सह-अस्तित्त्व कायम गरेर आ-आफ्नो समुन्नति गर्दै आखिरमा सबै नदी नाला सागरमा समाहित भए झैं सबैले उही एउटै परमेश्वर कहाँ पुग्ने आ-आफ्ना धारणा र मान्यताका साधनकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा लिनुपर्ने हुन्छ भन्ने मेरो वैदिक मान्यता छ- "एकं सद्विप्रा बहुधा वदन्ति" (ऋग्वेद) अर्थात् एउटै परमेश्वरलाई अनेकौं नाम र रूपमा अनेकौं काम र धामका नामले पुकारिएको मात्रै हो। वास्तव ईश्वर एउटै हो उही हो। यी नै भाव लिएर कर्म गर्दै अघि बढेमा सम्भवतः विश्वमा आज देखिएको आपसी हत्या, हिंसा र धार्मिक, सामाजिक द्वन्द्व र अशान्तिले सुदीर्घ शान्तिको सन्मार्ग पक्रने थियो भन्ने मेरो विश्वास छ।

अन्त्यमा सुनसरीदेखि यहाँसम्म आएर विभिन्न व्यक्ति संस्थाहरूसंग समेत सम्पर्क गरी धर्म दर्शनबारे यसरी जनमत र शास्त्रमत केलाउने सत्कार्य गर्नु भएकामा संग्रहकर्तालाई पुनः धन्यवाद दिंदै यस संग्रहको यथास्थानमा यथोचित कदर हुनेछ र यसले कुनै द्वन्द्व निम्त्याउने छैन भन्ने आशासहित शुभकामना व्यक्त गर्दछु।

जय जगदीश्वर।ॐ शान्ति।
प्रा. डा. ऋषिराम पोखेल
२०६४।०५।०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री दक्षिणामूर्ति संन्यास आश्रम

श्री १००८ स्वामी पुण्यानन्द गिरि जी महाराज

मिति: २०६४/०५/१२

धारणाद्धर्ममित्याहुर्धर्मो धारयते प्रजा:
य: स्याद्धारणसंयुक्त:स धर्म इति निश्चय: ।

धर्म समाज राष्ट्र एवं समग्र संसारलाई नै धारण एवम् पोषण गर्ने क्षमता आफूमा राख्दछ तर मतिविभ्रम वशात् कैयौं व्यक्तिहरूले अधर्मलाई पनि धर्म मान्न सक्दछन् तर त्यो धर्म साँच्चै नै धर्म हो भने त्यसले विखण्डन गराउँदैन र यदि विखण्डनकारी देखियो भने त्यहाँ वास्तविक धर्म छ कि छैन यो अवश्य विचारणीय होला भन्ने मन्तव्यले श्री केशवप्रसाद दाहालले लेख्नु भएको "स्वधर्म निर्णय" धार्मिक व्यक्तिहरूलाई स्वधर्म निर्णय गर्न सहयोग पुऱ्याउला भन्ने आशाको साथ ।

स्वामी पुण्यानन्द गिरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्ता नं. [illegible] पत्र [illegible]

पूर्वीय-दर्शन विद्यापीठ

INSTITUTE OF ORIENTAL PHILOSOPHY

डिल्लीबजार, काठमाडौं, फोन/फ्याक्स:- ४४३४५०४,

इ-मेल : info@orientalphilosophy.edu.np वेब : www.orientalphilosophy.edu.np

शुभकामना

मिति: २०६४/०५/१८

सनातन धर्मको खोजकर्ता पं. केशवप्रसाद दाहालको लामो समयको सत्प्रयासबाट सनातन धर्मभित्र रहेको वर्णाश्रम व्यवस्थाको विवेचना गरेर स्वधर्म निर्णय नामक कृति प्रकाशन गर्न लाग्नु भएको थाहा पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ ।

श्री दाहालको लगनशीलता र सत्परिश्रमले प्राप्त गर्नुभएको सनातन धर्मशास्त्रका विभिन्न भागमा लुकेर रहेका वर्णाश्रम धर्मका महत्त्वपूर्ण सत्यतथ्यहरू समाजले जानकारी लिन पाउने भएको छ ।

वर्णाश्रम धर्मको पालना गर्दा अन्य कुनै जाति, धर्म, सम्प्रदायलाई भेदभाव गर्ने वा वाधा पार्ने कार्य गर्नु हुँदैन । सनातन धर्म भनेको वसुधैव कुटुम्वकम् मान्यतालाई अवलम्वन गर्ने भएकाले अन्य धर्म सम्प्रदायको भावनामा आँच आउने कार्य हुनुहुँदैन र पनि यदाकदा सनातन धर्मभित्रकै विभिन्न शाखाका रूपमा रहेका शैव, शाक्त, वैष्णव लगायतका सम्प्रदायहरूले भेदभाव गर्ने खालका क्रियाकलापहरूको विकास गर्दै गएको भान हुन थालेको देखिन्छ ।

धार्मिक भेदभावको विकास हुनु भनेको समाजलाई विखण्डित पार्दै जानु हो । तसर्थ, समाजलाई विखण्डित पार्ने कार्य धार्मिक क्षेत्रवाट हुनुहुँदैन । विभिन्न धर्म सम्प्रदायहरूले जानी नजानी गर्ने गरेका विभेदहरूको अन्त्य गर्न सनातन धर्मशास्त्रका प्रमाणहरूले पुष्टि गरेर भेदभावहरूलाई नष्ट पार्दै जान पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजका सबै वर्गले आ-आफ्नो धर्म संस्कार समान रूपले मान्न पाउनु पर्दछ । समाजमा रहेका धार्मिक सम्प्रदायले भेदभाव गर्नाले परिवार र समाज नै विखण्डित हुने हुनाले धार्मिक क्षेत्र सचेत हुनुपर्दछ ।

सनातन धर्मावलम्बीहरू पाञ्चायन देवताका उपासक भएकाले प्रकृतिको पञ्चतत्त्वको पनि उपासक हुन् भन्न अत्युक्ति हुँदैन । पाञ्चायन देवतालाई नै-तत्त्वको प्रतीक मान्ने सनातन धर्मावलम्बीहरूमा समान व्यवहार हुँदै आएको तथ्य हाम्रो कसैमा लुकेको छैन ।

समान व्यवहार गर्ने सनातन धर्मावलम्बीहरूलाई ॐकार परिवार भित्रकै केही सम्प्रदायहरूबाट आघात हुने कार्य यदाकदा हुन थालेका अवस्थामा भेदभाव अन्त्य हुने शास्त्रीय आधारहरूले पुष्टि गर्दै शास्त्रीय प्रमाणहरूको व्याख्या गरेर सरल भाषामा समाजलाई जानकारी गराउनु पर्दछ । तसर्थ, श्री दाहालले प्रकाशन गर्न लाग्नु भएको स्वधर्म निर्णय ग्रन्थको पाण्डुलिपि सरसर्ती हेर्दा वर्णाश्रम धर्ममा भएको सनातन व्यवस्थाको जानकारीका साथै समाजलाई उज्यालो सु-सन्देश दिन सक्ने छ भन्ने विश्वास लिएको छु ।

डा. लोकराज पौडेल
प्राचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

श्री केशवप्रसाद दाहालले मेहनतसाथ तयार पार्नुभएको "स्वधर्म-निर्णय" को केही अंश अवलोकन गर्ने अवसर प्राप्त भयो । उहाँले आ?नो सनातन धर्मप्रतिको सुदृढ आस्था यसमा प्रकट गर्नुभएको छ । यस्तो सत्प्रयासका लागि म उहाँलाई धन्यवाद दिन चाहन्छु ।

समाजमा आज धर्म संस्कृति, राष्ट्रियता र मूल्य मान्यताको सन्दर्भ उठाउने मा॑िसको अभाव हुँदै गएको छ । जसले यस्ता विषयमा प्रश्न उठाउँदछ उसले निकै हन्डर खानुपर्ने हुन्छ । तर दाहालजीले आफ्नो धर्म र परम्परालाई निष्ठापूर्वक रक्षा गर्ने आवश्यकता यस रचनामार्फत् अगाडि सार्नुभएको छ । यस्तो संवेदनशील र महत्त्वपूर्ण विषयमा उहाँले कलममात्र चलाउनु भएन, धर्मका गहन-गम्भीर विषयमा राष्ट्रकै प्रमुख विद्वान्हरूसँग वहस आरम्भ गर्नुभएको छ । आफ्नो क्षेत्रमा दखल राख्नुहुने धेरै विद्वान्हरूको राय लिने काम पनि उहाँले गरिरहनुभएको छ । आजको कराल कलि-कालमा यसप्रकारको लगन र निष्ठा देखाउन सक्नु उहाँको ठूलो खुबी हो र यसका निमित्त विद्वत्समाजले उहाँलाई निश्चय नै सराहना गर्ने छ भन्ने विश्वास प्रकट गर्दछु ।

स्वधर्म-निर्णयमा व्यक्त भएका विचार लेखकका आफ्नै हुन् । उक्त विचारका पछाडि बलिया तर्कहरू छन् । तर आजको शिक्षित कहलाउले समुदाय यसभन्दा धेरै टाढा पुगेको छ । मानिसहरू अनेक सम्प्रदाय र शाखाहरूमा आवद्ध भएका छन् । कसैले पनि आफ्नो मतमात्र ठीक र अरुको बेठीक भन्न मिल्दैन । परन्तु ज्ञान र तर्कका आधारमा विचार प्रवाहित गर्न सकिन्छ । उहाँका विचारहरू पनि तुरुन्त ठीक वा बेठीक भनिहाल्न मिल्दैन तर प्रयास श्लाघनीय हो भन्ने कुरा निःसंकोच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्न सकिन्छ । यसले विद्वद्वर्गमा अध्ययन, अनुशीलन र चिन्तन गर्ने परिपाटीको विकास गर्न मद्दत मिल्दछ ।

वास्तवमा धर्म त्यस्तो विषय हो जसले मानिसलाई सही र सत्य मार्गमा हिंड्न अभिप्रेरित गर्दछ । आज धर्म छाड्दा हाम्रो राष्ट्रको हालत शोचनीय हुन पुगेको छ । हाम्रो मान्यता "स्वधर्मे निधनं श्रेय:" हो तर यो चिन्तन टाढिएको छ । म श्री केशवप्रसाद दाहालको यस कृतिको शीघ्र प्रकाशनको कामना गर्दछु । साथै यसवाट सवै धर्मानुरागीहरूलाई लाभ पुग्ने आशा प्रकट गर्दछु ।

प्रा. डा. माधव भट्टराई
नायव वडागुरुज्यु
अध्यक्ष, नेपाल पञ्चाङ्ग निर्णायक समिति
मिति: २०६४/०५/१७/२
फोन नं.: ४४७०६३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री नेपाल वेद विद्याश्रम

शुभाशंसा

वैदिक सनातन धर्म समस्त प्राणीको उपकारक धर्म हो । समयको प्रवाहमा वहने क्रममा विभिन्न सम्प्रदायहरूको उदय भयो । सवै धर्मले आ-आफ्नो सिद्धान्त र मार्ग निर्धारण गरेका हुन्छन् । वेद र तदनुयायी शास्त्रद्वारा अनुमोदित सिद्धान्त र मार्ग नै धर्मको मूल-प्रवाह हो । यसैमा आधारित उपासना र कर्म मार्गमा लाग्नु सवैको लागि श्रेयस्कर हुन्छ । समाजमा धर्मका आडमा विभिन्न अवाञ्छनीय कार्यहरू नदेखिएका हैनन् । अधर्मलाई धर्मको रङ दिएर पाखण्डता पछ्याउनु ज्यादै निन्दनीय कार्य हो । अतः मानवसमुदायले वास्तविक वैदिक सनातन धर्मको मूल-प्रवाह जान्नु अपरिहार्य भएको छ । यसै परिप्रेक्ष्यमा शास्त्रीय आधारसहित स्वधर्म-निर्णय नामक पुस्तक लेखेर श्री केशवप्रसाद दाहालज्यूले उदाहरणीय काम गर्नुभएको छ । यसको प्रकाशनपछि धर्मका नाममा व्यक्ति पुज्ने प्रवृतिमा पक्कै सुधार हुनेछ भन्न सकिन्छ । अथक प्रयास गरी प्रकाशन गर्न लाग्नुभएकामा श्री दाहालज्यूलाई धन्यवाद शीघ्र प्रकाशनको शुभेच्छा ।

रुद्रप्रसाद मिश्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

"श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥"

श्री भगवत् गीता ३।३५

श्री केशवप्रसादं दाहालद्वारा लिखित प्रस्तुत "स्वधर्म निर्णय" नामक ग्रन्थको पाण्डुलिपि हेर्ने सुअवसर प्राप्त भयो । यसमा लेखकले प्रस्तुत गर्नुभएको कुराहरू श्रुति, स्मृति र सदाचारका आधारमा हाम्रो वर्णाश्रम धर्मसँग अत्यन्त सम्वद्ध भएकाले लेखकको प्रयास स्तुत्य छ । यो ग्रन्थ वर्णाश्रम धर्म पालन गर्ने जो कोहीलाई पनि अत्यन्त उपयोगी हुने मैले ठानेको छु । यस्ता ग्रन्थको अध्ययन, मनन र चिन्तनवाट समाजलाई स्वधर्मप्रति निष्ठावान् र सुसंस्कृत बनाउन सहायक सिद्ध हुनेछ । यस प्रकारका अन्य ग्रन्थहरू पनि लेख्दै जाने सद्बुद्धि लेखकमा प्राप्त भइरहोस् भन्ने शुभकामना व्यक्त गर्दै यो ग्रन्थ प्रकाशित गर्न लाग्नुभएकामा उहाँप्रति हार्दिक साधुवाद अर्पण गर्दछु । अस्तु

तोयराज नेपाल
सहप्राध्यापक, वाल्मीकि विद्यापीठ
प्रदर्शनीमार्ग काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टेकनाथ गौतम तथा व्यासाचार्य किशोर गौतमबाट प्राप्त

मन्तव्य

सत्कर्म, शुभकर्म, राम्रा काम धर्मको परिभाषा भित्र पर्दछन् । राम्रा कुरा पनि धर्मभित्रै पर्छन् । शास्त्रमा वास्तविक धर्म र कैतव धर्मको स्पस्ट उल्लेख छ । आज राष्ट्रमा छल धर्म होइन वास्तविक धर्मको प्रचार हुनु आवश्यक छ । जसले गर्दा घर, परिवार, समाज र राष्ट्रमा एकता, शान्ति र सद्भाव कायम गर्न सक्छ । धर्म प्रचारकले मनमुखी नभइ शास्त्रमुखी भएर धर्मको प्रचार गर्नुपर्छ । धर्मको प्रमाण व्यक्ति होइन शास्त्र हो । धर्मले फुटाउँदैन जुटाउँछ । "सूत्रे मणिगणा इव" धर्मको प्रमाण शास्त्र हो । व्यक्तिको आस्था भगवान् । लगनशील मृदुभाषी पं. श्री केशवप्रसाद दाहालज्यूले लघु आकारमा नै भएपनि "स्वधर्म निर्णय" नामक पुस्तक नामक पुस्तक प्रकशनार्थ पाण्डुलिपि तयार पार्नु भएछ । यो एउटा प्रशंसनीय कार्य हो । भविष्यमा अझ वृहद् रूपमा खोज अनुसन्धान गरी समाजमा ल्याउन उहाँलाई सवैवाट प्रेरणा मिल्न सकोस् मेरो शुभ-कामना छ ।

पुर्ख्यौली "वेदपथ" नै सनातन धर्म हो भन्ने कुरा हामीले वुझ्नुपर्छ ।

किशोर गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुदीक्षा न सा दीक्षा या दीक्षा भेद कारिणी ।
अभेदकारिणी दीक्षा विष्णुदीक्षा परा मता ॥
शिवकेशवयोर्भेदं ये कुर्वन्ति नराधमाः ।
अजागलस्तनवच्च तस्य जन्म निरर्थकम् ॥ *आ. रा.*
शिवकेशव यो रङ्काञ्छूल छद्मादिकानपि ।
न धारयेत मतिमान् वैदिके वार्त्मनि स्थितः ॥
पञ्चदेवार्चना दीक्षा विष्णुदीक्षा परामता ।

प्रमाण निर्णय सिन्धौ 'आनन्द रामायण' हेमाद्रौ,
टेकनाथ उपाध्याय गौतमः
हरि ॐ तत्सत ।
धर्मगुरु व्यासाचार्य, किशोर गौतमः
श्री पशुपतिनाथ भुवनेश्वरी काठमाडौं
राधाष्टमी २०६४ आश्विन २ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मा–धर्म सम्बन्धमा

सनातन धर्म वेदप्रतिपादित धर्म हो । यो धर्म अविनाशी भएकाले यसलाई सनातन भनिन्छ । यसका संरक्षक स्वयं भगवान् अच्युत हुनुहुन्छ भन्ने गीताको वचन छः-

"धर्मसंस्थापनार्थाय संभवामि युगे युगे"

भगवान्‌वाट सनातन वैदिक धर्मको सम्वन्धमा यसो भनिएकाले वास्तविक र पालनीय धर्म सनातन धर्म नै हो भन्ने स्पष्ट हुन्छ ।

सनातन धर्म र वैष्णवादि धर्ममा सनातन धर्म भगवान्‌वाट वा महामना चिन्तक ऋषिवर्गवाट उद्‌भूत, परिवर्धित र संरक्षित धर्म हो भने वैष्णवादि (सम्प्रदाय) धर्म वाह्रौं शताव्दी यतावाट सुरु भई प्रचार गरिएका अर्वाचीन धर्म हुन् । यी सनातन धर्मको सार, वेद र स्मृतिशास्त्रलाई तोडमोड गरी व्याख्या गरेर उभ्याइएका धर्म हुन् । दान, दया, अहिंसा, शौच, सन्तोष, इन्द्रियसंयम आदि विषयमा जोड दिएकाले यी पूरै वेदविरोधीजस्ता देखिंदैनन् भने श्रौतसूत्र गृह्यसूत्र आदिमा प्रतिपादित पशुयाग आदिका विरोधी भएकाले वेदसमर्थक पनि होइनन् । सनातन धर्मको आचार पक्ष, वैज्ञानिक पक्ष र मानवहितकारी पक्ष वताउने क्रममा सनातनधर्मी उति नलागेकाले यसका सार्वभौम मान्यताको ज्ञान तथा प्रचारमा उनीहरूको समर्पण कम भएकाले सम्प्रदायगत धर्महरूले फैलने मौका पाएका हुन् ।

"कुलाचारं परित्यज्य अन्याचारं व्रजन्ति च ।
एतच्च पातकं घोरं कथितं कृत्यवेदिभिः ॥

कुलाचार छाडेर अरु प्रकारका आचारमा लाग्दा महापातक लाग्दछ भनी- कर्मविद्‌हरू भन्छन् । अधिकांश मानिस लहैलहैमा लागि कुलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलिआएको आचारवाट चाँडो उठिँदैन भन्ने ठानी कतिपय प्रचारकको प्रचारवाजीमा परी आफ्ना आचारविचार छाडेर अन्यत्रका आचारविचार अँगाल्न पुगेका देखिन्छन् । यो एक प्रकारको धर्मत्याग हो । मर्नै परे पनि स्वधर्ममा मर्नुपर्दछ । स्वधर्म पालनवाट स्वजाति, स्वसंस्कृति र स्वराष्ट्रको उत्थानमा टेवा पुग्छ । आफूलाई चिनाउने केले ? आफ्नै धर्म तथा आचारको पालनले नै त हो !

धर्मको परिपालन अहिलेको परिप्रेक्ष्यमा दुई प्रकारले हुनु आवश्यक छः

(क) मानव सेवाका दृष्टिले

(ख) स्वशाखा सूत्रका दृष्टिले

धर्मवाट प्राणीमात्रको हित हुनुपर्छ, नभए मानवको हित त हुनैपर्छ । धारो, कुवा, इनार, पुस्तकालय, सभाभवन, विद्यालय, अस्पताल, धर्मशाला, वाटोघाटो, विश्रामगृह, घाटगृह, छात्रवृत्तिस्थापन, मुष्टिदान, भूमिदान, आदि कर्म मानवसेवामा प्रत्यक्ष प्रवृत्त हुने धर्म हुन् । यस्तो धर्मको अधिकारी सवैको जाति, वर्ण, सम्प्रदायका व्यक्ति हुन सक्तछन् ।

स्वशाखा सूत्रका आधारमा गरिने नित्य, नैमित्तिक आचारविचारको अनुष्ठान भने व्यक्ति र कुलका जीवित तथा दिवंगतका हितलाई वढी प्राथमिकता दिएर गरिने कर्म हुन् । वैष्णवादि धर्म न त समस्त मानव हितका निम्ति अवलम्वन गरिएको धर्म हो, न त स्वशाखा सूत्रलाई पछयाएर अँगालिएको धर्म नै हो । यो त समय विशेषमा तत्तत् व्यक्ति विशेषले चलाइका धर्म हुन् । मानव सेवाका कुरा यसमा केही भए पनि यी वढी सम्प्रदायोन्मुख छन् । सम्प्रदाय (धर्म)मा गुटवन्दी खडा हुन्छ । आफ्नो गुट, आफ्नां मान्छे, आफ्नो सिद्धान्त र आफ्नो देवता जस्ता सङ्कीर्ण प्रकृतिको विचार वैष्णवादि धर्ममा टङ्कारो देखिन्छ । सम्प्रदायी वैष्णवहरू हिन्दूधर्मावलम्वीलाई अवैष्णव भन्दछन् । ऊर्ध्वपुण्ड्र लेपन, कण्ठीधारण, चक्र शङ्ख मुद्राङ्कन र विष्णुदीक्षा नलिएसम्म वैष्णव नहुने कुतर्क गरी वैदिक वैष्णव र वैदिक शैवशाक्त वन्दै आएका पञ्चायन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवपूजक हिन्दूहरूलाई पन्छाउनु उनीहरूको गलत परिपाटी हो ।

वैदिक सनातन धर्म कुनै व्यक्ति विशेष वा देवता विशेषलाई मात्र अर्चन, वन्दन तथा स्तवन गर्ने धर्म होइन् । यो सार्वजनिक धर्म हो । नाम वैदिक, सनातन या हिन्दू जे दिए पनि यसमा मानवधर्मको व्याख्या पर्याप्त छ । धर्मका नियमहरू सर्वजनहितकारी हुनु, पञ्चायन देवताको पूजा गर्नु, प्रकृतिलाई देवतावत् सम्मान दिनु, सर्वैतिर र सवैमा ईश्वरको दर्शन गर्नु, शास्त्रलाई आधार वनाएर कर्म गर्नु वैदिक धर्मावलम्वीका कर्तव्य हुन् ।

"वैष्णवीं चाथ शैविञ्च योऽन्यां दीक्षां समाचरेत्
ब्राह्मणो न भवेत् सोऽथ यद्यापि स्यात् षङङ्गवित् "

स्क. पुराण नागरखण्ड २७४।८७

वैदिकमार्गानुयायी ब्राह्मणले वैष्णव वा शैव दीक्षा लिंदा ब्राह्मणत्ववाट गिर्ने प्रमाण पाइएकाले वैदिक धर्मानुसार नै आचरण गर्नु श्रेयस्कर देखिन्छ, अन्य मत, मतान्तर, पन्थ वा सम्प्रदायमा फाल हाल्नु ठीक देखिंदैन । यसको निम्ति विद्वान् जिज्ञासु श्री केशवप्रसाद दाहालको "स्वधर्म निर्णय" ग्रन्थ पठनीय देखिन्छ ।

रामहरि दाहाल
रामहरि दाहाल
सह प्रा.
महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीपशुपतिनाथका पाउमा प्रार्थना

धर्म परिवर्तन गर्नु हुँदैन, गराउनु पनि हुँदैन । गऱ्यो भने गर्नेलाई, गरायो भने गराउनेलाई पाप लाग्दछ । झुक्याएर, फकाएर, लोभ्याएर, अप्ठ्यारामा पारेर, गरिबी, रोग र अज्ञानतालाई हटाइदिन्छु, स्वर्ग पुऱ्याइदिन्छु गोलोकको टिकट किनिदिन्छु भनी झुट्टा सपना बाँडेर धर्म परिवर्तन गराउनु त महापाप हो ।

धर्म किनबेच गर्ने वस्तुविशेष होइन । धनीले गरीबको धर्म, बाठा-टाठाले लाटा-सुधाको धर्म, पढे लेखेकाले नपढे-नलेखेकाको धर्म, नीरोग हृष्टपुष्टले रोगी निर्धा-दुब्लाको धर्म किनेर आफ्नो धनी धर्म शिक्षित र सभ्य धर्म, नीरोग धर्म दिने गरी हिजोआज धर्मको खेती र धर्मको व्यापार गरिँदैछ रे । यसरी धर्मको खेती, व्यापार, धर्मको राजनीति गर्ने गराउने दुवै थरीलाई भित्र मनमा कदापि शान्ति हुँदैन । यो त वेदविरुद्ध हो । वैदिक सनातनधर्मले यस प्रकारको कुकृत्यलाई कदापि स्वीकार गरेको छैन ।

भगवान् शिव महान् वैष्णव हुनुहुन्छ र भगवान् विष्णु महान् शैव हुनुहुन्छ । शिव र विष्णुमा पटक्कै भेद छैन । त्यस्तै हाम्रा पाञ्चायन देवता आ-आफ्ना स्थानमा अत्यन्त महान् छन् । सबै देवपूजकहरूको गन्तव्य एउटै हो, नाम र आकार मात्र भिन्न हुन् ।

विष्णुदीक्षा, शिवदीक्षा, देवीदीक्षा आदि बजारमा बाँड्ने, भिडमा भिर्ने, निधारमा टाँस्ने, घाँटीमा झुण्ड्याउने, शीरमा कोर्ने खालका होइनन् । यो त धर्मको मर्म नबुझ्ने एउटाले झन् नबुझ्नेलाई आफ्नो स्थानमा भित्र्याउने अवैदिक एवं अधार्मिक परम्परा मात्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म परिवर्तन गराउनुभन्दा कर्ममा परिवर्तन ल्याउन सक्नु महान् उपलब्धि हो । चोरलाई साधु वनाऊ, हिंस्रकलाई दयालु परोपकारी वनाऊ, लोभीलाई दानी वनाऊ, अशिक्षितलाई शिक्षित वनाऊ, दानवीलाई कुकर्मवाट छुटाएर दैवी सत्कर्ममा लगाऊ यो तिम्रो पुरुषार्थ हो । शिष्य-शिष्या, अनुयायी र सम्प्रदायी वढाउनु मात्रमा न ता तिम्रो नै आत्यन्तिक कल्याण छ न ता तिम्रो पछि लाग्नेहरू कै ।

'स्वधर्मे निधनं श्रेयः' (गीता ३।३५)

(आफ्नै धर्ममा वरु मर्नु कल्याणकारक छ, अर्काका धर्ममा जानु वा आफ्ना धर्ममा ल्याउनुमा किनवेचमा कदापि कल्याण छैन ।)

वैदिक मान्यता र मूल्यका आधारमा श्रीकेशवप्रसाद दाहालज्यूले शास्त्रीय प्रमाणहरू संकलन गरी तयार पार्नुभएको 'स्वधर्म निर्णय'-ले धार्मिक क्षेत्रमा एउटा नयाँ साहसिलो अभियानको आरम्भ गरेको छ । धर्म परिवर्तनका नाममा विखण्डन ल्याउनेहरूका मारमा परेका र पर्ने पीडित सनातनीहरूलाई यसले अवश्य पनि आशालाग्दो आलोक र आधार प्रदान गर्नेछ भन्ने विश्वासका साथ दाहालज्यूका प्रयासले प्रासङ्गिक स्वधर्म निर्णयमा पूर्ण राफलता प्राप्त गरोस् भनी परमात्मा श्रीपशुपतिनाथका पाउमा प्रार्थना गर्दछु ।

-शिवमस्तु-

(प्रा. शिवगोपाल रिसाल)
शिव-मन्दिर
शान्तिकुना, ललितपुर-५
वि.सं. २०६४ फाल्गुणशुक्ल पूर्णिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

सर्वे भवन्तु सुखिनःसर्वे सन्तु निरामयाः।

सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।

सर्वै ईश्वरीय सृष्टिका उपज सुखीरहुन् अनि निर्भय । सबैलाई राम्रो देख्न पाऊन्, दुःखी कोही नहोऊन् । सबैका लागि शुभ-कामना व्यक्त गरेको यथार्थ सत्य छ । तर भनाइ एकातिर काम र कर्तव्य चाहिँ ठीक विपरीत देख्दा मलाई कौतुहल र आश्चर्य उत्पन्न भयो । म मेरा वा समग्र आर्य-हिन्दु धर्मावलम्बीले के गर्थे भन्नुभन्दा पनि हाम्रो धरोहर श्रुति-स्मृतिले के भन्दछन् यिनैले हाम्रो धर्मको आचरणको पालना गर्ने र गराउने गर्दछन् (जन्म मरणोपरान्त) । अनि 'आप्तवाक्य' पूर्व-पूर्व पितृ (पुर्खा)हरूको सङ्कल्प के हो ? त्यो नै मेरो धर्म हो भन्ने दृढ निश्चय हुँदा र भागवत महापुराणमा 'धर्मःस्वनुष्ठितंपुंसां' भन्ने वाक्य र कुल गोत्र वंश परम्परा नै हिन्दू आर्य धर्मको मूल हो र यो नै हिन्दू धर्म ग्रन्थहरूले कर्तव्य-अकर्तव्य अनि व्यावहारिक-अव्यावहारिक चालचलनहरू छुट्याइ पाछ्छन् यिनैले गर्भाधान-अन्त्येष्टिसम्मका कर्मको निरूपण गर्दछन् । यही सिद्धान्तमा हामी वर्णाश्रमका आधारमा आ-आफ्ना जाति विशेष अनुरूपका संस्कार, संस्कृति, कुल, वंश, गोत्र एवं मर्यादाका पालक हौं । तसर्थ 'देही गुनाको फर्सी' भनेजस्तो धर्म होइन भन्ने लाग्दा यी व्यासोक्त पौराणिक स्मृत्यादि धर्म आचरण निर्देशिका (अनुशासन) को सङ्कलन गर्न बाध्य भएँ । किन ? धर्म दश, बीस, पचास सय हुँदा रहनछन् । जो कुल, गोत्र, वंश पाछामा आधारित धर्म सबैले मानेर आयौं । निष्कलङ्क परिवार र समाज थियो । विगत केही समय यता विद्वान् हुं भन्नेहरूले स्वविचारबाट रचिएका कथित ग्रन्थकारहरूले धर्मशब्दको प्रयोग गर्दै मानिसलाई भ्रममा पारेर आ-आफ्ना धर्म सम्प्रदायको आचार संहिता (घोषणा पत्र) तत्तत् सम्बन्धका तिलकादि ऊर्ध्व पुण्ड, शख-चक्र (लिङ्ग चिन्ह) कण्ठी दीक्षाजन्य मन्त्र आदिको काल्पनिक आचरण गरे । कसैले आफ्नै नाउँबाट धर्मको संगठन गरेर मानिलाई धर्म शब्दको प्रयोगले गर्दा नै धर्मको मर्म नबुझेर विरोध गर्नु पाप हो भन्ने कुराले टीका टिप्पणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेनन् । विद्वान् भएर पनि 'अनुमन्ता' भए किन ? प्रयोजकले प्रायोज्यलाई लाभ दियो । चेला चेलीबाट प्राप्त हुने भेटी दक्षिणाको लाभांश अनि नी सत्शास्त्रलाई भ्रमपूर्ण चटके 'अनेक धर्म विभ्रान्ता'का व्याख्याताः' कथित पण्डितज्यूहरूले गर्ने गराउने यज्ञ अनुष्ठानमा सहभागिताको दक्षिणाको प्रतिग्रहले वैदिक वैष्णवत्वलाई बलात्कार गर्ने दुःस्साहस गर्दै थियो । हठात पूर्वी नेपालको प्राचीनवदरिवन हाल वयरवन (जि.सु.वराहक्षेत्र गा.वि.स.) वराहक्षेत्र प्रवेशद्वारा सप्तकोशीतटमा कथित कुम्भ मेलाको आयोजना गर्दै शाव्दिक छलपूर्ण 'वैष्णव' धर्म प्रचार गर्ने क्रम सुरु भएको आभास चाहिं भएकै हो । तथापि आफ्नो खुट्टा ठेस लाग्दा मात्र त्यो ठेसको पीडाको अनुभव हुन्छ र पनि त्यो विपकुम्भस्थलको पण्डालमा चिरपरिचित पण्डित मित्रसग वसेर योजनाकारको प्रवचन सुन्दा पाखण्ड धर्म प्रचारकको परिचय पाएं र प्रिय मित्रप्रसाद घिमिरेज्यूलाई तपाइं पनि अव डुब्नु हुने भयो भनेको थिए । उनले परधर्मको दीक्षा, कण्ठी, उर्ध्वपुण्ड्र, लिङ्ग चिन्ह (देवास्त्रका छाप) तत् सम्वन्धी प्रशिक्षण (गुरुवाक्य) द्वारा विवाहिता, कुमारी, वयोवृद्धा नारीहरू र वैदिक संस्कारयुक्त द्विजहरूलाई दीक्षित बनाइयो । जुन कर्म शास्त्रमा निन्दनीय छ । अर्थात नारी (स्त्री) र पुरुषले परस्पर मन्त्रदान लिनेदिने गर्ने गराउने कार्य त्यो विवाह दीक्षाबाट त्यो गुरुसँग अन्योन्याश्रित प्रीतिद्वारा गृहस्थ धर्मको सुरु हुन्छ । जुन कर्मले सन्तानोत्पत्तिको मार्ग प्रशस्त गर्दछ । वंश, कुल, गोत्र, धर्मको उदय हुनछ र ती दीक्षा मन्त्र प्राप्त गरेकी नारीले 'उभय' एक्काइस कुलको उद्धार गर्दछिन् । वैदिक सनातन वैष्णव धर्मको मर्म विपरीत जुन कर्म गराइयो-गरियो त्यो अवैदिक असहिष्णुता घोर नारकीय कर्म हो भनेर सत्शास्त्रहरूमा वताइन्छ । पुरुष पातकी हुन्छ भने नारी पुंश्चली कहिन्छिन् । (अविवाहिता कुमारी भने पुंश्चली हुन्नन् । किन कि एक गुरु नै पतिव्रता भनिएका छ । दीक्षा लिएपछि कुमारी नै रहन्नन्) भने यता विना पत्नीको कुनै कार्यको सिद्धि हुँदैन । 'पत्नी हस्ताच्च संगृह्य' भनेको छ । पतिले आफ्नो धर्म त्यागेर (अगोत्र) अर्कै खाले धर्ममा लागे ती पतिसँग सहवास गर्न हुँदैन भनेर पुराणमा भनिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठक वर्गमा निवेदन ॥

यो भूमिकामार्फत मैले वैदिक सनातन-वैष्णवका गृहस्थ कर्म के हुन् र थिए । अनि कथित अमुक वैष्णव शब्दालङ्कारी छलपूर्ण धर्महरूको परिचयात्मक चिन्हवाट नै आफ्नो वा सम्प्रदायहरूका उर्ध्वपुंड्रादि लकेट वस्त्र केशको वनावट शरीरको सजावट आदिवाट नै राजनीति पार्टीजस्तो लाग्दछ । धर्म शब्द ग्रन्थ प्रयोग गर्दै स्वकीय सम्वन्ध विच्छेदमात्र गराइएको छैन कि पारिवारिक कलह विभेद तथा काज-क्रिया नै हुँदैन किन ? गोत्र नाम थर परिवर्तन गरेपछि आशौच लाग्दछ र ? जसरी विद्युत् गृहको नाता त्यो वल्वसम्म निरन्तर रहँदा स्विच थिच्दा उज्यालो वल्छ प्रसारण लाइन छिनेपछि वल्दैन । त्यसरी नै कुल गोत्र वंश परम्परा वा शास्त्र मर्यादा विपरीत अन्य नीच वर्णको आचरणमा समाहित भएको मनुष्य स्नान, संस्कार, कार्जाक्रिया गर्ने, आशौच वार्ने र और्ध्वदेहिक गराउने पनि घोर नरकमा पर्दछ । जसरी त्यो विद्युत् करेण्टमा परेर तुरुन्त मृत्यु हुन्छ । जसरी भत्केको कुलो-पैनीवाट खेतमा पानी पुग्दैन मुहान नै वन्द गर्नुपर्छ नत्र झन झन ठूलो क्षति हुन्छ र विगो तिर्नुपर्छ । अनि मर्मत प्रायश्चित्त गरेर मात्र पानी चलाउनु पर्छ अनि मात्र पानी पुगेर खेतमा उब्जाउ हुन्छ । वैदिकशास्त्र नदीको मुहान हो भने सन्तान कुलो हो । पितृहरू खेत हुन् । जसरी खेतमा राम्रो पानी मलजल, गोडमेल गर्दा अन्न आदि पाउंछौं त्यस्तै वर्णाश्रम अनुसार गोत्र, कुल, वंश जातअनुसार निर्दिष्ट उपासनावाट मात्र ईश्वर भक्तिको फल र पितृको आशीर्वाद प्राप्त हुन्छ । शास्त्रीय मत यही हो । त्यसैले कसैको चर्टाकिला-भर्टाकिला प्रवचनमा नलागी आ-आफ्ना स्वकुलोचित धर्म के हो ? वुझ्ने वुझाउने गरौं । चार्वाक (नास्तिक)का चेला न वनौं र नवनाउ पनि । मलाई नीति शास्त्र र धर्मको सिद्धान्त निर्णय सङ्कलन गर्न वाध्य वनाइयो । मैले मेरो कर्तव्य पालना गर्दा वा मेरो स्वधर्मको रक्षार्थ प्रयोग भए गरेका शब्दार्थले कोही कसैलाई दुःख लागेमा त्यो संयोग मानिदिनु भई क्षमा दिन आग्रह गर्दछु । यो कसैले अभक्ष वस्तु भक्षण गरेका देख्दा दिर्गामिग लाग्री वाकवाकी लाग्दछ नै । सत्शास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुकूल धर्मको पालना गर्नु नै हिन्दुत्वको परिचय हो। यसमा मैले स्वविवेक तथा आफ्नो मनगढन्ते श्लोक प्रमाणहरू दिएको छैन। भरसक श्रोत खुलाउने प्रयास गरेको छु। तर पनि कहीं कहीं छुटन गएका होला। त्यो तर्फमा यति भन्दै यहाँ उद्धृत उदाहरण श्लोकहरू श्रुति-स्मृति तथा पुराणहरूबाट निर्देशित शास्त्रीय आधारमा दिएको छु र भन्न चाहन्छु, स्वधर्मलाई नमारौं आफू भ्रष्ट भएपनि अरुलाई भ्रष्ट हुनबाट बचाउने नैतिक दायित्व लिऔं।

स्वधर्म घाम झैं उज्यालो छ। शास्त्र प्रमाण छन् यसलाई ग्रहण लाग्नबाट बचाऔं। कहींका श्लोक कटु भएर नमीठो लाग्न सक्दछ। यो त सवालको जवाफको रूपमा मात्रै छ। उद्देश्य भनेको वेदअनुकूलका धर्मका बारेमा अहिले भ्रान्त भइ अन्य धर्म अंगालेकालाई मात्र सोझो बाटो देखाउन हो। त्यो बाटोमा लाग्ने नलाग्ने वहाँहरूकै इच्छामा भर पर्दछ। प्रस्तुत पुस्तकमा केही त्रुटि रहन गएका भए सुझाव पाउने आशामा रही आगामी संस्करणमा सच्याउने प्रयास गर्ने नै छु। सम्पूर्ण वैदिक सनातन धर्मलाई नछोडी त्यसैको सम्वर्द्धनमा लागिरहनु भइ मलाई सहयोग दिने सम्पूर्ण विद्वान्वर्गमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

अन्त्यमा प्रमाणको खोजीमा मलाई सहयोग गर्ने र सुझाव दिनुको साथै अतिरिक्त सहयोगका लागि शान्तिराम दहाल, महेन्द्रनगर-९ र आफ्नो अति व्यस्तताको समयमा पनि यो ग्रन्थलाई भाषा शुद्धि (प्रुफ रिडिङ) पुस्तकाकार शैलीको समेतमा तन, मन, वचन र कर्मले अनन्य सहयोग गर्नुहुने श्री हेमन्तराज अर्याल एवम् सहमति प्रदान गरी हौसला दिनुहुने विद्वान्, गुरुवर्ग र शुभेच्छुक महानुभावहरूलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु र भविष्यमा अझ सहयोगको अपेक्षा गर्दछु।

विद्वद्वर्ग सबैको कृपाकांक्षी।

संकलक एवं प्रकाशक

केशवप्रसाद दहाल

महेन्द्रनगर गाविस-२, जनहित टोल चक्रघट्टी, सुनसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिश्रित संस्कार(BASTERD–CULTURE)

कर्मशाङ्कर्यता बाट गरे गराईएका अनुष्ठान् अथवा तप बाट श्रेय-पुण्य प्राप्त गर्न सकिदैन ।
- (IT IS IMPOSSIBLE TO BE BENEFITTED FROM THE WORSHIP WHICH IS HYBRID OR MIXED WITH OTHERS)

अनादिकालदेखि नै ईश्वरोक्त ऋग्क्, यजु, साम, अथ , यी चार वेद धर्म, अर्थ, काम, मोक्षका साधन संसारमा विद्यमान छन् । रहिरहने यिनै वेदका गूढ आशय बाहिर प्रकाशमा ल्याउनका निमित्त नै छ शास्त्र, अठार पुराणहरूलाई व्यासादि ऋषिहरूले निर्माण गरेका हुन् । वेदमा तीन वर्ण ब्राम्हण, क्षत्रीय, वैश्यलाई मात्र अधिकार छ । वेदमा स्त्री शूद्र र पतीत जातिहरूको गति नपुग्ने भइ अर्थको ठीकठीक ज्ञान नहुने हुँदा तिनले पनि वेदोक्त आचारको (धर्मको) पालना गर्न सकून् भनेर परमकारुणिक भगवान् व्यासदेवबाट चारैवर्ण तथा अन्य जातिको परमपद प्राप्तिहेतु प्राचीन गाथाहरूसहित वेदहरूको आश्रय लिएर नै पुराण बनाउनुभयो । अठार पुराणहरूमा २४ अवतार, सत्व, रज, तमरूप तीनगुण र तीन देवताहरूको र शक्तिको विशेष वर्णन गर्नुभयो । सबै पुराणहरूको श्रवण विधि प्राय: एकै प्रकारका छन् । वुझाउनका निमित्त आलंकारिक विषयको वर्णन पनि राखेर पुराण रोचक बनाउनु भयो ।

उपासकलाई आफ्नो गुण स्वभाव कर्मअनुसार जुन देवाताको उपासना गरेपनि हुन्छ । जसले जुन देवताको उपासना गर्दछ त्यो नै उसको लागि सर्वश्रेष्ठ पुराण र देवता हुन्छ भनेर वुझाउने गरी पुराणमा जहाँ पनि वर्णन भेटिन्छ र यस्तै उपदेश दिनु भएको छ । उपासक जुन देवताको उपासना गर्दछ त्यो नै सर्वश्रेष्ठ हुन्छ । त्यसैले पुराणलाई सानो ठूलो भनेर भेद गर्नु हुँदैन । शरीरका इन्द्रियमा कुन सानो र कुन ठूलो हुन्छ जब कि सबैको मान बराबर छ । त्यस्तै ब्रह्म विष्णु शिव पनि साना र ठूला नभइ बराबर छन् भेद छैन । अनि अग्निपुराण १२ अध्यायमा 'आवयोर्नास्ति भेदो वै भेदी नरकमाप्नुयात्' भनेर स्पष्ट उल्लेख गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । यति स्पष्टसँग भनेका कुरालाई पनि नबुझेर हो कि किन हो पुराणलाई सात्विक, राजस र तामसमा वर्गीकरण गरेर (तथैव तामसाद्देवि निरय प्राप्तिस्तवः) तामसी पुराण सुन्यो भने नरक पारिन्छ भनेर मत्स्य, लिङ्ग, शिव, कूर्म, स्कन्द र अग्नि पुराणलाई तामसीमा राखेर सुन्न निषेध गरेका छन् । ब्रह्माण्ड, ब्रम्हवैवर्त, मार्कण्डेय, भविष्य, वामन र ब्रम्हपुराणलाई राजस पुराण अनि विष्णु, नारद, भागवत, गरुड, पद्म, बराहलाई सात्विक पुराणका कोटीमा राखेका छन् । त्यस्तैगरी वशिष्ठ, हारीत, व्यास, पराशर, भारद्वाज, काश्यप स्मृतिलाई सात्विक, याज्ञवल्क्य, आत्रेय, तैत्तिरीय, दक्ष, कात्यायन र वैष्णव स्मृतिलाई राजस अनि गौतम, र्वाहस्पत्य, साम्वर्त, यम, सांख्य औसनस स्मृतिलाई तामसका कोटीमा राखेर क्रमशः मुक्ति, स्वर्ग र नरक प्रदायक भनेर वर्गीकरण गरेका छन् । त्यसैगरी जम्मा १८ पुराणमा पनि १० पुराणमा शिवको स्तुति ४ पुराणमा ब्रह्माको २ मा देवीको र ३ मा विष्णुको महिमा गाइएको छ :

अष्टादशपुराणेषु दशभिर्गीयते शिवः
चतुर्भिर्भगवान् ब्रह्म द्वाभ्यां देवी तथा हरिः ।

(स्क. पु. केदार खण्ड १)

हामीले जानेदेखि यता मानिआएका पुराणहरूलाई पनि यसरी वर्गीकरण गरेर त्रिदेवमा ब्रह्म र शिवलाई तामस देवताका कोटीमा राखेर यदि उपासना गरे नरक जाइन्छ भनेर १८ पुराणमा सबभन्दा धेरै १० र ४ पुराणमा उल्लेख्य देवता हाम्रा आराध्यदेवलाई छुट्याएर १ लाई सात्विक र अन्य २ देवलाई राजस र तामसमा राखेर नरक लाने भनेर लेख्ने काम सम्प्रदायका व्यक्ति जो वैदिक सनातन धर्म विरोधी छन् तिनले मात्र गर्न सक्छन् । ती सम्प्रदायीले शिवलाई तामसी भनेर उपासना नगर्न आदेश गरी आफ्ना सम्प्रदायका व्यक्तिलाई शिव विरोधी बनाएका छन् । यदि तामसी पुराण सुन्दा नरक जाइन्छ भने ती तामस पुराण लेख्ने चाहिँ कहाँ जान्छन् कुन्नि ? ती सम्प्रदायका व्यक्तिले श्रीमद्भागवत १० स्कन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगद्गुरुप्रति जो दुर्ध्यान गर्दछन् त्यसको कल्याण कसरी हुन्छ भनेर विष्णुले शिवलाइ भनेको कुरा पनि नमानिकन शिवप्रति द्वेष राख्नेको के गति होला ? कि ती सम्प्रदायीहरू विष्णुभन्दा पनि जान्ने योगी नै हुन् कि अनि भावना तिनको कति निर्मल ? निधारमा वनाइएको लगाइएको र श्री विन्दीले शिवको दर्शन गर्नेलाई श्राप दिन्छिन् भनेर नामधारी वैष्णवहरू शिव मन्दिरतर्फ जादैनन् । शिवलिङ्ग देखेर मोहित हुने वा लजाउने श्री र विन्दीलाई वचाउन नै तिलकधारीहरू शिवस्थानभन्दा परै भाग्दछन् अनि तिनले शिवपुराण र शिव महिमालाई कसरी आत्मसात् गर्दछन् । यदि देखियो भने नरक गइहालिन्छ । शिवलाई ठूला भनेर व्याख्या गर्ने शास्त्रलाई के भन्ने ? शिवकै स्तुति गर्ने व्रह्मा, विष्णु, कृष्ण चाहिँ के भए र के हुन्छन् होला ? त्यसैले कुनै पनि पुराण राजस र तामस हुँदैनन् र साना ठूला पनि हुँदैनन् । सवै पुराणमा तीनवटै देवता अनि शक्तिको उपासना फल वरावर हुन्छ । तर यसका विपरीत हिजोआज शास्त्रको मर्म विपरीतका जुनजुन वाक्य सुनिन्छन् ती सवै नै दुराग्रही, अल्पज्ञ र स्वार्थपरायणहरूले वनाएका छन् । जसवाट आज सम्प्रदाय भेदको उपस्थिति भयो । महाभारत समयसम्म सम्प्रदायको नाम पनि थिएन । जसलाइ जुन देवताको पूजा गर्न इच्छा हुन्थ्यो उनकै उपासना गर्दथे । तिनीहरू ज्ञानी भएका हुनाले कुनै द्वेष थिएन । कलाकौशल, वुद्धिको भण्डार थियो त्यो वेला ।

तर जगत् एकैस्वरूपमा सधैं स्थिर नहुने र परिवर्तनशील भएको कारण महाभारत कालदेखि नै कलियुगको सुरु भइसकेको थियो । मानव र शास्त्रहरूमा पनि कलि लागिसकेको थियो । हजारौं ग्रन्थहरू लोप भए-गराए । शास्त्रको अध्ययन र जतन हरायो । यसो हुँदा विद्वान्हरू पनि हराउँदै गए । यसो हुँदा म नै पण्डित हु भनेर आफ्ना सहयोगीलाई लिएर मानव समाजभित्रका केही जान्ने सुन्नेहरूले आफूलाई पण्डित भनाउँदै एउटा नवीन मार्ग स्थापित गरेर विविध प्रकारका वोली भाषा वोल्नु पर्छ भन्ने परिपाटीको स्थापना गरे । शैव, कापालिक वौद्ध जैन आदिको आविर्भाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो । मोहित पार्ने र आफूतिर तान्ने अनि आफ्नो मत सम्प्रदाय ठूलो वनाउने होड चल्न थाल्यो । धेरै सम्प्रदाय वने । वास्तविक धर्मको लोप भयो र नयाँ-नयाँ धर्मको उदय भयो । धेरैकाल यस्तै वितेपछि इसाको ७ औं शताव्दीको अन्त्यतिर वास्तविक धर्मका अगुवाका रूपमा शंकराचार्यको उदय भयो । यिनले मतवादीहरूसँग शास्त्रार्थ गरेर परास्त पारी वैदिक धर्मको पुन: स्थापना गरे । तर छोटो समयमा सवैलाई समेटेर महाभारतकालभन्दा अगाडि कै अवस्थामा ल्याउन संभव थिएन । वैदिकेतर धर्मको अवशेष वाँकी नै थियो । यस्तै वेला १२ औं शताव्दीको सुरु (शक सम्वत् १०१२) मा अर्को एक नयाँ मतको उदय भयो । धर्म विषयमा ठूलो गोलमोल उत्पन्न भयो । वेदान्त जान्ने, कर्मेष्टिहरू कम भए । सर्वसाधारणलाई वेदान्त दुस्कर वन्यो । अनि आफू नजिकका नयाँ मतवादीका सम्पर्कमा आए । कतिलाई यो धर्ममा स्रशय भयो । संशय हुनेहरू वीच फेरि विवाद भयो र विवादकै वीचमा आफूलाई लागेको विचारलाई लिएर संशयी मध्येले आफ्नो सिद्धान्त वनाएर त्यसको प्रचार गर्न थाले । मानिसहरूमा धर्मवारे अझै अन्योल थपियो र छिन्नभिन्न भए । यस्तो अवस्थामा सम्प्रदायका अगुवाहरूले आफ्नो मतमा लाग्नेहरूको खोजी गरी एकत्रित पारे अनि आफ्नै तरिकाको नीतिनियम र आश्रम साथै चिन्ह (लोगो) वनाएर आफ्ना अनुयायीहरूलाई पालना गर्न लगाए जसवाट अर्का समुदायले पहिचान गर्न सके ।

(यसै प्रसंगमा स्वामी शङ्कराचार्य गिरि आफ्नो पुस्तक वेद सिद्धान्त रहस्य (पेज नं. ३६६ मा भ.भा.३।२१९,१९) मा भनिएको श्लोकको अर्थ व्याख्या गर्दै भन्नुहुन्छ :

पवित्रा गोमती नामा नदी यस्या भवत्प्रिया
तस्मिन्कर्माणि सर्वाणि क्रियन्ते धर्मकर्तृभि:

ती पवित्र गोमती नामकी नदी अग्निकी प्रिय पत्नी हुन् । यज्ञात्मक धर्मकर्मको पालना गर्ने द्विजातिगण गोमती नदीका दुवै किनारामा वसे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सवै यज्ञादि धर्म कर्म गर्दथे । जव गोमती नदीका पूर्वपट्टि वस्ने प्रजा गान्धार, काश्मिर, कुल्लू, आदि देशमा वस्न थाले । यसैगरी गोमती नदी को पश्चिम तटमा वस्ने प्रजा पनि समुद्रवाट प्रकट भएको पर्वतयुक्त जमिनमा वस्न थाले र कैलास प्लक्षवासी प्रजाहरू सरस्वती नदीका तीरमा वास गर्दै आर्जिकिया (त्रिगर्त, शिवी, अम्वष्ट) देशमा र शर्मणावती (कुरुक्षेत्र) व्रह्मावर्त, नैमिषारण्यसम्म वस्न थाले । व्रह्मा, अग्नि, सूर्य, वायु, वरुण, रुद्र, इन्द्रादिको नाम देव हो । पश्चिमवासी आर्य प्रजा ऐलवुर्ज पर्वतका चारैतिर वस्तै व्रह्मादि देवतालाई पवित्र मानेर अग्निहोत्रादि कर्मद्वारा पूजा गर्न लागे । वेदमा असु भनेको प्राण हो । असुर भनेको प्राणवान हो । तर पछि-पछि हुँदै जाँदा असुर भनेको नराम्रो कर्म गर्ने भनियो । यस्तै क्रम चल्दै जाँदा सरस्वती नदीदेखि पश्चिम वस्ने प्रजाहरूले व्रह्मादिको नाम "असुर" राखे र पवित्र मानेर पूजा गर्न थाले । साथै देव नामलाई अपवित्र माने । फेरि जति-जति समुद्र हट्दै जान थाल्यो त्यति-त्यति ठाउँ सर्दै वस्न थाले । असुर नामले व्रह्मा, इन्द्रादि देवतालाई पूजा गर्ने प्रजाहरूले आफ्नो वसाइ भएको देशको नाम असुर र त्यसपछि आसुरीयन (पेलेष्टाइन) राखे । यी सवै वैदिक थिए र अग्निहोत्रद्वारा देवताको पूजा गर्दथे । विस्तारै-विस्तारै यी प्रजाहरू पनि देहाध्यासी मृतक शवलाई समाधिमा गाडेर त्यो समाधिमाथि अग्नि, सूर्यादि देवताको चित्र वनाएर मूर्दोत्सव गर्न थाले । धेरै वर्षपछि व्रह्मा, वरुण, सूर्य, चन्द्रमा, अग्निजस्ता देवतालाई मन्दिरहरूमा राखेर पूजा गर्ने, आरती, धूप वाल्दै विभिन्न खाले वाजा वजाउँदै नाचगानसहित न्यू (व्रह्मा, प्रजापति, मनु) रा (सूर्य, अग्नि) मर्डिन (वरुण) आदि नाम जप गर्दथे । यसरी क्रमैसँग धर्म र देव पूजनमा फरक पर्दै आयो ।

समय वित्तै जाँदा आसिरीयन, मेसोपोटामियाका ती धार्मिक भक्तिमार्गी प्रजा व्यापारी पनि वनेर खजुरादि पदार्थ नाउमा राखेर द्रविड देशको मालावार आदि वन्दरगाहमा वेच्न जान थाले । त्यसको वदलामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मालावार क्षेत्रवाट मरिच, अलैची, नरीवल, सुपारीजस्ता वस्तु आफ्ना देशमा लान्थे। नाउ भर्ने अनि उतार्ने काम भने त्यहींका मालावार मानिसहरूद्वारा हुन्थ्यो। मालावारका मानिस र प्यालेष्टाइनका व्यापारीको संगत दिनप्रतिदिन वढ्यो र धर्म, संस्कृतिको पनि असर पर्‍यो। साथै संस्कृतिको आदानप्रदान पनि भयो। यही क्रममा आसुरीयन प्रजाको धर्मको छाप ती काम गर्ने मालावर, द्रविडी वर्गका व्यक्तिमा पर्‍यो। तीमध्ये पनि अन्त्यज जाति भनेर चिनिने तत्कालीन अवस्थामा डोम, कारीपुत्र, शठकोप पनि जो ती मजदुरका नेता थिए। ती आसुरियन धर्मका भक्त वने। त्यसवाट नै त्यो धर्म केही फरक हुँदै आर्यगर जातिमा फैलिँदै गयो। ठूला भक्त र धार्मिक भनाउँदै आफूलाई व्राम्हण घोषित गरे। त्यसपछि ती आसुरीयन जातिले मानी आएका वैदिक देवतालाई आफ्नै अर्थ लगाइ विष्णु, नारायण राखेर नामका महत्तामा मात्र जोड दिए। गायत्रीको खण्डन गर्दै प्रपणी र द्रविड भाषाका ग्रन्थलाई वेद मान्न थाले। आफूलाई व्राम्हण वैदिक धर्मका अनुयायीभन्दा फरक र उच्च मान्न थाले। व्राम्हण धर्मको विरोध खुवसँग भयो। अनि-

व्यवहार: संस्कृतेन यथा वैदिक कर्मसु
स्मृत्यादिषु विनिर्णीतो व्राम्हणस्य ध्रुवं यते।
विष्ण्वार्चनादि कार्येषु वैष्णवस्य विशेषत:
व्यवहारस्तु कर्तव्यो दिव्य द्राविड भाषया: ॥
विष्ण्वर्चने तत्रतत्र वेद मंत्रै सहादरात्
दिव्य द्रविडगाथाश्च पठितव्या हि वैष्णवै ॥

(४९-५१ प्रपन्नामृत अ. ७३)

यस्ता खाले श्लोकहरू रचेर जनमानसमा वैदिक धर्ममा उछित्तो खन्ने मानिसहरू आफ्ना सम्प्रदायमा रही रहून् भन्ने आशयले ती मालावार जातिले आफ्नो धर्म र ग्रन्थको वचाउ गर्न नै तप्त र शीत मुद्राका साथ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिव्य द्रविडवेदान्त श्रवणेन विना यते ।
कलौ युगे मनुष्याणां सम्यग् ज्ञानं न जायते ॥

(प्रपन्नामृत अ. ७३ को ६०)

जस्ता श्लोक रचेर र विधान निर्माण गरेर आफ्नो नीति वाहेक अन्यत्र जानवाट रोके । शठकोप, नाथमुनि, पद्माक्ष, राममिश्र, यवनाचार्य, रामानुज हुँदै धर्मको निरन्तरता भइरहेको छ । अझै विस्तृत रूपमा हुन त उनीहरूको गुरु परम्परामा लक्ष्मी, विष्वक्सेन हुँदै सरोयोगी, भूतयोगी, महायोगी, विष्णुचित्त, भक्तिसार, कुलशेखर, भक्तांध्रिरेणु, मुनिवाहन, मधुर कवि, परकालसुरीको नाम यी मार्गका आराध्य नै मानिन्छन् ।

(प्रपन्नामृत अ. ३ श्लोक ४०) मा रामानुजले आफू वसेकै राज्यका राजाकी छोरीलाई व्रह्म राक्षसले दुःख दिंदा र कसेले पनि त्यो व्रम्हराक्षसलाई हटाउन नसकेपछि रामानुजलाई राजाले वोलाएपछि राजकुमारीका टाउकामा लात्तले हिर्काएर आफ्ना गोडाको पानी खान दिएर व्रम्हराक्षस हटाएको वर्णन छ । यसवाट त्यो धर्मवारेको मर्म वुझ्न प्रस्ट हुने हुंदा श्लोक यहाँ उद्धरण गरिएको हो -

स्वपादौ तस्याः शिरसि निक्षिप्य प्रीतिपूर्वकम् ।
दत्वा पादोदकं तस्मै सम्यग्गच्छेति चाव्रवीत् ॥

यी हरफहरू चाहिं गिरिको लेखमा छैन, यो सन्दर्भमा थपिएको हो । यसप्रकार यो वैदिक धर्म (जसलाई व्राम्हण धर्म भनेर यिनीहरूले नाम दिएका छन्) को मर्ममा प्रहार भयो र वैदिकरूपी खेतमा अनेक जातिका धर्मका घाँस, झार उम्रन थाल्यो । अग्निहोत्रादि वैदिक कर्मलाई ती घाँसले ढाकिदियो ।

यना सरस्वती (जो आजकाल छैन) नदी पूर्वका मानिसहरू भने व्रह्मादि देवका नामलाई पवित्र मानेर वैदिक कर्मअनुसार अनुष्ठान गर्न थाले र असुर नामलाई अपवित्र मान्न थाले । प्रथम गोमतीका नौमिषारण्यवासी ऋषिले मंत्रयोगवलवाट नवीन गोमती ल्याए र ठूला ठूला अश्वमेधादि यज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न थाले। जनमेजयका पुत्र शतानिकका केही समयपछि पाशुपतमत र सात्वतमतको उदय भयो। फेरि तिनै मतका वीचवाट माथुरव्रात्य संघवाट महावीर जैन प्रवर्तक भए तथा मागधव्रात्य संघवाट वुद्ध वौद्ध मार्गका प्रवर्तक भए। यसवाट प्रजाहरू दश आना वौद्ध जैन वने र चार आना सौर, शाक्त, वैष्णव, वीरशैव वने। मात्र दुई आना प्रजा वाँकी रहे। त्यसपछि वैदिक धर्मको ह्रास भएको वेलामा नै शंकराचार्यको जन्म भयो। उनले नै सवै धर्म जो भटाभट जन्मिएका थिए तिनलाई खण्डन गरेर प्रजामा वैदिक धर्मको प्रचार गरेर चार धामका नाम र चार मठ स्थापना गरे। यिनै शंकराचार्यका ३०० वर्षपछाडि मात्र शठकोप मत प्रवर्तक रामानुज भए। अनि त अनेक पंथको जन्म भयो। यसरी आसुरी प्रजावाट पारसी, पारसीवाट यहूदि, यहुदिवाट इसाई र इसाईवाट मुसलमानको पन्थ चल्यो।

वैदिक इतर धर्मको भरमार भयो। वैदिक धर्मको ह्रास भयो। वैदिक धर्ममा व्रह्मा, रुद्र, अग्नि, वायु, सूर्य, इन्द्र, वरुण, मित्र, भग, पूषा, विष्णु, यम आदि देवताहरूको अग्निहोत्रवाट पूजा र सूक्तहरूद्वारा उपासना अनि समष्टि व्यष्टि अभेद ज्ञानरूप उपासना हुन्थ्यो। यिनै कुरा र रामानुजद्वारा परिवर्धन गरेको धर्मको उदय वारेमा पुष्टि गर्दै शिवपुराणका टीकाकार ज्वालाप्रसाद मिश्र आफ्नो भूमिकामा लेख्नु हुन्छ। श्री सम्प्रदायका प्रचारक रामानुज स्वामी, शिवसम्प्रदायका प्रचारक श्री विष्णु स्वामी, व्रम्हसमप्रदायका स्वामी, मध्वाचार्य सनकादि सम्प्रदायका प्रचारक श्री निम्वार्कांचार्य जी, राघवानन्द, व्याससहित हरिवंश आदिले जुन जुन सम्प्रदायको प्रचार गरे उनीहरूकै वीचमा पनि भेद छ। तिलक वेग्लै मुद्रा वेग्लै छन्। श्री सम्प्रदाय वाहेकका अन्य सम्प्रदायहरूले शीत मुद्रा नै धारण गर्दछन्। श्री सम्प्रदायका प्रथम आचार्य रामानुज नभइ आचार्य श्री शठकोपाचार्य नै भएको कुरा श्री निवासाचार्य सूरीकृत दिव्यसूरिचरितको चतुर्थ सर्गमा प्रस्ट उल्लेख छ। सम्प्रदायको श्री गणेश गर्नेमा श्री सम्प्रदाय नै भएको र यिनैको देखासिखीमा अन्य सम्प्रदायहरूका उदय भएको प्रस्टै छ -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्ति पूर्व पयोरासेः कापि पश्चिमरोधसि ।
मण्डले पाण्डु भूपस्य नगरी कुरुकाव्हया ॥
तत्रासीत्पादजातेषु कश्चित्भागवताग्रणी ॥
श्रीमत्पल्लीहि शूद्रेन्द्रः सीमातीत गुणोल्वणः ।
तस्य धर्मपरो नाम तनयः समजायतः ॥
चक्रपाणि ततो जातश्चक्रपाणि परायणः ।
अजायततततस्तस्माद्रत्नरायेतिसंज्ञितः ॥
सुमतिं सुसुवे सोपि पुत्रं पाटललोचनम् ।
ततोजातः सुतस्तस्माच्छठकोप इतीरितः ॥
तमाहुः कारिजं सन्तः शठकोपं परांकुशम् ।
वकुलाभरणाख्यञ्च तमेव कारीनन्दनम् ॥

इत्यादि श्लोकहरूले पनि पश्चिम सागरका तटमा पाण्डुभूपका राज्यमा, कुरुनगरीमा पल्ली नामक शूद्रका वंशमा कारीका पुत्र महात्मा शठकोपजीको जन्म भएको थियो । उनी वकुलवस्त्र धारण गर्दथे । यिनैवाट नै श्री सम्प्रदायको प्रथम प्रादुर्भाव भएको हो । वास्तवमा पूर्वजमहात्माहरू कसैलाई पनि केही प्रभाव नपारिकन आफू रागद्वेषशून्य भई परमात्माको भजन गर्दथे । जवसम्म यिनी थिए तवसम्म यिनका सम्प्रदायमा रागद्वेषादि र धर्मविपरीतका काम भएनन् तर जव स्वार्थी र रागद्वेषवालाहरू यस सम्प्रदायमा आए अनि ती महात्माको आदर्शलाई ताकमा राखेर आफू ठूलो र नामवाला वन्नका लागि सम्प्रदाय र उद्देश्य विपरीत अर्कालाई होचो र नीच देखाउन नाना थरीका श्लोक लेखेर नितान्त गैरधर्मको परिचय दिए । हुँदा-हुँदा शरीर डाम्ने जस्ता र सवैलाई (जो यस सम्प्रदायमा आवद्ध छन्) तिनीहरूलाई आफ्नो खुट्टा ढोगाउने चरणोदक खुवाउन थाले अनि अर्काले लिएको सनातनी धर्मलाई नीच देखाउन यसो पनि भनेका छन् ।

शिवार्चनाद् ब्राह्मणस्तु शूद्रेण समतामियात् ।
तिर्यकपुण्ड्रधरं विप्रं चाण्डालमिव संत्यजेत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैष्णव पुरुषो यस्तु शिवव्रह्मदि देवता: ।
प्रणमेदर्चयेद्वापि विष्ठायां जायते कृमि: ॥

अनि अर्का सम्प्रदायकाले यस्तो देखेर लेखिहाले कि-

विष्णु दर्शन मात्रेण शिवद्रोह: प्रजायते ।
शिवद्रोहान्न सन्देहो नरकं याति दारुणम् ॥
तस्माच्च विष्णु नामापि न वक्तव्यं कदाचन ।
यस्तु सन्तप्तशंखादि लिङ्गाङ्कित तनुर्नर: ॥
स सर्वयातना भोगी चाण्डाल: कोटिजन्मसु ॥

अथवा शिव र व्रह्माको पूजन गर्ने व्राह्मण शूद्र समान हुन्छ। त्रिपुण्ड्रधारी व्राह्मणलाई चाण्डाल जस्तै ठानेर त्याग गर्नु । जो वैष्णव भएर शिवादिदेवको पूजन वा प्रणाम गर्दछ त्यो मानिस अवश्य पनि विष्ठाको कीरो हुनेछ ।

अर्का श्लोकको अर्थमा भने जो पुरुष तप्तशंखादिका चिन्हवाट चिन्हित हुन्छ त्यो मानिस सम्पूर्ण नरकको भोग यातना गरेर कोटिजन्मसम्म चाण्डाल हुन्छ । अर्को सम्प्रदायका मान्छेले विष्णुको दर्शनमात्रले शिवद्रोह हुन्छ । अनि शिवद्रोहका कारण अवश्य नै दारुण नरकमा पर्दछ । यसकारण कहिल्यै पनि विष्णुको नाम नलिनु भन्ने कुराहरू पद्म पुराणादिमा भेटिन्छन् । यस प्रकार कल्पित धर्मका विषयलाई लिएर शैव र वैष्णववीच युद्धहरू पनि भए । यस्ता अज्ञानीहरूका विषयलाई चढाइ वढाइ गर्ने किताबहरू पनि लेखिए । त्यस्ता कुराहरू हाम्रा पुरातन पुराणलाई पञ्छाएर तिनै पुराणको सिरानी हाले र नयाँ पुराणहरू वनिए । एकअर्काको द्रोह गर्ने काम भयो । एक, दुई श्लोक आफ्नो प्रशंसाका लेखेर अरुकै निन्दा गर्ने श्लोक लेखेर प्रमाण यै हो भन्न थाले । एक सम्प्रदायका उपास्य देवलाई आक्षेप गर्दै वडो वुद्धिमानीपूर्वक मिलाएका छन् कथाहरू कि सर्वसाधारणले ती कथाहरू वुझ्न पनि सक्दैनन् । यस्तो कुरा वुझ्न त सारै नै सूक्ष्म विचार चाहिन्छ । वेदान्त शास्त्रका सर्जक मानिने वेदव्यासले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिदेवता र त्रिशक्तिलाई समान रूपमा चित्रित गरेका छन् । सानो ठूलाको भेदभावमा पुराण शास्त्रलाई अल्झाएका छैनन् किनभने पुराणमा विष्णुलाई शिवभक्त र शिवलाई विष्णुभक्तका अग्रणि मानिन्छन् । ब्रह्मवैवर्त पुराणको कृष्णजन्म खण्डको अध्याय ३७ मा राधिकालाई यसो भन्नुहुन्छ -

मम भक्तिं च दास्यं च मुक्तिं च सर्व सम्पदाम्
सर्वसिद्धिं दातुमीशो न दाता शंकरात्परः ॥

यस्तै विष्णु पुराणको पंचमअंश ३३ अध्यायमा -

मत्तो विभिन्नमात्मानं द्रष्टुमर्हसि शंकरः ।
योहं स त्वं जगच्चेदं स देवासुर मानुषम् ॥
अविद्या मोहितात्मानः पुरुषाभिन्न दर्शनः ॥ ४८॥

यसरी वरावरी रूपमा रहेका हाम्रा उपास्य देवलाई साना र ठूला भनी भेद गर्ने र जनमानसमा अन्योल पार्ने काम सम्प्रदायका वाहेक कसैले गर्न सक्तैनन् । शिवमहिमा विधायक शास्त्रवाट कुगति हुन्छ भनेर ती सत्य वचन वोल्न सिकाउने मानवताका पूजारी वन्न सिक भन्ने शास्त्रहरू तामसी हुन् र ? यदि नरकगामी वन्नुपर्दछ भने मुक्तिका साधन चाहिं केलाई मान्नुपर्छ जव कि सवै १८ पुराण १८ उपपुराणका देवतामा भेद छैन भनेको छ । यदि शिव महिमा र सदाचारको व्याख्यान गर्ने तामसी हुन्छ भने राम,कृष्ण पनि तामसी भए । विष्णु, व्रह्मा पनि तामसी भए । के यिनको उपासना गर्दा तामसी वनिएर नरक जानु पर्ने नै हुन्छ ? अनि शिवलिङ्गवारे सम्प्रदायीहरू लिङ्ग शव्दलाई अश्लील मान्दछन् । प्रकृति पुरुषको सहज चिन्ह हो, यो अश्लील छ भन्दछन् । यो एउटा मानवको गुह्य लिङ्ग हो भनेर मान्दछन् । किन कि कामवासनाका वसीभूतहरूले त्यसको अर्थ त्यस्तै लाउँछन् । यो मनोभाव, स्वभावमा भर पर्ने कुरा हो । मनुमहाराज भन्नुहुन्छ-

तदण्डमभवद्धैमं सहस्रांशु समप्रभम् ।

शव्दज्योतिलिङ्गको तात्पर्य यो हो कि शिवका उपासकहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमभक्ति साथ १२ स्थानमा ज्योतिः स्वरूपको दर्शन गर्नु हो । लिङ्ग भनेको आफूले आफैलाई चिन्नु पनि हो । अचेल केरा (कदलीलाई) केरा नभनेर कोला भन्न थालेका छन् । काट्नुलाई सुधार्नु र तरकारीलाई सब्जी आदि भन्न थालेका छन् । यो वोलीमा केरालाई प्रजनन् अङ्गको रूपमा संझिए, काट्नु भन्दा खसी काट्नु भन्ने संझिए, तरकारीभन्दा मासु सम्झिए । जव वोलीवाट नै मन भ्रान्ति हुन्छ भनेर वास्तविक वस्तुलाई अर्कै नामाकरण गर्ने हो र वानी सुध्रन्छ भनेर त्यसो भन्ने हो भने कृष्णले दही चोरेको, रास रचाएको, वस्त्र हरण गरेको वर्णनलाई अर्को के वोली वोल्ने हो ? जसको हृदय सफा छ, जो सदाचारी छ, त्यसलाई वोलीचालीले कुनै फरक पार्दैन । एक रसले भगवान्का महिमाको गान गरिरहन्छ ।

युधिष्ठिर र वलरामको पनि जन्म भएको थिएन । त्यसवेला पनि पुराण थिए । ती पुराणहरू याज्ञवल्क्य, भीष्म, धृतराष्ट्र जस्ताले पढेका थिए । त्यस वेलाका पुराणमा वैदिक आचरण र व्याख्यान मात्र थियो । आजको पुराण त जनमेजयको सर्प यज्ञपछाडि शौनकादि ८८ हजार ऋषिमुनिहरूको भेलामा भएको धर्म चर्चाभन्दा पछाडि वनेका हुन् । किनभने प्राचीन पुराणमा जस्ता देवताका नाम थिएनन् । जव सम्प्रदायको सुरुवात भयो । त्यस पछाडि मात्र व्रह्मालाई प्रथम नारायण भनेर धर्म पुत्र नारायणमा जोड दिए । भनौं सवै वैदिक कर्म र मार्गलाई भक्ति मार्गमा ढाले । व्रह्म उपासक प्रल्हादलाई ध्रुवलाई विष्णुभक्त वनाइदिए । यस्तै विष्णु, कृष्ण, वलराम, प्रद्युम्न, अनिरुद्धजस्ता नाम राखेर पुराण भरिदिए । नवीन पुराणपन्थिहरूले ।

शंकरानन्द गिरीको वेद सिद्धान्तवाट साभार

पुराणलाई आफ्नो अनुकूल हुने गरी व्याख्या गर्दागर्दै कतिपय पुराणको सक्कली रूप नै हराएर जसरी पूर्ण रूपमा नयाँ वनेका छन् त्यसरी नै पुरानो सनातन वैदिक धर्मको अपव्याख्या गरेर पूर्ण रूपमा साम्प्रदायिक वनेका छन् धर्महरू पनि । यसमा विवेक अनि अध्ययन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मननको खाँचो छ । यो पूर्वाग्रहको भनाइ होइन निरपेक्ष भएर सोच्ने वानी वसालौं । सत्य धर्मको ग्रहण गरौं । भ्रमयुक्त मीठा भाषणवाट टाढै रहौं भन्ने मात्र हो ।

वेदविरुद्ध धर्मको सुरुवात शिव यु. खं. ५ अ. १ देखि अ. ६ सम्म

शिवजीको भक्त त्रिपुरासुर कट्टर वैदिक अनुयायी तर देवताको शत्रु थियो । त्रिपुर योगमा स्थिर र परमपिता शिवजीकै अनुकरणवाट रक्षित शहर हुँदा र व्रह्मावाट एककिसिमको अवध्य वर प्राप्त भएकाले देवताहरू (जो स्वभावैले डाही हुन्छन्) आफ्नो अमरावती छोडेर देवाधिदेव विष्णुका शरणमा गए । व्रह्माजीले त्रिपुरमा दिनप्रतिदिन पुण्यको वृद्धि भइरहेको हुँदा तिमीहरू कसैवाट त्यो नाश हुन सक्तैन । विष्णुका शरणमा जाओ भने पछि वैकुण्ठ गएका थिए । विष्णुवाट पनि त्रिपुर त मवाट पनि नष्ट हुन सक्तैन कैलाश जाओ भनी कैलाश गए र वेदोक्त तरिकावाट शिवको स्तुति गर्न लागे । विष्णुसहित स्तुति गरिएका शिवजीवाट आज्ञा भयो हे विष्णुसहित देवगण हो, त्रिपुरअवध्य छ यो वेला पुण्यात्मा छ । जहाँ पुण्य रहन्छ त्यहाँ कसैले पनि कसैको वध गर्न सक्तैन । देवताहरू हो, तिमीहरूले पाएको कष्ट सवै मलाई थाहा छ तर के गर्नु दैत्यहरू वेदोक्तअनुसारको कर्मवाट ज्ञान प्राप्त गरी योगमय भइरहेका छन् । धर्मात्मालाई मार्नु हुँदैन । मारेमा भयङ्कर पाप लाग्छ भनेर व्रह्माजीले पनि वताउनु भएको छ । व्रह्महत्यारा, सुरोपजीवी, स्वर्णहारी, व्रत (प्रतिज्ञा) तोड्ने वालाको त प्रायश्चित्तको विधान छ, तर कृतघ्नको प्रायश्चित्त नै छैन । त्यसैले म मेरा भक्तको वध गर्न असमर्थ छु । म कृतघ्न कसरी वनु ? म उसलाई मार्न सक्तिन । त्यसैले तिमीहरू विष्णुका शरणमा जाओ भनेर आज्ञा दिनु भयो ।

विष्णुसँग देवताले शिवजीसँग भएको कुराकानी सवै भने र शिवको कुरा भनेपछि विष्णुले पनि -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इदं सत्यं वचश्चैव यत्र धर्मः सनातनः ।
तत्र दुःखं न जायेत सूर्ये दृष्टे यथा तम : ॥ २३ अ.

अर्थात् सत्य कुरा यही हो कि जहाँ सनातन धर्म छ त्यहाँ कहिले पनि दुःख हुँदैन । जसरी सूर्यको आगमनमा अँध्यारो टिक्न सक्दैन। विष्णुको यो वचन सुनेर देवताहरू सारै दुःखित भए । फेरि उनीहरूले यो कुरा विष्णुसँग भने अव के गर्ने ? कसरी यो दुःख सागरवाट पार पाइएला । फेरि यो त्रिपुर रहुन्जेल अर्को धर्म कसरी होला र ? त्रिपुरमा गरिएका ज्ञानमय उपासनाले देवतालाई निश्चय नै ठूलो दुःख भएको छ। प्रभो यो त्रिपुरको नाशको उपाय नगर्ने हो भने अकाल मै देवताहरू मर्नेछन् । देवताहरूका यी दीनहीन वाणी सुनेर नारायण पनि सोच्न बाध्य भए । अव के गरी देवताको कार्य गरुँ ? कसरी उद्धार गरौं ? यस्तो सोचेर विष्णुले देवताका कार्य सिद्धिका लागि यज्ञको स्मरण गरे । यज्ञ पनि तुरुन्त विष्णुसमीप पुगेर हात जोडी विन्ती गरे र भने आज्ञा होस् प्रभो। भगवान् विष्णु पनि यज्ञलाई आएको देखेर इन्द्रादि सवै देवतालाई देखाएर भने हे देवगण हो यी यज्ञको सहारावाट सदाकाल ईश्वरको पूजा गर। यसो गर्‍यौ भने मात्र त्रिपुर नाश र जगत्को कल्याण हुनेछ । विष्णु आज्ञालाई मानेर देवताहरूले पनि सविधान यज्ञपुरुषको पूजा गर्न थाले। धेरै समयपछि यज्ञवाट एउटा महाकाय शूल शक्ति र गदा हातमा लिएका हजारौं भूत उत्पन्न भए । यज्ञवाट त्यस्ता डर लाग्दा भूत निस्किएको देखेर देवताहरू खुसी भए । ती कालसूर्य समानका भूतहरू विष्णुछेउ गएर आज्ञा पाउँ भनेर निवेदन गरे । विष्णुले पनि हे भूत हो तिमीहरू देवताका कार्यका लागि त्रिपुर नामक ती तीनवटै पुरलाई ध्वस्त पारेर आओ अनि जहाँ मन लाग्दछ जाओ भनेर आज्ञा दिए ।

यज्ञोत्पन्न भूतहरू पनि विष्णुका आज्ञाले त्रिपुरमा प्रवेश गर्न लाग्दैमा जलेर भस्म भए । वाँकी रहेकाहरू भागेर फर्की श्री विष्णु छेउ गएर सवै वृत्तान्तको वर्णन गरे । यो देखेर विष्णु पनि चिन्तित भएर यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्तप्त देवतालाई कसरी सहायता गरुँ भनेर स्वयं चिन्ता मग्न भए । यस्तै तर्कका बीचमा स्वयं विष्णु पनि रुमल्लिए । वैदिक सनातन धर्मको धूवाँ उडाएर अभिचारादि कर्मवाट जस पाउन खोजे तर यही वेला झट्ट संझे - *नाशो.....भिचारतो नास्ति धर्मिष्ठानां न संशयः ।*

इति प्राह स्वयं चेशः श्रुत्याचार प्रमाणकृत् ॥

४० अ. ४ यु. खं.

धर्मात्माहरूलाई अभिचारकर्मवाट नाश गर्न सकिँदैन । यी कुरामा संदेह नै छैन भनेर श्रुतिका आचारलाई प्रमाण मान्ने विष्णुले भन्नु भयो । वहाँलाई त्रिपुर वासी दैत्य हुँदै पनि देवताको हितका लागि त्रिपुर नाश गर्नैपर्छ भनेर त्रिपुर नाशको उपाय खोजिरहनु भयो । देवता हो त्रिपुरका दैत्य सवै नै धर्मिष्ठ छन् । त्यसै नाश गर्न सकिँदैन । लिंगार्चन परायण दैत्यहरू रुद्रपूजनद्वारा सवै कामनापूर्ण गरी आनन्दसँग वसेका छन् र पृथ्वीका अनेक भोग र सम्पत्तिलाई वशीभूत गरेका छन् र अन्तमा मोक्ष पनि पाउँदछन् । तर पनि म आफ्नो मायाले ती त्रिपुरावासी दैत्यका वीचमा विघ्न उत्पन्न गरेर देवकार्यका सिद्धिका निमित्त क्षणभरमा त्रिपुरको संहार गर्दछु । श्री विष्णुले यो विचार गरेर दैत्यको धर्ममा विघ्न उत्पन्न गरेर संहार गर्ने अठोट गर्नु भयो -

'यावच्च वेद धर्मस्तु यावद्वै शंकराचार्यनम् ,

यावच्च शुचिकृत्यादि तावन्नाशो भवेन्नहि ॥

४७ यु. खं अ. ४ शिव पुराण

अर्थात् जवसम्म वेद धर्म छ, तवसम्म जगत्मा शंकरको उपासना हुन्छ र जवसम्म तिनीहरूमा पवित्र कृत्य हुन्छ, तवसम्म उनीहरूको नाश हुँदैन - तस्मादेवं प्रकर्तव्यं वेदधर्मस्ततो व्रजेत्

त्यक्त लिंगार्चनाः दैत्याः भविष्यन्ति न संशयः ॥४८॥

यसकारण यस्तो काम गर्नुपर्‍यो कि जुन कर्मवाट वेदधर्म र लिंगार्चन ती दैत्य त्याग गरुन् र उनमा धर्म संकटता आओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो विचार गरेर विष्णुजीले दैत्यका धर्ममा विघ्न पार्नका लागि श्रुतिखण्डन रूप उपायको सोच गरे । अनि त्रिलोक रक्षणका लागि शिवजीको आज्ञा नै प्राप्त गरेर देवताको कार्य पूरा गर्ने मनसायले देवतालाई यो काम म गर्दछु तिमीहरू घर अनि देवलोक जाओ भनेर विदा गरे । म जसरी भएपनि ती दैत्यलाई वेदमार्गवाट विमुख र लिंगार्चन गर्नवाट छुटाई शिवकै हातवाट नाश गर्दछु भन्ने सोच गरेर दैत्यका धर्ममा विघ्न पार्न एउटा महापुरुष आफ्ना मायावाट उत्पन्न गरे । त्यो महापुरुष कस्तो थियो भने-

मुण्डितं म्लानवस्त्रं च गुम्फिपात्रसमन्वितम् ।
दधानं पुञ्जिकां हस्ते चालयन्तं पदेपदे ॥

मुण्डित शिर, मलीनवस्त्र काठको भाँडो हातमा लिएको, एक हातमा कपडा लिएर मुख छोपेको विकल वाणीले धर्मधर्म भन्ने पुरुष श्री विष्णुका अगाडि उभियो र आज्ञा माग्यो । श्री विष्णुले भन्नुभयो मैले जुन प्रयोजनका लागि तिमीलाई उत्पन्न गरें त्यो सुन । अनि मेरा अंगवाट उत्पन्न तिमी मेरै रूप हुनेछौ र तिमी मेरै हौ । यसकारण सदा पूज्य हुनेछौ । यसमा सन्देह नगर । तिम्रो मुख्य नाम अरिहन हुनेछ र वासस्थान पछि नै तय गरिने छ । अव तिमी आफ्नो कार्यवारे जान । हे मायावी तिमी एक शास्त्रको रचना गर जसमा सोह्र हजार श्लोक हुन् । त्यो शास्त्र श्रुतिस्मृतिविरुद्ध र वर्णाश्रमधर्मविहीन होस् । त्यो शास्त्रमा अपभ्रंश शव्दहरू जस्तै धम्मलाभोदुवाट युक्त होउन् । त्यो शास्त्रमा कर्मवादवाहेक केही नहोस् । यस्तो शास्त्र रचना विस्तार पछि आफैं हुनेछ -

अपभ्रंशमयं शास्त्रं कर्मवादमयं तथा
रचयेति प्रयत्नेन तद्विस्तारो भविष्यति ॥ *११॥ ४ यु.खं. ५*

यस्तो शास्त्रको निर्माणमा तिमीलाई सामर्थ्य दिन्छु र अनेक प्रकारका माया तिम्रा अधीनमा चाँडै हुनेछन् । श्री विष्णुका यस्ता कुरा सुनेर त्यो मायावीले भन्यो, प्रभो मैले गर्नुपर्ने कामको आज्ञा होस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुण्डीका यस्ता कुरा सुनेर विष्णुले पहिले उसलाई मायावीशास्त्र पढाए र भने कि हे मुण्डी जगदीश्वर शंकरलाई प्रणाम गर्दै म भन्दछु तिमी राम्ररी सुन । तिमी आफ्ना मायाले यी त्रिपुरवासी दैत्यहरूलाई भुलाई आफ्नो धर्ममा दीक्षित पारेर वेदानुकूल धर्मवाट भ्रष्ट पार । तिम्रा शास्त्र सवै पठाऊ । यसो गर्दाको दोष तिमीलाई लाग्ने छैन ।

यो सत्य छ, ती त्रिपुरवासी दैत्यमा श्रुति-स्मृति धर्मको प्रकाश भइरहेको छ तर आफ्ना विद्याद्वारा त्यो मार्गवाट हटाऊ र त्रिपुर नष्ट गर । त्यसपछि मरुभूमिमा कलियुग नआउञ्जेल आफ्नो धर्मको पालना गर । कलियुग लागेपछि शिष्यहरू वनाएर खूव प्रचार गर । तिम्रो मायावी धर्मको विस्तार हुनेछ । मेरो आज्ञा मानेको हुँदा तिम्रो गति मेरो गतिमा मिल्ने छ । यस प्रकारको आज्ञा पाएपछि मुण्डीले आफ्ना शिष्यमण्डलीको कल्पनाद्वारा निर्माण गरेर उसले मायावी शास्त्र पढायो । पहिले उत्पन्न मुण्डीजस्तै अन्य ४ मुण्डी पनि उसका शिष्य वने । श्री विष्णुले पनि शिवको प्रसन्नताका लागि भनेर ती ४ जनालाई भने कि हे मायावी पुरुषहरू हो, तिमीहरू पनि तिम्रा गुरु वरावरका हुनेछौ । तिमीहरू धन्य छौ भनेर गुरुको सहायताका निमित्त पठाए । ती चारजनाले पनि मायावी शास्त्र साङ्गोपाङ्ग पढे । अनि प्रथम उत्पन्न गुरु (मुण्डी) झैं कपडाले नाक छोपर विस्तारो-विस्तारो हिंड्दै धर्मको लाभ नै परं तत्त्व हो भन्दै श्री विष्णुछेउ आए । श्री विष्णुले पनि हात समातेर गुरु मुण्डीलाई जिम्मा दिए र ती ४ जनाको नाम पनि ऋषि, यति, कीर्य, उपाध्याय राखे । गुरु मुण्डीले मेरो नाम अरिहन पनि तिमीहरूको नाम हुनेछ भनेर आशीर्वाद दियो ।

त्यसपछि त्यो मायावी दल त्रिपुर शहर प्रवेश गरेर आफ्ना मायाले भुल्याई सहरको उपवनमा वस्यो । तर त्रिपुरका प्रजा वैदिक धर्म र शंकर भक्त भएको हुँदा ती मायावी माया त्यहाँ चल्न सकेन । यस्तो अवस्थामा यति साह्रै व्याकुल भयो र विष्णुको स्मरण गर्‍यो । विष्णु पनि आफ्ना माया वलले सारा शक्ति लगाएर गरेको कार्य विफल हुन लागेको देखेर यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम फत्ते पार्न नारदजीलाई वोलाए । भगवान् विष्णुले वोलाएपछि नारदजी आएर वोलाइएको कारण सोधे । श्री विष्णुले अघि आफूले गरेका सारा कामको वेलिविस्तार गरेपछि नारदजीलाई तिमी अति चाँडो त्रिपुर शहर गएर त्यहाँ मद्वारा पठाइएका मायावीको शिष्यसहितको सल्लाह लिएर त्रिपुर दैत्यलाई श्रौत-स्मार्त कर्मवाट विचलित पार । भगवान्‌का आज्ञाले नारदजी पनि शीघ्रातिशीघ्र मायावी वसेका त्रिपुर सहरमा गएर त्यो मायावीवाट दीक्षा लिए । त्यसपछि त्रिपुरपति छेउ आएर भने हे त्रिपुराधिपति तिम्रो शहरमा धर्मपरायण कुनै यति आएर वसेका छन् । विद्यासम्पन्न र परावेद विद्यामा तत्पर छन् । मैले धेरै धर्म देखें तर ती यतिको जस्तो धर्म आजसम्म देखेकै थिइन । मैले उनको सनातन धर्म देखेर दीक्षित भएँ । हे दैत्यसत्तम यदि त्यो धर्ममा तिम्रो इच्छा भयो भने गएर हेर अनि वुझ त्यसपछि दीक्षा ग्रहण गर । त्रिलोकमान्य भगवद्‌भक्त नारदजीका कुरा सुनेर विस्मित भएको त्यो दैत्य मोहित हुँदै त्यहाँ पुग्यो । नारदजीले पनि दीक्षा लिएको धर्म राम्रै रहेछ भनेर ती मायावीसँग भन्यो हे निर्मल आशयवाला ऋषि मलाई दीक्षा दिनुहोस् । त्रिपुराधिपतिका यी कुरा सुनेर मायावीले आफ्नो मायालाई फिँजाउँदै हे दैत्यसत्तम यदि तिमी मेरो आज्ञालाई मेरा कुरालाई सत्य प्रमाण मान्दछौ भने मात्र दीक्षा दिन्छु हैन भने लाख कोशिस गरेपनि दिन्न । मायावीका कुरावाट दैत्य पनि मायाको वशमा परेर भन्यो । तत्त्वविचारसहित दिएको आज्ञा पालन गर्दछु । दैत्यराजका यी कुरा सुनेर मायावीले आफ्ना मुखको कपडा हटाएर भन्यो हे दैत्येन्द्र सवै धर्मभन्दा परम उत्तम दीक्षा ग्रहण गर जुन दीक्षाको विधानले तिमी कृतार्थ वन्नेछौ । यति वार्तालापपछि दैत्येन्द्रले त्यो मायावीवाट दीक्षा लियो । सवै त्रिपुरावासी दीक्षित भए । त्यसपछि धर्मको सार सुनायो । यो भन्दा ठूलो धर्म अर्को छैन । यो धर्म नै मुक्ति दिने धर्म हो र जीवलाई दिइने अभय नै महान् दान हो । उसले यस्ता कुरा गर्‍यो जुन आजका सम्प्रदायहरू गर्दछन् । न गहिरीकन झ्वाट्ट सुन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतिस्मृतिका जस्ता लाग्ने कुराहरूवाट मानव जाति भ्रममा परिरहेको छ । नारदजीले त्यसवेला लिएको मायावी दीक्षाको अवलम्वन भइरहेको छ अहिलेका सम्प्रदायमा । हेर्दा र सुन्दा वेदानुकूल वाणीसँग मेल खानेजस्तो लाग्ने उपदेशी वचनहरू वास्तविक मायावी छन् । यसै वेलादखि यो वेदविरुद्ध धर्मले सम्प्रदायको रूप लिएको स्पस्ट हुन्छ । यस्तै कुरा वि.पु.३ अ. १७-१८ अ. मा पनि छ । साह्रै नै वुझेर मात्र कुनै पनि परधर्म ग्रहण गारौं, जतिवेला आफूलाई आफैं पापी छु वा भएछु भन्ने लाग्दछ र त्यो धर्म प्रायश्चितका लागि केही अवधिसम्मका निमित्त मात्र हुनेछ । चित्त शुद्ध भएपछि वा कार्य सम्पन्न भएपछि भने त्यसैमा रत रहनु हुँदैन । कार्य गर्दा मात्र धर्म सम्झनुपर्दछ । यसो गर्दा मन निर्मल हुन्छ भने त्यो परधर्म लिनु हुन्छ भनेर पद्मपुराण पा.खं. अ. १०१ को श्लोक २२ ले यस्तो निर्देश दिन्छ -

पापावस्थामधर्माख्यं धर्मज्ञानविवर्जितम् ।
अपरंसद्व्रतं यद्धि विज्ञेयंतद्धि धार्मिकम् ॥

तर यहाँ पनि अर्के धर्म लिनु नभनिकन व्रत मात्र अर्को गर्नु तर वर्णाश्रम र गृहस्थ धर्म वाहेकका मायावादी धर्म लिनु भनेको छैन । होहोरीमा कुद्ने काम अज्ञानी र आडम्वरीको मात्र हो भन्ने यो कथाको सार हो ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातन

सनातन धर्म हाम्रो रक्षक हो, पोषक हो र भविष्यका निमित्त एकमात्र आश्रय हो तर खेदका साथ भन्नु पर्दछ कि आजकालका गन्यमान्य धर्मका ज्ञाता कहलिएका योगी, सन्तहरू पनि आफूलाई धर्मानुसार नवदलेर आफूअनुसार धर्मलाई बदल्ने कोशिस गरिरहेका छन् । सनातन धर्मलाई नयाँ रूप दिइरहेका छन् । ऋषि, मुनि, आचार्य कसैले पनि र भगवान्का अवतारहरूले पनि सनातन धर्मको जन्मदाता म हुँ भनेर दावा गरेका छैनन् । समस्त वैदिक सनातन धर्मका शास्त्रको लक्ष्य भनेको एउटै छ त्यो हो धर्मको व्याख्यान र त्यै व्याख्यानद्वारा मनुष्यको कल्याणको कामना । हाम्रो श्रीमद्भागवद्गीतामा अनार्य जुष्टमस्वर्गयमकीर्तिकरमर्जुन भनेर स्पष्ट शव्दमा आर्यहरू आचरणविरुद्ध नहुन् र परम्परा भङ्ग गर्ने पनि नहुन् । यसको विपरीतका काम गर्ने आचार्य हुन्छन् भनेर भनिएको छ। योगवाशिष्ठमा आर्यको लक्षण यसरी भनिएको छ -

कर्तव्यमाचरन् कार्य मकर्तव्यमनाचरन् ।
तिष्ठति प्राकृताचारो यः स आर्य इतिस्मृतः ॥
यथाशास्त्रं यथाचारं यथा कामं यथास्थितम् ।
व्यवहारमुपादत्ते यः स आर्य इतिस्मृतः ॥

अर्थात् आर्य त्यो हो जो स्वभावैले गर्न योग्य काम गर्दछ र गर्न अयोग्य काम गर्दैन । प्रायः मानिसहरू दण्ड पाइन्छ भन्ने डरले अपराध या पाप गर्दैनन् । तर आर्य भने शुद्धाचरण र निषिद्धको त्यागमा रत हुन्छन् । मर्यादा र परम्पराको रक्षा सधैं रहिरहन्छ । यो नै सनातनता हो र आर्यहरू सधैं धीर र अडीग छन् । हुन त आफ्नो निर्वलतालाई शास्त्र धर्ममा लगेर जोड्ने गरेको पनि पाइन्छ । तर त्यसो गर्नु आर्य धर्मभित्र पर्दैन । यसैले त मनुष्यलाई अन्तमा स्वतन्त्रता मिलोस्, ऊ पराधीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवनोस् भनेर नै वर्णाश्रम व्यवस्थाको उद्देश्य हो । मन्द वैराश्य या अकर्मण्यता र संसारवाट उदासीनताका वारेमा हाम्रो सनातन धर्मले सिकाउँदैन । स्वयंले ज्ञान प्राप्त गरे भइगयौं भनेर चूप लाग्न दिंदैन हाम्रो सनातन धर्मले । ज्ञान प्राप्त गर्नेले अर्कालाई पनि ज्ञान दिनुपर्दछ भन्ने सिकाउने गर्दछन् आर्य शास्त्रहरूले ।

यो संसार प्रवाहका दुई किनारा छन् । एउटा किनारा धर्म र अर्को किनारा मोक्ष हो । यी दुवै किनारालाई सुरक्षित गर्दै, दुवैको मर्यादालाई वचाउँदै अर्थ र कामको प्राप्तिको कहीँ पनि निषेध गरिएको छैन । धर्मको मूल विश्वास एवं श्रद्धा हो, डरको होइन । आर्य धर्मले विचारलाई पूर्ण स्वतन्त्रता दिन्छ र वुद्धिलाई श्रद्धा या विश्वासभन्दा पनि उँचो स्थान दिन संकोच गर्दैन । सनातन धर्ममा अधिकारानुसार सबैलाई स्थान प्राप्त छ र वुद्धिको प्रयोग गर्ने अनन्त क्षेत्र छ । सनातन धर्मले आचारमा नै विशेष जोड दिन्छ विचारलाई भन्दा । विचारमा स्वतन्त्रता र आचारमा समानता मान्य छ यो धर्ममा । सनातनको एउटा विलक्षण विशेषता सहिष्णुता छ । यसैको आडले होला नयाँ मतवादले आर्य धर्ममा धावा वोल्न थालेको अनि सनातनको खिल्ली उडाउन थालेको ।

श्रुतिहरूमा वर्णाश्रम व्यवस्थामध्ये पनि गृहस्थ आश्रमको वेग्लै महत्त्व छ भनेर यथेष्ट वर्णन र गृहस्थले आफ्नो जीवन कस्तो वनाउनु पर्दछ भनेर विशेष जोड दिएको पाइन्छ । यसैलाई प्रकाश पार्न यहाँ तैत्तिरीयोपनिषद्को यो अनुवाकलाई उदृत गरिएको छ -

वेदामनुच्याचार्योऽन्तेवासिनमनुशास्ति । सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमदः । आचार्याय प्रियं धनमाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः । सत्यान्न प्रमदितव्यम् । धर्मान्न प्रमदितव्यम् । कुशलान्न प्रमदितव्यम् । भूत्यै न प्रमदितव्यम् । स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम् । देव पितृकार्याभ्याम् न प्रमदितव्यम् । आचार्य आफ्ना शिष्यलाई साङ्गोपाङ्ग वेदको अध्ययन गराई सकेर गुरुकुल आश्रमवाट विदा दिंदा अव तिमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहस्थ धर्म र आश्रमको पालना गर भन्ने शिक्षा दिँदै भन्नुहुन्छ, पुत्र तिमी सदा सत्य भाषण गर । आपत्ति नै परिहाल्दा पनि झूठको आश्रय नलिनू, धर्मवाट कहिल्यै विमुख नहुनू । आफ्नो वर्ण र आश्रम अनुकूलका कर्तव्यभन्दा अर्को काम नगर्नू । त्यसमा प्रमाद नगर । गुरुका लागि उनको रुचि अनुसारको वस्तु दिनू र उनकै आज्ञावाट गृहस्थाश्रममा प्रवेश गरेर सन्तान परम्परालाई सुरक्षित राख्नू । अर्थात् आफ्नी विवाहिता धर्मपत्नीसँग मात्र नियमित सहवास गरेर सन्तानोत्पत्तिको कार्य अनासक्त भएर गर्नू । हे शिष्य लौकिक र शास्त्रीय जति पनि कर्तव्य रूपले प्राप्त शुभ काम छन् तिनलाई पनि कहिल्यै उपेक्षा नगर्नू । यी सवै कार्यहरू गर्दै रहँदा पनि धन-सम्पत्तिहरू वढाउने, उन्नतिका साधनहरूप्रति कहिल्यै पनि उदासीन नहुनू । पढ्ने र पढाउनेका जति नियम छन् तिनलाई पनि उदासीन नभइकन गर्नू । यसैअनुसारका अग्निहोत्र र यज्ञादिका अनुष्ठानहरू र देवकार्य तथा श्राद्धतर्पण आदि पितृकार्य पनि कहिल्यै आलस्य नलिइकन गर्नु ।

मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव । यान्यनवद्यानि कर्माणि तानि त्वया सेवितव्यानि । नो इतराणि । यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि नो इतराणि । हेर शिष्य तिमीले आमालाई देवता मान । पितालाई देवता मान । आचार्यलाई देवता मान । अतिथिलाई देवता मान । संसारमा जति पनि निर्दोष कर्म छन् ती कर्मको सेवन गर्नुपर्छ र गर । निषिद्ध कामहरूको आचरण कहिल्यै पनि नगर्नू । (अरु त अरु) हामीहरू (गुरुवर्ग)मा पनि जेजे राम्रा कुराहरू छन्, आचरणहरू छन् (जसका विषयमा अलिकति पनि शङ्का लाग्दैन र छैन भने मात्र) तिनै-तिनै मात्र तिमीले लिनू र पालन गर्नू । शङ्का लागेको छ भने र मनमा द्विविधा छ भने त कहिल्यै नगर्नू ।

श्रद्धया देयम् । अश्रद्धयादेयम् । श्रिया देयम् ।

ह्रिया देयम् । भिया देयम् । संविदा देयम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे शिष्य ! आफ्नो शक्तिअनुसारको काम गर्न सदा तत्पर हुनू । तर जति जे दान दिइन्छ त्यो श्रद्धापूर्वक दिनू । अश्रद्धाले नदिनू किनभने अश्रद्धाले दिएको दान र कर्मलाई असत् भनेको छ (१७-२७ गीता) ।

लज्जापूर्वक दिनु पर्दछ अर्थात् सारा धनजन भगवानकै हो मैले यो आफ्नै ठानेर भगवान्प्रति अपराध गरें भन्ने मानेर सवै प्राणीका हृदयमा स्थित भगवान्का सेवामा मात्र लगाउनु पर्दछ । यो मैले नमानेर दान दिएँ । जसलाई जे दिइरहेको छु त्यो कमै छ । यस्तै सोचेर संकोच मान्दै दान दिनु पर्दछ । भगवान् सवतिर हुनुहुन्छ । त्यसैले दान लिने पनि भगवान् कै रूप हो । दान लिने परमेश्वरको ममाथि कृपा भएछ र वहाँले दान लिनुभयो भन्ने विचार गरेर डराउँदै दान दिनू । शिष्य भन त आचार शिक्षामा अझै केही दिन वाँकी छ ? यदि छ भने र तिमीलाई आचार व्यवहारमा अझै ज्ञान पाए हुन्थ्यो भन्ने लाग्दछ भने अझै भन्दछु सुन त-
ये तत्र ब्राह्मणाः समदर्शिनः । युक्ता अयुक्ताः । अलक्षा धर्मकामाः स्युः । यथा ते तत्र वर्तेरन् । तथा तत्र वर्तेथाः । जो ब्रह्मादर्शी, (उत्तम विचारले युक्त) उचित परामर्श दिन कुशल, आयुक्त कर्म र सदाचारमा पूर्णतया लागिपरेका स्निग्ध स्वभाव भएका एकमात्र धर्म पालन गर्ने विद्वान् ब्राह्मणले जस्तो आचरण गर्दछन् त्यस्तै आचरणको पालन तिमीले गर्नू भनेर सनातन गृहस्थ धर्म र गृहस्थाश्रमको उपदेश दिनुभयो गुरुले । यस्तो छ हाम्रो परम्परा तर हिजोआज ती कुरालाई नयाँ युगमा नयाँ धर्म मान्नु पर्छ भनेर अनेक सम्प्रदायको निर्माण भएकामा एकजना संस्कृत कवि लेख्नुहुन्छ -

पारमुपनीता पूर्वपद्धतिः प्रवणैरद्य, चलिता चतुर्दिङ नवशैली निरुत्सेहितम् ।
आडम्वरमात्रं वंशमर्यादाभवैति जनो वादायैव संप्रदायवृत्ताधुनेरितम् । मञ्जुनाथ
मिलति मनस्वी निजमानसेदयऽकस्मै कथयेत निजवृत्तमिदमेधितं
खेलत्खंलजाले वत वर्तमानकाले कलौ, भद्रजनमाले भूतभर्तः किमा लेखितम् ।

भलादमी ज्ञानीहरूले पनि आफ्नो पुरानो रीति छोडे । चारैतिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छेकवार विनाका नयाँ चलनहरू चले । मानिसहरूले आफ्नो कुल वंश मर्यादा परम्परालाई आडम्वर हो भन्ने ढोङ्ग सम्झन थाले । भनिन्छ कि शैव, वैष्णव आदि सम्प्रदायका नियम वृत्तान्त आज भोलि झगडाको कारण वनेको छ । मनस्वी पुरुष मनमनै कुण्ठित र दुःखित छन् तर यो जालोको यो सम्प्रदायको वाढीको उपद्रोको इतिहास वर्णन कोसँग गर्नु र सवै उस्तै छन् । चलाखलाई चौतर्फी फाइदा दिने यो कलिकालका स्वामी सज्जनका भाग्यमा हजुरले के लेखिदिनु भयो ?

गृहस्थ आश्रममा जस्तो खाले सदाचारको पालना हुन्छ त्यस्तो अन्य आश्रममा हुँदैन । त्यसैकारण विद्याध्ययन पूर्ण गरेर गृहस्थ आश्रमको शरण लिनु पर्दछ । कुलीन वर्गकी सुकन्यासँग विवाह गरेर गृहस्थ आश्रमको सुरुआत हुन्छ । यदि पतिपत्नी समझदार र एकअर्काको भावना बुझेर रहन्छन् भने मात्र गृहस्थ आश्रम पनि स्वर्ग वन्दछ । यदि पत्नीको अनुकूलता धर्म, अर्थ तथा कामको प्राप्ति गराउने हुन्छ, यदि स्त्री पतिको अनुकूल रहन्छिन् भने त त्यो घरका पतिलाई स्वर्गको चाहना नै हुँदैन । तर यदि विपरीत हुन्छिन् भने त त्यो घर नरक समान हुन्छ । कार्य कुशल पुत्रवती, पतिव्रता, मिठोवचन वोल्ने र पतिकै अधीनमा रहने गुण भएकी पत्नी वस्तुतः स्त्रीरूप भएकी साक्षात् लक्ष्मी हुन् (स्क.पु.का.पू. ३६।८७ मा पनि 'दक्षा प्रजावती साध्वी प्रियवाक्च वशंवदा

गुणैरमाभिः संयुक्ता सा श्रीः स्त्रीरूपधारिणी ।

त्यसैले शरीर, आवर्त, गन्ध, छाया, कान्ति, सत्य, स्वर, गति र वर्ण यी ८ प्रकारका स्त्रीका लक्षण विचार गरेर मात्र विवाह गर्न उचित मानिएको छ । कुलीन स्त्रीले-

मितं ददाति हि पिता मितं भ्राता मितं सुतः ।
अमितस्य हि दातारं भर्तारं का न पूजयेत् ॥

अर्थात् पिता, भाइ र छोराले परिमित नाप जोख गरेर मात्र कुनै वस्तु दिन्छन् तर पतिले आफ्नी पत्नीलाई अपरिमित दान गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिले दिने दानको कुनै सीमाना हुँदैन । त्यसैले यस्ता पतिदेवलाई कसले पुज्दैन र ? पुज्नुपर्छ भन्ने जान्दछिन् । आर्य संस्कृतिमा जन्मिएकी र परम्परालाई मान्ने स्त्रीले आफ्ना पतिदेवलाई -

भर्ता देवो गुरुर्भर्ता धर्मतीर्थव्रतानि च ।
तस्मात् सर्वं परित्यज्य पतिमेकं समर्चयेत् ॥

स्क.पु.ब्रा.ध. मा ७।४७-४८

पति नै देवता पति नै गुरु, पति नै धर्म, तीर्थ, व्रत भएको हुनाले अन्य देवताको पूजा व्रत आदि लिनु पर्दैन भन्ने जान्दछिन् । उनको आज्ञा वेगर कुनै पनि मन्त्र, तीर्थहरूको सेवन गर्दिनन् । धर्ममा आस्था राखेर कर्म गर्न स्त्री जातिले पतिको आज्ञा उल्लंघन गरेर व्रत र उपवास आदिको नियम गर्न थाल्दछिन् भने उनले पतिको आयुको हरण गर्दछिन् । वाँचुन्जेल दुःखमा रहेर मरेपछि नरक भोग गर्दछिन् भन्ने कुरा शास्त्रमा र धर्ममा आस्था भएका स्त्रीले जान्दछन् । स्त्रीको गुरु स्वयं पति मात्र हुन्छ । अन्यलाई गुरु मानिरहनु हुँदैन -

मनसापि हि या नेह चिन्तयेत् पुरुषान्तरम् ।
सोमया सह सौख्यानि भुङ्क्ते चात्रापि कीर्तिभाक् ॥

(स्क.पु.का. पू. ४०।४०

पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम् ।
स्वद्वोऽन्य गृहवासश्च नारीणां दूषणानि षट ।

(स्क.पु. का.यु. ४०।८९

जसले मनले मात्र पनि परपुरुषको चिन्तन गर्दिनन् तिनले स्वर्गलोकमा पार्वतीले सहित भएर सुख भोग्दछिन् र यहाँ पृथ्वीलोकमा वाँचुन्जेल सुयशको भागी वनेर वस्तछिन् ।

पद्म पुराण भूमिखं अ. ४१ ६९ श्लोकमा यस्तो छ-

विद्यमाने यदाकान्ते अन्यधर्मं करोति या ।
निष्फलं जायते तस्याः पुँश्चली परिकथ्यते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वभर्तुर्वा पृथग्भूता तिष्ठत्येका सदैव हि ।
पापरूपा भवेन्नारी तां न मन्यन्ति सज्जनाः ॥

जुन स्त्री पति हुँदै अन्य कुनै धर्ममा दीक्षित हुन्छिन् भने उनले गरेका सवै कामहरू निस्फल हुन्छन् । अनि उनी शास्त्रानुसार व्यभिचारिणी भनिइन्छिन् । आफ्ना पतिको द्रोह गरेर वा नगरिकन नै भए पनि पतिसँग छुट्टिएर वस्ने गर्दछिन्, सधैं पतिको उपेक्षा गर्दछिन् भने ती नारी पापरूपा हुन् भनेर सज्जन र भलादमीजनले पनि तिरस्कार गर्दछन् । यसरी लेखिएका श्लोकवाट गृहस्थ धर्मको खाँवो मध्येकी मूल खाँवोको रूपमा रहेकी नारीले धर्म र शास्त्रमा लेखिएका वचनलाई सत्य मानेर हिंड्नेले कस्तै भए पनि विवाह वन्धनमा वाँधिइसकेर गृहस्थ वन्न स्वीकारेपछि, सनातनलाई मान्ने हो भने साह्रै चनाखो र कर्तव्यपरायण वन भनेर शिक्षा दिन्छ । यसरी मात्र यो संसारको चक्र नियमित चल्दछ । सामाजिक मान्यता कायम रहन्छ । जीवन रसमय वन्दछ भन्दै गृहस्थ थाम्ने अर्को खाँवो पुरुषलाई हाम्रा शास्त्रहरू यसरी अर्ति उपदेश गर्दछन् कि हे पुरुषहरू हो ! तिमीहरू यी कुरा सुन र मनन गर ।

सुयोग्य पतिले पत्नीलाई सम्मानको अधिकारिणी वनाउँछ । (मनु)

असल पति वहिरो र असल पत्नीले अन्धो हुनुपर्दछ । (लोक भनाइ)

कार्येषु मन्त्री करणेषु दासी ।
भोज्येषु माता रमणेषु रम्भा ॥
धर्मानुकूला क्षमया धरित्री ।
भार्याच सद्गुण्यवतीह दुर्लभा । (अज्ञात)

नारी जाति पूज्या हुन् । उनी उनको कार्यमा विचलित नभइकन रहन्छिन् भने सवैले मान गर्नुपर्दछ भन्दै याज्ञवल्क्य भन्नुहुन्छ- भर्तृभ्रातृपितृज्ञातिश्वश्रु श्वशुर देवरैः । वन्धुभिश्च स्त्रियः पूज्या भूषणाच्छादनाशनै (८२) पति, भाइ, पिता, वन्धुवान्धव, सासु, ससुरा, देवर सवैले नारीको आभूषण, सम्पत्ति, आदिवाट पूजा आदर गर्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेयको दृष्टिले र शंकाले हेर्ने गर्नु हुँदैन । *पद्मपुराण भू. खं. द्वि ५९ र ४१ अ.* मा नारीको महत्त्व दर्शाउँदै भनेको छ-

नास्ति भार्या समं तीर्थ धर्मसाधन हेतवे ।
श्रृणुष्व त्वं गृहस्थस्य नान्यो धर्मो जगत्त्रये ।

अ. ५९।२२

धर्मयुक्तां सतीं भार्यां त्यक्त्वा यासि नराधम ।
गृहधर्म परित्यज्य क्वास्ते धर्मस्यते फलम् ॥

अ. ५९।२५

गार्हस्थ्य च धर्मस्य भार्या भवति स्वामिनी ।
त्वयैसा वंचिता मूढ चौर कर्म कृतं वृथा ॥
येन भार्या परित्यक्ता सुनीता धर्मचारिणी ।
दशांशधर्मस्तेनापि परित्यक्तो वरानने ॥

अ. ७८।३१ मु. खं. द्वि.

वलात्कारोपभुक्ता वा चौरहस्त गतापि वा ।
न त्याज्या दयिता नारी नास्यास्त्यागो विधीयते ॥

स्क. पु. का. पू. ४०।४७

यत्र तुष्यति भर्त्रा स्त्री स्त्रिया भर्ता च तुष्यति ।
तत्र वेश्मनि कल्याणं सम्पद्येत पदे पदे ॥

स्क. पु. का. पू. ४०।६०

यसरी सवै पुराणहरूमा गृहस्थका पालकहरूलाई अनेक उदाहरणहरू दिएर यसको महिमा गाइएको छ माथिका श्लोकको संक्षेपमा अर्थ यस्तो छ कि- हे गृहस्थाश्रम धर्म पालकहरू हो । भार्यासमान तीर्थ अर्को छैन अनि धर्मका साधनमध्ये प्रमुख भार्या नै हुन् । यिनैवाट सारा कर्म हुने हुँदा र नहुँदा कर्म अपुरो हुने हुँदा गृहस्वामिनी भार्यासहितको गृहास्थाश्रम भन्दा अर्को धर्म तीनै लोकमा कहीँ छैन । धर्मले युक्त सती पत्नीलाई त्यागने नराधमले गृहस्थ धर्म नै त्यागेको हुन्छ । त्यस्ताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नी धर्मपत्नी त्याग्ने नराधमले गरेका अन्य धर्मको के फल पाउँदछ । हेर मानव गृहस्थाश्रम भनेको पति, पत्नी, पुत्र, वावु, आमा सवै भएको घर र त्यसमा चाहिने अन्य सामग्री (खेत, पशु आदि) ले सहितको सौम्य स्वभावको परिवार नै हो । त्यस्तो गृहस्थाश्रमकी मालिक्नी भार्या हुन् । ती भार्यालाई त्यागेर गरिने जति पनि धर्म, कर्म छन् तिनलाई चौर कर्म भनिन्छ र ती सवै असत्य र निष्फल हुन्छन् । अनि आफ्नी धर्मपत्नीलाई त्यागेर गरिने धर्म कर्मको दशांश फल तिनै त्यागिएकी भार्याको हुन्छ । हेर कहीँ पनि आफ्नी धर्मपत्नी त्याग्नेलाई राम्रो भनिदैन र त्याग्नु हुँदैन । कतिसम्म भने वलात्कारमा परेको वा चोरी अपहरण भएकी छन् भने पनि आफ्नी विवाहिता पत्नीलाई त्याग्नु हुँदैन र त्याग्नु पर्छ भन्ने शास्त्रीय विधानमा पनि छैन ।

शास्त्र भन्दछन् कि मानव हो, जहाँ जुन परिवारमा पति पत्नीको मेल हुन्छ, जहाँ नारीको सम्मान हुन्छ त्यो घरका प्रत्येक अंशमा कल्याण नै कल्याण हुन्छ । यस्तो नारी महिमा गाउने शास्त्रका वाणीलाई लत्याएर नारीको गुरु पतिवाहेक अर्को हुँदैन अनि आफ्नो पतिभन्दा पृथक नरहौं है भन्ने वचनमा प्रहार गर्दै गुरु वनेर मन्त्र दीक्षा दिनेलाई के भन्ने ? अनि शास्त्र पनि मान्ने तर गृहस्थका स्वामी आफ्ना पतिका कुरालाई लत्याएर अर्का (परपुरुष)सँग दीक्षा लिने नारीलाई के भन्ने ? धर्म मानेको भन्ने कि धर्म विपरीत गरेको मान्ने ? हुन त आफ्ना पति-पत्नी वीचको आपसी सल्लाहमा हो भने त शास्त्र सम्मत नै हुन्छ । तर, एक्ला-एक्लै दीक्षा लिन जाने र लिने अनि विद्वान् र शास्त्र ज्ञाता भएको छु भनेर तिनै शास्त्रका विपरीत आफ्नो सम्प्रदायको सदस्य वढाउनका लागि मात्रका उद्देश्यले मन्त्र दिने र उपगुरु वनेर आदर खोज्नेलाई के भन्ने ? जव कि धर्म, गोत्र, प्रवर, नाम त्याग्नुहुन्न । त्याग्ने स्त्री, पुरुष दुवै पातकी हुन्छन् । त्यस्तो पुरुष जारपुरुष हुन्छ हैन र ?

गृहस्थ धर्ममा छोराको पनि आफ्ना आमावावुलाई गर्नुपर्ने कामको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वारेमा वर्णन गरिएको छ र उपदेश पनि गरिएको छ । यसवारेमा केही पौराणिक आधारहरूमा रहेर लेख्ने जमर्को गरिएको छ । वैदिक वारेमा अघिनै वर्णन गरिएको छ । छोरा के हो र कर्तव्य के हो ? भन्ने वारेमा स्कन्द पुराण महेश्वर खण्ड -कुमारीका खण्ड अ. ४ को गौतम र उनका छोरा चिरकारीको वयान गरिएको कथा यहाँ प्रस्तुत गरिएको छ । यस कथाको मर्म वुझ्नलाई निकै गम्भीर रूपले अध्ययन गरेमा छोराको कर्तव्यवारे जान्न सकिन्छ । कथा यस प्रकार छ - पूर्व समयमा महर्षि अङ्गिराका कुलमा गौतम ऋषिका चिरकारी नामका छोरा थिए । ती कुनै पनि काम गर्दा लामो समयसम्म विचार गरेर गर्ने भएकाले उनको नाम चिरकारी रह्यो । एकदिन कुनै कारणवश गौतम ऋषि आफ्नी धर्मपत्नीसँग खूव रिसाएका थिए । उनले अन्य छोराहरू छोडेर चिरकारीलाई नै तिम्री आमालाई काट भनी आज्ञा दिए । पिताको आज्ञालाई केहीवेर सोचेर हुन्छ त्यसै गरौंला भने । स्वभावैले चिरकारीले पिताको आज्ञालाई धेरै वेरसम्म चिन्तन गरे र मनमनै भने म कसरी आमाको हत्या गरुँ । हो पिताको आज्ञा पालन गर्नु पुत्रको परम कर्तव्य र धर्म हो भने आमाको रक्षा गर्नु पनि छोराको उत्तिकै कर्तव्य र धर्म हो । पुत्रत्व सर्वदा परतन्त्र छ । छोरो आमा र वुवाको अधीन हुन्छ । स्त्रीको उसमा पनि आमाको हत्या गरेर कुन छोरो सुखी हुन्छ र ? त्यस्तै पिताको आज्ञाको अवहेलना गरेर कुन छोराले प्रतिष्ठा प्राप्त गर्दछ । पुत्रले जस्तै भए पनि पिताज्ञा पालना गर्नै पर्दछ । पिता त गुरुका पनि गुरु हुनुहुन्छ । अझ त्यो भन्दा वढी आमाको महत्त्व छ । *स्क.पु.का.पू ३६।५७ मा* यस्तो भनिएको छ -

उपाध्यायाद्दशाचार्या आचार्यस्तु शतं पिता ।
सहस्रंतु पितुर्माता गौरवेणातिरिच्यते ॥

उपाध्यायको भन्दा दशगुणा वढी महत्त्व आचार्यको, आचार्यको भन्दा सय गुणा वढी पिताको महत्त्व हुन्छ । त्यस्तै पिताको भन्दा हजार गुणा वढी आमाको महत्त्व भएको हुँदा सवैभन्दा ठूली आमा हुन् । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीर दिने र योग्य वस्तु दिने पितानै हुनुहुन्छ । त्यसैले पिताज्ञा छोराले पालन गर्नै पर्दछ -

पिता स्वर्गः पिता धर्मः पिता हि परमं तपः ।
पितरि प्रीतिमापन्ने सर्वाः प्रियन्ति देवता ॥

स्क. पु. कु. खं अ. ४।१०

मा भनिएको छ कि पिताको आज्ञा पालन गर्ने छोराको पूर्वकृत पाप पनि नासिन्छ । किन कि पिता नै स्वर्ग, धर्म, तप हुनुहुन्छ । पिता प्रसन्न हुनुभयो भने अन्य देवताहरू पनि खुसी हुन्छन् । पिता प्रसन्न हुनुभयो भने सारा दुस्कर्महरू नष्ट हुन्छन् । आफूले कठिन दुःख भोगेर भएपनि पिताले पुत्रलाई सुख नै दिनुहुन्छ । पिताको पद अति उच्च छ ।

यस्तै आमा पनि, मानव जन्ममा पाञ्चभौतिक समुदायको रूपमा यो प्राप्त शरीर आमाले नै दिएको हो । आमा भएको छोरो सनाथ हुन्छ । नभए अनाथ हुन्छ । छोरा र नाति भएर पनि सय वर्ष वाँचे पनि आमाका काखमा ऊ वालक नै हुन्छ । पुत्र समर्थ भए पनि आमाले उसलाई सानो नै देख्नु हुन्छ । गर्भमा धारण गर्ने हुँदा धात्री, जन्म दिने हुँदा जननी, अङ्गको वृद्धि गर्ने हुँदा अम्वा, वीर छोरो दिने हुँदा वीरप्रसू, शिशु शुश्रुषा गर्ने हुँदा शक्ति र सन्तानलाई सदा सम्मान दिने हुँदा माता भनिन्छ -

नास्ति मात्रा समं तीर्थं नास्ति मात्रा समं गतिः ।
नास्ति मात्रा समं त्राणं नास्ति मात्रा समा प्रपा ॥
कुक्षौ सन्धारणाद्धात्री जननाज्जननी तथा ।
अङ्गानां वर्धनादम्वा वीरसूत्वेन वीरसूः ॥
शिशोः शुश्रुषणाच्छक्तिर्माता स्यान्माननाच्च सा ।

मुनिहरू पितालाई देवता ठान्दछन् । तर, आमाका छेउमा मनुष्य र देवता कोही पनि जान सक्तैनन्, पुग्दैनन् । आमाको वरिपरि कोही पनि केही पनि गर्न सक्तैनन् । के गर्नु कौशिकी नदी किनारमा स्त्री समूहवाट घेरिएर रहेका वलिलाई धेरैवेर हेरेकै कारण पिताजी रिसाएर यस्तो आज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु भएको हो । आमाको यति सानो दोषलाई यस्तो दण्ड दिने काम त थिएन तर के गर्नु ? पिताज्ञा भइ नै गयो । यस्तै नै चिन्तामा चिरकारी थिए, यता भने उता गौतमको रीस पनि शान्त भइसकेको थियो । चिरकारीले त्यो काम नगरेको भए हुन्थ्यो भन्ने सोचिरहेका थिए । पतिव्रता नारीको वध गर्ने काम अह्राएर मैले साह्रै ठूलो भूल गरें, नाम अनुसार नै गरेको भए हुन्थ्यो छोराले । हेरौं न त भनेर चीरकारी छेउ पुगेर हेर्छन् त छोरो झोक्राएर वसिरहेको छ । काम गरेको छैन । यस्तो देखेर गौतमले आफ्नो छोरालाई माया गरेर अंगालो हालेर भने वावु तिम्रो कल्याण होस् । तिमीले मेरो तपस्या वचायौ । धन्य रहेछौ । पिता सम्मुख आएको देखेर चिरकारी पनि उठेर पिताजी काम गर्न विलम्व भयो । क्षमा पाउँ भनेका थिए । यस्तो थियो छोराको कर्तव्य । कति आज्ञाकारी थिए छोरा ।

यस्तै काशीखण्ड पूर्वार्ध अ. ११ मा नारदजी गृहपतिलाई भन्दछन् । हे गृहपति यो त्रिलोकमा माता पिताभन्दा ठूलो कोही पनि छैन । कुनै तीर्थ छैन । कुनै अर्को गुरु हुँदैन । कुनै देवता पनि हुँदैनन् । गर्भमा धारण र वाल्यवस्थामा पोषण गर्ने आमाको महत्त्व पिताभन्दा वढी नै छ । हेर समस्त कर्मको त्याग गर्ने सन्यासीले पनि माता-पिताको चरणमा ढोग्नु पर्दछ भने अरुको के कुरा र जसरी भए पनि माता पितालाई प्रसन्न राख्नु नै छोराको कर्तव्य हो । वाँचुन्जेल नानाथरीका कष्ट दिएर मरेपछि श्राद्ध गर्नु त देखावटी मात्र हो । जति सकिन्छ माता पितालाई जिउँदो हुँदै सेवा गर्नु महान् कर्तव्य हो । त्यसैले-(तर के गर्नु आजकालका भौतिक विज्ञानवादीहरू दम्भका साथ देखावटी कर्म-क्रिया गर्दछन्, जुन निस्सार हुन्छ) ।

आचारः परमो धर्म आचारः परमं तपः ।
आचाराद्वर्धते ह्यायुराचारात् पापसंक्षयः ॥
अभिवादनशीलस्य वृद्धसेवारतस्य च ।
आयुर्यशोवलंवुद्धिर्वर्धतेऽहरहोधिकम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वेषामेव पापानां निष्कृतिः प्रोच्यते द्विजैः ।
पित्रोरभक्तस्य पुनर्निष्कृतिर्नैव विद्यते ॥

भनेर स्कन्द पुराणमा उल्लेख गरिएको छ । शास्त्रका वचनको पालनामा तत्पर होऔं र सनातन धर्मको जगेडा गरौं । महाभारत उद्योगपर्वमा धृतराष्ट्रले सनत्सुजातीयसँग जिज्ञासा राख्दा वहाँले भन्नुभयो कि हे धृतराष्ट्र तिमीले ढोगी कस्तालाई भन्छन् भनेर जान्न खोजेको हो भने सुन जसरी सर्पले दुलोभित्र बसेर आफूलाई सुरक्षित ठान्दछ, त्यसैगरी दम्भी मनुष्य पनि आफ्नो शिक्षाको र व्यवहारको आडमा गूढ पापहरूलाई लुकाइरहेको हुन्छ । अज्ञानी मानिसहरू ती आडम्वरीका कुरामा विश्वास गरेर मोहयुक्त हुन्छन् र धर्मको यथार्थ मार्गमा हिंड्नेलाई परमात्मामा विश्वास गर्नेलाई पनि डर देखाएर ती सज्जनहरूलाई पनि मोहमा पार्ने चेष्टा गर्दछन् । तर, जो भगवत्प्रेममा अविचल भइरहन्छ तिनीहरू ती आडम्वरी धर्मगुरुका मायायुक्त वोलीका लहैलहैमा लाग्दैनन् । पूर्व परम्पराको यथायोग्य पालना गर्दै सनातन परमेश्वर कै शरणमा परी वर्णाश्रम धर्मानुसार कार्य, कर्म, धर्म गर्दछन् ।

यहाँ यो उद्धृत गर्नुपर्ने कारण के हो भने जो हाम्रा शास्त्रले प्रतिपादन गरेको मानव जीवनलाई संचालन गर्ने नियम र परमेश्वरको उपासना गर्ने सनातन वाटो छोडेर नयाँ नियम लिएर आएका नया धर्मकापछि नलागौं भनेर नै हो । हाम्रा ऋषिमुनिहरूले आफ्ना लागि मात्र होइन सारा मानव समाजको हित हुने सदाचारी नियम प्रतिपादन गरे आजकाल चलेका एक उद्देश्य एक समूहका लागि मात्र खोलिएका स्वार्थसिद्धको अखाडाका रूपमा स्थापना भएका धर्मका रूपलाई हाम्रा पूर्वजले स्वयं पुराणकर्ता व्यासदेवजीले पनि स्वीकार गर्नु भएन र वसुधैव कुटुम्वकम्को अनि 'परोपकारः पुण्याय पापाय परपीडनम्'को उद्घोष गरेर त्यसैमा आवद्ध हुन सवैमा आग्रह गर्नुभयो । तर ती हाम्रा तत्त्वज्ञानी व्रह्मर्षिका कुरालाई लत्याएर आफैं मैमत्ता भएर (मनोपोली) आफूखुसी नियम

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वनाएर स्वार्थ सिद्ध गर्ने र वास्तविक धर्मको वाटोलाई अन्तै मोडेर के गर्न खोज्नु भएको हो कि गरुड पुराणमा भनेको यो श्लोक जस्तै त होइन ?

दैत्याः सर्वे विप्रकुलेषु भूत्वा, कलौ युगे भारते षट्सहस्रम् ।
निष्कास्य कश्चिन्नवनिर्मिताना, निवेशनं तत्र कुर्वन्ति नित्यम् ।

गृहस्थले गर्नुपर्ने पाँच यज्ञहरू अनायसै पनि भइरहेका हुन्छन् किनभने जो धर्म र आचरणमा रहन्छ उस्ले पितृ, देव, ऋषि, अतिथिको र अन्य देवताका लागि केही अन्न छुट्याउँछ नै । न्वागी भनेर नयाँ अन्न पाकेका वेला (अन्न पाकेर भित्र्याउने वेला) मा जुन आहुति दिइन्छ त्यसवाट नै अन्नको संकार भएको हुन्छ । त्यही संस्कारित अन्नवाट नै माथिका कर्महरू गरिने भएको हुँदा ती कर्मलाई वैदिक कर्म भनिन्छ । खाना तयार भएपछि तयार भएको खाना मध्येवाट अमिलो, नुनिलो र क्षारीयवाहेक घिउ आदि सहितको पाकेको अन्नको केही भाग नै सके वेदमन्त्र र विधानअनुसार नसकेमा आफ्नो ज्ञानअनुसार देवता सम्झेर हवन गर्नुपर्छ । यो नै वैश्वदेव यज्ञ हो ।

त्यसपछि त्यो अघि नै झिकिराखेको जुन अन्न छ त्यो यति व्रह्मचारीलाई दिनु पर्छ । त्यो अन्नका स्वामी यति र व्रह्मचारी भएको हुँदा गृहस्थले दिएको अन्न उनीहरूले ग्रहण गर्नैपर्दछ । भनिएको छ याज्ञवल्क्य स्मृतिमा पराशर स्मृति, अत्रिस्मृति र देवीभागवतमा कि-

यतिश्च व्रह्मचारी च पक्वानस्वामिनावुभौ
तयोरन्नम् न भोक्तव्यं भुक्त्वा चान्द्रायणं चरेत् ।

भनेर उनीहरूलाई दिएको अन्न गृहस्थले खानु हुँदैन । खाएमा चान्द्रायण व्रत गर्नुपर्दछ, भनिएको छ । यसवाट यति व्रह्मचारीले गृहस्थले दिएको अन्न खान्न भन्नु हुँदैन । श्रद्धापूर्वक थालमा पस्केर दिएको खानु नै पर्दछ । यदि ऊ वैदिक सनातन धर्म मान्दछ भने । तर, गृहस्थले भने तिनीहरूले छोएको वा पस्केर दिएको खान हुँदैन । यसै वारेमा यो श्लोकमा तयोरन्नम् नभोक्तव्यंको स्थानमा तयोरन्नंमदत्वा च भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएवाट गृहस्थले दिएको व्रह्मचारी, यतिले खानै पर्ने । तर, यति र व्रह्मचारीले दिएको गृहस्थले खानै नहुने विधान गरेको कुरालाई साह्रै नै विचार गर्नुपर्ने हुन्छ । किन कि भान्सामा पाकेको अन्नको पस्काई पहिलो पन्यूको अन्न हन्तकार हो । हन्तकारका स्वामी यति र व्रह्मचारी हुन् । गृहस्थ होइनन् भन्ने प्रमाण *विष्णु पुराण तृ. अ. अ. ९* मा यस्तो प्रकारको छ-

निवापेन पितृनर्चन्यज्ञैर्देवास्तथा तिथीन् ।
अन्नैर्मुनिश्च स्वाध्यायैरपत्येन प्रजापतिम् ॥९॥
भूतानि वलिभिश्चैव वात्सल्यैनाखिलं जगत् ।
प्राप्नोति लोकान्पुरुषो निज कर्मसमार्जितान् ॥१०॥

(गृहस्थ वाहेकका) मनुष्यले कसाइका साथमा रहेका पशु किनेर प्राण वचाउँछ भने उसले यो लोकमा सर्वत्र सुख पाउँदछ र मरेपछि स्वर्गमा जान्छ । त्यो वचाएको पशुका शरीरमा जति रौं छन् त्यति नै वर्षसम्म स्वर्गमा वस्न पाउँदछ -

वधकस्य हस्तगतं पशुं क्रीत्वा नरोत्तम ।
नाकलोकमवाप्नोति सुखी सर्वत्र जायते ॥
यावन्ति पशुरोमाणि तावद्वर्षाणि मानवः ।
स्वर्गलोकमवाप्नोति यश्च त्राणं करोत्यसौ ॥

(विष्णुधर्मोत्तर ३।३०२।२४-२५)

यी श्लोकहरूवाट के ज्ञात हुन्छ भने विभिन्न धर्ममा दीक्षितहरूले, धर्मको दीक्षा लिएकाहरूले पशु पाल्न हुँदैन किनभने नपालेका पशु त कसाइका हातवाट वचाउनु पर्दछ भनेर वचाएवापतको फल वर्णन गर्ने शास्त्रले धर्म ग्रहण गर्नेलाई पाल्ने आदेश दिँदैन । यदि पाल्दछ भने विभिन्न धर्म ग्रहण दीक्षित नै होइन । पालेर वेच्दछ भने त त्यसको गति के हो ? सहज नै अनुमान लगाउन सकिन्छ । गृहस्थ धर्म आफैंमा महान् धर्म हो । उसले अन्य धर्म ग्रहण गर्नु नै हुँदैन वेदानुकूलवाहेक । अन्य धर्म ग्रहण गरेर म पनि त गृहस्थ नै हुं भन्नु र पशु पाल्नु वेच्नु भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफूलाई छद्मवेशी वनाएर स्वार्थ र अनाचारको मूर्ति नै वन्नु-वनाउनु हो । त्यसैले वेदानुकूल वाहेकका आश्रम र धर्मवाहेक नलिऊँ । यो नै हाम्रो स्वधर्म हो । सनातन धर्म हो । यो वाहेकका धर्म सवै परधर्म हुन् । परधर्म ग्रहण गरी नानाथरीका जो नितान्त सनातनविरुद्ध छन् तिनीहरूका चिन्हहरू धारण गर्नु भनेको म र मेरो चित्त व्याकुल छ । त्यही व्याकुलपना हटाई अरु मानव समाजमा उच्च हुन्छु र विलक्षण शक्ति प्रदर्शन गर्दछु भन्नु हो । सवैसँग विमति छ भनेर चिनाउनु हो । यस्ताको प्रायश्चित्त नै छैन । अनि प्रायश्चित्त विनाको मानव नरकगामी हुन्छ भन्दै शातातप निर्णयसिन्धुमा भन्नुहुन्छ-

प्रायश्चित्तविहीनानां महापातकिनां नृणाम् ।
नरकान्ते भवेज्जन्म चिन्हांकित शरीरिणाम् ॥

यस्ता धेरै नै उदाहरण र श्लोकहरूका रचयिता हाम्रा पूर्वजहरूका वाणी जुन प्रयोग गरेर लेखिएका छन् तिनको वाणीमा विश्वास नगर्ने हो भनेर म नै मात्र जान्नेछु धार्मिक हुँ भन्ने अहंग्रहले छोपेको छ भने त भन्नु केही छैन । पुर्खा र ती शास्त्रका रचयिता साह्रै नजान्ने रहेछन् । अहिले आएर मात्र हामीमा ज्ञान आयो । साँचो धर्म र कर्म त अहिलेको नयाँ मार्गमा पो रहेछ भनेर मणि छोडी काँच रोज्ने वुद्धि पलाएकाहरूलाई ठीकै छ । शरीरभरि चन्दनको मात्र लेप लगाएर नाङ्गै वसे पनि, शरीरलाई एक ठाउँ मात्र होइन प्रत्येक जोड्नीमा डामेर खतै खत वनाए पनि । भगवान्लाई उठाउने, सुताउने, ओछ्यान नरम कपडाको, जाडो गर्मीको ख्याल राखेर कोक्रामा हालेर लै लै ला भनेर नाति पनातिभन्दा पनि वढ्ता माया गरे पनि केही छैन । त्यो उसको वुद्धि र पूर्वजन्मको संस्कार अनुसार नै भएको मानेर चित्त वुझाए हुन्छ । नातिले हजुरवालाई कति माया गर्ला र कति सुख देला । यो त्यो नाति पाल्ने र संभार गर्नेले वुझ्ने कुरा हो ।

यस्ता धेरै प्रसङ्गहरू छन् तर यहाँ दिन पुस्तक आकार वढ्ला कि भनेर दिइएन । यसका लागि क्षमा चाहँदै पाठक र जिज्ञासु वर्गले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नु ज्ञान स्व-धर्म पट्टि लगाइदिए हाम्रो सनातन धर्मप्रति केही गुन लगाएको जस्तो हुनेछ। स्व-धर्म निर्णय पट्टि यत्तिनै । अव आजकालका चर्चित धर्म वारे तिनै धर्मका पुस्तक र भागवतादि महापुराणहरूका नयाँ धर्मका वारेमा आफ्नो विचारवारे के भनिएको छ त्यसको वर्णन गरिएको छ। सकेसम्म स्रोत उल्लेख गरिएको छ। सन्दर्भ ग्रन्थ हेरे प्रष्ट हुनेछ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक दृष्टि

व्राह्मण धर्म र वैष्णव धर्म फरक हो (निम्वार्क धर्म समीक्षा- निम्वार्क दर्शन परिचय पृ. १२९) भन्दै लेखक अगाडि लेख्नुहुन्छ । जन्मदै व्राह्मण कसरी भयो वैष्णव ? फेरि व्राह्मण स्वयं नै विना दीक्षा वैष्णव हुन्छ भने यो वैष्णवादिविधिवारे शास्त्र किन लेख्नुपर्‍यो ? सवैलाई व्राह्मण धर्म लेखे भइहाल्थ्यो नि । छुट्टै वैष्णव धर्मको वर्णन गर्नुपर्ने नै थिएन । तसर्थ यसैवाट स्पष्ट हुन्छ कि व्राह्मण भन्नु अलग्गै रहेछ र वैष्णव भन्नु अलग्गै रहेछ । वेग्लै संस्कार रहेछ भन्ने स्पष्ट थाहा हुन्छ ।

व्राह्मण भएर पनि जवसम्म यो वैदिक संस्कार अनुरूप वैष्णव वन्दैन तवसम्म त्यो मानिस व्राह्मणका घरमा जन्म लिएर पनि अपवित्र नै रहन्छ । त्यसकारण मन्त्र, माला, पुण्ड्र, मुद्रा नाम नलिएसम्म अपवित्र नै हुन्छ । विद्वान् लेखक महोदयका कुरासँग सहमत छु किनभने व्राह्मण धर्म र वैष्णव धर्म भनेको आकाश र पाताल कै दूरीमा छन् । व्राह्मण धर्म विशुद्ध आर्य वैदिक धर्ममा आधारित धर्म हो भने द्राविडी धर्म र द्राविडवेदमा आधारित विशुद्ध वाममार्गमा आधारित धर्म हो वैष्णव धर्म । त्यसैले विद्वान् महोदयका कुरा सत्य छन् । वहाँ भन्नुहुन्छ वैदिक संस्कार कुन वेदको कुरा गर्नुभयो ? द्राविडी वेदमा मात्र अर्काको परिवार तहस नहस पार्ने कुरा होला । कुविचारको र कुकर्मको शिक्षा दिएको होला त्यसमा । पति पत्नीवीच फाटो ल्याई परिवारलाई नै छिन्नभिन्न पार्ने अनि गोत्रसमेत परित्याग गर्नुपर्छ भन्ने ज्ञान त्यसैमा होला । शिष्य मण्डल वढाउनु, मठमन्दिर वनाउन भने चन्दा, भिक्षा माग्न अवैष्णवका घरमा जानु अनि पछि त्यही तपाईंहरू जस्तालाई पाल्ने तपाईंकै भान्सामा अवैष्णवलाई पानी अचल, तेरो घरको अन्न कुकुर विष्टा र पानी कुकुरको रगत हो भनी साह्रै तुच्छ वोल्न सिकाउने वेद तपाईंको वेद होला । मन्त्र भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्कालाई तुच्छ हेयका दृष्टिले वर्ताव गर्न सिकाउनु होला । माला आफूजस्तै परैवाट चिनिने चिन्ह होला । यस्तैयस्तै पंचसंस्कार तपाईका वेदमा होला । भागवत भनेको तपाईंहरूका वेद र शास्त्रले भनेअनुसार पंचसंस्कार भएका हरूमात्र वैष्णव हुन् होइनन् र ? श्रीमद्भागवत त हामी द्रविडी धर्ममा लागेका हैनौं । यदि भए नै पनि भागवत त मान्दछौं नि । भनेर आर्य धर्म अँगालेको जस्तो मात्र गर्नु भएको हो हैन त ? पति पत्नीवीच फाटो ल्याई परिवार तहसनहस पार्न अनधिकृत रूपमा दुईमध्ये एकलाई विशेष गरी पत्नीलाई सुटुक्क कान फुक्नु हुन्छ र गोत्र वदल्नु हुन्छ। तपाईंका पछि नलाग्ने जन्मिएकै हुँदैन । तपाईका धर्मको अवलम्वन गरे उमेरमा सानो भएर जन्म लिएपनि त्यो जेठो हुन्छ । पंचसंस्कारहीन व्यक्तिलाई गधामा चढाएर ग्रामवाहिर पठाउनु पर्छ भन्ने तपाईं कै धर्म हो होइन र ? (ऊर्ध्वपुण्ड्रविहीनस्तु शंखचक्रविवर्जितः । तम् गर्दभं समारोप्य वहिःकुर्यात् स्वपत्तनात् ॥१९७॥ निम्वार्क धर्म समीक्षा)

मान सम्मानको खूव चाह गर्ने, आफ्नो सर्वस्व सकेर तपाईंका 'ओढी' मा शरण लिन आउनेलाई केही दिन मान सम्मान गरेर पछि भीख माग्न पठाउने दीक्षा तपाईंका ग्रन्थले दिन्छ हैन र ?

विद्वान् महामहोपाध्याय लेखक ज्यू, यस्ता परिवार फुटाऊ अनि स्वार्थ सिद्ध गर, अभियान हाम्रो ब्राह्मण ग्रन्थमा छैन । हाम्रा आर्य सच्छास्त्रहरूले त 'सं गच्छध्वं.....देखि सहवीर्यं करवावहै' जस्ता र समानो मंत्रः समिति समानीजस्ता आदर्श सिकाउँछ । तपाईहरूका जस्ता पञ्चसंस्कार होइनन् । हाम्रा व्राम्हण धर्ममा १६ संस्कार रहेका छन् जम्मा ४२ संस्कारहरू मध्ये व्राम्हणका ४ वेद छन्, स्मृति ग्रन्थ छन् ।तिनमा वर्णित आदेश हाम्रा मूल मन्त्र हुन् । वेदमा वर्णित देव हाम्रा उपास्य देव हुन् । व्राम्हणहरू नाचगान, कीर्तनमा र भागवतादि गंन्थका संगीतमयता होइन मूल वचन सुन्दछौं । विश्वास गर्दछौं कि नाच्नु, गाउनु यो खासै भन्ने हो भने व्राम्हण (द्विजाति)को होइन भनेर यथाशक्य व्रम्हचिन्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दछौं । तपाईंको वैष्णव धर्मजस्तो मिश्रित धर्म यो व्राम्हण धर्म होइन भनेर वुझ्नु हुन्छ कि ?

अनि फेरि गरेको कर्म जस्तोसुकै किन नहोस् र त्यसको फल अवश्य भोग्नुपर्छ । त्यसैले नराम्रो कामको भावनासम्म मनमा नआओस् भनेर सचेत पार्दछ यो व्राम्हण धर्मले । तर तपाईंहरू भने छोटामोटा अपराध गरे पनि पञ्चसंस्कारयुक्त भए त्यसै ती अपराध भाग्दछन् भन्दै आफ्ना अनुयायीलाई अधर्मतिर लाग्ने प्रेरणा दिनुहुन्छ र भन्नुहुन्छ -

अशुचिर्वाप्यनाचारो मनसा जपमाचरन्
शुचिरेव भवेन्नित्यमुर्ध्वपुण्ड्राङ्कितो नरः ।

(निम्वार्क १३७)

तर व्राम्हण (द्विजाति) धर्मले कहीं कसैलाई होच्याउने, हिंड्दा वस्ता व्रम्हवारे चिन्तन गर्ने, परोपकारमा विशेष ध्यान दिने, सदावर्त नखाने, नमाग्ने, यज्ञयागादि र पञ्चयज्ञ शक्त्यनुसार गर्ने, नित्य नैमित्तिक कार्यमा अल्छ्याइँ नलिने । मानसिक जप र पूजाको माध्यमवाट ईश्वराराधना गर्ने शिक्षा दिन्छ । त्यसैले यो व्राम्हण धर्म शुद्ध वैदिक धर्म हो । वैष्णव धर्म भनेको सोझासाझालाई आफ्ना चंगुलमा फँसाई आफू र यो धर्मभन्दा ठूलो अरु केही छैन भनी मायावी जालले भुल्याई जीव र जगत्लाई अन्धकारतर्फ धकेल्ने धर्मध्वजीको एक हतियार मात्र हो । यो वैष्णव सम्प्रदायमा भित्र पसेर हेरेमा सवै स्पष्ट हुन्छ । हुन त निकै नाम चलेका व्राह्मण धर्मका जानकारहरू पनि र कर्मकर्ताहरू पनि विक्री भएर त्यस्तै नौटंकी धर्ममा गएर व्राह्मण धर्मको खोइरो खनिरहेका छन् । ती कस्ता भने राजनीतिमा सांसद किनवेच हुँदा जस्ले धेर रकम दियो उतै जाने विक्री भएका पशु सरह कै हुन् । ती सांसद जसरी पींध नभएको लोहोटाजस्तो जता पनि ढल्किन्छ त्यसरी आफ्नो स्वधर्म र स्वविवेक त्यागी निहित स्वार्थका लागि आत्मा वेच्ने विद्वान्हरू पनि तपाईंहरूका शास्त्रहरूमा आफूइतरका धर्म मान्ने सवै पातकी हुन् भन्ने नडामिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा नडामिइकन पनि सीत मुद्रा र वेद तथा शास्त्र कहीँ पनि द्विजाति उर्ध्व पुण्ड्र लाउने विधान नभएको, लाउनै पर्ने र द्विजातिवाट तल झनैंपर्ने जुन हठ छ जुन अहंकार र कटुतापूर्ण व्यवहार छ त्यसप्रति अनि तपाईं गृहस्थोचित धर्मवाट च्युत भएकाहरूले छोएको भान्सा खानैपर्ने ? गृहस्थहरू जो वैदिक मार्ग र आर्यधर्मअनुसार मात्र चल्दछन् त्यस्ता शान्त र गुणग्राहीहरूले छोएको नखाने यो द्रविडअनुसार नभएर के हो त ? तपाईंहरूका वेदविरुद्धका धर्मको नौटंकीमा नपस्ने सारा आर्य धर्मावलम्वीहरूलाई गधामा चढाएर ग्रामवाहिर निकाल्नुपर्छ भन्ने तपाईंहरूलाई हामी व्राह्मण धर्मकाहरूले त्यसो भन्दा हुने कि नहुने ? हेर्नुहोस् आफू जस्तो छ अर्कालाई पनि उस्तै पार्ने नगर्नु होला । तपाईंहरू त कागजस्तै आफ्नू नाम आफैं फलाक्दै हुनुहुन्छ । सत्य धर्ममाथि कुठाराघात गर्ने र आफ्ना कुकृत्य लुकाउन पर धर्म (द्रविड)मा लाग्नु भएको हो भने पनि जन्म दिने आमावावुलाई पराया ठान्ने र उहाँहरूभन्दा पनि ठूला अर्काकै आमावावुलाई आफ्नै ठाने पनि तपाईंहरू आफ्ना आमावावुको गोत्र फरक राखेर आफूहरू अर्कै गोत्रमा हामफाल्नु हुन्छ भने फाल्नुहोस् तर वैदिक सनातन धर्ममा लाग्ने अरु पनि धेरै छन् भन्ने वुझ्नुहोस् र मानवीय संवेदनमा चोट पुऱ्याउने कुकृत्य नगर्नुहोस् यदि गर्नुभयो भने तपाईंहरूका अधोगतिका दिन पनि आउन वेर लाग्दैन। वैदिक सनातन धर्म मान्नेहरूले तपाईंहरूलाई राम राम मात्र भन्न सक्नेछनं काँधै थाप्न चाहिँ सक्ने छैनन् । यस्तै प्रसंगमा श्रीमद्भागवत १०।७८-२७ मा भगवान् वलराम स्वयं भन्नुहुन्छ-

एतदर्थो हि लोकेऽस्मिन्नवतारो मया कृतः ।
वध्यामे धर्मध्वजिनस्ते हि पातकिनोऽधिकाः ॥

शौनकादि ८८ हजार ऋषिहरूले त्रिपुण्ड्र तिलक रुद्राक्षको माला लगाएका थिए । सुतजीले चाहिँ उर्ध्वपुण्ड्र, तुलसी कण्ठी, चक्राङ्कित भए पनि सूतजाति नै भनेको छ र धर्मध्वजी र पातकी भनेर भन्नु भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत युद्धको तयारी सुनेर मध्यस्थताको लागि तीर्थको निहुँ गरी जाँदै गर्दा राम (वलराम) नैमिषारण्य क्षेत्र पुग्नुभयो । त्यहाँ ८८ हजार शौनकादि ऋषिमुनिहरू यज्ञसहित सूतपौराणिकवाट कथा सुनिरहेका थिए । रामलाई देखेर ऋषिहरू स्वागतका लागि आ-आफ्ना आसनवाट उठेर पूजा अर्चना गरे । रामका समूहका तीर्थ टोलीलाई पनि सत्कार गरी आसनमा वसाले । रामको दृष्टि त्यहीवेला व्यासशिष्य रोमहर्षण पुत्र सूतजीमा पर्‍यो । उनले रामको स्वागत सत्कारतर्फ कुनै चासो लिएका थिएनन् । यो देखेर रामलाई रीस उठ्यो र भने सूतजातिमा जन्मिएर (हुन त कुनै ठाउँमा सूत पौराणिकलाई ऐन्द्र हवि र वार्हस्पत्यहविको मिश्रणवाट गरिएको हवनवाट यज्ञवाट उत्पन्न भएका अयोनिज पनि हुन् भनिएको छ । तर धेरै ठाउँमा सूतजातिकै भनिएको छ) आफ्नो कर्तव्य पालन नगरी ब्राह्मणहरूभन्दा पनि उच्च आसनमा वसिरहेको छ र सारा शास्त्र पढेर पनि यो त अजितेन्द्रिय र अज्ञानी नै रहेछ । शास्त्र पढेर पनि के भयो र ? कर्तव्य र अधिकारको ज्ञान नभएकाले शास्त्र ज्ञान भएपनि दम्भ चाहिँ हटेको रहेनछ । जसरी नाटकका सवै कला देखाउनका लागि मात्र हुन्छन् त्यसरी नै धर्मको चिन्ह धारण गरेर अरुलाई देखाउँछन् तर अन्तर्मनमा भने भाव एकदम अर्कै हुन्छ । त्यस्तै स्वधर्मवाट विमुखहरू नै धर्मध्वजी हुन् र पातकी पनि हुन् । यस्तालाई मार्न नै र स्वधर्मको रक्षण गर्न नै हामीले अवतार लिएका हौं । यस्लाई मार्दा धर्मको रक्षा हुन्छ भनेर वलरामले सूतजीलाई मार्ने सुर गर्नुभयो । ८८ हजार शौनकादि मुनिहरूले पूजिएका सूतजी समेत धर्मध्वजी वन्नुभयो भने अहिलेका धर्म गुरुहरू कुन कोटिमा पर्नुहुन्छ ? साह्रै नै विचार गर्नुपर्ने हुन्छ । धर्म गरें र धर्म गर्छु भन्दैमा धर्म हुँदैन र धर्मको गति सूक्ष्म हुन्छ । स्थूल रूपमा धर्मको मर्म जानिँदैन । यसै प्रसंगमा श्रीमद्भागवत महात्म्य १।५२ मा ज्ञान र वैराग्य विनाको भक्तिले परंपदको आशा गर्नु व्यर्थ छ । कीर्तन, नाच, गान र वाहिरी शारीरिक चेष्टाका भक्तिले त ज्ञान र वैराग्यको वाटोमा नगारो हाल्छ । त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्ति केवल श्रम मात्र हुन्छ भन्ने कुरा नारदजीलाई आफ्ना छोरा ज्ञान र वैराग्य वुढा अनि आफू आमा दिन परदिन तरुणी हुँदै गरेको देखेर विरक्त र दुःखी भएर भक्तिले सोध्दा भन्नु भएको हो। भक्तिले यसरी सोधिन्-

'जरठत्वं समायातौ तेन दुःखेन दुःखिता।

सा हं तु तरुणी कस्मात्सुतौ वृद्धाविमौ कुतः'

फेरि पनि नारदजी भन्नुहुन्छ हे भक्ति कलिकल्मष नाशक श्रीमद्भागवतको शक्ति क्षीण भएर गयो। किनभने कौडी वटुल (अर्थवादेर्हरेर्नाम्नि नाम्न्यनादरमेव च। संत्यजेत् दूरतोवत्स दोषानेतान् सुदारुणान्) मात्र भागवतको कथा घरघरमा प्रवचन गर्दछन्। हे भक्ति त्यस्मा पनि वाद्यवादनकासाथ लोकलयमा गीत नृत्यको मनोरंजनहरूले गर्दा ती वक्ता पनि नटवर-गायक, वाद्यवादक भएकाले कथाको मूलतत्त्व सुनेर अरु जान्ने होलान् वास्तविक कथाको मर्म वुझ्लान् भनेर भागवती कथाका वीच वीचमा विना सन्र्दभ कीर्तन नाम दिएर गीत र नाच प्रदर्शन गरी जिज्ञासु र भगवद्भक्तिमा लागेका श्रद्धालुहरूको मन वाहिरतिर फर्काई आफ्नो स्वार्थ सिद्धिका कुरा गर्दछन्। त्यसैले कथाको सार गयो। ज्ञानको उदय भएन। पुराणको एकमात्र उद्देश्य पुराण-मेलाको आश्रयमा संपत्ति आर्जन गर्ने र आयोजकहरूको इच्छा भने त्यो आडमा कथित पुजारी पीठाधीश स्वामी वन्ने र धर्मको खोलमा ढाकिएर (शाब्दीक जालमा) पाखण्डका प्रचार गर्नु मात्र रह्यो। हे भक्ति ! यस्तै-यस्तै वक्ता र आयोजकका कारण ज्ञान र वैराग्यको विजोग भयो अनि तिम्रो यो अवस्था भयो।

हे भक्ति ! यस्को कारण अरु पनि छ सुन त ! रहस्य के हो भने पण्डितास्तु कलत्रेण रमन्ते महिषा इव। पुत्रस्योत्पादने दक्षा अदक्षा मुक्ति साधने (भागवत् महान्म्य १/७५) कलिका श्रौतस्मार्त गृहस्थ नारीले पनि वुझून् तिम्रो यो आपत्तिले गर्दा जुन समयमा.... यहाँवाट भगवान् गोलोक जानुभयो त्यही वेलादेखि यो पृथ्वीमा कलिको प्रवेश भै हाल्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिग्विजयको वेला राजा परीक्षितले वागडोर सम्हाल्नु भयो र दिग्विजय गर्न शुरु गर्न थाल्नु भयो। त्यो वेलामा कलि पनि राजाको अभियानलाई ध्वस्त पार्न त्यहाँ आयो र आफ्नो कर्तुत गोरुमाथि खन्याउन थाल्यो। राजाले त्यो कलिलाई चिनेर समाउनुभयो। राजाका पञ्जामा परेपछि त्यो कलि दीन, हीन र माया लाग्दो भयो र भन्यो महाराज! शरणागत छु। राजाले पनि विचार गरे, शरणागतलाई मार्नु त हुँदैन भनेर मारेनन् र मेरा राज्यमा तँ नवस् यो भूमण्डल वाहेकको कुनै ठाउँमा गएर वस् भनी आज्ञा गरे। कलिले पनि कहाँ जाउँ र प्रभु? यही कतै कुनै स्थान दिनुहोस्। हजुरले खटाएको ठाउँमा म वस्न तयार छु भनेर विन्ती गऱ्यो। राजाले पनि मनमा दया लिएर वास दिनुभयो। ती वासस्थानहरू- द्यूतं पानं स्त्रियः सूना यत्राधर्मश्चतुर्विधः। पुनश्च याचमानाय जातरूपमदात्प्रभुः।

ततोऽनृतं मदं कामं रजो वैरं च पंचमम् ३८-३९।

अमूनि पञ्च स्थानानि ह्यधर्मः प्रभवः कलिः

(भागवत् स्क.१अ १७, ३८- ४०।

तर प्राणीहरूको कुकर्मले मनुष्यको सवैथोक गुमिसकेको छ। व्राह्मण नामधारीहरू पनि पेटपाल्न अन्न-द्रव्यका लोभले घरघरै गएर भागवती कथा भन्नथाले त्यो पनि कथा सार होइन पुरै अनुवाद गरेर। आफ्ना सम्प्रदायअनुसारको) त्यसले गर्दा कथाको सार पनि गयो। ठूलाठूला पापी, नास्तिक, कुलाचार-पैत्राचार-गोत्रधर्म त्याग्ने गायत्री त्यागेर अन्य कल्पित धर्मका दीक्षितहरू तीर्थ पुरोहितहरू मन्दिरमा आचार्य पूजारी वने। त्यसैले ती ती स्थानको पुण्य पनि नष्ट प्रायः भएको छ। त्यस्ताहरू तपस्वी हुं भन्दछन्। त्यसैले हे भक्ति तपको सार पनि गयो। आफ्नो वैदिक संस्कारमा खोट देख्ने र आफ्ना पिता पुर्खा नजानेर सवै नर्क गएछन् भन्ने आँट भएकाहरू दीक्षा लिएर मन्त्रतन्त्रको आडमा शूद्रकुलको यश गाइरहेका छन्। अनि गुरुहरू वनेर वेद विरुद्धका कल्पित नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोडेर मन्त्र दीक्षा दिइरहेका छन् । त्यसैले हे भक्ति ! पाखण्ड धर्म लिएर (पाखण्ड धर्म भनेको याज्ञवल्क्य स्मृति आशौच प्रकरणको मन्त्रअनुसार नखशिर: कपालादि श्रुतिवाहचलिङ्ग धारणं पाखंडं तद्येषां ते पाखण्डिन:) स्वधर्म परित्याग गर्नाले योगको वल क्षीण भएर गयो । अनि पण्डित भनाउँदाहरू राँगो भैंसीमा लठि्ठएझैं स्त्रीमा लठि्ठएर रहेका हुन्छन् । सन्तान जन्माउन चाहिं कुशल र मुक्ति साधनामा चाहिं अदक्ष भएका हुन्छन् । तिनीहरू आफ्नो वर्ण तथा आश्रम धर्म अनि कुलाचार धर्म त्यागेर परधर्म अँगाल्नाले धर्मको सार गयो । त्यसैले वैदिक धर्म तथा परम्परागत धर्म जसलाई सनातन धर्म भन्दछन् त्यसको लोप गर्ने जुन प्रयास भइरहेको छ त्यसैवाट नै तिमी तरुणी र तिम्रा छोरा वृद्ध भएका हुन् -

हे भक्ति ! न हि वैष्णवता कुत्र सम्प्रदाय पुर: सरा
एवं प्रलयतां प्राप्तो वस्तुसार: स्थले स्थले ॥(भा. मा. १।७६)

वर्णाश्रम अनुकूलको सम्प्रदाय (गाणपत्य, सौर्य, शाक्त, वैष्णव, शैव)को आचरण गर्ने वैष्णवत्व कहीँ देखिँदैन । विधर्म, परधर्म, आभाष, उपमा, छल यी भागवतमै निषेध गरिएका पाँच प्रकारका कुसंस्कार हेर्दा, सुन्दा र देख्दा अनि यिनका दृष्टान्त ठीकै हो कि जस्तो लाग्दछ । तर सारमा छलपूर्ण हुन्छन् र यी पाँचै प्रकारका कर्म अधर्म हुन् भन्ने जान्नू र त्यागिदिनू । आफ्ना कुल वंश गोत्रमा परम्परावाट मानिआएका संस्कार नै स्वधर्म हो । यसैवाट मात्र इहलोक र परलोक सप्रन्छ र शान्ति प्राप्त हुन्छ । (यहाँ एउटा कुरा भन्ने मन लागेको छ तिथि र मिति पत्ता लागेका धर्महरू सनातन हुन् कि जसको आदि अन्त नै छैन त्यो सनातन हो यो वुझ्न सकिएको छैन । हिजो जन्मिएको वालकले धेरै जान्दछ कि उमेर खाइसक्न आँटेकाले धेरै जान्दछ ? त्यस्तै १२ औं शताव्दिदेखि यता चलेका धर्म कसरी वैदिक धर्म वने ? कसरी सनातन धर्म वने ? यी धर्म चाहिँ सनातन धर्म हुन् भने वैदिक परम्परा सृष्टिसँगै आएका धर्म र गुण-वस्तुलाई के भन्ने ? मस्तिष्कमा पर्दा र मुखमा वुजो नहालीकन भनौं त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य के हो ? 'कि मृदङ्गो मुख लेपेन करोति मधुर ध्वनिम्' हुनु भएको हो धर्मको मर्म जान्ने विद्वान् जनहरू) ।

यति भनी भक्तिले प्रणाम गर्दै नारदजीलाई भनिन् ! हे नारदजी जस्ले धर्मको रहस्य जानेका छन् अनि संसारी मायाको रहस्य र धर्मतत्त्व वुझेको छ र हुन्छ । जसको वचन मानेर वालक ध्रुव स्वकुलोचित तपद्वारा ध्रुव पदमा प्राप्त भए । सवै प्रकारका गुणहरूले परिपूर्ण ती नारदमुनिलाई र परव्रह्म प्रभुलाई म प्रणाम गर्दछु -

संततेः सगरो दुःखमवापङ्गः पुरा तथा ।
रे मुञ्चाध कुटुम्वाशां संन्यासे सर्वथा सुखम् ॥ (४।३६ भा. मा.)

फेरि नारदजी भन्नुहुन्छ हे भक्ति ! सन्तान नहुँदाखेरि दुःखी भएका एक व्राह्मणलाई एक सन्यासीले के भन्नु भयो भने हे भक्तव्राह्मण ! तिम्रो कर्मरेखाअनुसार सात जन्मसम्म तिम्रा सन्तान हुँदैनन् । पुनर्जन्ममा नै अर्जेका छैनौं । अनि सन्तानवाट लाभ हुने कुरा नगर र विधिको विधान मेटनाले सन्तानकै कारण चित्रकेतुले धेरै कष्ट सहनु पऱ्यो । महाराज सगरले कति कष्ट भोगेका थिए । त्यसकारण तिमी सन्यास ग्रहण गर । सन्यासमा नै सवै प्रकारका सुख छन् । साम्प्रदायिक धर्मका वकिलज्यूहरू ! सन्यास नै मुक्ति हो भनेर भागवत भन्दछ भने सन्यासभन्दा सम्प्रदायको चिन्हस्वरूप तिलक, माला र श्रुति, स्मृति इतरले मान्ने धर्म नै मुक्तिको वाटो हो त ?

धर्मस्ते गृहमेधीयो वर्णितः पाप नाशनः ।
गृहस्थो येन पदविमञ्जसा न्यासिनामियात् ॥
(७।१५-७४ परमहंस सहिता)

व्रहमर्षि नारद भन्नुहुन्छ कि हे युधिष्ठिर महाराज गतमहाकल्पमा म गन्धर्वहरूमा सम्मानित उपवर्हण नामको गन्धर्व थिए । माधुर्यादिले गर्दा मप्रति सवै नै लोभिन्थे । त्यसमा पनि स्त्री जाति साह्रै नै लठ्ठ हुन्थे । त्यो अवस्थामा म साह्रै नै उन्मत्त हुन्थें । एक समयको कुरा हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजापतिहरूले भगवच्चरित्रको गान गर्नका निमित्त एक यज्ञको आयोजना गरेका थिए । त्यहाँ धेरै नाट्यशास्त्रका कुशल नट र गायकहरू अनि नर्तकी अप्सराहरूलाई पनि निम्तो गरिएको थियो । त्यस कुराको पत्तो पाएर म पनि त्यो उत्सवमा पुगें । त्यस उत्सवमा जाँदा मसँग मलाई साथ दिने धेरै स्त्रीहरू थिए र म पनि उन्मत्त भावले गाउँदै त्यहाँ पुगें। मेरो त्यो उन्मत्तता देखेर प्रजापतिहरूले मलाई श्राप गरेर भने तैंले हाम्रो अपमान गरिस् । यसै निम्ति तँ तत्काल श्रीहीन भएर शूद्र योनिमा जा। महाराज युधिष्ठिर ! त्यही श्रापले गर्दा म एउटी शूद्रा दासीका गर्भवाट पैदा हुँदो भएँ । तर, त्यहाँ पनि व्रह्मवादीहरूको सेवा एवम् सत्सङ्गत गर्नाले फेरि ब्रह्माजीको पुत्र हुन पुगें । राजन ! म गृहस्थ धर्मका प्रभावले गर्दा पुनः उच्च कुलमा जन्म लिएर तिम्रा सामुमा छु । त्यसैले यो कथाको सार के हो भने गृहस्थ धर्म नै भवपार तर्ने नाउ हो । यो वाहेकका कर्म र आश्रम एक अर्कामा कमजोर छन् । गृहस्थ धर्मका तुलनामा अरु सम्प्रदाय धर्म र आश्रम गृहस्थाश्रम धर्मका सोह्र कलामा १ कलामा पनि पुग्न सक्तैनन् । राजन ! यसै कुराको पुष्टि *श्रीमद्भागवत ३।१४।१७* मा कश्यपले दितीलाई भनेका कुरावाट स्पष्ट हुन्छ-

सर्वाश्रमानुपादाय स्वाश्रमेण कलत्र वान् ।
व्यसनार्णवमत्येति जलयानैर्यथार्णवम् ॥

३-१४-१० भागवत

जसरी जहाजमा चढेर मान्छेले सागर पार गर्दछ त्यसरी नै गृहाश्रमीले अरु आश्रमलाई आश्रय दिंदै आफ्नै आश्रयका माध्यमवाट मात्र दुःखरूप भवसागर पार तर्दछ । गृहस्थाश्रम नभए कुनै आश्रम तथा धर्मको अस्तित्वसम्म रहँदैन । यस्तो गृहस्थाश्रम धर्म पालना गर्ने अनि अन्य तीन आश्रमको प्राणको निन्दा गर्ने के मनुष्य हो र ? यस्तो गृहस्थाश्रम विपरीत कथा भन्ने, नारी जातिको अपमान गर्ने, गुरु वनेर खुट्टा ढोगाउने जस्ता नीच कर्म गराउँदछन् ? धर्मको आड र विश्वासमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेका सरल हृदयी नारी जाति पन्थगुरुका वाणीमा धर्म यस्तै रहेछ भनेर खुट्टा धुन समेत संकोच मान्दैनन् । छोरा जातिले आमा वावुवाहेक र छोरी जातिले आफ्ना पति वाहेक कसैको गोडा छुने काम गर्नु हुँदैन भन्ने उत्तराखण्ड आर्यावर्तका आर्यहरूको वेदानुकूल वाक्यलाई अपमान हुने र गर्न नहुने काम गराउने पन्थ सम्प्रदाय कुन धर्म आदर्शवाट प्रेरित छन् ? आफू पनि स्त्रीकै गर्भवाट जन्मिएको हु, मेरा पनि दिदी वहिनी छन्, ती पनि स्त्री नै हुन् भन्ने विर्सिएर आफूलाई अयोनिज झैं ठानेर स्त्रीलाई खुट्टा ढोगाउने धर्म कति महान् छ ? यो सवैले वुझ्नै हुन्छ । जवकि खुट्टा ढोग्न स्त्रीले पति वाहेक कसैको हुँदैन यदि ढोग्दछिन् भने अनि ती खुट्टा ढोगाउने गुरु र ती नारीलाई के भन्दछन् ? 'मातृवत् परदारेषु' भन्ने आदर्श वाक्यलाई भकुण्डो खेल्नेलाई के भन्ने । आज अघिका पुराणमा वर्णित ठूलाभन्दा ठूला ऋषिहरू पनि स्त्रीका जालमा परी गृहस्थ वन्न पुगे । कति स्त्रीसुखको चाह नहुँदा नहुँदै अपभ्रंशमा पनि स्त्रीमोहित भएर आफ्नो तपस्या भङ्ग पारे भने अहिलेका व्रह्मचारी, सन्त-साधु र भक्तमा इन्द्रियवश गर्न सक्ने क्षमता आएको छ र ? अर्काकी पत्नीलाई हृदय स्पर्शादि कर्म गर्दै नजिकै टाँसिएर साम्प्रदायिक दीक्षाको वहनामा कान फुक्ने जुन पौराणिक् र वेद विपरीत छ त्यस्तो दीक्षा मन्त्र सुनाउँछन् । नीतिशास्त्र अनुसार- मात्रास्वस्रादुहित्रावा न विविक्ताऽसनो भवेत्

वलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति ।.

साँच्चैको व्रह्मचारीले आमा, वहिनी, छोरीसँग पनि शरीर स्पर्श हुने गरी वस्नु हुँदैन । इन्द्रिय यति वलवान् हुन्छ कि जस्तै विद्वान् हुं भन्नेलाई पनि नतानि छाड्दैन ।

यसरी परनारी स्पर्श गरी मन्त्र दिने वाहनामा स्त्री सांनिध्य पाउने र सुखको अनुभव गर्ने चाल त होइन ?

संशोधन नगरिएका पुराणहरू मात्र पढ्ने हो भने त्यहां यस्ता समाज र मानव जातिमा नै खलल पार्ने व्यवहारको कडाभन्दा कडा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरोध गरेको छ । भूलवश परनारी निकट भइहालियो भने पनि त्यसका लागि चान्द्रायण, प्रायोपवेश आदिजस्ता प्रायश्चित्तको व्यवस्था गरेर सवैलाई समान व्यवहार र आदर गर्ने शिक्षा दिइएको पाइन्छ । शाक्तहरू समेत नारी जातिलाई उच्च सम्मान गर्दै आमा भनेर पुकार्दछन् । धन, वैभव, वल र वुद्धिको याचना गर्दछन् । तर, नयाँ युगको नयाँ धर्म र ती धर्मका ठेकेदारहरूले सत् आदर्शलाई पट्टि वाँधेर आफू पछाडि वजाउने वाजा वजाई हो ! हो !! हो !!! पाडरी ! पाडरी !! भन्दै थपडी वजाउँदै हिंड्दछन् । अरु सोझा साझा पनि यसै गर्नुपर्ने रहेछ भनी केही नसोची तिनकै पछि पछि थपडी मार्दै हिंडिरहेका छन् । ख्वै के भन्ने र ?

ईश्वरीय कर्म ईश्वरीय ज्ञानवाट ठगिएकाहरूले आज भूतलका अधिकांश मानिसहरूले सत्य धर्मलाई हटाएर सम्प्रदायको निर्माण गरे। कर्म स्वार्थ सिद्धिको पुल वन्यो र ज्ञान केवल पुस्तकमा नै रह्यो । *(हिन्दू संस्कृति अंक कल्याणको पेज नं. १५२ मोतिलाल राय)* ।

या वेदवाह्याः स्मृतयो याश्च काश्च कुदृष्टयः ।
ताः सर्वा निस्फलाः प्रेत्य तमोनिष्ठा हि ताः स्मृताः ॥
उत्पद्यन्ते च्यवन्ते च यान्यतोऽन्यानि कानिचित् ।
नान्यर्वाक्कालिकतया निष्फलान्यनृतानि च ॥ (मनु)

यी माथिका भनाई र श्लोकवाट नै स्पष्ट हुन्छ कि वेदवाह्यका कुनै पनि शास्त्र मान्नु हुँदैन । वेदमूलक, स्मृति, पुराण, महाभारत, इतिहासद्वारा प्रतिपादित सदाचार नै धर्म हो । तद्विपरीत आधुनिक वेदवाह्यका आगम स्मृति काल्पनिक छन् ती मिथ्या, निष्फल तथा तमोमय छलकारी एवं अकल्याणकारक पनि छन् । वेदवाह्यका प्राचीन वा अर्वाचीन भएकै कारण वेदवाट विपरीत जुन जुन शास्त्रहरू छन् ती सवै उत्पन्न हुन्छन् अनि नस्ट हुन्छन् र सवै निष्फल र झुट हुन् । यी श्लोक कल्याण हिन्दू संस्कृति अङ्कमा छन् । साभार गरिएको यसैसंग सहमत हुँदै स्वामी शङ्करानन्द गिरी आफ्नो पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद सिद्धान्त रहस्य पे.नं. ३९२मा म.मा ३।१९०।२६।६२ को श्लोक दिनु हुन्छ र अर्थ यस्तो गर्नु हुन्छ-

न व्रतानि चरिष्यन्ति व्राह्मणा वेदनिन्दका: ।
न यक्ष्यन्ति न तोष्यन्ति हेतुवादविमोहिता: ॥
विपरीतश्च लोकोऽयं भविष्यत्तुतरोत्तर: ।
एडुकान् पूजयिष्यन्ति वर्जयिष्यन्ति देवता: ॥

वैदिक मार्गवाट विमुख भएका कलिकालका द्विजातिहरूमा विशेष गरी व्राह्मणहरू नै वेदको निन्दा गर्ने, प्राजापत्यादि गरिएका प्रायश्चित व्रतहरू नगर्ने, यज्ञयागादि गर्नु पर्दैन भनेर संकीर्तनका नाउँमा नाचगान मात्र गर्ने, हरितालिका ऋृषिपञ्चमी आदि व्रतहंरूका साथै पंचयज्ञको आवश्यकता छैन भजन मात्र गरे पनि हुन्छ भनेर नवीन युक्तिहरूमा खूव रमाउँछन् र नवीन युक्तिवाहेक अन्य काम र कर्म नगर्ने हुँदा नीच कर्म गर्ने इच्छाले प्रेरित हुनेवाला हुन्छन् । यसप्रकार सवै वर्णका मनुष्यहरू उत्तमवाट नीच र नीचवर्णवाट ठूला वर्णमा जानेवाला हुन्छन् । सवै मानिसहरू एडुकान प्रसिद्ध मानिसको समाधि हड्डी, ढुङ्गाका मूर्तिलाई मन्दिरहरूमा पूजा गर्नेछन् र वैदिक देवता, अग्नि, व्रह्मा, वायु, सूर्य र इन्द्रादि देवहरूको पूजा नगर्ने हुनेछन् ।

त्यसैगरी कुलधर्म परम्परा मानिआएकाहरू धर्म, संस्कृति र सदाचारमा रहन्छन् । यसका विपरीतका कर्म गर्ने वा गराउने डरलाग्दा पातकी हुन भनेर वेदमा पनि वर्णन छ भन्ने कुरा *पद्म पुराण भू स्वं. अ. ६७।६* मा यसरी भनिएको छ-

कुलाचारं परित्यज्य अन्याचारं व्रजन्ति च ।
एतच्च पातकं घोरं कथितं कृत्यवेदिभि: ॥

वेदानुकूलका संस्कारलाई परित्याग गरी नयाँ धर्मको कल्पना गरेर वाप वैरी साधेजस्तो सनातन धर्मसँग वदला लिन श्रुति, स्मृतिवाहिरका चिन्ह धारण गर्नु भनेको त मानिसलाई चिन्हरूपी मायाले भुल्याएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो स्वार्थ पूरा गर्नु हो । साँच्चै धर्म गर्ने हो भने त वाहिर देखाउने रूप श्रृङ्गारपट्टांर गरेर जनतालाई भुल्याउने कार्य नगरी अन्तर्मन र भाव सत्य र चोखो पारेर ध्यान र चिन्तन गरी सदाचारमा वस्नाले मात्र हुन्छ। *पदमपुराण उ.खं.प. अ. २३५।६१* मा भनेको छ कि-

वाह्य चिन्हमिदं देवि मोहनार्थाय विद्विषाम् ।
अथान्तर्हृदये देवि ध्यात्वा देवं जनार्दनम् ॥

गृहाश्रम धर्म नै ठूलो हो । परधर्म विष समान हुन्छ । झन् शरीरमा कुनै चिन्ह लाउनु भनेको ईश्वरको अनुकरण गर्नु वरावर हो। अनुसरण मात्र गर्नुपर्दछ भनेर *भागवत दशम स्कन्ध अध्याय ३३ का ३०।३२* मा शुकदेव सवामी राजा परीक्षितलाई भन्नुहुन्छ कि सूर्य अग्नि आदि ईश्वर (समर्थ)ले कहिले काहीं धर्मको उल्लङ्घन र साहसका काम गरेको देखिन्छ । तर ती कामले ती तेजस्वी पुरुषमा कुनै दोष हुँदैन । भागवतमा शुकदेवले महाराज परीक्षितको प्रश्नको उत्तर दिंदै भन्नुभएको छ -

"तेजीयसां नदोषाय वन्हेः सर्वभुजोयथा ।"

हेर त अग्नि सवैथोक खान्छन् तर दोष उनमा देखिंदैन । दोषमा ती लिप्त हुँदैनन् । जसमा यस्तो खाले सामर्थ्य छैन त्यसले यस्तो काम गर्न त परै जाओस् सोच्नसम्म पनि हुँदैन । यदि मूर्खतावश ठूलावडा तथा ईश्वरको अनुकरण गरेर त्यस्ता काम गर्दछन् भने ती अवश्य नाश हुन्छन् । भगवान् शङ्करले हलाहल विष पिए भनेर हामीले त्यसकै अनुकरण गरे के होला ?

यसैकारण जो देवता छन् (शंकर आदि) उनीहरूले पनि शक्ति सामर्थ्य अनुसार नियत, नियम वचनको पालना गर्नुपर्दछ । सत्य मान्नुपर्दछ र विहित आचरणको पालना गर्नुपर्दछ । त्यसैले वुद्धिमानले आफ्नो क्षमता र ज्ञानअनुसार र स्मृति शास्त्रका वचनअनुसार कै आचरण गर्नुपर्दछ। *भागवत् स्कं १० अ. ६६।१९।२०।२१*) यी श्लोकहरूले जोड दिन्छ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नौं हैसियतभन्दा वढीको कामलाई नाम र दामको लागि "साहस" गर्नु हुँदैन । यसैको पुष्टि गर्दै *वि.पु.पं.अ.अ. ३४ को श्लो. ५ मा* वर्णन गरिएको छ कि "पौण्ड्रकले म नै वासुदेव रूपले पृथ्वीमा अवतीर्ण भएको हुँ भन्ने भावनामा आएर घमण्डका साथ श्री कृष्ण वन्न उनकै अनुकरण गर्दै विष्णु भगवान्का अङ्ग चिन्हहरू ग्रहण गऱ्यो । आत्मविस्मृत भएकाले गर्दा उसले स्वयम् भगवान् वन्ने र श्री कृष्णको वरावरी गर्न खोज्दा श्री कृष्णले आखिरमा उसको वध गरे । त्यसैले सम्मानित पूजनीय व्यक्तिको अनुकरण गर्नु हुँदैन भन्ने शास्त्र प्रमाण छन् । यो जान्दा-जान्दै आजकालका नवीन धर्मालुहरू स्वयम् भगवान् किन वन्न खोज्दछन् ?

किन सत्य, नित्य, सनातनशास्त्रका वचन मान्न तयार छैनन् ? व्राह्मणहरू भनेका वर्णहरूमा प्रथम हुन् । त्यसैले त्यस्ता निष्ठावान् व्राह्मणको पूजा स्वयम् विष्णुले पनि गर्नु हुन्छ । यस्ता शुद्ध, पवित्र, वेदज्ञ व्राह्मण तथा सदाचारमा रत द्विजातिहरूले आफ्नो पवित्र देहमा तप्तमुद्रा धारण गर्नु भनेको त म नीच छु भनेर हीन भावले पराश्रयी भएर वस्नु हो । पवित्र परोपकारमा रत द्विजहरूले आयस (फलाम) का आयुधवाट पाखुरामा तताएर त्यसले डामेर पवित्र शरीरलाई अपवित्र वनाई सर्वधर्म र कर्मवाट वहिष्कृत भएर वस्नलाई केले वाध्य वनायो ? सनातन धर्म र शास्त्रहरूले के विगार गरे कुन्नि के फल दिएनन् र यो नवीन पन्थले के नयाँ कुरा दियो ? वहाँहरू (नवीन पन्थ तथा सम्प्रदायमा लाग्नेहरू)ले *भागवत् १०।२०।२३* का वचनलाई पनि यसो हेरेर मनन गर्नु भए हुन्थ्यो । झन भागवत नै आफ्नो सर्वस्व ठानेर पढ्ने र त्यसैवाट आयआर्जन गरी परिवार पाल्ने विद्वान्वर्गले त भागवतका प्रत्येक श्लोकका अर्थ कपट नराखीकन सही रूपले भनिदिए सर्वसाधारणले वुझेर आफ्नो वैदिकी कर्म र सही तत्त्व वुझ्ने थिए । तर भागवतका महापण्डितजीहरूले भागवतका कथालाई कमाउ शैलीमा मात्रै व्याख्या गर्ने कला सिकेर आउनु भएको भए कुरा वेग्लै हो । कि पढ्न चाहिँ पढ्यो तर अर्थ भने घोकाएको भन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नजान्ने हुनु भएर पो हो कि ? यदि त्यसो हो भने त एउटा उखान जस्तै "वाह्र वर्ष रामायण पढ्यो सीता कस्की जोइ" भने जस्तै पो हो कि ?

भागवती कथामा रमाउने त्यसैलाई सर्वस्व ठान्ने विद्वान् महोदय, भागवतैका कुराहरूलाई पनि किन अदेखा वनेर भागवतका कुरा नमानीकन शरीर शुद्धि र ज्ञानको आधार संकीर्तन नै मात्र ठान्दछु भनेर भक्त र जिज्ञासु जनमा समेत प्रवचन दिनु हुन्छ । कि कथाका कुरा कथा मात्रै हो भनेर आफू चैं नमान्ने तर अरुहरूलाई मान्न वाध्य पार्ने काम गर्नु हुन्छ ? यसैमा एक पुरानो लौकिक कुराको सम्झना हुन्छ । त्यो के भने एकजना पण्डितजी कथा (पुराण) भन्न जानु भएछ । त्यही कथा सुन्न पण्डितनी वज्यै पनि जानु भएछ । कथा रसमय भावमा गइरहेका वेला कथा वाचकले हेर्नुहोस् भक्तजनहरू कस्तै भए पनि रामभेडा (गोलभेडा) खानु हुँदैन । भाण्टा खानु हुँदैन । खाएमा नरकको वास हुनेछ । एवम् रितले कथा भन्दै जाँदा सप्ताहको कार्यक्रम सकियो । पण्डितजी घर आउनु भयो । भान्सामा वस्दा गोलभेंडा र भण्टा आफ्नो प्रिय सब्जी नदेखेपछि पण्डितनी वज्यैलाई सोध्नु भएछ । हैन ? किन आज भण्टा र गोलभेंडा नपकाएको ? सरल रूपमा वज्यैले जवाफ दिनुभएछ हजुरले नै अस्ति भागवत महापुराणको कथा भन्दा भण्टा र गोलभेंडा खानु हुँदैन। खाएमा नरक परिन्छ भन्नुभएको हैन ? यो सुनेर वाजेले भन्नु भएछ धत् लाटी ? त्यो त कथाको पो खानु हुँदैन त फलेको त भइहाल्छ नि ? यस्तो छ हाम्रो नैतिकता । *१०.५.४ को श्लोक*

कालेन स्नान शौचाभ्यां संस्कारैस्तपसेज्यया ।
शुध्यन्ति दानैः सन्तुष्ट्या द्रव्याण्यात्माऽऽत्म विद्यया ॥

अर्थः मत र मतवादले धार्मिक आस्थामा नै हलचल ल्याउँछ भने सोचेर मत र मतवादका पछि दगुर्नु हुँदैन । आफ्नो परम्परागत संस्कारको निर्मूल पारी पूर्ण आधुनिक वन्ने होडका खेलमा पर्नु हुँदैन भन्दै भागवत १०।२०।२३ मा यसरी भन्दछन् -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलौघोनिरभिद्यन्त सेतवो वर्षतीश्वरे ।

पाखण्डिनामसद्वादैर्वेदमार्गाः कलौयथा ।

जसरी वर्षाका भेलले वाँध, पुल, वाटो, घर र गाउँहरू डुवाउने गरी नदीमा वेग आउँछ । त्यसरी नै कलियुगमा पाखण्डीहरूका नाना थरीका झुट्टा मत र मतवादवाट वैदिक धर्म मार्गको मर्यादा भङ्ग हुन्छ । वैदिक मार्ग लूलो वन्दछ । अनि प्रायः मानिसहरू यही मतवादका वाढीमा वग्दछन् अनि हामी त्यस्तो व्यक्ति जो धर्मको ठीक-ठीक मर्म वताउन सक्दैन, गफ र अशास्त्रीय गुड्डी हाक्नेसँग समानता गर्न असमर्थ भएका र सत्य, धर्म र सदाचार भन्दा भिन्न सोच्न पनि नसक्ने सरल हृदयीले वोलचालमा सिपालु र चलाखलाई नै साधु ठान्दछौं । जो घमण्ड, दम्भ, पाखण्ड गर्न सक्छ त्यो नै हाम्रो लागि ठूलो साधु हुन्छ भन्दै भागवत द्वादश स्कन्ध अध्याय २।४ को दोस्रो पाउ "पाण्डित्येचापलं वचः" ऐ. कै पाँचौ श्लोकको पहिलो पाउमा आजकालका साधुको महत्त्व र चिन्ह वताइएको छ । अनि भनिएको छ विद्वान्, संयमी, सरल हृदयी भए पनि ऊसँग धन छैन भने त्यसलाई सच्चा साधुत्ववाट वञ्चित गराइन्छ । असाधुताको दोषी भनेर चिनिने एक मात्र चिन्ह गरीव हुनु नै हो । अनि चरित्र जस्तो भए पनि यदि आफ्नो आश्रम अनुकूलको 'लोगो' चिन्ह छ भने र अर्काले पनि त्यो 'लोगो' लाउन चाहन्छ र लाउँछ भने मात्र त्यसले त्यस्ता साधुका आश्रममा प्रवेश पाउँदछ -

अवृत्या न्याय दौर्वल्यं पाण्डित्ये चापलं वचः ।

अनाढ्यतैवासाधुत्वे, साधुत्वे दम्भ एव तु ॥

लिङ्गमेवाश्रमारव्यातावन्योन्यापत्ति कारणम् । (१२।२।४)

मेरो सम्प्रदायको शरण लिए मुक्ति पाइन्छ । मेरो धर्म मात्र ठूलो वैदिकवाद भनेको क्लिष्ट वाद हो भन्ने उनीहरूको भनाइ हो । तर हामी भन्छौं ज्ञानवाट मात्र मुक्ति पाइन्छ भन्ने उपनिषद् वाक्य र भागवत नै हाम्रो सर्वस्व ग्रन्थ हो र यो वेदानुकूल छ । नाम संकीर्तनवाट प्रभु सांनिध्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छ भन्ने भागवतको उद्घोष छ *(१२।१३।२३)* भक्तिरसमा डुवेर भगवानमा तन्मय भएका वेला वाहेक नाचेर, गीत गाएर, वाद्यवाधन वजाएर जीविकोपार्जन गर्नु चाहिँ द्विजातिलाई निषेध छ तर हिजोआजका पुराणवाचकज्यूहरूले भागवतको सार वस्तु नभनी जहाँ पायो उहीं नाच्ने, वाद्यवादन वजाउने, भ्याउरे पारामा गाउँने गर्ने गराउने गरिएको देख्दा मन त्यसै हुडलिएर आउँछ । वहाँहरूले *भागवतकै ४।२९।४४* हेरेको भए पनि हुन्थ्यो नि । त्यसमा नारदजीले वर्हिष्मन्‌लाई कर्मकाण्ड, संकीर्तन भन्दा आत्मचिन्तनको उपदेश दिनु भएको छ । अनि प.पु. पा.खं.प. ८४ को श्लोक ४६ पनि यिनै कुराको पुष्टि गर्दै निर्देशन दिन्छ -

नाशौचं कीर्तनं तस्य सपवित्रकरोयतः ।
वर्णाश्रमाचारवता पुरुषेण परःपुमान् ॥

नारदजी भन्नु हुन्छ हे वहिर्ष्मन् प्रजापति व्रह्मा, शंकर, मनु, प्रजापति गणसनकादि व्रह्चारी, मरीचि, अत्रि, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, भृगु वशिष्ट र म नारद जस्ता व्रह्मवादी मुनिगणहरू समस्त वाङ्मय अधिपति भएर पनि तप, उपासना र समाधिवाट खोज्दा-खोज्दा झाऱ्यौं तर पनि हामीले उनै सर्वसाक्षी परमेश्वरलाई देख्न सकेका छैनौं । त्यसैले हे राजन् तिमी यस्ता वाह्य कर्ममा रत नहोउ र व्रह्म चिन्तन गर भनेर उपदेश दिने नारदजी भन्दा के अहिलेका धर्म र धर्मोपदेशकहरू शक्तिमान छन् ?

"अद्यापि वाचस्पतयस्तपोविद्यासमाधिभिः ।
पश्यन्तोऽपि न पश्यन्ति पश्यन्तं परमेश्वरम्" ॥

(भागवत् ४।२९।३९)

शास्त्रका कुरालाई पर सारेर "पुराण"हरूको दुहाइ दिएर साधारण जनसमक्ष आचार र व्यवहारको वर्णन गर्ने अनि त्यसै अनुसार चल्ने आदेश दिने र आफूलाई भागवतादि पुराण भन्न नै जन्मदिने ईश्वरलाई प्रणाम गर्दछु भन्ने पुराणवक्ताज्यूहरूले किन र कुन स्वार्थले तिनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागवतादिका आदेशलाई लत्याएर पूर्व परम्परा र संस्कृतिलाई तिजाञ्जलि दिने र दिन लगाउने गर्नु हुन्छ ? कि पुराणमा श्रेष्ठ भागवतको स्कन्ध ४।२०।१२ का यी श्लोकमा दृष्टि परेन ? परेर पनि ती श्लोकको वास्तविक अर्थभन्दा आफ्नो व्यवसायमा धक्का लाग्दछ भनेर पो हो कि ? हेरौं न त त्यहाँका कुरालाई पन्साएर कसरी पाखण्ड धर्म सुरु भयो र वैदिक सनातन धर्मलाई कसरी पछि पारियो कुरा पाखण्ड धर्मको सुरु वेनपुत्र पृथुको १०० औं यज्ञको प्रारम्भदेखि नै चल्यो । आफ्नो श्रेयलाई प्रमुख ठान्ने र अर्को कोही पनि आफ्नो वरावरीमा नआओस् । म मात्र षडैश्वर्य सम्पन्न वनौं र अरु सवै मेरो सेवा गर्ने वनून् । मेरो एकछत्र प्रभावको छायामा सवै रुमल्लिउन भन्ने आजका धर्म गुरुहरू जस्तै पुराणमा वर्णित यज्ञका हर्ताकर्ताका सामु यज्ञ हवि पुऱ्याउने यज्ञका प्रमुख अङ्ग "इन्द्र" का करतुतवाट नै सुरु भयो ।

जव पृथु महाराज आफ्नो १०० औं अश्वमेध यज्ञ गर्न लाग्नु भएको थियो । त्यही वेला इन्द्रले अव मेरो इन्द्रासन पृथुले लाने भयो । म इन्द्रपदवाट च्युत हुने भएँ, अव यो यज्ञमा विघ्न नपारी भएन भनेर मनमा डाह भएका, अर्काको उन्नति नचाहने अनि मनमा कुनै महत्वाकांक्षा नभएका र कर्तव्यका लागि शास्त्रविहित कर्म मात्र गर्नेलाई ध्वस्त पार्न नै आफ्नो चरित्र सवैतिर प्रख्यात "इन्द्रले अश्वमेध यज्ञका लागि छोडिएको घोडालाई चोरेर लुकाए । यसवाट पृथुको यज्ञमा विघ्न आइपऱ्यो । यसवाट पृथु रिसाएर इन्द्रलाई मार्न वाण छोड्न लागे । यो देखेर व्रह्मा, विष्णुले हे पृथु इन्द्रलाई मार्न नखोज यज्ञको अङ्ग इन्द्र हुन भनेर यज्ञ विघ्न कर्ता इन्द्र कै पक्ष लिए । याजक पृथुलाई समर्थन गरेनन् । यसरी निस्काम यज्ञ गर्दा पनि त्यो यज्ञको अंग घोडा चोरेर इन्द्रले पाखण्ड धर्मको शुरुवात गरे । किन कि यज्ञको घोडा चोरेर यज्ञ विघ्न गर्ने कर्म पाखण्ड कर्म र पापकै एक खण्ड भएको हुनाले त्यहीवाट पाखण्ड धर्मको शुरुवात भयो ।

"तर ठूला माछाले साना माछालाई खान्छ" भनेझैं सर्वेश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"विष्णु"ले पनि इन्द्रलाई दण्ड नदिइकन पृथुलाई नै दोषयुक्त देखे। यसैको समर्थन गर्दै व्रह्माले इन्द्रलाई भने। पृथु र याजकहरू हो तिमीहरू अव धेरै इन्द्रलाई न चलाऊ नत्र त इन्द्रले अझ धेरै पाखण्ड कर्म गर्दछन् र अरुहरूलाई पनि सिकाउँछन् भनेर पृथुको यज्ञलाई रोक्दै विष्णु भगवान् भन्नुहुन्छ कि -

एवं द्विजाग्र्यानुमतानु वृत्त । धर्म प्रधानोऽन्यतमोऽपितास्या: ॥
ह्रस्वेन कालेन गृहोपयातान् । द्रष्टासि सिद्धाननुरक्तलोक: ॥
(४।२०।१५ भागवत)

हे पृथु ! तिमी अहिले राज कार्यमा व्यस्त छौं । त्यस्तै अरुहरू पनि आ-आफ्ना वर्ण र आश्रममा रहीं आफ्नो आश्रम वर्ण अनुसारका कार्य गर्दछन् र गर्नुपर्दछ राजन् ! तिमीले राजधर्मवारे राम्ररी मनन गरी श्रेष्ठ विद्वान् र धर्मका मर्मज्ञ व्यक्तिको सम्मति र पूर्व परम्परा, वंश परम्परावाट प्राप्त भएको धर्मलाई नै मुख्य धर्म मानेर कही पनि आसक्ति नभइकन रहयौ भने सवैले तिमीलाई मान्नेछन् र सिद्धहरू दर्शन दिन तिम्रै घरमा आउनेछन् । श्री विष्णु फेरि भन्नुहुन्छ "न वध्यो भवतामिन्द्रो यद्यज्ञो भगवत्तनु:" हे पृथु ! इन्द्रलाई मार्ने इच्छा नगर्नुहोस् । किनकि इन्द्र यज्ञका अंग हुन यिनैवाट अरुले यज्ञको भाग पाउँदछन् । यसरी यज्ञका विघ्नकर्ता इन्द्रलाई व्रह्मा र विष्णुले नै संरक्षण दिए । यही ठानेर होला ? आजका नवींन धर्मका अगुवाइ गर्नेहरूले पूर्व परम्परा अनि सत्शास्त्रका वचनलाई पाखण्डपूर्ण अर्थ गरी जनमानसलाई भुल्याइरहेका छन् । उनीहरू निर्धक्कसँग मन लागेको कर्मलाई धर्मको नाम दिई त्यही अनुसारको नियम निर्माण गरेर विचरण गरिरहेका छन् । यज्ञ विघ्न पार्ने इन्द्रलाई भन्दा यज्ञ गर्ने पृथुलाई भगवान्ले यज्ञवाट विरत गराउनुको पछाडि यहाँ एउटा मननीय प्रसङ्ग वुझ्नुपर्ने हुन्छ । इन्द्रासनमा वस्ने इन्द्रको अवधि हुन्छ त्यस अवधिसम्म इन्द्रको फेरवदल हुनुहुँदैन । यदि पृथुले यज्ञ पूरा गरेका भए असमयमै इन्द्रले इन्द्रासन छोड्नुपर्ने हुन्थ्यो । यो विधिको र भगवान्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत सिद्धान्त विपरीत हुन्थ्यो । त्यसैले भगवान्ले पृथुलाई यज्ञ वन्द गराउन आदेश दिनुभयो र पृथुले यज्ञ वन्द गरे । क्रतुर्विरमतामेष देवेषु दुरवग्रह । धर्म व्यतिकरो यत्र पाखण्डै रिन्द्रनिर्मितैः भागवत ४।१९।३५ हे राजन् यज्ञ वन्द गर । किन कि तिम्रो यज्ञ इन्द्रले खण्डित गरिसके । अनि देवता वडा दुराग्रही हुन्छन् । यही यज्ञले गर्दा इन्द्रले यहाँ अलिकति पाखण्डीपन देखाएकै हुन् आफ्नो इन्द्रासन वचाउका लागि । उपर्युक्त कुरालाई नै सिरानी हालेर ढुक्क हुनु भएको होला । अनि यस कुराको खण्डन गरेर वास्तविक कुरा भक्त सामु राखेर परम्पराको मात्र पालना गर्नु पर्दछ भनेका ४।२०।१२ को श्लोकको व्याख्या गर्न किन सक्नुहुन्न ? भागवत् महापुराणलाई आफ्नो प्राण ठान्ने महापण्डितजीहरूको विद्वत्तालाई मान्नैपर्ने हुन्छ । किनभने यसै पुराणका श्लोकहरूलाई वास्तविक अर्थमा नलगिकन ठट्यौली अर्थ लगाई मानिसलाई आफूतिर आकर्षित पार्दा मात्र दान, भेटीको ओइरो लाग्ने गर्दछ र मालामाल वन्न सकिन्छ भनेर र भइरहेको देखेर नै यतातिर ध्यान दिनु भएको त होइन ? श्रीमद्भागवत ज्ञानयज्ञ महापुराण भनेर नाम दिए पनि त्यहाँ ज्ञानको व्याख्यान हुँदैन । व्याख्यान हुन्छ त खाली कृष्णले दही चोरेको, साडी हरण गरेको, नृगले दान दिंदा गरेको भूलको, दान नदिंदाको फल, पुराणवक्ताको निन्दाको फल, भागवत्का कुरामा जिज्ञासा राख्दा (भागवतादि अन्य पुराणहरूको पनि) निन्दा हुन्छ भन्ने कुरा अनि दान यस्तो दिनुपर्दछ भनेर मात्र लिने सम्पत्ति कमाउने र युवायुवति वीचका प्रेम प्रसंगका कुरा पौराणिक कथामा ढालेर भन्दा रमाइला हुने मात्र कुरा गर्ने वाहेकका कुरा मात्रको वर्णन हुन्छ । खोइ त नाम अनुसारको काम ? खोइ त ?

भागवत ३।३२।५-६ का वचनको पालनाः

ये स्वधर्मान्न दुहयन्ति धीराः कामार्थहेतवे ।
निःसङ्गा न्यस्त कर्माणः प्रशान्ताः शुद्धचेतसः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवृत्ति धर्मनिरता निर्ममा निरहङ्क्तता:
स्वधर्माख्येन सत्वेन परिशुद्धेन चेतसा ।

जो विवेकी पुरुष आफ्नो धर्मलाई अर्थ र भोगविलासका लागि उपभोग गर्दैनन् र मात्र ईश्वरका प्रसन्नताका लागि नै आफ्नो स्वधर्म वर्णाश्रमानुसारको पालन गर्दछ । त्यस्ता अनासक्त, प्रशान्त, शुद्धचित्त, निवृत्ति धर्मपरायण, ममतारहित अहंकार शून्यहरू मात्र सत्वगुणयुक्त हुन्छन् । यस्ता सद्गुणले युक्तहरू मात्र धार्मिक अनि शास्त्रका ज्ञाता र वक्ता, गुरु वन्नेछन् नत्र त रामनामी खास्टोभित्र लागूपदार्थ वोकेजस्तो हुन्छ । भगवान् श्रीकृष्ण, स्त्रीप्रिय, चोर, जालि आदि हुनुहुन्नथ्यो । वहाँमा दिव्य ज्ञान थियो । गीतादर्शन दिएर जगत्का मानवलाई धर्मकर्मको वारे कर्तव्य अकर्तव्यवारे ज्ञान दिने परम योगी श्रीकृष्णलाई नाना थरिका लौकिक उपमा दिएर कामुक, स्त्रीलम्पट वनाउने (गोपी पीन पयोधर मर्दन चञ्चल कर युगशाली) जस्ता श्लोक वनाएर कृष्णलाई अनैतिक वनाउँदा त्यही गीत गाउँदा मोक्ष हुन्छ भनेर मानवलाई भुल्याउनुको अर्थ नै वुझ्न सकिएको छैन । श्रीमद्भागवत १०।७०।५ देखि १३ श्लोकसम्म श्रीकृष्णका नित्यचर्याको वर्णन गरिएको छ । वर्णन यसप्रकार छ- श्री कृष्ण विहान सवेरै उठ्नु, व्रह्मध्यान गर्नु त्यसपछि विधिपूर्वक निर्मल जलमा स्नान गर्नु, शुद्धवस्त्र लगाएर नित्यकर्म सन्ध्या वन्दन गर्नु, हवन गर्नु र मौनपूर्वक गायत्री जप गर्नु, सूर्योदय हुने वेलामा सूर्योपस्थान गरी देव, ऋषि, पितृलाई तर्पण गर्नुहुन्थ्यो ।

फेरि आफ्ना कुलका ठूला वूढा र व्राह्मणको विधिपूर्वक पूजा गर्नु हुन्थ्यो । त्यसपछि दूध दिने पैलावेते वाछावाछीले युक्त सिधा शान्त मोतिमाला सुन्दर वस्त्र, सिंगमा सुन, खुरमा चाँदी मढेका गाईहरू र गाई लिने व्राह्मणहरूलाई वस्त्रादि आभूषणले सिंगारेर रेशमी वस्त्र, मृगचर्म र तिलले सहित प्रतिदिन तेर हजार चौरासी गाई दान गर्नु हुन्थ्यो । त्यसपछि आफ्नै विभूतिस्वरूप गाई, व्राह्मण, देवता, कुलका वडावुढा र समस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीलाई प्रणाम गरेर माङ्गलिक वस्तु स्पर्श गर्नु हुन्थ्यो ।

त्यसपछि मात्र शरीरका आभूषण पीताम्वर, दिव्य वस्त्र, हारहरू, फूल र कौस्तुभ, भस्मचन्दनादि लाउनु हुन्थ्यो । घिउ र ऐनामा आफ्नो मुहार हेर्ने गर्नुहुन्थ्यो । गाई, गोरु, व्राह्मणको दर्शन गर्नु हुन्थ्यो सधैं ग्रामवासी प्रजाका कामना पूर्ण गर्दै उनीहरू सन्तुष्ट भएको हेर्न चाहनुहुन्थ्यो । सन्तुष्ट भएको देखेर वहाँ सन्तुष्ट वन्नु हुन्थ्यो । पुष्पमाला, ताम्वूल चन्दनादि अङ्गराग आदि चीजहरू पहिले व्राह्मण, स्वजन, आफ्नी रानीहरूलाई र त्यसपछि आफ्ना कर्मचारीलाई वाँडेर अनि मात्र आफू लाउनु हुन्थ्यो । यस्ता श्रीकृष्णका दिनचर्या थिए । उनै श्रीकृष्णका भक्त हुँ भनेर घमण्ड गर्ने र उनका वानीका गुण गाउने रूपमा चीरहरण दधिहरण, रासलीलाका लोकगीतिमय लयमा गाउने गर्ने र श्रीकृष्णकै अनुकरण गर्न समेत पछि नपरी उनकै चिन्ह आयुधहरू आफ्ना शरीरमा स्थायी र अस्थायी वनाउनेले यी कृष्ण दीनचर्याका "अनुकरण" किन गर्दैनन् को नि ?

सनातन वैदिक धर्मलाई नजानिंदो पाराले तिरस्कार गरेर नयां खाले तरिका वनाई त्यसको नाम पनि सनातन वैदिक मर्यादाको नाम दिने र आफूले नीति निर्माण गरेर सम्प्रदाय पुराण वनाई व्यासकृत भनेर नाम दिनेलाई नै अचेल 'गुरु' भनिन्छ । तिनै गुरु नै सम्प्रदायका प्रमुख हुन्छन् । तिनकै नौरङ्गी वोलीमा सवैजना लट्टिनु परेको छ । त्यही वोलीलाई वेदवाक्य भन्दा पनि गहन मान्नु परेको छ । हरेक कर्मलाई स्वीकार गर्नु परेको छ । जान्ने भन्दा जान्ने पनि त्यही "हावा"मा वहेका छन् भने सर्वसाधारण किन वच्दथे र ? पुराना पुराणमा संशोधन हुंदा हुंदा अव त त्यसको स्वरूप नै वदलिइसकेका छन् । ती जान्नेहरूले सत्य यो हो भनेर वोले भने त यो "वौलाहा" भएछ भन्नेछन्, नास्तिक हो भन्ने छन् । कथित आस्तिक र धर्मवेत्ताहरूको विर्गाविर्गी चलेका वेला थोरै संख्यामा रहेका विद्वान्हरूले पनि "विवाह र विवाद समानसंग मात्र गर्नु"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने उक्ति सम्झेर चूप लाग्नु परेको छ होला। विद्वान् वर्गलाई यस पुस्तकमा कही आरोप लगाए पनि वहाँहरूको विवशता यस्तै होला भनेर त्यस वोलीका लागि क्षमावाहेक के माग्नु र ? भनाई नै छ नि "वोली र गोली" निक्लिएपछि पुनः त्यही स्थानमा फर्कदैन। खाली दुःखी छु भन्नु मात्र न हो।

यो संसारमा जो भोगी छ उसैले मात्र नाना थरिका कर्म गर्दछ। यो संसारमा सवै प्रकारका भोग र भोग्य पदार्थको अनुभव भएर नै कर्मको अनुष्ठानमा वृद्धि हुन्छ। जो जुन कुराको जानकार छ र भोग भोग्दछ र उ त्यहीत्यही कुराको प्राप्तिमा पटकपटक इच्छा गर्दछ। त्यसैले उसको इच्छाले गर्दा नै उ इच्छाको पूर्ति गर्नका लागि कर्म गर्दछ। मानिसलाई स्वर्गको अनुभव हुँदैन र ऊ यही भूमण्डल मात्र हो भनेर भूमण्डललाई मात्र जान्दछ। उसलाई स्वर्गका देवाङ्गनाको अनुभव हुँदैन। हुन्छ त मात्र यही पृथ्वीका स्त्रीसँगको मात्र। त्यस्तै देवताहरूलाई मर्त्यका कुनै पनि कुराको अनुभव हुँदैन हुन्छ त मात्र स्वर्गको। त्यसैले जसलाई जे को जस्तो अनुभव छ त्यही मात्र प्राप्त गर्न खोज्दछ।

गृहस्थाश्रमको सुखको अनुभव नभएकाले कसरी गृहस्थको महत्त्व जान्दछ र ? त्यस्तै परम्परागत धर्मको चाखमा वसेकाले यो नवीन पन्थको केही चाख गर्दैन र त्यसका वोलीहरूमा विश्वास गर्दैन। परम्परागत सनातन वैदिक धर्मका अनुयायीहरू यो मान्दछन् कि धर्म सम्प्रदायमा लाग्ने वित्तिकै व्यवहारवाट छुट्टी पाइँदैन। यो व्यवहार कर्म त जहिले पनि भइ नै रहन्छ। मुक्ति पाउन त गृहस्थाश्रममा वसेर सत् कर्मको अवलम्वन गर्दा पाइन्छ। वानप्रस्थ र सन्यासका कुरै नगरौं।

जाग्रत अवस्थामा मनुष्य जुन कुराको विशेष चाख र लगाव राख्दछ, स्वभाव जस्तो हुन्छ, त्यस्तै खाले कुरा र घटना ऊ स्वप्नमा देख्दछ। यसै तरिकाले जीवन पर्यन्तको काम, व्यवहार, रुचिका अनुसार नै मृत्यु कालमा त्यो व्यक्तिले त्यही अनुसारका फल प्राप्त गर्दछ। मरण कालमा जीवात्मालाई स्वर्गादि लोक नै पाउने स्वतन्त्रता नै हुँदैन। यो त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसको पुण्य र पापका कर्मको प्रेरणावाट उँच र नीच फल पाउँदछ। कान फुकाएर, अर्काको पन्थ समातेर त्यही अनुसारका कर्म गरेर "गोलोक" वैकुण्ठको आशमा गोलोकोत्सव वैकुण्ठोत्सव गरेर त्यहाँको सुख भोग गर्ने चाहना त आफ्नो चरित्रमा भर पर्दछ। "मत" पछ्याउने गर्दा स्वर्ग पाइन्छ भन्नु र पछ्याउनु भनेको आफूमाथि र आफ्ना अग्रज पुर्खामाथि शंका र द्वेष गर्नु हो। यसैमा "क्या करें क्या नकरें" भन्ने पुस्तकको भूमिकाको एक श्लोक सम्झें

"मत यो यत्र गच्छन्ति तत्र गच्छन्ति वानराः ॥
शास्त्राणि यत्र गच्छन्ति तत्र गच्छन्ति ते नराः ॥"

विष्णु पुराण षष्ठ अंश अ. १।४३ मा भनेको छ कि मत वनाउने, अल्पज्ञ र मन्दवुद्धि भएकाहरूले हो र आफ्नो मत (सम्प्रदाय)को चिन्ह शरीरमा लगाउने अनिवार्यता पनि गर्नु उनीहरूको काम हो। यस्ताहरूको सद्‌गति नै हुँदैन र चाँडै नष्ट हुन्छन् हेर्नुहोस त -

"अल्पप्रज्ञा वृथालिङ्गा दुष्टान्तःकरणाः कलौ। यतस्ततो विनंङक्षन्ति काले नाल्पेन मानवाः।"

यस्तै पद्‌मपुराण स्वर्ग खण्ड अ. ५५ को १९ श्लोकमा छ कि - अगोत्रको अर्थात् आफ्ना गोत्रदेखि वाहेक अन्य गोत्रको कुलको धर्म मान्नु हुँदैन। यदि वलपूर्वक अगोत्रको धर्म आचरण पालना गर्दछ भने त त्यो आफू र आफ्नो कुलसमेत नष्ट पार्नेवाला हुन्छ भन्दै श्लोक यसो भन्दछ

आगोत्र धर्माचरणात्क्षिप्रं नश्यति वै कुलम्
अश्रोत्रियेषु दानाच्च वृषलेषु तथैव च ॥

यस्तै गरी श्रीमद्‌भगवत गीता ७।२० मा स्वयं भागवान भन्नुहुन्छ कि जो भौतिक इच्छा परिपूर्ण गर्नका लागि देवताको भजन गर्ने र शरणमा जाने वाटो संप्रदाय वनाउँछन् ती भौतिक इच्छाद्वारा ग्रसित छन्। तिनले परंपरा विधिविधान छोडेर देवताका शरणमा जाने अनि देवताको पूजा पनि आ-आफ्नै स्वभावानुसार नै गर्दछन्। उनीहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा गर्ने विधि-विधान पनि भिन्नै हुन्छ । यसवाट भौतिक सुख त प्राप्त होला तर आध्यात्मिक सुख भने कहिल्यै प्राप्त गर्न सक्दैनन् ।

कामैस्तैस्तैर्हृत ज्ञाना: प्रपद्यन्तेऽन्य देवता:

तं तं नियममास्थाय प्रकृत्या नियता: स्वया ।

यस्ता प्रमाण त पुराण मै हजारौं छन् । कही पनि सम्प्रदाय वनाउ, वेग्लै नियम वनाऊ भनेर आदेश दिएको छैन । आफ्नो स्वधर्म ४ आश्रम ४ वर्णका लागि निर्माण गरेर त्यसको विधि विधान पनि वनाई मानव कल्याणार्थ हाम्रा पूर्वजले हाम्रो उन्नतिका लागि यो मानव वासस्थानतर्फ पठाइदिएका छन् । हामीले पुर्खाका आग्रहलाई नलत्याइकन त्यसको सम्मान गरौं असाम्प्रदायिक वनौं साम्प्रदायिक नवनौं ।

उपनयन संस्कारपछि वेदारम्भसमेत भएपछि त्यहाँ पाइएको गायत्री मन्त्र, वेद मन्त्र नै सवै भन्दा ठूला मन्त्र हुन् । यी मन्त्र सुनिसकेपछि अन्य मन्त्र सुन्ने आवश्यकता नै छैन र गुरु अन्यलाई वनाउनु पर्दैन । पौराणिक मन्त्र सुन्नका लागि जप्नका लागि अन्य गुरुको आवश्यकता छैन । मनु भन्नुहुन्छ-

गुरवो मातृपितृपत्याचार्य विद्यादाता जेष्ठभ्रातर ऋत्विजो भयत्रातान्नदाताचेति । गुरु शव्दस्य प्रवृत्ति निमित्त भूतायाः पूजार्हतायाः सर्वत्रानुस्यूतः । मनुः उत्पादक व्रह्मदात्रोर्गरीयान्व्रह्मदः पितेति, निषेकादि कर्ता पितैव मुख्यो गुरुः । मनुवचनात्पितुरेव मुख्य गुरुत्वमिति स्थितं ।

स गुरुर्यः क्रियाः कृत्वा वेदमस्मै प्रयच्छति

उपनीयददेद्वेदमाचार्यः स उदाहृतः ॥३४॥ याज्ञवल्क्य ।

योऽसौ गर्भाद्या उपनयनान्ताः क्रिया यथाविधि कृत्वा

वेदमस्मै व्रह्मचारिणे प्रयच्छति स गुरुः ।

यः पुनरूपनयनमात्रं कृत्वा वेदं ददाति स आचार्य ।

निषेकादीनि कर्माणि यः करोति यथाविधि

संभावयति चान्नेन सविप्रो गुरुरुच्यते (मनु अ. २ को १४२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लाध्य: पिता समस्तानां गुरुणां परमो गुरु:

(वि. पु. प्र. अं. अ. १८।१३)

गुरुणामपि सर्वेषां पिता परमको गुरु:

(वि. पु. प्र. अं. अ. १८।१६)

गुरुशव्दश्चात्र मुख्यया वृत्या पितरि वर्तते ।
गुरुत्व प्रतिपादनपरे वाक्ये
निषेकादि कर्तुर्जनकस्यैव गुरुत्वाभिधानात् ।

माथिका श्लोकहरूवाट पिता र माता नै छोराका लागि गुरु वन्नुहुन्छ । वहाँहरू वाहेक अन्य गुरु वन्ने कुरामा साह्रै जोड दिएको छैन । शिवपुराण शि. पु.सं. अ. ....मा भनेको छ कि सत्संगवाट गुरु प्राप्त हुन्छ। अनि पूजा र मन्त्रको प्राप्ति हुन्छ -संगत्या गुरु प्राप्येत गुरोर्मन्त्रादि पूजनम् । माता पिता वाहेकका गुरु त सत्संग, आचारवाट मात्र वन्दछन् । रु.सं. २ को अ. १२।७५ मा उल्लेख छ । अनि वि.पु. १ को ३१ मा सुकुलीना:निजात्मत्वाच्चतुर्वर्णैर्विवर्तना: । सर्ववर्णभ्रष्टकरा मूढा ऽसत्कर्मकारिण: । भनेर म कुलघरानाको हुँ, मैले जे गरे पनि सवैले मेरा कुरा मान्नु पर्दछ भनेर आफ्ना-आफ्ना वर्ण र आश्रमका वृत्तिको पालना गर्ने चारै वर्णलाई भ्रष्ट पार्ने मनसायले एकै ठाउँमा भेला पार्ने मूढ पनि सत्कार्य गर्ने हुँ भनेर नाक फुलाउने गर्दछन् । त्यस्ताको विश्वास नगरौं र त्यस्ताको फेरमा परेर आफ्नो वैदिक सनातन धर्मको पालना गर्नलाई पछि नपरौं भन्दै शिवपुराण रुद्रसंहिता अ. १२।४३ मा निर्देश दिन्छ । सनातन वैदिक धर्म वाहेकका अन्य धर्म सवै आधुनिक हुन् । ती धर्म अवैदिक हुन् र सवैभन्दा ठूलो धर्म वर्णअनुसारको गृहस्थ धर्म नै हो- यद्यज्जाति समुद्दिष्टंतन्कर्म न विलंघयेत् । अनि आफ्नो कुल परम्परालाई- विवाहे यादृशं चित्तं तादृशं कार्यमेवहि । अन्यचिन्ता विनिर्वाच्या सर्वा शौनक लैकिकी ।

विवाह र त्यसपछिका दिनमा स्त्री क्रीडामा मानव मन जसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोहोरो र लगनशील हुन्छ त्यसरी नै आफ्नो परम्परापट्टि पनि त्यत्तिकै ध्यान दिनुपर्छ। अन्य नयाँ मततर्फ दृष्टि दिनु हुँदैन भनेर शिवपुराण महात्म्य अ. ६।१९ मा स्पष्ट उल्लेख छ। मुखले वर्णन गरेर, लामालामा भाषण, वैदिक र पौराणिक भएर दिए पनि, गुरु वनेर सवैवाट पूज्य हुन खोजे पनि त्यो निरर्थक हुन्छ। यदि ती दिएका भाषण र तर्कको अवलम्वन गर्दैन भने। शिवपुराण रु.सं. अ. १२/६४ मा 'आलम्वनं विना तस्य पदमुच्चैः सुदुस्करम्। भनेर किटान गरिएको कुरालाई मान्नै पर्ने हुन्छ।

साह्रै धेरै धर्मका वाटा वनेका छन्। एकभन्दा अर्को झन् गहकिलो भएर निस्किएको छ। जता हेर्‍यो उतै धर्मको रंगीन प्रवचन चलिरहेको छ। ती सम्प्रदायमा पस्न मानिसको होड चलिरहेको छ। आज अघि कर्मेष्टि भनेर चिनिने र आफूले मानिआएको पण्डितजीहरू समेत ती सम्प्रदायमा लागेर प्रवचन दिइरहेका छन्। के गरौं, के साँच्चै नै हामीले मानिआएका परम्परा, संस्कृतिमा दोष छ त ? के हाम्रा पुर्खाले यो धर्मवारे केही जानेन् ? के पुर्खा सवैको अधोगति भयो ? पुर्खालाई अधोगति मै छोडेर आफू चाहिँ सद्गति नै प्राप्त गरौं कि ? यस्तो गर्दा पुर्खाप्रति कस्तो न्याय होला ? आफ्ना आमा-वावु नरकमा रुँदै वसेका लाई ध्यानै नदिई आफू-आफू मात्रै स्वर्ग जाने त। उनीहरूको कर्म त्यस्तै रहेछ भनेर आफू चाहिँ भव्य भौतिक सुविधामा लटपटिँदै वस्नु ठीकै हो कि के ? आफू जाने र भवसागर पार गर्ने नाऊ नयाँ पंथलाई वनाएर वसेको र पिताहरूलाई कोरा मूर्ख ठानेर उनीहरूको सारा कर्मलाई खोट देख्ने सम्प्रदाय नै ठीक छ त ? आदि अनेक तर्कहरू मनमा उठ्नु सद्विचार भएकाका लागि ठीकै हो। विचारणीय कुरा के भने जति पनि सम्प्रदाय छन् तिनले पनि सम्प्रदाय निर्माणको आधारचाहिं पुर्खाद्वारा वनाइएका ग्रन्थको अपव्याख्या गरी वनाएका छन्। त्यसैले हाम्रा पुर्खा मूर्ख र धर्मप्रति नजान्ने लठूवा थिएनन्। उनीहरूका आदर्श देखावटी थिएनन्। केही स्वार्थ थिएन। थियो भने खाली मानवकल्याण कसरी हुन्छ भन्ने चिन्ता थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै कुराको खल्वलीमा रहेर मानिस अन्यौल ग्रस्त होलान्। मायावादका मायामा भुलिइ रहलान् भनेर मनु महाराजले पंथ स्वर्पी भेलमा कोही नवगून् भनेर वाटो र नाऊ स्वरूप यस्ता वचन भन्नु भएको छ। येनास्य पितरो याता येन याताः पितामहाः। येन यायात् सतां मार्गं तेन गच्छन्न दुष्यति।

पिता जुन वाटोवाट हिंड्नु भयो। हजुरवा जुन वाटोवाट जानु भयो। त्यही सन्मार्गवाट जो कोहीले पनि हिंड्नु पर्दछ। पिता पुर्खाले अंगालेको मार्गवाट हिंडनाले नै दुःख र अभाववाट पार पाइन्छ। पतित त्यो हो जो जस्ले कुलमार्गको त्याग गरेर अन्य मार्गको सहारा लिन्छ, कुल धर्मलाई मेटाउन खोज्दछ श्रुति-स्मृतिलाई अन्य मुलुकका धर्मशास्त्रका कोटिमा राख्दछ र राख्न खोज्दछ जस्ले केवल पैतृक सम्पत्तिका लागि मात्र आफ्नो परम्परा मानेजस्तो गर्दछ। तर सारमा कुलका व्रतलाई त्याग गर्दछ, गोत्र वदल्दछ। त्यस्ता लाई महापतित भनिन्छ। हाम्रो संस्कृतिमा जन्मवाट नै धर्म निश्चित भएको हुन्छ। त्यसैले कुलका परम्परागत धर्म जो सनातन धर्म भनिन्छ त्यसलाई त्याग गरी धर्म नाम दिएका सम्प्रदायलाई अंगाली वहुरूप धर्म धारण गर्ने नै पतित हुन्। धर्मवाट नै सम्पत्ति आदिमा अधिकार हुने हुंदा कुल परम्परा छोड्नेलाई कुलको सम्पत्ति र धर्ममा अधिकार नरहने हुंदा कुनै पनि परम्परागत विधि र विधान त्यो कुलभ्रष्टलाई दिनु हुदैन। भनिएको छ-

न तेषां स्नानसंस्कारो न कृया न स पिण्डनम्।
कुलमार्गं परित्यज्य .... सदारतः॥
हर्ता हेमनश्च मुसेश्च स प्रेतो जायते नरः।
अगोत्र धर्माचरणात् क्षिप्रं नश्यति वै कुलम्॥
पतितानां न दाहःस्यान्नान्त्येष्टिर्नास्थिसञ्चयः।
न चाश्रुपातपिण्डौ वा कार्यं श्राद्धादिकं क्वचित्॥ भागवत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारद,कुर्म पुराण ५।२६-१५ मा पनि यसै आशयको कुरा उल्लेख छ।
यस्त्विह वै निजवेदपथादनापद्यपगत: ....फलं भुङ्क्ते ।

आफ्नो वैदिक मार्ग त्यागेर विना आपत्ति अरुनै खाले पाखण्ड धर्मको अनुसरण गर्दछ भने ती पाखण्डीहरू मरेपछि यमदूतले असिपत्र वनमा तरवार झैं दुवैपट्टि धार भएका पातको जंगलमा लगेर कोर्रा लगाउँदै घिस्याएर घोर नरकमा हाल्दछन् । आफ्नो कुल धर्म छोडेर अन्य धर्मको अवलम्वन गर्नेले यस्तै फल पाउँछ । यो फल पाउन ती स्वधर्म छाड्नेलाई ठीकै छ किन कि आफ्नो वैदिक धर्म त्याग गरेर अर्काका शरणमा जाने दास-दासीलाई यति हुनु पनि कमै हुन्छ भन्दै निर्णयसिन्धुमा वौधायन भन्दछन् । शर्मान्तं व्राहृणस्योक्तं वर्मान्तं क्षत्रियस्यतु गुप्तान्तं चैव वैश्यस्य दासान्तं शूद्र जन्मन: । वैदिक सनातन हिन्दू धर्म आर्य संस्कृतिभित्र रहेर गरिने सम्पूर्ण नित्यकर्म तीर्थादिव्रतहरूमा कर्म गर्दा व्रर्ण व्यवस्थाकै आधारमा जुन वर्ण भए पनि आ-आफ्ना गोत्र नामोच्चारण गर्दै व्राहमणवर्णलाई शर्माऽहं, क्षत्रियलाई वर्माऽहं वैश्यलाई गुप्तोऽहं र शूद्रलाई दासोऽहं भनिन्छ । तर आधुनिक वैष्णव सम्प्रदायहरूले आफ्नो कुल परंपरादेखि चलिआएको गोत्रलाई त्यागेर सवैलाई एउटै अच्युत गोत्रमा ढालेर अच्युत गोत्र अमुक दासोऽह/ शरणोऽहं भन्छन् र भनाउँछन्। स्त्री जातिलाई दासी भनेर सम्वोधन गर्दछन् । लिङ्ग-चिन्ह (शंख चक्र) उर्ध्वपुण्ड्रकै आधारमा आफ्नो सम्प्रदाय, वंशको परिचय हुने हुँदा सम्प्रदायका लागि ठीकै होला किन कि एक जातीय धर्मले गर्ने नै त्यही हो । तर श्रौतस्मार्त कर्म गर्नेहरूलाई अनौठो लाग्नु स्वाभाविक पनि छ ।

यस्तै यस्तै कुराहरू प्रशस्त भेटिन्छन् । लेखिसाध्य छैन । तसर्थ विद्वान् जनले केही प्रवचन दिनु हुँदा रङ्गरसको मात्र कुरा नगरिकन यथार्थताको वोध गराउने खालका श्रुति र स्मृतिका वचन र तिनको तात्पर्य पनि भनिदिएमा जनसाधारणको भलो हुने थियो । यति भनिदिए हुन्थ्यो कि सत्य यो हो र यी कुराहरू मात्र वुझाउनका लागि उदाहरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप मात्र हुन् । श्रीकृष्ण भगवान्ले श्रीमद्भागवतमा भनेका कुरापट्टि मन नदिई ती वचनलाई कुल्चिएर अर्कै अर्थ लगाएर मान्छेलाई नाच्न मात्र लगाउनु कहाँसम्मको पण्डित्याइँ र भक्तको कर्तव्य हो । श्रीकृष्ण भगवान्ले उद्धवप्रति भन्नुहुन्छ-

एतास्ते कीर्तिता: सर्वा संक्षेपेण विभूतय:
मनोविकारा एवैते यथावाचाभिधियते ॥ ११।१६ को ४१

हे उध्दव ! मैले तिम्रो प्रश्नअनुसार संक्षेपमा विभूतिहरूको वर्णन गरें नि ती सवै परमार्थ वस्तुनभई मनोविकार मात्र हुन् । किन कि मनले सोचेर र वाणीद्वारा कहिएका कुनै पनि वस्तु परमार्थ (वास्तविक) हुँदैनन् कल्पना मात्र हुन्छ ।

पढेर ज्ञानी कहिले पनि वन्न सकिँदैन । भीरवाट झरेको लेऊ कहिल्यै पनि लाग्दैन् । आफूले आफूलाई नचिनीकन अर्कालाई चिन्न सकिँदैन । तर्कवाट भगवान्को सान्निध्यता पाईंदैन । ईश्वरको अनुकरण गर्ने महामूर्ख भनिन्छ भने सोझा व्यक्तिले भनुन् ती कस्ता हुन् भने-

अविद्यायामन्तरे वर्तमाना, स्वयं धीरा:पण्डितं मन्यमाना
दन्दह्यमाणा: परियन्ति मूढा: । अन्धेनैव नीयमाना यथान्धा : ॥ (कठ १।२।५)

अविद्याका वीचमा फँसेकाहरू आफू आफैलाई विद्वान् र वुद्धिमान् ठान्ने मूर्खहरू अन्धाका पछिपछि हिंड्ने अन्धा जस्तै नराम्रोसँग भडिकरहन्छन् । अन्धाको हात समातेर हिंड्ने अन्धाको गति के हुन्छ । आफैं विचार गरौं विद्वान्जनले भन्दै यो भनाइ चैं यही समाप्त गर्दछु ।

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रारम्भ

श्री परमात्मने नमः । ...... सनातनाय नमः ।

स्वधर्मेनिधनं श्रेयः परधर्मोभयावहः ॥

विधिं संत्यज्य शास्त्रीयं तपो घोरं कथं चरेत् ॥

(उ.खं. पं पद्मपुराण १३०)

प्रस्तुत श्लोक उद्धरण गर्नुको अर्थ नै हाम्रो अनादिकालदेखि हाम्रा पितापुर्खाबाट नै मानिआएका चलन रीतिस्थिति र संस्कृतिको पालन गर्ने परम्परालाई अक्षुण्ण राख्नु नै सनातनको पालना गर्नु हो र यो नै श्रेय छ भन्ने स्पष्ट्याउनु नै हो ।

हाम्रा प्राचीन वेद, स्मृति, पुराण, महाभारत आदि ग्रन्थबाट निर्देशित नियमहरूको मर्मलाई छियाछिया पारी आफ्ना मनगढन्ते शास्त्रको रचना गरेर नियमहरू बनाएर र स्मृतिग्रन्थका कुरालाई बङ्ग्याएर पुरानो संस्कृतिलाई लत्याएर पितापुर्खालाई र वहाहरूका आदर्शलाई आजका नयाँ सम्प्रदायका ठेकेदारहरूले कुल्चेर वहाहरूलाई केही नजान्ने लठुवा बनाउने जुन दुष्प्रयास भएको छ त्यो साह्रै नै दुःखपूर्ण छ । रंगीन पन्थ र सम्प्रदायको निर्माण गरी सोझा जनलाई सनातनको पथबाट विचलित पारिरहेका छन् । सरल हृदयी र धर्मभीरुहरू ती सम्प्रदायीहरूका चटके बोली र धर्म विरोधी कार्यमा लाग्न विवश छन् किनभने धर्मको मर्म जान्ने विद्वान्हरूबाट सन्मार्ग र धर्मको अनि स्मृति आदि ग्रन्थको मर्मलाई न स्पष्ट्याइकन आफूसहित नयाँ मार्गमा अर्थोपार्जनका निमित्त धार्मिक व्यवसायी भएर आफ्नो अस्तित्वसमेत गुमाएर बसेकाहरूको छुट्याइले नै हो । संसारमा मानिसको विभाजन, आर्य, मंगोल, द्रविड र निग्रो गरी चार भागमा गरिएको छ । प्रत्येकको आ-आफ्नै खालको जात-जाति, भेष-भूषा, रहन-सहन, धर्म-संस्कृति छ । एक खालेको धर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खालेसँग पटक्कै मेल खाँदैन । जस्तै आर्यहरूको संस्कृति र द्रविडहरूको संस्कृतिमा फरक छ । आर्यहरूका वैदिक सनातनी ग्रन्थ, द्रविड धर्म-संस्कृतिका ग्रन्थसँग मेल खाँदैनन् । त्यस्तै अन्यसँग पनि हुन्छ । त्यसैले प्रारम्भ श्लोकले आ-आफ्ना वंश परम्पराको धर्म संस्कृतिको नै पालना गर्नु पर्दछ । अर्काका धर्मको नक्कल गर्नुहुँदैन । आफ्नो कुल परम्परामा रहनेहरूका लागि परधर्म त डरलाग्दो हुन्छ । त्यहाँ आफ्नो स्वविवेकको केही जोड लाग्दैन । हाम्रा शास्त्रहरूले आफ्नो कुल, जाति र वर्णहरूको परम्परा र संस्कृति छोडेर व्यर्थै डरलाग्दा खालका नियमहरू किन अँगाल्नु ? स्व-धर्म नै ठूलो भनेर आफ्नो धर्ममा नै रहनु पर्दछ भन्ने निर्देशन दिएका छन् ।

आर्यहरूका प्रमुख धर्म र कर्मका निर्देशक मनु महाराज भन्नुहुन्छ- 'धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः । तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ।' हे मानव हो, तिमीहरू आफ्नो वर्ण व्यवस्था अनुसारको धर्मको रक्षा गर, त्यो सनातन धर्मलाई नमार । यदि धर्मलाई मार्‍यौ भने त्यही धर्मले तिमीलाई पनि मार्नेछ । यो निर्देशनलाई मनन गरौं र आफ्ना परम्परागत धर्म र संस्कृतिको रक्षा गरौं यसैलाई पुष्टि गर्दै श्रीमद्भागवत भन्दछ कि हे मानव हो, आफ्नो वर्ण धर्ममा रहिकन ईश्वरप्रति समर्पित होऊ । यदि यस्तो होइन र वर्ण धर्म त्यागी अरूको धर्मको आचरण गर्दछौ भने त्यो आचरणबाट तिम्रा हृदयमा भगवद्भक्तिको उदय हुँदैन र प्रेम जागृत हुँदैन भने तिम्रो श्रम बेकार हुन्छ । यदि आफ्नो कुल परम्पराअनुसारको वर्ण तथा आश्रममा नै रहेर धर्मको अनुष्ठान गर्दछ भने मात्र ईश्वरको सान्निध्य पाउन सकिन्छ भनेर भागवतले भन्दाभन्दै किन परसम्प्रदाय या वर्णाश्रमविरुद्धका धर्मको आचरण गर्नु ? पितापुर्खाको धरोहरस्वरूप वचन नमानिकन अहिलेका नयाँ मत र मतवादमा रम्ने हो भने ती पुर्खाको अपमान गरेको हुन्छ । यो अपमानको बदला ती पुर्खाले हामीलाई दण्ड अवश्य दिनेछन् र हामीले अवश्य भोग्नु पर्दछ । आफ्ना जन्मदाता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुम्रेझुम्रे भए भनेर अर्काका खाइलाग्दा जन्मदाता आफ्नै हुन्छन् भनेर तिनका शरण परेर तिमी नै वावु आमा हौ भनेर अंश माग्दा तीवाट अंश पाइन्छ र ?

एक वर्ण र एक आश्रममा रहनेले अर्को वर्ण र आश्रमको धर्मपालना गर्नुहुँदैन । अर्थात् आर्यले द्रविड धर्म-संस्कृतिका पछि लाग्नु हुँदैन । यदि आर्य भएर द्रविड धर्म पालना गर्न लागे आर्यवाट त्याग लिइं द्रविड नै भएर मात्र द्रविडी धर्म लिन सकिन्छ । तर भन्न चाहिँ आर्य भन्ने तर सारा कर्म चाहिँ द्रविड परम्पराको गर्नेलाई *विष्णु पुराण ५।१०।३०।३१ मा* श्री कृष्ण भगवान् भन्नु हुन्छ-

विद्यया यो यया युक्तस्तस्य सा दैवतंमहत् ।
सैव पूज्यार्चनीया च सैव तस्योपकारिका ॥
यो यस्य फलमश्नन्वै पूजयत्यपरं नरः ।
इह च प्रेत्य चैवासौ न तदाप्नोति शोभनम् ॥

जुन व्यक्ति जुन विद्यावाट युक्त छ उसको त्यही नै इष्टदेव हुन्छ। त्यही नै पूजाअर्चनाको योग्य पनि हुन्छ त्यसैले उसको उपकार पनि गर्दछ । यी माथिका श्लोकवाट पनि स्पष्ट हुन जान्छ कि आर्यावर्तका मानव आर्य जातिले अन्य जातिको धर्म-संस्कृति अंगाल्नु हुँदैन । आर्यावर्त भनेको -

हिमवद्विन्ध्ययोर्मध्ये यत्प्राग्विनशनादपि ।
प्रत्यगेव प्रयागाच्च मध्यदेश उदाहृतम् ॥ (मनु)

विन्ध्य श्रृङ्खलाभन्दा उत्तर र हिमालयभन्दा दक्षिणको भाग आर्यावर्त हो । त्यसैले विन्ध्य दक्षिणको भाग द्रविड देश हो । त्यहाँको धर्म संस्कृति मान्नु भनेको द्रविड वन्नु हो । तर आर्य हुं भन्नेले त्यहाँको धर्म संस्कृति मान्न त के सोच्नसम्म पनि हुँदैन । यदि कारणवश विन्ध्य दक्षिण गइयो भने (आर्यले) फर्किएपछि पुनः व्रतवन्ध गर्नुपर्छ भनेर हिमादि मत्स्य र सौर पुराणमा भनेको छ कि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिन्धु सौवीरसौराष्ट्रांस्तथा प्रत्यन्तवासिनः
अङ्वङ् कलिङ्गाद्यान् गत्वा संस्कारमर्हति ॥
त्रिशङ्कुन्ववर्राद्यानश्चीनद्रविडकौंकणम् ।
कर्णाटकांस्तथाभीरान्कालिङ्गांश्च विवर्जयेत् । (मात्स्ये हेमाद्रौ)
अङ्ग वङ्ग कालिङ्गांश्च द्राविडान्दाक्षिणायनम् ।
अवन्त्यांन्मागाधांश्चैव ब्राह्मणास्तु विवर्जयेत् ॥ (सौरपुराण निर्णयसिन्धु)

यस्ता यस्ता प्रमाणहरू छन् । त्यहाँ नजानु भन्ने र त्यहाँको धर्म लिँदाको प्रायश्चितको विधानसमेत छन् शास्त्रहरूमा । किन त्यहाँको धर्म लिनु हुँदैन भन्दा निर्णयसिन्धु फेरि भन्दछ कि दक्षिणी द्रविडको धर्म लिने आर्य वैदिक सनातन धर्मवाट पथच्युत त भइहाल्यो त्यतिमात्र नभएर वैदिक सनातन धर्ममा हुँदै नभएको डामिने, ऊर्ध्वपुण्ड्र लगाउने, कण्ठी लगाउने, द्रविड भाषावाट पाठ पूजा गर्ने, अर्चिरादी मार्ग, सहस्र गीति, आलवन्दार स्तोत्र, पोलिहा, तदीयाराधना, कैङ्‍र्य, तल्ली आदि पाठ गर्नुपर्दछ । जननाशौच र मरणाशौचमा पनि तिलक धारण र सन्ध्यावन्दन आदि गर्न छोड्दैनन् । मातापिताको आशौच वोके पनि पुराणादि भन्न छोड्दैनन् । तिलकधारी वैष्णववाहेकका घरको अन्न, पानी, दाल, भात नचल्ने तर खीर, रोटीजस्ता मीठा पक्वान्न सवै चल्ने । यस्ताखाले वैष्णवहरू कोही तप्त मुद्रा र कोही शीत मुद्रावाट अंकित हुन्छन् । फरक यत्ति नै हो ।

यिनीहरूमध्ये कति त कृष्णयजुर्वेदका अनुयायी पनि छन् तर शास्त्र के भन्छ भने "य एकं वेदमधीत्यान्यं वेदमध्येतुमिच्छति तस्य पुनरूपनयनम् (हरदत्त) का विरुद्धमा छन् र समावर्तनोत्तरं ब्राह्मणस्य नृत्यगीतवादित्राणि न कुर्यान्नच गच्छेत् भन्ने ब्राह्मण ग्रन्थको खिल्ली उडाएर, आकर्षक गीत लयमा वेद उपनिषदविरुद्धका मन्त्रको उपयोग गर्दछन् । आहारको खूव छोई छिटो गर्दछन् । उनीहरू आर्य जातिकै परिचय दिएर द्रविड धर्मको अवलम्वन गर्दछन् र आर्यहरूका शास्त्रमा भएका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंखचक्रमृदायस्तु कुर्यात्तप्तायसेनवा ।
स शूद्रवद्वहिष्कार्यः सर्वस्माद्द्विजकर्मणः ॥
शंखचक्राद्यङ्कन च गीतनृत्यादिकं तथा ।
एकजातेरयं धर्मो न जातु स्याद् द्विजन्मनः ॥

यी कुराहरूलाई मान्दैनन् । तर आफूलाई महान् धार्मिक भनाउँछन् । परिवार परिवारमा फाटो ल्याउने, श्रीमान् श्रीमतीबीचको सम्वन्धविच्छेद गरिदिने काम यी धर्ममा लागेकाहरूलाई बाया हातको चुटकीजस्तै हुन्छ । पुराणवर्णित कथाहरूमा जव विष्णुले ठूलाठूला दानव संहार गर्न नसक्ने भए तव वैष्णवी माया फैलाएर दानवलाई मोहमा पारी मारे तवदेखि वैष्णवी मायाको नाम वैष्णव भयो भन्ने कथाहरू पढिन्छ । तर त्यस कथामा विष्णुले अन्याचारी दुष्ट संहार गर्ने क्रममा मात्र वैष्णवी माया प्रयोग गर्थे भन्ने छ तर अहिले यी तथाकथित वैष्णवहरू आफ्नो वारजालरूपी माया जनातनै प्रयोग गर्दछन् । सत्य, अहिंसा, वेद, उपनिषद मान्ने वैदिक आर्यमाथि यी द्रविडी वैष्णवहरूलाई यावन मतभन्दा पनि हुन्छ होला किनभने-

ईश्वरः कारणं यत्रादृश्योऽस्ति जगतः सदा ।
श्रुतिस्मृतिर्विना धर्मो धर्मोऽस्तस्तच्च यावनम् ॥

चार्वाकले जगत्लाई कहिले दर्शन नपाइने अदृश्य ईश्वरले रचना गरे भनेर माने । धर्म छ र पाप पुण्य पनि छ भन्ने माने तर साधन उपायस्वरूपका वेद स्मृति मानेनन् । जसरी, त्यसरी नै स्मृति र वेदका कुरा नमानेर नै ईश्वर सत्ता मान्दछन्, यी वैष्णवहरू भने । वेद स्मृति नमान्ने तर ईश्वर चाहिं छ भन्ने मत यावनी भएझैं वैष्णव धर्म पनि कहीं यावनी मत नै न होइन किन कि व्यासदेव भन्नु हुन्छ कि-

श्रुतिः स्मृतिश्च विप्राणां नयने द्वे विनिर्मिते ।
एकेन विकलः काणो द्वाभ्यामन्ध प्रकीर्तितः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिलेका नयाँ पन्थ सम्प्रदायहरू प्रायः श्रुति र स्मृतिका झन्झटमा पर्न चाहँदैनन् । यहाँ पूजापाठ (वेद अध्ययन आदि) केही नगरी कीर्तन गर्नु मात्रले परंपद (गोलोक वैकुण्ठ) प्राप्त गर्न सकिन्छ भनेर नाचगान आदि गरेर सत्‌धर्म सनातनलाई खुव झकुरी रहन्छन् । संकीर्तनसहितको श्रीमद्‌भागवत ज्ञान महायज्ञ भनेर ठूला अक्षरमा कपडामा लेखेर जताजतै टाँसिएको र रेडियोवाट फुकाइएको हुन्छ । त्यहाँ ज्ञान महायज्ञको नाम दिइएको भए पनि चन्दा संकलन र नाचगान वाजासहितको तमासामात्र हुन्छ । भागवतको मूल श्लोकको कतै पत्तो हुँदैन । खाली संप्रदाय हितका र अर्थ संकलनका मात्र कुरा हुन्छन् । अर्थका लागि महापण्डित भन्नेहरू समेत भागवतको ठेली फुकाएर लौकिक कुरा र आफ्नो सम्प्रदाय विशेषको प्रचार गर्ने वाहेक अन्य केही दिदैनन् । श्रीमान् श्रीमतीवीच आफ्नो जादू वोलीवाट लठ्याई सम्वन्ध चिस्याउने र वेग्लै वस्ने वाध्यता वनाउँछन् ।

यसरी नाचगानमा रंगिएको धर्मलाई अझै रंगीला वनाउन यसका यस्तै रसिकवृन्दहरू आफ्नो परम्परागत सनातन धर्मलाई लत्याएर त्यहीं लठ्ठ पार्ने र विवेक गुमाउ पंथ सम्प्रदायमा झ्वाट्ट हाम फाल्छन् । किन कि वहाँहरूको मनवुद्धि सम्प्रदायिक धर्मको गोरेटोमा लाग्दछ । वुद्धि र विवेक सिंगौरामा झुण्ड्याउँछन् अनि सनातनरूपी फराकिलो र स्वतन्त्र वाटोलाई चटक्कै छोड्दछन् । जति नै सनातनवारे भन्यो भने पनि उनीहरू सम्प्रदायरूपी जञ्जिरमा वाँधिन नै रुचाउँछन् । परतन्त्रता नै मन पराउँछन् र आफूलाई दास भन्न मन पराउँछन् । भनेकै छ

- प.पु.पा पा.खं. ५।८७।३३

प्रज्वाल्यवन्हिं घृततैलसिक्तं । प्रदक्षिणावर्त शिखं स्वकाले ॥
प्रविश्य दग्धः किलभाव दुष्टो । न स्वर्गमाप्नोति फलं न चान्यत् ॥

अर्थः- घिउर तेलले भिजाएका दाउरा (समिधा) हिमालय जत्रै थुप्रोमा आगो वालेर तपस्या गरे पनि (सकामि-नाम कमाउने हेतुको) मनुष्य अनेक कङ्कुचित विचार मन भित्र राखेर यज्ञ मेला मठ मन्दिर स्तम्भादि आश्रम् (वासस्थान्) हरू निर्माण गर्दछन् ति तेस्ताहरू भित्ररहेको दुष्ट भाव डढ्दैन । भाव दुष्ट भएपछि (आडम्वरी) आचरण जतिसुकै सुकिलो देखाए पनि । सम्प्रदायहरू आफ्-आफ्नो लोगो मा रमाउने गर्दछन् अनि कुल गोत्र वंश तिनको ठेगाननै हुँदैन । कि म कोहुँ मेरो आध्यात्म-विज्ञानको श्रोत के हो वा थियो भन्ने र सोच सिर्फ उ नाम, चेला, चेलि, र अर्थेपार्जन हेतु वर्णशाङ्कर्यता रुप कर्म गर्दछन् अनि ति शिष्य शिष्या सहित विशाल नरक यातना भोग्छ र भोगाउछ) त्यस्तो आडम्वरी आचरणवाट भौतिक सुःख प्राप्त गर्दछ तेस्ता गुरु रुपठग्हरूका उपदेशले मुक्ति हुँदैन शास्त्रहरूमा यहि उल्लेख पाइन्छ ।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहस्थ धर्म

आफ्नो क्षमताअनुसार विद्याआर्जन गरिसकेपछि सत्य, ज्ञान विवेक कमाइ गरेपछि जब उमेर २५ वर्ष पुग्दछ तब योग्य शिक्षित सवर्ण कन्यासँग विवाह कर्म गरी गृहस्थ आश्रममा प्रवेश गरिन्छ । सवै आश्रमभन्दा महत्त्वपूर्ण आश्रम, मुक्ति दिने सर्वाधिकार सम्पन्न आश्रम भनेकै गृहस्थाश्रम हो । नियमसँग गृहस्थ आश्रमको पालना गरे वर्णअनुसारको कर्म र भक्ति आदिको साधना गरे त्यो साधना मात्र वैष्णवी साधना भनेर प.पु.उ. खंड ७५। १२-१३ मा वर्णन भेटिन्छ । वैष्णव धर्म र ब्राह्मण धर्म फरक-फरक धर्म हुन् भन्ने कुराको अंशमात्र पनि भेटिंदैन सबै पुराणहरूमा गृहस्थ धर्मको माध्यमवाट मात्र यो भवसागर पार तर्न सकिन्छ भनेर वर्णन गरेको पाइन्छ ।

गार्हस्थ्यं च समाश्रित्य सर्वे जीवन्ति जन्तव :
तादृशं नैव पश्यामि ह्यन्नमाश्रममुत्तमम् ॥

(प.पु.भु.खं ५९को ११)

यो भूमण्डलमा गृहस्थ धर्मभन्दा ठूलो धर्म अर्को छँदैछैन । सद गृहस्थका घरमा सारा देवको वास हुन्छ । गृहस्थकै सहाराले मात्र अन्य ३ आश्रम भनौ सवै प्राणीहरू जीवन धारण गर्दछन् । गृहस्थाश्रमभन्दा अर्को उत्तम आश्रम कुनै छैन । गृहस्थाश्रम भनेकै आफ्ना पूर्वजहरूबाट मानि आएका रीति, परंपरा, कूलमर्यादा, कूलधर्म, कूलपूजा र नित्य सद्गृहचर्या, पूजापाठ, इष्टदेव स्मरणादि, यति, व्रम्हचारीको स्वागत, अतिथि पूजन, पितृश्राद्धादि कर्म, विवाहिता साध्वी स्त्री समेत भएर घरमा गरिने कार्यवाट सवै देवदेवी प्रसन्न रहुन् भन्ने चेष्टा र इच्छा रहनु हो । जबसम्म सद्विचार मनमा रहन्छ, खेती आदिको कर्मबाट कमाइएको पसिनाको बलमा उब्जिएका अन्नवाट देवताहरूको पूजनार्चन गरिन्छ । मातापिता, गुरु, र अतिथिको विना दम्भ ,कपट सेवा गरिन्छ तबसम्म कुनै सम्प्रदायमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागेर नयाँ धर्म ग्रहण गर्नुको आवश्यकता रहँदैन र गृहस्थ धर्मवाट भाग्नु पर्दैन। यसको विपरीत मतमा कुतर्क जागेमा जे गरेपनि हुन्छ । किनभने श्रीमद्‌भागवतको ११.२१.१७ औं श्लोकले यसो भन्दछ -

समान कर्माचरणं पतितानां नपातकम्

औत्पत्तिको गुण:सङ्गो न शयान:पतत्यध : ।

धर्मको प्रयोजन रहेसम्म मात्र पापले छुन्छ । तर पाप र धर्मको ख्याल नराखी समान कर्म गर्नेलाई पापले केही लछार्दैन । पाप, धर्मको ख्याल नराखी पतितको आचरण गर्नेलाई पाप लाग्दैन किनभने खाटमा सुत्नेलाई मात्र खाटवाट लड्ने डर हुन्छ । (यहाँ खाट भनेकै वर्णाश्रम सिद्धान्त हो र विश्वमै राज्य सत्ताहरू यसमै आधारित छन्) । भूईंमै सुत्नेलाई लड्ने डर हुँदैन ।

एउटा गल्तीलाई ढाकछोप गर्न अरु सयौं गल्ती गर्नुपर्छ । आखिर सत्य एकदिन अवश्य प्रकट हुन्छ । गृहस्थ धर्म छोड्ने वा यसैमा वसेर यसका विपरीतका कर्म गर्नु त्यस्तै महान भूल हुन्छ । गृहस्थ धर्म सवै धर्मको मूल हो, आश्रमको मूल हो । (प.पु.उ.खं.प.अ.७५ १२।१३ मा यसो भनिएको छ ।

गृहेऽपि पञ्चेन्द्रिय निग्रहस्तपस् ।

त्वंकुत्सितेकर्मणीय:प्रवर्तते ॥

निवृत्तरागस्य तपोवनं गृहम् ।

गृहाश्रमोऽतो गदित: स्वधर्म: ॥

गृहाश्रम: पुण्यतम: सर्वदा तीर्थवद्‌गृहम् ।

अस्मिन् गृहाश्रमे पुण्ये दानं देयं विशेषत: ॥

देवानां पूजनं यत्र अतिथिनान्तु भोजनम् ।

पथिकानां च शरणमतो धन्यतमो मत: ॥

यसरी पुराणहरू वेदोपनिषदादिमा गृहस्थ धर्म र आश्रमको महत्ता भएका श्लोक र मन्त्रको उपेक्षा गर्दै यही आश्रममा वसेर यसैका विरुद्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उर्ध्वपुण्ड, अर्धचन्द्राकार, त्रिकोणात्मक, श्री शीततप्तादि चिन्हको कल्पना गरेर सत्पुराण र शास्त्रका वचनको उल्लंघन गरी आफ्ना पूर्वजका कर्मलाई मुक्का देखाउनु अनि आदर्शलाई वैष्णवी मायामा भूलाउन खोज्नु भनेको त पितापुर्खाप्रति र स्वर्यांभित्रको कुविचार र अविश्वासलाई जाग्रत गराउनु हो ।

त्यसैले व्रम्हचर्यमा रहँदै गृहस्थमा प्रवेश नगरी सन्याससम्म पुग्न शास्त्रले वाटो दिएकै छ । व्रम्हचर्यवाट गृहस्थ, वानप्रस्थ र सन्यासको वाटो पनि दिएकै छ । तर किन व्रहमचर्यको अवधि पार गरी गृहस्थमा प्रवेश गरिसकेपछि विवाहोत्तर पुत्रोत्पादन समेत गरी वानप्रस्थ र त्यसपछिको आश्रममा नगइकन गृहस्थ धर्मको मर्ममा नयाँ मत र मतवादको लौराको प्रहार गर्नु ? वस्न र जीवन यापनको माध्यम चाहिं गृहस्थाश्रमलाई वनाउने,अनि कर्म भने श्रुतिस्मृति भिन्न यावनी मत अंगाल्ने ?

गृहस्थ भनेको पत्नी, पुत्रपुत्री र पौत्रादि सहितको सदाचारी आश्रम हो । यसमा पत्नीको साह्रै ठूलो भूमिका हुन्छ । पति पत्नीको आपसी मेलवाहेकको गृहस्थ जीवन अधुरो र अध्यारो हुन्छ । ६ वर्षदेखि २५ वर्षसम्मको व्रहमचर्य जीवनमा पठन (अध्ययन) साङ्गोपाङ्ग व्यवहारिक शिक्षाको साथै अन्य श्रुति र स्मृति पढिसकेर जीवन धर्म र कर्मको ज्ञाता वनेर भरसक्य आफूजस्तै शिक्षित सवर्णा कन्यासंग मार्गीविवाह गरी गृहस्थ जीवनको सिंढीमा प्रवेश गरिन्छ । विवाहमा वेदमा वर्णन गरिएका मन्त्रद्वारा अह्राइएका कर्महरू गरिन्छन् र त्यसैअनुसारको भावी गृहस्थ जीवन व्यतीत गरिन्छ र गर्नुपर्छ । त्यसैवाट मात्र सुख शान्ति स्थिर रहन सकिन्छ । विवाहमा सप्तपदी हुन्छ । यसमा वर र वधू सात पाइला सँगै हिंड्छन् । गृहस्थ जीवन सुखी वनाउने आदर्श वाक्यहरू छ पाइलाका छ मन्त्रमा वर्णन गरिन्छ । सातौं पाइलामा 'ओ सखी सप्तपदी भव' । हामीले सात पाइला' संगसंगै उठायौं त्यसैले अव हामी मित्रभन्दा अझ वढी सखा भयौं । सखा मित्रभन्दा वढी हितचिन्तक हुन्छ, भनेर प्रतिज्ञावचन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिनुदिनु गरिन्छ । अनि सबै (जो विवाहमा उपस्थित हुन्छन्) संग वरवधूले भन्दछन् 'ओं समञ्जन्तु विश्वेदेवाः समानो हृदयानि नौ' अर्थात् हे विद्वन्मण्डली हो हामी दुवै जनाले हजुरहरूसमक्ष जुन विवाह गऱ्यौं यसबाट हामी दुवै एक भएका छौं भनेर आफ्नो भनाइ सुनाउँदछन् । यसरी भएको विवाहमा कन्याका माता पिताबाट पनि छोरीलाई -

गुरुषु सखिषु भृत्येषु वन्धुवर्गेषु च भर्तृ
वर्यपगतमदमाया वर्तयेत् स्वं यथार्हम् ।
भार्यैचारिणी गूढ विश्रम्भा देववत्पतिमानुकूल्येन
वर्तेत तन्मतेन कुटुम्बचिन्तामात्मनि सन्निवेशयेत् (वात्स्यायन)

पतिका गुरुजन, साथीहरू र बन्धुवर्ग एवं सेवकहरूसंग निरभिमान हुँदै यथायोग्य व्यवहार गर ।

पत्नीले पतिलाई देवताजस्तै मान्नु उनको इच्छा अनुकूल जीवन व्यतीत गर्नु र उनकै सहमतिअनुसार कुटुम्बहरूको आदर गर ।

यसरी स्पष्ट रूपमा अनेकौं उपदेश दिएर विवाहपछि विदाइ गरिएकी छोरीलाई पछि पछि पुरानो हुँदै गएपछि त्यो छोरीलाई ज्वाइँको घर बिग्रने गरी उपदेश दिने आमा बाबु र विवेक भुण्डयाएर पछि लाग्ने दाजुभाइबाट परिवार लथालिङ्ग पारेका थुप्रै घटना हाम्रा साम् छन् । तिनले गृहस्थ र विवाहको कर्मलाई अनि बाबु आमाको छोरीप्रतिको कर्तव्य नबुझेर वा हेपेर गरेको हो, केही बुझ्न सकिएको छैन । आश्रममा महान आश्रम गृहस्थाश्रम चलाइरहन पति पत्नी दुवैको बराबर दायित्व रहन्छ । त्यसमा एकजना कमजोर भयो भने गृहस्थरूपी गाडी चल्न सक्तैन त्यसैले पत्नी साह्रै ज्ञानी सुशील हुनपर्दछ । त्यस्तै पति पनि । यदि यस्तो भयो भने मात्र गृहस्थ राम्ररी चल्दछ । गृहस्थ धर्मभन्दा अर्को ठूलो धर्म यो भूमण्डलमा छैन । पत्नीको एकमात्र गुरु पति नै हुन्छ ।

पति बाहेकबाट पत्नीले कुनै धर्म मन्त्र, तन्त्र, तीर्थ लिन हुँदैन । यदि लियो भने परिवार र गृहस्थ जीवन नरक समान बन्दछ । कहीं कतै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि पत्नीले पतिको आज्ञावाहेक दीक्षा ग्रहण गर्नुहुदैन । यदि पतिको वास्ता नगरी कुनै कार्य गर्दछिन् पत्नीले भने तिनलाई पतिता भनिन्छ। गृहस्थ धर्ममा अर्कावाट (योगी, ज्ञानी, सन्त, महन्त) मन्त्र, दीक्षा लिने विधान छैन । हिजो आजका पत्नीहरू र दीक्षा दिने गुरुहरूले कुन शास्त्र र कसको मतको पक्षपोषण गर्दछन् कुन्नि ? यसै वारे विभिन्न पुराण र स्मृतिका श्लोकहरू यहाँ प्रस्तुत गर्न चाहन्छु । धृष्टताको लागि क्षमा याचना गर्दछु । किन कि यी प्रमाणहरू मेरा नभई प्राचीन ग्रन्थका हुन्। अर्थ सम्झी ग्रहण गरिदिन आग्रह गर्दछु -

स्त्रीणां पतिव्रतानां तु पतिरेव हि दैवतम्
स तु पूज्यो विष्णुभक्त्या मनोवाक्कायकर्मभिः
पति प्रियरतानां च श्रुतिरेषा सनातनी ॥

अ. ८४।५१।५१ प.पु. पातालखण्ड

गुरुरग्निर्द्विजातीनां वर्णानां व्राह्मणो गुरुः
पतिरेको गुरुः स्त्रीणां सर्वस्याभ्यागतो गुरुः ॥

(५१ अ. ५१ श्लोक स्वर्गखण्ड प.पु.)

भर्ता नाथो गुरुर्भर्ता भर्ता दैवतमुत्तमम्
विक्रियां कृत्य साध्वी सा कथं सुखमावाप्नुयात् ॥

६२ स्क.पु. वैशाख मा. अ.२४

श्रृणुयाद्वा इदं नारी सुभक्त्या व्रह्मचारिणी
पितृभिर्भर्तृपक्षाभ्यां पूज्या भवती देववत् । ३१-३१० वायु पु.पु.
विद्यमाने यदा कान्ते अन्यधर्मं करोति या
निस्फलं जायते तस्याः पुंश्चली परिकथ्यते ।

(प.पु. अ. ४१ श्लोक ६९ भूमिखण्ड)

स्व भर्तुर्वा पृथग्भूता तिष्ठन्त्येका सदैव ही
पापरूपा भवेन्नारी तां न मन्यन्ति सज्जनाः

(प.पु. अ. ४१ श्लोक ६९ भूमिखण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या पतिं हरिभावेनं भजेच्छ्रीरिव तत्परा ।
हर्यात्मना हरेर्लोके पत्या श्रीरिव मोदते ॥

(श्रीमद्भागवत ७।११।२९)

यस्ता अनेकौं कुराहरूको निर्णय र ठोकुवा गरेका वार्णाहरू पुराणहरूमा भेटिन्छन् जुन कुरा नगर्नु भनेको छ त्यसैमा हत्ते हाल्नु भनेको हाम्रो सनातनी धर्ममा पादप्रहार गर्नु नै हो ।

पत्नीका लागि पति र पतिका लागि पत्नी अनि दुवैको मेलवाट मात्र गृहस्थ रूपी गाडी चल्न सक्छ । आफ्नो पतिको इच्छा र स्वीकृति विना कहीं कतै कसैसँग गएर मन्त्र दीक्षा लिनु हुँदैन । मन्त्र दिनेले पनि अर्काकी पत्नीलाइ आफूसँगै राखेर मन्त्र दिनु हुँदैन । त्यसमाथि पनि स्त्री नभएकासँग त खूब डराउनु पर्छ किनभने स्त्री नभएको व्यक्ति हरेक शुभ कर्ममा अयोग्य हुन्छ भनेर पुराणमा नै वर्णन छ । अनि गुरु त स्त्रीको पति मात्र हुन्छ अर्को हुनै सक्तैन भन्ने प्रमाणहरू हुँदा-हुँदै अन्य साधुसन्तहरू किन परस्त्रीको गुरु वन्न लालायित हुन्छन् कुन्नि वुझ्न गाह्रो छ । परिवारको मूली स्त्रीलाइ मन्त्र दीक्षा दिएर आफ्ना धर्ममतमा ढालेर गृहस्थ जीवन लथालिङ्ग पार्ने अधिकार गृहस्थाश्रम विरोधी र वैदिक सनातन धर्मविरुद्ध लाग्ने वाहेक कसैले पनि गर्दैन । वेद, उपनिपद् स्मृतिमा आर्यहरूले जप्ने मन्त्र र गर्ने कार्यवारे वर्णन गरेका नै छन् । वेद उपनिषद्वाहेकका कार्य र मन्त्र भनेका आर्यलाइ अनार्य वनाउन गर्ने कुकृत्य हुन् र लामो समयमा लाग्ने विप हो । विपले के कस्तो असर पार्दछ यो भनिरहनु पर्ने कुरा नै होइन । यस्तै धेरै कुराहरू पदम पुराण, जुन महाभारतकालसम्म र त्यो भन्दा केहीपछिसम्म पनि जस्ताको तस्तै थियो कुनै संशोधन थिएन । त्यसमा अहिले चलेका जस्ता पंथ र शारीरिक चिन्ह वनावटी नै भए पनि वनाउने लट्टा पाल्ने, आश्रम वनाइ चारैवर्णको मेल गराइ भीडमा रम्ने, मन्त्र दीक्षाको जोडतोडसँग प्रचार गर्ने भन्ने कुनै पनि कुरा उल्लेख छैन । पछि गएर आठौं शाब्दीको सुरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं शताब्दीको अन्तनिर महाकवि भवभूतिले पदमपुराणमा राम्रै संशोधन गरे । त्यसपछि त पुराणहरूमा संशोधन गर्ने होड नै चल्यो । बाह्रौं शताब्दीतिर कवि जयदेवले त श्रीमदभागवतका नायक श्रीकृष्णलाई रसिक, कामुक, जाली नै बनाइदिए गीतगोविन्द काव्यमार्फत । यसरी विभिन्न समयमा विभिन्न कविहरूबाट आफूलाई मनलाग्दो गरी पुराणहरूलाई संशोधन गरेर विकृत पारे । अनि संशोधन गरिएका पुराण वाक्यहरूलाई वैदिक सनातनी वाणी भनेर मुख्य ग्रन्थलाई पर सारिदिए। त्यस्तै गरी हालको पदमपुराणलाई वि.सं. १९५२ मा निरूपतिस्थ श्री रङ्गाचार्य स्वामीले सृष्टिखण्ड, भूमिखण्ड, पातालखण्ड, क्रियायोगसारलाई राघवग्रामवासी गोविन्द शास्त्रीले र स्वर्गखण्डका ब्राहमन, उत्तराखण्डका वाईक्षेत्रस्थ उध्दवाचार्यले संशोधन गरे । यिनी गवाई वैराज वस्ने ऐनाएं उपाख्य बालाचार्य तनुजनुप हुन् ।

यसरी प्राचीन पुराणहरूलाई आफ्नो मनलागी संशोधन गरी नया मत पन्थ चलाएर पुराणलाई विकृत पारी सनातनी वैदिक मार्गलाई सम्प्रदायरूपी गोरेटोमा परिणत गरे । अनि वैदिकमार्ग अनुयायी भए पनि शिक्षाको कमी र रगरैसको भीडमा परेर, अनि जान्ने विद्वान भनाउँदाहरू पैसाको लोभमा परेर वास्तविकता जान्दाजान्दै पनि नयाँ रंगीला चाटुके बोलीमा लट्ठिएर नाककट्वाको भीडमा नै सामेल भए । समय नै बलवान रहेछ । सत्यलाई बादलले ढाकेको छ तर बादलमा स्थिरता हुँदैन, बुझौं है । ब्राहमण हौं भन्ने र जान्नेहरूका लागि भनेर नै वेद, उपनिषद, स्मृति आदिको व्यवस्था भयो । त्यसैअनुसार कर्म गर, ब्रहमचिन्तन गर, ज्ञानको प्रचार गर, आफु पनि आचारी बन, अरूहरूलाई पनि आचारको शिक्षा देऊ । एकमात्र परब्रहम छन् तिनकै उपासना गर भनेर शिक्षा दिइएको छ । अध्ययन र अध्यापनको विषय तिमी ब्राहमणहरूको हो भनेर स्पष्ट भाषामा भनेको छ ।

त्यसैगरी श्रीमदभागवतअनुसार पुराणहरूको निर्माणको कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के भयो भने जसको वेदमा, वेदान्तमा र स्मृतिमा गति छैन त्यसका लागि परमेश्वरको तत्त्वको खोजीमा मन लागोस् भनेर गरिएको हो, भन्दै अगाडि भन्दछ-

स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न श्रुतिगोचरा ।
कर्मश्रेयसि मूढानां श्रेय एवं भवेदिह ॥
इति भारतमाख्यानां कृपया मुनिना कृतम् ।

स्त्री, शूद्र तथा आचारच्युत द्विजातिहरूलाई पनि वेद श्रवणको अधिकार नभएको हुँदा कर्ममय जगत्मा कल्याण के गरी हुन्छ यो जान्न नसक्नेका लागि पुराणको श्रवणबाट कल्याण होस् भनेर पुराण (विशेषगरी महाभारत)को रचना भएको हो । यसको पुष्टि पद्मपुराण *उ.खं.पं. अ. १ को ६९।७०* मा यसो भनेको छ-

एतत्पद्मपुराणंतु व्यासेन तु महात्मना ।
कृतं लोकहितार्थाय ब्राह्मणश्रेयसे तथा ॥
शूद्राणां पुण्यजननं तीव्रदारिद्र्य नाशनम् ।
मोक्षदं सुखदं चाशु कल्याणप्रदमव्ययम् ॥

पुराण किन बनाइयो भन्ने कुरा र पद्मपुराण किन बनाइयो भन्ने पनि स्पष्ट व्याख्या देखेर जानेपछि पनि वर्ण अनुसारको कर्म गर्नलाई किन संकोच ? किन अर्काका वर्णको आचरण गर्नु ? कि आफू पनि ब्राह्मण भएर जन्मिए पनि ब्रह्मत्वबाट च्युत छु भनेर अर्को वर्णको आश्रय लिएको हो ? यसो हो भने गृहस्थ आश्रम अँगाली सनातन धर्म मानिआएका शान्त आश्रमवासीहरूलाई आफू ठूलो त सानो भन्ने गरेर हेला गर्ने, आफू भने वर्ण धर्मको त्याग गर्ने, आश्रम धर्मको त्याग गर्ने, अनि सनातन धर्म र परम्पराको जरो उखेल्न लागि पर्नेहरूको समक्ष लुरुलुरु पछि लागी वेदविरुद्धका आचरण समाउनेहरूका पछिपछि किन लाग्ने ? आचारहीनहरू आचारवानले छोएको चाहिं नखाने, कट्टर भगवद्भक्त हुने, तर आचारवान्हरूले भने वर्ण र आश्रम अनि आर्य धर्म विपरीतकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वनाएको भान्सा खानु पर्ने ? गृहस्थका घरमा आर्य विपरीतकाले जवर्जस्ती भान्सा खुवाउने । आफूले छोएको नखानेका घरमा खाना अर्काले किन खाने ? सोचौं ।

यस्ता कुराको प्रचुर प्रमाण पाइन्छ कि जहाँ चारै वर्णको अत्यन्त मेल हुन्छ, त्यहाँ सदाचारी वेदोक्त गृहस्थाश्रमको नियम पालना गर्ने र द्विज हौं भन्नेहरूले जानु हुँदैन । यदि मोह र लोभले गइयो भने आफूसँग भएको ज्ञान र सत्यको नाश हुन्छ भन्दै विष्णु पुराण भन्दछ-

चतुर्णां यत्र वर्णानां मैत्रेयात्यन्त शंकर ।
तत्रास्या साधुवृत्तीनामुपघाताय जायते ॥

(वि. पु. ३।१८४८)

यसैगरी वर्णाश्रमविरुद्ध कर्म गर्ने मानिसहरू मन, वचन र कर्मले गृहस्थ धर्मको वारेमा अनास्था राख्नेहरू अन्त्यमा नरक पर्दछन् भन्दै वि.पु.द्वि. अंश अ.६ को २८ मा भनेको छ-

वर्णाश्रम विरुद्धं च कर्म कुर्वन्ति ये नराः ।
कर्मणा मनसा वाचा निरयेषु पतन्ति ते ॥

गृहस्थाश्रम विपरीतका धर्म हठवादी धर्म हुन् तिनवाट मोक्ष हुँदैन भन्दै प्रेतकल्प ६१ अं. १६ भन्दछकि -

त्रिवर्गं नातिकृच्छ्रेण भजेत गृहमेध्यपि
यथादेशं यथाकालं यावद् दैवोपपादितम् ॥

गृहस्थ आश्रममा अनायासै नजानिकनै धेरै सुकर्म र भगवत्सेवा जस्ता धर्म हुन्छन् । यसमा कहीँ पनि कारणवश त्रुटि भएमा त्यस्को दोष कमै लाग्दछ । जसरी चन्द्रदागलाई चन्द्रकिरणद्वारा ढाकिएर दाग हैन किरणको प्रशंसा हुन्छ भन्ने आशय *श्री पद्मपुराण उ. खं. प. अ. ७३ का ९-१२ औं* श्लोकमा यसो भनिएको छ-

गृहाश्रमं पुण्यतमं सर्वदा तीर्थवद्गृहम्
अस्मिन् गृहाश्रमे पुण्ये दानं देयं विशेषतः ।१२०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुदुत्तरः सत्व जितेन्द्रियाणाम् ।
सः हन्यते श्रेष्ठतमः शुभाश्रयः ॥
गृहस्तु धर्मः प्रवरो मनीषिणाम् ।
व्रह्मदिभिश्चाभिहितो नगात्मजे ॥९॥
तप्तास्तपस्वी विपिनेक्षुधार्तो ।
गृहं समायाति सदान्न दातुः ॥
भक्त्यासचान्नं प्रददाति तस्मै ।
तपो विभागं भजते हि तस्य ॥१०॥
गृहाश्रमं जेष्ठमिहाश्रमाणां, सम्यक् च यः पालयते मनुष्यः ।
इहैव भुञ्जन् स मनुष्य भोगान्, स्वर्गं प्रयातीति न सशयोत्र ॥

यसप्रकार हरेक प्रशंसा गरिएका आफ्नो सनातन वैदिक मार्गको चारआश्रम मध्येको गृहाश्रममा रहेकाहरूले नयाँ धर्म रोजेर त्यसैमा रङ्गिएर, त्यही नयाँ मनगढन्ते धर्मका वाटावाट मोक्षको कल्पना गरेर कीर्तन र भगवद्भक्तिका नाममा नाचगान गरेर ईश्वरका वाहिरी लीलामा मात्र रमाउने र वास्तविक लीलातर्फ लाग्ने ज्ञान नपाई, मीठा सङ्गीतमय भाषणमा रमाउनेलाई *पद्मपुराण उ.खं.प अ.१२९।२२९मा* यसो भन्दछ -

मन्ये धर्मज्ञ कल्पोसि पान्थ त्वं नात्र संशयः ।
देहि मे जीवनंवारि चातकाय घनो यथा ॥

यसरी स्वधर्म त्यागेर परधर्ममा लाग्ने र वर्णाश्रम विरुद्ध कर्म गर्नेलाई सागरमाथि तिर्खाएर उडेको काकाकुलले वादलसँग पानी माग्नु जस्तै हो भनेर तुलना गरेको छ ।

व्राह्मण वन्न ज्ञानको आवश्यकता पर्दछ । विना ज्ञान कोही पनि व्राम्हण वन्न सक्तैन । ज्ञान प्राप्त गर्न विना गृहस्थाश्रम सम्भव छैन र प्रन्येक वर्णका लागि आश्रम एउटै भए पनि धर्मको पनि वर्णन गरिएको छ । हाम्रा शास्त्रहरूमा जतिसुकै ठूलो ज्ञानी भए पनि महात्मा भए पनि विना गृहस्थाश्रम सिद्धि प्राप्त गर्न सक्तैन । यही गृहस्थाश्रममा नै रहेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा, दान, व्रत, तीर्थ, जप, होमादि कर्म गर्दा मात्र निज धर्म मानेको हुन्छ भन्दै *प.पु.उ.खं प १३०।१०९ र १०७ मा* यसो भनिएको छ।

आश्रमेण विना मूढो नैव सिद्धिमवाप्नुयात् ।

पूजादानव्रतैतीर्थैर्जपो होमैस्तदर्पितैः ॥

निजधर्मं परित्यज्य तपो घोरं कथं चरेत् ।

यसरी जहाँ तहाँ वर्णाश्रमको महत्ता गाइएको छ। तर हिजोआजका धर्महरू कुन वर्ण धर्मभित्र पर्दछन् ज्यादै चासोको साथ अनुसन्धान गर्नुपर्ने हुन्छ -

धर्मः स्वनुस्ठितं पुंसां विस्वक्सेन कथासु यः ।

नोत्पादयेद्यदि रतिं श्रम एव हि केवलम् ॥

(भा. १.२,८)

धर्म गरे भनेर दङ्ग पर्ने पुरुषहरूले जतिसुकै नक्कल-झक्कल पारेर शरीर पोतेर लट्टा पालेर ईश्वरको नाम पुकारेर कमाए पनि आश्रम धर्म छोडेर चारै वर्ण सम्मिलित गराएर त्यसका माझमा आफू बसेर ८८ हजार शौनाकादिका माझमा सूतपौराणिक झैं बन्न खोजे पनि यदि धर्मको ठीक-ठीक अनुष्ठान गर्न खोजे पनि मनुष्यका हृदयमा यदि धर्मको र भगवानका नित्य लीलातर्फ मन नगएर बाहिरी लीलातर्फ मात्र मन रम्दछ भने त्यो भगवानप्रति निष्ठा देखाउने बाहिरी हाउभाउ मात्रले न गरेका अघिका आडम्बरयुक्त श्रम केवल श्रम मात्र हुन्छ -

वर्णाश्रमाचारपुण्यैरभ्यर्च्य परमेश्वरम् ।

तत्सायुज्यं गताः सर्वे बहवो मुनिसत्तमाः ॥२५॥

शि. पु. कै. सं. अ.१२

'अतः पुम्भिर्द्विजश्रेष्ठा वर्णाश्रमविभागशः ।

स्वानुष्ठितस्य धर्मस्य संसिद्धिर्हरितोषणम् ॥

(भागवत १-२।१३

आफ्नो-आफ्नो वर्ण तथा आश्रमानुसार मनुष्यले निष्ठावान भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्प्रति अनुराग उत्पन्न भएर धर्मको अनुष्ठान गर्दछ भने मात्र त्यसको पूर्ण सिद्धि हुन्छ र भगवान् प्रसन्न हुनुहुने छ ।

वर्णाश्रमाचारवता पुरुषेण परः पुमान् ।
विष्णुराराध्यते पन्था नान्यस्तत्तोष कारकः ॥

(वि. पु. ३८-९)

आफ्नो-आफ्नो वर्ण तथा आश्रमानुसार मात्र गरेको ईश्वराराधनाले परमेश्वर सन्तुष्ट हुनु हुनेछ । यसको विपरीत विनाआश्रम गरिएको भगवद्भक्ति त अर्कालाइ देखाउनका लागि मात्र हुन्छ । वर्णाश्रम वाहेकका पन्थ अंगाल्दा प्रसन्न होइन रुष्ट वन्नु हुनेछ -

हरिभक्ताश्चानिष्कामाः स्वधर्मनिरता द्विजाः ।
ते च यान्तिहरेर्लोकं क्रमाद् भक्तिवलादहो ॥

१।२८।३७ देवि भा.।

"मयोदितेस्ववहितः स्वधर्मेषु मदाश्रयः ।
वर्णाश्रमकुलाचारमकामात्मा समाचरेत् ॥

श्रीमद्भागवत (११।१०।१)"

आफ्नो वर्णअनुसार आश्रम व्यवहारअनुसार वेदोक्त वाणीअनुसार मेरो आराधना गर्नु । सनातन धर्म जुन धर्मको आदि अन्त हुँदैन, समय सीमा हुँदैन, आफ्ना पिता पुर्खावाट चलिआएका प्रथालाइं नछोडिकन मेरा आश्रयमा आउँछ भने म शरण दिन्छु भन्ने भगवानका वाणीलाइं तिरस्कार गरी नयां मनमा लाग्नु स्वधर्म होइन -

एतेषां यस्य यो धर्मोवर्णस्योक्तो महर्षिभिः ।
कुर्वीनदारग्रहणं तेनान्य परिवर्जयेत् ॥
सधर्मचारिणी प्राप्य गार्हस्थ्यं सहितस्तया ।
समुद्वहेद्ददान्येतत्सम्यगूढं महाफलं ॥
सप्तपर्योऽथ मानवः प्रजाना पतयस्तथा ।
सदाचारस्य वक्तारः कर्तारश्च महीपते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यावत् तद्रोम संख्या तु तत्प्रसूति कुलेषुच ।
तावद् वर्ष सहश्राणि रुद्रलोके महीयते ॥

जुन कर्मद्वारा जुनवर्णलाई महर्षिहरुले धर्मानुकूल भनेका छन्। सोहीअनुसार नाता, गोत्रमा नपर्ने स्ववर्णकी कन्या विवाह गर्नु, यसरी प्राप्त गराएकी पत्नीसहितको नै गृहस्थ हो । किनकि नियम पालन गरेपछि मात्र महान् फल मिल्दछ, यो सदाचारको वर्णन गर्ने र पालन गर्ने सप्तर्षिहरू, मनु र प्रजापतिदेखिकै हो । यसरी विवाह गरिएकी कन्याका शरीरमा जति केश (रौं) हुन्छन् तिनी (दाता भोक्ता)हरु त्यति नै हजार वर्ष रुद्रलोकमा वास हुन्छ ।

"वर्णनामाश्रमाणं च जन्म भूम्यनुसारिणीः ।
आसन् प्रकृतयो नृणां नीचैर्नीचोत्तमोत्तमाः ॥
(भा ११-१७-१५)"

वर्ण र आश्रमहरू जन्मस्थानअनुसार प्रकृतिअनुसार नीच-नीच उत्तम-उत्तम स्थानमा हुन्छ । अर्थात् भौगोलिक वनौटअनुसारको भूमिमा त्यहींको हावापानीअनुसारको वर्ण र आश्रमको निमार्ण हुन्छ -

स्वधर्मस्थो यजन् यज्ञैरनाशीः काम उद्धव ।
न याति स्वर्गनरकौ यद्यन्यन्न समाचरेत् ॥ (भा ११।२०।१०)

आफ्ना परम्परागत कुल धर्मअनुसार गरिएको कर्मवाट मात्र स्वर्गादि प्राप्त गर्न सकिन्छ । त्यो भन्दा विपरीत आचरण गरे त्यसले कोही कतै शुभ वुद्धि प्राप्त गर्दैन र स्वर्गादिको कामना पनि निरर्थक हुन्छ । अर्थात् आफ्नो वर्ण र आश्रमअनुसार विचलित नभइकन कुलधर्म नछोडिकन विनाआशा रं विना कामना यज्ञ गर्दै भगवान्को आराधना गर्दा स्वर्ग नरकको भोग नगरी सिधै मोक्ष प्राप्ति हुन्छ -

श्रुति-स्मृति उभे नेत्रे पुराणं हृदयं स्मृतम् ।
पुराणहीनात् हृच्छुन्यात् काणान्धावपितौ वरौ ॥

(सनातन धर्मलोक) श्रुति र स्मृति दुईवटा आँखा हुन् । अनि गीता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र महाभारतादि पुराणहरू हृदय हुन् । यी नहुनेको हृदय शून्य हुन्छ । यस्तो व्यक्तिभन्दा त वरु अन्धो र कानो हुनु नै वेश ।

सनातन धर्म के हो त ? भनेर जिज्ञासा राख्दा महाराज युधिष्ठिरप्रति श्री कृष्ण भगवान् भागवत *सप्तमस्कन्ध अ. ११।१३ मा* भन्नुहुन्छ कि-

"संस्कारा यदविच्छिन्ना: स द्विजोऽजो जगादयम् ।
इज्याध्ययनदानानि विहितानि द्विजन्मनाम् ।"

हे धर्मराज ! जसका कुलमा अविछिन्न रूपले (कुल, वंश, गोत्रअनुसार) संस्कार हुँदै आएको छ र भएका हुन्छन् । जसलाई व्रह्माजीले पनि संस्कारयोग्य मान्नु भएको छ उनै 'द्विज' हुन् । ती जन्म कर्मले शुद्ध विप्रका निमित्त यज्ञ, अध्ययन र दानादि कर्म विहित मानिन्छन् र उनकै निमित्त उपर्युक्त कर्म आश्रमोचित कर्मको विधान मानिएको छ -

"गृहेष्ववस्थितो राजन् क्रिया: कुर्वन् गृहोचिता: ।
वासुदेवार्पणं साक्षादुपासीत महामुनीन् ॥

(भागवत ७।१४-२)"

नारदजी भन्नुहुन्छ हे राजन् गृहस्थाश्रमी मनुष्यले गृहस्थोचित कामना भगवदर्पण पूर्वक कर्म गर्दा शान्तसंग विरक्त पुरुषसंग वसेर भगवान्का अमृतमयी वाणीहरू श्रद्धापूर्वक वैदिक सनातनी विद्वान्वाट सुनोस् र त्यस्तै सभाको सत्संग गरोस् -

"यतो वहुविधं चित्रं भवेद्भुताद्युपासिषु ।
तच्चित्रेण न जहयाच्च श्रुतिमार्गं सनातनम् ॥

(स्क. पु. कु. खं. ३४।८६)"

श्रुतिमार्ग वाहेकका विविध धर्मका चक्करमा परेर आफ्नो वैदिक सनातन धर्मको वाटो परित्याग गर्नु हुँदैन । किन कि यो संसारमा अनेक थरीका मानव अस्तित्व ध्वंस पार्ने, विभ्रान्त पार्ने, शाव्दिक छलपूर्ण रंगीन र काल्पनिक पन्थ मतानुयायीहरूले वनाइएका धर्मका नाममा मानव मनलाई कुमार्गतिर लाउने दोषयुक्त विचारलाई छोडेर कुल परम्परागत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचरण अंगाल्नु पर्दछ छोड्नु हुँदैन । जसको मन कुल परम्परामा विश्वास गर्दैन र खोटवाला छ उहीमात्र नाना रंगीन वाणी र व्यक्तिका शरणमा जान्छ । यस्तै भाव शिवपुराणका वायव्य संहितामा पनि उल्लेख छ कि-

"आगते च कलौयुगे स्वमनः स्थापयिष्यथ ।
कलौ तु मोहिता मूढा सग्रहिष्यन्ति वो मतम् ॥"

कलिकालले युक्त मन्दवुद्धि भएकाहरू त्यो यौटा व्यक्तिले काल्पनिक धर्मको प्रचार गरेर लोकलाई भ्रममा पार्ने गरी शास्त्रहरूको मर्मलाई भेदन पार्ने मनसायवाट उद्यत् कलिमूर्तिहरूले शास्त्रवचनलाई नै नक्कली हो भन्ने पार्न आफ्नै नाम वा ईश्वरोक्त शब्द प्रयोग गर्दै अमुक धर्म भनेर फैक्टरीको जस्तो वोर्ड र व्यानर अनि राज्यका पहरेदारकै सरह ईश्वरका हतियारको नक्कली मुद्रा वनाई सित वा तप्त अनि लकेट आदिको व्यवहार गर्दै म अमुक हुं भन्नेछन् । प्रत्येक सम्प्रदायको आ-आफ्नो चिन्ह, तिलक, कण्ठी, पोशाक वनाउंछन् । जसवाट यो फलानो गुटको रहेछ भनेर टाढैवाट चिनिन सकियोस् । यस्ताका भ्रममा नपर्नु भनेर उपर्युक्त श्लोकवाट प्रष्ट हुन्छ -

ज्ञानी हु, धार्मिक हु, भनेर नित्य व्रत उपवासमा वस्न खोज्छ तर प्रतिग्रह चाहिं जति पनि सोहोर्छ भने ऊ अवश्य नै पतित हुन्छ भन्दै स्कन्दपुराण कुमारीका खण्डमा यसो भनिएको छ-

"सवतो यः प्रतिग्राही निराहारी च यः पुमान् ।
शुचिस्यादल्प दिवसात् पतितोसौ भवेत् स्फुटम् ॥"

गृहस्थ आश्रमवाहेकका किनकि आजकाल कलियुगमा सन्यास र वानप्रस्थको विधान छैन । व्यासदेव स्वयंले चत्वार्यांब्दसहस्राणि चत्वार्यांब्दशतानिच । कलेर्यदा गमिष्यन्ति तदात्रेतापरिग्रहः । सन्यासश्च न कर्तव्यो ब्राहमणेन विजानमता । भनेर सन्यास कर्मलाई रोक लगाउने भएको छ । अनि 'निगम'ले अग्नि होत्रं, गवालभं सन्यास पलपैतृकम् । देवराच्च सुतोत्पत्तिः कलौपंच विवर्जयेत् भन्दछ । त्यसै कलिकालका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४४०० वर्ष वितेपछि अग्निहोत्रादि कर्म सन्यासको निषेध हुँदा सन्यासी हुँ, ब्रह्मचारी हुँ भन्ने स्मृति विरोधी भएका हुने हुँदा त्यस्तालाई गुरु बनाउनु नै हुँदैन । बनायो भने सातजन्मसम्म दरिद्र हुन्छ भनेर योगिनी तंत्र भन्दछ कि-

"चन्द्र ग्रहेतु या दीक्षा या दीक्षा व्रतचारिणाम ।
वानप्रस्थस्य या दीक्षा दारिद्र्यं सप्तजन्मसु ॥"

यसैगरी वेतन ग्रहण गरी प्रतिमा पूजा गर्ने, ब्रह्मचारी, वनस्थ, ग्रामयाजक, देवलक, सन्यास आदि गुरुयोग्य हुँदैनन्, हुन्छन् त : मात्र वेदको एक शाखा मात्र अध्ययन गर्ने आर्यहरूमा पनि उत्तरखण्ड जो माध्यन्दिन शाखाको मात्र पठनपाठन त्यहाँ जो माध्यान्दिन वाजसनेय शाखा मात्र पढ्ने र त्यसैअनुसारका कर्म गर्ने सदाचारी विद्वान् मात्र गुरु हुन्छन् । अन्य वेदका अन्य शाखा पढ्ने पढाउने गुरु बन्न सक्तैनन् । यिनीहरूलाई अभिवादनसम्म पनि गर्नु हुँदैन भनेर (नारद पू.पूर्व) मा यस्तो छ कि-

"नास्तिकं भिन्नमर्यादं कृतघ्नं ग्रामयाजकम् ।
स्तेनं च कितवं चैव कदाचिन्नाभिवादयेत् (२५।३६) ।"

जो नास्तिक छ, जसले आफ्नो कुल, गोत्र, वर्ण र आश्रम धर्म त्यागेको छ र अर्कै धर्म ग्रहण गरेको छ । (कृतघ्न भनेको आफ्नो स्वधर्मका विपरीत आचरण र कर्म गरी शिष्य मण्डलीका साथै अर्थोपार्जन गर्न मात्र लाग्दछ । शिष्य मण्डलमा सम्पूर्ण चेलीबेटी र मान्यजनलाई पनि शब्दजालमा पारी गोत्र समेत बदल्ने काम गर्दछ । शरीरमा नाना रंग चिन्ह लगाएर कथित धर्मको अगुवा बनेर धर्मका नाउमा भिक्षा माग्ने र पुरोहित्याइ पनि गर्ने चोर र मूर्ख यस्तालाई प्रणाम, नमस्कार समेत भन्नु, गर्नु हुँदैन । 'वर्णाश्रमलाई त्याग्नेलाई प्रेतकल्प ५।२३ मा वर्णाश्रम परिवादात्कपोतो जायते वने' । वर्ण, धर्म र गृहाश्रमको निन्दा गर्ने मरेपछि वनको परेवा भएर जन्मन्छ भनेर गृहस्थाश्रमको महत्त्व स्पष्ट्याउछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्राक्ष धारण महिमा

प्रातर्नतु तथा स्नायाद्धोमकाले विगर्हितः ।
गायत्र्यास्तु परं नास्ति इह लोके परत्र च ॥ दे. भा. ११-३-१०
गायंन्तं त्रायते यस्माद्गायत्रीत्यभिधियते ।
प्रणवेन तु संयुक्तं व्याहृतित्रयसंयुताम् ॥ ११-३-११
वायुं वायौ जपेद्विप्रः प्राणसंयमनत्रयात् ।
व्राह्मणः श्रुतिसंपन्नः स्वधर्मनिरतः सदा ॥ ११-३-१२
स वैदिकं जपेन्मन्त्रं लौकिकं न कदाचन ।
गोश्रृङ्गे सर्षपोयावत् तावद्येषां न सा स्थिरा ॥ ११-३-१३
विभूतिधारणं कार्यं रुद्राक्षाणां च धारणम् ।
क्रमयोगेन कर्तव्यं सर्वदा जपसाधकैः ॥ ११-३-१६
रुद्राक्ष धारिणे भक्त्या वस्त्रंधान्यं ददाति यः ।
सर्वपापविनिर्मुक्तः शिवलोकं स गच्छति ॥३१॥

अर्थः हवनादि नित्य कर्म गर्न विशेष समय निकाल्नको लागि प्रातः स्नान चाँडै गरोस् । गायत्री जप जस्तो श्रेष्ठ कार्य यस लोकमा अथवा परलोकमा अन्य जप केही छैन । उच्चारण गर्नेलाई यसले (गायत्री)ले रक्षा गर्दछ र नै यसको नाम गायत्री रहेको छ । प्राणायाम गर्दा प्राण, अपान, समान यी तीन वायुलाई वशमा राखोस् । त्यसले श्रुति सम्पन्न भएर आफ्नो धर्म पालनमा निरन्तर रहँदै सधैं वैदिक मन्त्रको मात्र जप गरोस् अन्य लौकिक दीक्षा होइन । स्ववर्ण कुलोचित आ-आफ्ना इष्ट देवताको ध्यानपूर्वक गायत्री मन्त्रको जप गर्नुपर्दछ (अवैदिक मन्त्र जप्नु हुँदैन) । केवल ध्यानको समयमा अगर्भको...................... प्रयोग गरिन्छ । कुनै पनि श्रौतस्मार्त नित्य कार्य गर्दा (पितृकार्य वाहेक) भस्म र रुद्राक्षको माला धारण गर्न यसरी साधकले योगको क्रमले सधैं जप गर्नुपर्दछ ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्व्याजभक्त्या मेधावी रुद्राक्षं धारयेन्मुदा ।
रुद्राक्षधारणं साक्षाच्छिवज्ञानस्य साधनम् ॥११-३-२०॥
रुद्राक्षं यच्छिखायां तत् तारतत्त्वमितिस्मरेत् ।
कर्णयो रुभयोव्रह्मन् देवं देवीं च भावयेत् ॥२१॥
यो वा को वा नरो भक्त्या धारयेल्लज्जयाऽपिवा ।
सर्वपापविनिर्मुक्तः सम्यग्ज्ञानमवाप्नुयात् ॥३६॥
यज्ञोपविते वेदांश्च तथा हस्ते दिशः स्मरेत् ।
कण्ठे सरस्वतीं देवीं पावकं चापि भावयेत् ॥२२॥
सर्वाश्रमाणां वर्णानां रुद्राक्षाणांच धारणंम् ।
कर्तव्यं मंत्रतः प्रोक्तं द्विजानां नान्यवर्णिनाम् ॥२३॥
अहो रुद्राक्षमहात्म्यं मयावक्तुं नशक्यते ।
तस्मात्सर्वप्रयत्नेन कुर्याद्रुद्राक्षधारणम् ॥३७॥
रुद्राक्षधारणाद्रुद्रो भवत्येव न संशयः ।
पश्यन्नपि निषिद्धाश्च तथा श्रृण्वन्नपि स्मरन् ।११।३।२४॥
पीतं रुद्रेण तत्पीतं घ्रातं घ्रातं शिवेन तत् ॥
रुद्राक्षधारणेलज्जा येषामस्ति महामुने ॥२७॥
तेषां नास्ति विनिर्मोक्षः संसाराज्जन्मकोटिभिः ।
रुद्राक्षधारिणं दृष्ट्वा परिवादं करोतियः ॥२८॥
उत्पत्तौ तस्य सांकर्यमस्त्येवेति विनिश्चयः ।
रुद्राक्षधारणादेव रुद्रो रुद्रत्वमाप्नुयात् ॥२९॥
मुनयः सत्यसंकल्पा व्रह्मा व्रह्मत्वमागतः ।
रुद्राक्षधारणाच्छ्रेष्ठं न किंचिदपि विद्यते ॥३०॥

अर्थः विद्वान पुरुषले निष्कपट भक्तिकोसाथ प्रसन्नतापूर्वक रुद्राक्षको माला धारण गरोस् । रुद्राक्ष धारण गर्नु साक्षात् शिवज्ञानको साधना गर्नु हो । जसले आफ्नो शिखामा रुद्राक्ष धारण गर्दछ त्यसले रुद्राक्षतारक तत्त्व साधन गर्‍यो भन्ने सम्झनु पर्दछ । हे व्रह्मन् ! दुवै कानको रुद्राक्ष शंकर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वती जस्तै र जनैमा जुन रुद्राक्षधारण गरिन्छ त्यो देव तुल्य हुन्छ। हातमा जुन रुद्राक्ष धारण गरिन्छ त्यो आठै दिशा तुल्य हुन्छ। घाँटीमा धारण गरेको रुद्राक्ष सरस्वती र अग्नि जस्तै हुन्छ। चारै आश्रम र वर्णले रुद्राक्ष धारण गर्नु पर्दछ। ब्राह्मण, क्षत्रिय, वैश्य जातिका जनहरूले समन्त्रक रुद्राक्ष धारण गर्नु पर्दछ। यिनका अतिरिक्त शूद्रको लागि अमन्त्रक रुद्राक्ष धारण गर्ने विधि छ। रुद्राक्ष धारण गर्ने नरनारी रुद्रै तुल्य हुन्छन् यसमा केही सन्देह छैन। रुद्राक्ष धारण गरेपछि त्यसले निषिद्धै वस्तु खावस्, निषिद्धै कुरा सुनोस्, निषिद्धै वस्तु स्मरण गरोस्, निषिद्धैवस्तु सुँघोस्, वा प्रलाप गरोस् निषिद्धैकर्म गरोस् वा निषिद्धै मार्गमा जाओस्, निषिद्ध वस्तुको परित्याग गरोस् अथवा नगरोस् तापनि त्यसलाई पाप लाग्दैन। दे.भा. ११।३।........................

यदि रुद्राक्षधारण गर्नेले कुनै वस्तु पियो भने त्यो शंकरले नै पिएको ठहर्छ। यदि त्यसले कुनै वस्तु सुँघेछ भने त्यो शिवले नै सुँघेको ठहर्छ। हेमहर्षे। जसले रुद्राक्ष एवम् भस्म धारण गर्न लाज मान्दछ, त्यो यस संसारबाट करोड जन्ममा पनि मुक्त हुन सक्नैन। जो कसैले रुद्राक्ष धारण गरेको देखेर निन्दा गर्दछ, त्यो वर्णसंकर हो भनेर जान्नु यो ध्रुवसत्य छ। रुद्राक्ष धारण गरेकाले नै रुद्रले रुद्रत्व प्राप्त गरेका हुन्। मुनिहरू सत्य वादी भए, ब्रह्मत्वका अधिकारी बने। रुद्राक्ष धारण गर्नुभन्दा कुनै वस्तु श्रेष्ठ छैन। हे बुद्धिमान् नारद ! जसले जहाँ पनि जसरी पनि मन्त्र सहित अथवा मन्त्र रहित अश्रद्धाले वा श्रद्धाले केवल रुद्राक्ष धारण गर्दछ, त्यो सबै पापबाट छुट्दछ अनि तत्त्व ज्ञानी हुन्छ। नारायण विष्णु भन्नुहुन्छ, हे नारद ! आश्चर्य छ म रुद्राक्षको महात्म्य पूर्णरूपले वर्णन गर्न सक्दिन। यसकारण जसरी हुन्छ रुद्राक्ष अवश्य धारण गरोस्।

प्रस्तुत प्रामाणिक वाक्यहरू पाठकवर्ग समक्ष राख्नुको कारण यो विकराल समयको उपयोग गर्दै अनि उच्छृङ्खल धर्म ध्वजीहरूको अवैदिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मको नाममा भइरहेका उत्ताउला अधोगतितिर धकेल्ने कथित सम्प्रदायवालाहरूले सत्शास्त्रको अपव्याख्याद्वारा धर्मप्राण, नरनारीहरूलाई अधर्मको दलदलमा फसाइ राष्ट्र समाज, घरपरिवारमा आत्मीयताको बन्धन तोडेर आफू ठूलो विद्वान पीठाधीश मठाधीश भएर अल्मल्याइ रहेछन् । त्यस्ताले गोलोक हैन अति कठोर नरक यातनातिर लान्छन् ती पनि चेलाचेलीसँगै अधोगतिमा जान्छन् शास्त्रको यही निश्चय छ ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भस्म तिलक धारण महात्म्य

प्रक्षाल्य पादौ हस्तौ च पश्चादाचमनंचरेत् ।
भस्मनोद्धुलनाभावेत्रिपुण्ड्रंतु विधीयते ॥ दे.भा.११-११-१८
अधितमनधीतंच त्रिपुण्ड्रं यो न धारयेत् ।
वृथा यज्ञा वृथा दानं वृथा वेदा वृथा तपः ॥११-१२-२३॥
भस्मस्निग्धमनुष्याणां महामारी भयं न च ।
शांतिकं पौष्टिकं भस्म कामदं च त्रिधा भवेत् ॥११-१०-३३॥
मध्याह्नात्प्राग्जलैर्युक्तं परतो जलवर्जितम् ॥
तर्जन्यनामिकामध्यैस्त्रिपुंण्ड्रं च समाचरेत् ॥११-११-१९॥
विषपानेन नित्यत्वं कुरुते ह्यात्मनो हि सः ।
श्रष्टा सृष्टिच्छलेनाहं त्रिपुण्ड्रस्य च धारणम् ॥११-१२-२५॥
व्रह्माविष्णुमहेशाना तिस्रोरेखा इति स्मृताः ।
आद्यो व्रह्मा ततो विष्णुस्तदूर्ध्वंतु महेश्वरः ॥२५॥

अर्थः हात पाउ धोएर आचमन गरोस् । सर्वाङ्गमा भस्म लगाउन नसके पनि त्रिपुण्ड्र नै धारण गरोस् । भस्मधारण गर्नेलाई महामारी हुने डर रहदैन, भस्म धारण गर्नेलाई तीन प्रकारको लाभ हुन्छ, शान्ति दायक, पुष्टिदायक, कामनादायक । मध्यान्ह भन्दा पैले भस्म लगाए पानीमा मिलाएर लाउनु साँझ वा सूर्यास्त भएपछि सुख्खै भस्म तर्जनी मध्यमा र अनामिका तीन औंलाले लगाउनु । त्रिपुण्ड्रका तीन रेखा व्रह्मा, विष्णु शिव हुन् । त्रिपुण्ड्रको पहिलो रेखाको नाम व्रह्मा हो, माझका रेखाको नाम विण्णु हो, सवैभन्दा माथिको रेखाको नाम शिव हो ।११-११-२५ जसले त्रिपुण्ड्र धारण गर्दैन, त्यस्ताको वेदाध्ययन यज्ञ, दान, तप, व्रत, उपवास यी सवै व्यर्थ हुन्छन्, जुन पुरुपको यो धारण छ कि भस्म त्रिपुण्ड्र न लगाए पनि मुक्ति मिल्दछ ॥११-१५-२३॥

त्यसको धारणा यस्तो हुन्छ, जस्तो कसैले ठानेको छ कि म विप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाएर पनि अमर हुनेछु । सृष्टिकर्ता (शरीर निर्माता)ले निधारमा त्रिपुण्ड्र धारण गर्नुपर्छ भनेर तीनोटा तेर्छा धर्का देखाइदिएका छन् ॥११-१२-२५॥ (ललाटे त्रिपुण्ड्रहीनानां रुद्राक्ष मालाहीनानां, शिवदीक्षा विहीनानां, जलं अन्नं, द्रव्यं च न ग्राह्यं विष्णोर्देवता: ॥ लिङ्ग प्र.२. अंश १२ अं.)

ससर्ज सललाटं हि तिर्यगूर्ध्वं न वर्तुलम् ॥
तिर्यग्रेखा प्रदृश्यन्ते ललाटे सर्वदेहिनाम् ॥११-१२-२६ ।
तथापि मानवा मूर्खा न कुर्वन्ति त्रिपुण्ड्रकम् ।
न तद्ध्यानं न तन्मोक्षं न तज्ज्ञानं न तत्तप: ॥११-१२-२७ ॥

अर्थ: किनभने प्रष्टै छ-यो शरीर निर्माण गर्नेले गर्भैमा-निधारमा न त्रिशूल, न वाटुलो, न दण्डाकार, न तीनकुने, न चन्द्राकार, न ठाडो, न एकदम लामो तर केही तेर्सो वनाइ दिनु भएको छ । यसैकारण समस्त देहधारीका ललाटमा तेर्सा रेखा स्पष्टै देखिन्छन् । ११-१२-२६ । यति देखेर पनि मूर्ख मनुष्यहरू त्रिपुण्ड्र धारण गर्दैनन् । त्यस्तालाई न ध्यानको फल मिल्छ, न मोक्ष मिल्न सक्तछ न ज्ञान प्राप्त हुन सक्छ न तीर्थादितपस्याको फल नै मिल्न सक्तछ । ॥११-१२-२७॥

विष्णोश्च लक्ष्म्याश्च परस्परं हि वादो भवन्नारीषुऊर्ध्व पुण्ड्रे ।
यदा च सौभाग्यवती कदापि, नारी ललाटे तिलकं करोति ।१ ।
सा जन्मजन्मान्तरमेव वन्ध्या, दारिद्र्यदुखं लभते हि. लोके ।
निकृष्ट योनौ पतिता सदा वै, वकी, उलूकी प्रभवेत् पुन:पुन: ।
लक्ष्मी पुराण अ.५

मस्तके सिन्दुरं धृत्वा वर्तुलं रक्तचन्दनम् ।
निधने यदि वैकुण्ठो मुक्तिर्भवति नारिणाम् ॥३॥
गत्वागत्वा निवर्तन्ते चन्द्रसूर्यादयो ग्रहा: ।
तथापि न निवर्तन्ते माला रुद्राक्षधारका: ॥४।

विष्णुलक्ष्मीको सम्वाद यस्तो छ कि लक्ष्मीले ऊर्ध्वपुण्ड्र लगाएको देखेर भन्नुभयो हे लक्ष्मी तिमीले ऊर्ध्वपुण्ड्र लाउनु हुँदैन । सौभाग्यवती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारीले ऊर्ध्वपुण्ड्र लगाए भने जति जति जन्म हुन्छ वन्ध्या नै हुन्छन् र लोक समाजमा निन्दनीय हुन्छन् । दुःख र दारिद्रयताले सताउँछ । हे लक्ष्मी नीच-नीच योनिमा सधैं पतित नै हुनेछन् । अन्तिममा वकुल्ली र लाटकोसेरी भएर जन्मिनेछन् । सधवा नारीहरूले निधारमा रातो वाटुलो सिन्दूर वा चन्दन लगाएर बस्ता निधन भयो भने मुक्ति हुन्छ । चन्द्र सूर्यादिग्रहहरू प्रलयमा विलीन हुन्छन् पुनः सृष्टिमा प्रकट हुन्छन् । गायत्री जप रुद्राक्षमाला धारण गर्नेलाई पुनः आउनु र जानु पर्दैन मुक्ति हुन्छ ।

येषांकोपो भवेद्ब्रह्मालललाटे भस्मदर्शनात् ।
तेषांमुत्पत्ति सांकर्य मनुमेयं विपश्चिता ॥
येषां नास्ति मुने श्रद्धा श्रौते भस्मनि सर्वदा ।
गर्भाधानादि संस्कारस्तेषां नास्तीतिनिश्चयः ॥

अर्थः वर्णसंकर र पापयुक्त व्यक्तिलाई मात्र अरुले लगाएको भस्म त्रिपुण्ड्र देखेर रिस उठ्छ र घृणा गर्दछ त्यसको उत्पत्ति नै वर्णसंकर जान्नु । जसलाई श्रौतभस्ममा श्रद्धा छैन भने जान्नु कि त्यसको अवश्य पनि गर्भाधानादि संस्कार भएकै छैन ।

श्रुति स्मृति युक्त सदाचार सनातन हिन्दू धर्ममा त्रिपुण्ड्र नलगाई कुनै पनि देवकार्य गर्दा निष्फल हुन्छ ।

सर्वधर्मतया तेषां विद्यते वैदिकी श्रुतिः ।
भस्मनोद्धूलनं चैव तथा तिर्यक् त्रिपुण्ड्रकम् ॥११-१३-७॥ दे.भा.
माहेश्वराणां लिगार्थं विद्यते वैदिकी श्रुतिः ।
भस्मनोद्धूलनं चैव तथा तिर्यक त्रिपुण्ड्रकम ॥११-१३-८॥
विज्ञानार्थं च सर्वेषा विद्यते वैदिकी श्रुतिः ।
शिवेन विष्णुना चैव ब्रह्मणा वज्रिणा तथा ॥११।१३।९॥
हिरण्यगर्भेण तदवतारैवरुणादिभिः ।
देवताभिधृत भस्म त्रिपुण्ड्रोद्धूलनादिकम् ॥११।१३।१०॥
उमादेव्या च लक्ष्म्या च वाचा चान्याभिरास्तिकैः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वस्त्रीभिर्धृतं भस्म त्रिपुण्ड्रोद्धूलनात्मना ॥११-१३-१४॥
यक्षराक्षसगन्धर्वसिद्धविद्याधरादिभिः ।
मुनिभिश्च धृतं भस्म त्रिपुण्ड्रोद्धूलनात्मना ॥११।१३।१२
ब्राह्मणैः क्षत्रियैर्वैश्यैःशूद्रैरपि च संकरैः ।
अपभ्रंशैर्धृतंभस्म त्रिपुण्ड्रोद्धूलनात्मना ॥११।१३।१३॥
उद्धूलनं त्रिपुण्ड्र च यैः समाचरितं मुदा ।
त एव शिष्टा विद्वांसो नेतरे मुनिपुंगव ।११।१३।१४॥
(द्र.दे.भा. कूर्म पु. पूर्व. अ.४२ र नारद पु. पु.५-३८)

अर्थः यो सबै शैव पाशुपत आदि धर्ममा सामान्य नियम छ। यस्तो उपनिषद्को कथन छ। भस्मपोत्नु र त्रिपुण्ड्र लगाउनु यो माहेश्वरको चिन्ह हो। यस्तो अथर्ववेदको श्रुति छ। भस्मधारण गर्नु सबै वैदिक परम्पराको परिचायक हो। यसरी जावाल्युपनिषद्मा भनिएको छ। शंकरले विष्णुले, ब्रह्माले, इन्द्रले, हिरण्यगर्भले र तिनका अवतारहरूले, वरुण र अरु देवताहरूले समेत भस्म र त्रिपुण्ड्रधारण गरेका थिए गर्दथे। पार्वती, सरस्वती, इन्द्राणी आदि देवाङ्गनाहरूले पनि भस्म र त्रिपुण्ड्र धारण गर्दथे। यक्ष राक्षस, गन्दर्भ, सिद्ध, विद्याधर र मुनिहरूले पनि भस्म र त्रिपुण्ड्र धारण गरेका थिए। ब्राह्मण क्षत्रिय वैश्य शूद्र मिश्रित वर्णको सन्तान शवर, वनेचर आदिहरूले पनि भस्म त्रिपुण्ड्र लगाएका थिए। मुनिवर नारद ! जसले प्रसन्न चित्तले भस्म र त्रिपुण्ड्र लाउँछ सो नै शिष्ट विद्वान् हो। अरुलाई शिष्ट भन्न सकिँदैन।

उपर्युक्त प्रमाणका आधारहरू धेरै छन्। अवतार हुने कि गराउने वा गर्ने परब्रह्म हिरण्यगर्भको इच्छाअनुसार राम, कृष्ण, अर्जुन, पाचपाण्डव आदि र अनि कश्यप यदुकुलमा वासुदेव भएर भूलोकमा विख्यात भए। हे नारद ! नी अदितिले पनि दुष्टकंसको बहिनी तथा रोहिणी यिनै दुई रूप मा जन्म लिइन। (शम्भुस्तु जन्मसम्प्राप्य वृषभानुगृहे ततः। स्त्री रूपं लीलयाऽऽस्थाय राधेन्याख्यामुपागमत्) पुराण र इतिहासमा उल्लेख भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यलाई छलेर भ्रम सिर्जना गर्ने कुमार्गगामीहरूले कति भ्रष्ट पारेका रहेछन् (आगते च कलौ युगे स्थापिते स्वमतस्य च । कलौतु मोहिता मूढा: संग्रहिष्यन्ति वो मतम्) कलिमा मनुष्यहरूले स्वविवेक मनमानी धर्मका ग्रन्थहरू वनाउँछन् र मेरो यो धर्म हो भनेर (कसैले ईश्वरका हतियारको डाम-छाप, कसैले लकेट, कसैले कपडाको रङ, कोही केशको वनावट, कोही गुरुको फोटो, कोही ललाटको उर्ध्वपुण्ड्र, कोही भाषाको सङ्केतवाट परिचय पाइने म अमुक वैष्णव हुं, म अमुक वावा हुँ, यसरी समाजमा अन्योल सिर्जना गर्नेछन् पाखण्ड धर्मगुरुले) कलिका आशिक्षित धर्मप्राण निरक्षरहरूलाई चाटुकार माया जालमा फसाएर सम्प्रदायमा समाहित गर्ने छन् र दम्भ गर्नेछन् भन्दै विष्णु पुराणमा (येन केन च योगेन द्विजाति दीक्षित: कलौ । यैवशैवच मैत्रेय प्रायश्चित: कलौ कृया:) कलिका द्विजहरू नहुने नहुने कर्म गर्दै दीक्षित हुनेछन् र ठूलो प्रायश्चित गरें भन्दै दम्भ गर्नेछन् । (यो त सिनेमा जस्तै सम्प्रदायका नाटक टडकारै देखिएकै छ ॥ अव प्रसङ्ग अर्को चाख मान्नुपर्ने छ कि कूर्म पु.पूर्व.वि.अ.२४ र शि.पु.वायव्य सं उ.ख.अ. १

एवमुक्त्वा ददौ ज्ञानमुपमन्युर्महामुनि: ।
व्रतं पाशुपातं योगं कृष्णायाल्किष्ट कर्मणे ॥४८॥
स तेन मुनिवर्येण व्याहृतो मधुसूदन: ।
तत्रैव तपसा देवं रुद्रमाराधयत्प्रभु: ॥४९॥
भस्मोद्धूलितसर्वाङ्गोमुण्डोवल्कलसंयुत: ।
जजाप रुद्रमनिशं शिवैकाहितमानस: ॥५०॥
ततो वहुतिथेकाले सोम: सोमार्धभूषण: ।
अदृश्यत महादेवो व्योम्नि देव्या महेश्वर: ॥५१॥

जुन देवता-देवीको प्रसाद निर्मल चल्दैन भन्ने सम्प्रदायका कथित दीक्षित गुरुहरू हो ! उपर्युक्त कर्म श्रीकृष्णले भस्म, त्रिपुण्ड्र, रुद्राक्ष धारण गरेर उपमन्यु ऋषिलाई गुरु वरण गरेर शिवको आराधनावाट शिवदर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु किन ? यी पुराण-वेदमा (राजनीति प्रशिक्षण जस्तो आफ्नै पार्टीको नीति र कार्यक्रम मात्रै पढाए ?) "अनेकधर्मविभ्रान्ताः स्त्रैणाः पाखण्डवादिनः । शुकशास्त्रकथोच्चारे त्याज्यास्ते यदि पण्डिताः" ॥-भागवत महात्म्यले ता अनेक धर्मका चक्करमा फसेर सम्प्रदायको लोगो लगाएका धर्मध्वजीले भनेको पुराण वा प्रवचन पण्डितै भए पनि नसुन्नु भनेको छ । वैदिक सनातन धर्मलाई नमार । यस्तो आज्ञा दिँदै उपमन्यु ऋषिले सुन्दर कर्म गर्नेवाला कृष्णलाई शिवसम्वन्धी पाशुपत योग, व्रत, ज्ञान प्रदान गर्नु भएको थियो । उनै गुरुले भनेअनुसार शिष्यसरह श्रीकृष्ण त्यही तपस्याद्वारा रुद्रको आराधना गर्न लाग्नु भयो । विधिपूर्वक त्रिपुण्ड्र भस्म लगाई मुण्डित एवम् वल्कल वस्त्र धारण गरेर अनन्य मनले शिवमा चित्त लगाई निरन्तर रुद्र सम्वन्धी मन्त्रहरूको जप गर्न लाग्नु भयो । तप गर्दा गर्दा निकै समयपछि अर्धचन्द्रमालाई गहनाको रूपमा शिरमा लगाएर सोमरूप महादेव पार्वतीका साथमा आकाशमण्डलमा देखिनु भयो ॥४८-५१॥ शाम्वको जन्म भएको थियो ।

तदेतत् कथितं सर्वं कृष्णस्यामितकर्मणः ।
महर्षेर्ज्ञान लाभश्च पुत्रलाभश्च शङ्करात् ॥

१-२६ वायवीय सं. उ.ख.

अर्थः धौम्यका दाजु उपमन्युवाट ज्ञान प्राप्त गर्नु र पाशुपत व्रत गरेका कुरा हामीहरूले सुन्यौं । त्यो कसरी गर्नुभयो.......? वायुदेव भन्नुहुन्छ- ऋषिहरू हो ! ठूला पराक्रमी कृष्णले महर्षि उपमन्युवाट ज्ञान एवम् पुत्र प्राप्त गरेको सम्पूर्ण कथा मैले तपाईंहरूलाई सुनाएँ । (श्रीकृष्णले पाण्डवलाई महाभारत युद्ध पश्चात् प्रायश्चित्त गर्न नेपाल पठाएको प्रसङ्ग पनि छ । पुस्तकको कलेवर वढ्ने भयले शव्द संकेत मात्र गर्दछु ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक श्रौतस्मार्त कर्म गर्नेले ऊर्ध्वपुण्ड्र आदि अन्य कुनै तिलक लगाउनु हुँदैन

अर्धचन्द्रादिकं लिङ्गं वेदनिष्ठो न धारयेत् ।
जन्मना लब्धजातिस्तु वेदपन्थानमाश्रितः ॥१०७॥
पुण्ड्रान्तरं भ्रमाद्वापि ललाटे नैव धारयेत् ।
ख्यातिकान्त्यादिसिध्यर्थं चापि विष्णवागमादिषु ॥१०८॥
स्थितं पुण्ड्रान्तरं नैव धारयेद्वैदिको जनः ।
तिर्यक्त्रिपुण्ड्रं संत्याज्य श्रौतं कथमपि भ्रमात् ॥१०९॥
ललाटे भस्मना तिर्यक्त्रिपुण्ड्रस्यच धारणम् ।
विना पुण्ड्रान्तरं मोहाद् धारयन्नारकी भवेत् ॥११०॥
वेदमार्गैकनिष्ठस्तु मोहेनाप्यङ्कितो यदि ।
पतन्त्येव न संदेहस्तथा पुण्ड्रान्तरादपि ॥१११॥
नाङ्कन विग्रहे कुर्याद्वेदमार्गं समाश्रितः ।
श्रौतधर्मैकनिष्ठाना तु लिङ्गं श्रौतमेव हि ॥११२॥
अश्रौतधर्मनिष्ठानामश्रौतं लिंगमीरितम् ।
देवता वेदसिद्धा यास्तासा लिङ्गं तु वैदिकम् ।११३॥
अश्रौततन्त्रनिष्ठायास्तासामश्रौतमेव हि ।
वेदसिद्धोमहादेवः साक्षात्संसारमोचकः ॥११४॥
भक्तानामुपकाराय श्रौतं लिङ्गं दधाति च ।
वेदसिद्धस्य विष्णोश्च श्रौतं लिंगं न चेतरत् ॥११५॥
प्रादुर्भावविशेषाणामपि तस्य तदेव हि ।
श्रौतं लिंगं तु विज्ञेय त्रिपुण्ड्रोद्धूलनादिकम् ॥११६॥
अश्रौतञ्चोर्ध्वपुण्ड्रादि नैवतिर्यक्त्रिपुण्ड्रकम् ॥
वेदमार्गैकनिष्ठानां वेदोक्तंनैवचन्मना ॥११७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ललाटे भस्मना तिर्यक्त्रिपुण्ड्रं धारयेत्व हि ।
यस्तु नारायणं देवं प्रपन्नःपरमं पदम् ।
धारयेत्सर्वदा शूलं ललाटे गंधवारिणा ॥११८॥

अर्थ: जुन वेदनिष्ठ ब्राह्मण छ, अर्धचन्द्राकारको तिलक लगाउनु हुदैन । यदि वैदिक छैन भने यसको व्यवहार गर्न सक्तछ । जुन जन्मना ब्राह्मण छ, वैदिक धर्मको अनुयायी छ त्यसले विर्सेर पनि आफ्ना निधारमा ऊर्ध्वपुण्ड्र नलगाओस् । वैष्णव ग्रन्थमा कीर्तिको कामनाको विचारले अथवा शारीरिक कान्ति वढाउनको लागि अनेक प्रकारको चिन्ह धारण गर्ने कुरा वताइएको छ । तर वैदिक ब्राह्मणले त्रिपुण्ड भन्दा अतिरिक्त कुनै अर्कै चिन्ह विर्सेर पनि धारण गर्नु हुँदैन । जुन वैदिक ब्राह्मण अज्ञानवश ललाटमा भस्मले तेर्सो त्रिपुण्ड्र धारण गर्ने ठाउँमा कुनै अर्कै चिन्ह लाउँछ, त्यो नरकमा जान्छ ॥११०॥ जुन वैदिक धर्म नै मेरो सर्वस्व हो भन्नेले अज्ञानवश तप्त मुद्रा धारण गरेछ भने त्यो नरकको अधिकारी हुन्छ । यसमा संशय छैन । यस्तो नै अरु पुण्ड्रादितिलकको विषयमा सम्झ ॥१११॥ जो वैदिक ब्राह्मण धर्मावलम्वी छ, त्यसले आफ्ना शरीरमा कुनै प्रकारको छाप वा दाग लाउनु हुदैन । वास्तविक वैदिक सनातन हिन्दु धर्म मान्नेले एउटै वैदिक चिन्ह त्रिपुण्ड्र धारण गर्नुपर्छ ॥११२॥ जो वैदिक धर्म परायण छैन त्यसले आफ्नो सम्प्रदायअनुसार अवैदिक चिन्ह धारण गर्न सक्छ । वेदमा जति जति देवताको उल्लेख पाइन्छ, तिनीहरूको वैदिक नै चिन्ह छ । अतः जुन मनुष्य जुन देवताको आराधना गर्दछ, त्यसले त्रिपुण्ड्र अवश्य धारण गरोस् ॥११३॥ जुन मनुष्य तन्त्रशास्त्रको मतानुयायी छ, त्यसले आफ्नो तन्त्रोक्त चिन्ह धारण गर्न सक्तछ । महादेवजी वैदिक देवता हुनुहुन्छ, वहाँ भववन्धनवाट मुक्त गराउनेवाला हुनुहुन्छ । वहाँ भक्तको उपकारको लागि वेदानुमोदित चिन्ह भस्म त्रिपुण्ड्र धारण गर्नु हुन्छ । विष्णु पनि वैदिक देवता हुनुहुन्छ, वहाँ पनि वेदानुमोदित चिन्ह धारण गर्नुहुन्छ । अर्को चिन्ह धारण गर्नुहुन्न र त्रिपुण्ड्र धारण गर्नु नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक चिन्ह हो ॥११५॥ वहाँद्वारा जति अवतारहरू राम, कृष्ण, आदि अवतारहरू भएका छन्, तिनीहरू पनि वैदिक भस्मको त्रिपुण्ड्र धारण गर्दछन् । सर्वाङ्गामा भस्म धारण गर्नु र त्रिपुण्ड्र धारण गर्नु नै वैदिक चिन्ह हो ॥११६॥ वैदिक धर्मको अतिरिक्त जुन तन्त्रशास्त्रानुमोदित सम्प्रदाय छ, त्यो ऊर्ध्वपुण्ड्र धारण गर्दैन । वैदिक धर्मलाई प्राणभन्दा प्यारो ठान्ने द्विजातिले ललाटमा वैदिक शास्त्रानुमोदित भालले तेर्सो त्रिपुण्ड्र लगाउनु पर्छ । जसले भगवान् नारायणलाई आफ्नो आराध्य देवता मानेर तिनमा भरोसा राख्दछ, त्यसले आफ्नो ललाटमा सुगन्धित (भस्म, श्रीखण्ड, रक्तचन्दन अथवा पानी कै भएपनि) लेपले शूलाकार (तेस्रा धर्का) तिलक लगाओस् ॥११७-१८॥

श्रीखण्डं मृत्तिकां चैव भस्म तोयं चतुर्थकम् ।
एभिर्द्रव्यै र्यथाकाले त्रिपुण्ड्रकं समाचरेत् ॥

(प्रयोग पारिजात)

अर्थः श्रीखण्ड, पवित्र ठाउँको माटो, भस्म र पानी अवस्थाअनुसार क्रमशः त्रिपुण्ड्र नै धारण गर्नु वैदिक व्राहमणको लागि उत्तमोत्तम संस्कार हो ।

अभ्यङ्गे सूतिके चैव विवाहे पुत्रजन्मनि ।
सर्वेषां चैव मांगल्यं न धार्यं गोपिचन्दनम् ।
तुलसीमालया दृष्ट्वा रोदन्ति पितृदेवताः ॥

(सत्कर्म प्रकाश)

अर्थः विवाहोत्सव सन्तान जन्मदा सम्पूर्ण माङ्गलिक कार्यमा कहिल्यै पनि सनातनीले गोपिचन्दन लगाउनु हुँदैन । सन्तानका गलामा पितृले तुलसीको कण्ठी देखे भने रून्छन् ।

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विजाति (त्रैवर्णिक) लाई गायत्रीको उपासनाले नै मुक्ति हुन्छ । दीक्षित हुनु भनेको अवैदिक नास्तिक बन्नु हो र दीक्षितको उपासना श्रम मात्र हुन्छ

दे. भा. १२ स्क. ८ अ.

(कर्णात्कर्णोपदेशेन सम्प्राप्तमवनितले) वैदिक मन्त्रसमूह वर्ण एवम् गुरूपरम्परावाट आएको हो ।

इत्युक्त्वा च महादेवी मूलप्रकृतिरीश्वरी ।
अन्तर्धानं गता सद्योभक्त्या देवैरभिष्टुता ॥

दे.भा. १२-८, ८४.....१२॥

ततःसर्वे स्वगर्वं तु विहाय पदपंकजम् ।
सम्यगाराधयामासुर्भगवत्याः परात्परम् ।
त्रिसंध्यं सर्वदा सर्वे गायत्रीजपतत्पराः।
यज्ञभागादिभिःसर्वे देवीं नित्यं सिषेविरे ।
एवं सत्ययुगे सर्वे गायत्रीजपतत्पराः ।
तारहृल्लेखयोश्चापि जपे निष्णातमानसा ।
न विष्णूपासना नित्या वेदे प्रोक्तास्तु कुत्रचित् ।
न विष्णुदीक्षा नित्यास्ति शिवस्यापि तथैव च ।
गायत्र्युपासना नित्या सर्ववेदैः समीरिता ।
यया विनात्वधः पातो व्राह्मणस्यास्ति सर्वथा ।
तावता कृतकृत्यत्वं नान्यपेक्षा द्विजस्य हि ।
गायत्री मात्रनिष्णातो द्विजोमोक्षमवाप्नुयात् ।
कुर्यादन्यन्नवा कुर्यादितिं प्राह मनुः स्वयम् ।
विहाय तां तु गायत्रीं विष्णूपास्तिपरायणः ।
शिवोपास्तिरतो विप्रो नरकं याति सर्वथा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक चिन्ह हो ॥११५॥ वहाँद्वारा जति अवतारहरू राम, कृष्ण, आदि अवतारहरू भएका छन्, तिनीहरू पनि वैदिक भस्मको त्रिपुण्ड्र धारण गर्दछन् । सर्वाङ्गमा भस्म धारण गर्नु र त्रिपुण्ड्र धारण गर्नु नै वैदिक चिन्ह हो ॥११६॥ वैदिक धर्मको अतिरिक्त जुन तन्त्रशास्त्रानुमोदित सम्प्रदाय छ, त्यो ऊर्ध्वपुण्ड्र धारण गर्दैन । वैदिक धर्मलाई प्राणभन्दा प्यारो ठान्ने द्विजातिले ललाटमा वैदिक शास्त्रानुमोदित भालले तेर्सो त्रिपुण्ड्र लगाउनु पर्छ । जसले भगवान् नारायणलाई आफ्नो आराध्य देवता मानेर तिनमा भरोसा राख्दछ, त्यसले आफ्नो ललाटमा सुगन्धित (भस्म, श्रीखण्ड, रक्तचन्दन अथवा पानी कै भएपनि) लेपले शूलाकार (तेस्रा धर्का) तिलक लगाओस् ॥११७-१८॥

श्रीखण्डं मृत्तिकां चैव भस्म तोयं चतुर्थकम् ।
एभिर्द्रव्यै र्यथाकाले त्रिपुण्ड्रकं समाचरेत् ॥

(प्रयोग पारिजात)

अर्थ: श्रीखण्ड, पवित्र ठाउँको माटो, भस्म र पानी अवस्थाअनुसार क्रमश: त्रिपुण्ड्र नै धारण गर्नु वैदिक व्राह्मणको लागि उत्तमोत्तम संस्कार हो ।

अभ्यङ्गे सूतिके चैव विवाहे पुत्रजन्मनि ।
सर्वेषां चैव मांगल्यं न धार्यं गोपिचन्दनम् ।
तुलसीमालया दृष्ट्वा रोदन्ति पितृदेवता: ॥

(सत्कर्म प्रकाश)

अर्थ: विवाहोत्सव सन्तान जन्मदा सम्पूर्ण माङ्गलिक कार्यमा कहिल्यै पनि सनातनीले गोपिचन्दन लगाउनु हुँदैन । सन्तानका गलामा पितृले तुलसीको कण्ठी देखे भने रून्छन् ।

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विजाति (त्रैवर्णिक) लाई गायत्रीको उपासनाले नै मुक्ति हुन्छ । दीक्षित हुनु भनेको अवैदिक नास्तिक बन्नु हो र दीक्षितको उपासना श्रम मात्र हुन्छ

दे. भा. १२ स्क. ८ अ.

(कर्णात्कर्णोपदेशेन सम्प्राप्तमवनितले) वैदिक मन्त्रसमूह वर्ण एवम् गुरूपरम्परावाट आएको हो ।

इत्युक्त्वा च महादेवी मूलप्रकृतिरीश्वरी ।
अन्तर्धानं गता सद्योभक्त्या देवैरभिष्टुता ॥

दे.भा. १२-८, ८४.....९२॥

ततःसर्वे स्वगर्वं तु विहाय पदपंकजम् ।
सम्यगाराधयामासुर्भगवत्याः परात्परम् ।
त्रिसंध्यं सर्वदा सर्वे गायत्रीजपतत्पराः।
यज्ञभागादिभिःसर्वे देवीं नित्यं सिषेविरे ।
एवं सत्ययुगे सर्वे गायत्रीजपतत्पराः ।
तारहृल्लेखयोश्चापि जपे निष्णातमानसा ।
न विष्णूपासना नित्या वेदे प्रोक्तास्तु कुत्रचित् ।
न विष्णुदीक्षा नित्यास्ति शिवस्यापि तथैव च ।
गायत्र्युपासना नित्या सर्ववेदैः समीरिता ।
यया विनात्वधः पातो व्राह्मणस्यास्ति सर्वथा ।
तावता कृतकृत्यत्वं नान्यपेक्षा द्विजस्य हि ।
गायत्री मात्रनिष्णातो द्विजोमोक्षमवाप्नुयात् ।
कुर्यादन्यन्नवा कुर्यादिति प्राह मनुः स्वयम् ।
विहाय तां तु गायत्रीं विष्णूपास्तिपरायणः ।
शिवोपास्तिरतो विप्रो नरकं याति सर्वथा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मादाद्ययुगे राजन्गायत्रीजपतत्पराः ॥
देवीपदाम्बुजरता आसन्सर्वे द्विजोत्तमाः ॥९२॥
ब्रह्मविद्याति संखिन्ना ब्रह्मिष्ठं ब्राह्मणं ययौ ।
वाराङ्गनासमां मां हि माकृथा सर्व सेविताम् ।
गोपाय मां सदैव त्वं कुलजामिव योषिताम्
सेवधिस्त्वक्षयस्तेऽहमिह लोके परत्र च ।
निन्दा गुणवतां तद्वत् सर्वदार्जव शून्यता
इन्द्रियाधीनता नित्यं स्त्रिसंगश्चाविनीतता ।
कर्मणा मनसा वाचा गुरौ भक्ति विवर्जनम्
एवमाद्या येषु दोषा तेभ्यो वर्जय मां सदा ।
एवं हि कुर्वतो नित्यं काम धेनुरिवास्मि ते
वन्ध्यान्यथा भविष्यामि लतेव फलवर्जिता ।

(कल्याण विशेषांकवाट)

त्रियुगं तु सहस्रेण गायत्री हन्ति किल्विषम्
गायत्रीमक्षमालायां सायं प्रातश्च यो जपेत् ॥

४६ १९५ प.पु. सृ.ख.

अर्थः व्यास भन्नुहुन्छ, हे जनमेजय मूल प्रकृति र ईश्वरी नामले सुप्रसिद्ध भगवती महादेवी देवताद्वारा भक्तिपूर्वक सुपूजित भएर अन्तर्ध्यान होइवक्स्यो । त्यसपछि सम्पूर्ण देवता आफ्नो अभिमान त्यागेर ती सवै नियमपूर्वक हरतरहले जगदम्वा भगवतीको नित्य उपासना गर्न लागे ॥८५-८६॥ यसरी सत्य युगमा सवै जनागायत्री जपमा संलग्न थिए । तिनीहरूको मन प्रणव र मूल प्रकृतिको जपमै लागिरहन्थ्यो ॥८७॥ वेदमा विष्णुको उपासना अथवा शिवको उपासना, विष्णुको दीक्षा अथवा शिवको दीक्षा पनि नित्य वताएको छैन ॥८८॥ सम्पूर्ण वेदले गायत्रीको उपासना नै नित्य वताएको छ, जुन गायत्री विना ब्राह्मण अधोगतिमा प्राप्त हुन्छ ॥८९॥ केवल गायत्री मन्त्रले नै त्यो कृतकृत्य हुन्छ । त्यसलाई अर्को साधना वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीक्षाको आवश्यकता छैन । त्यो द्विजले अर्को सत्कर्म गरोस् अथवा नगरोस् केवल गायत्रीको जपमै लागिरहनाले नै मुक्ति हुन्छ । स्वयं मनुको यो घोषणा छ हे राजन् ! गायत्री त्यागेर विष्णु अथवा शिवका मन्त्र दीक्षाको उपासना गर्ने विप्र नरकगामी हुन्छ । यसकारण सबै ब्राह्मणद्विजहरू सत्ययुगमा निरन्तर गायत्रीको जप र भगवतीका चरणकमलको उपासनामा नै लागिरहन्थे ॥९०-९२॥ ब्रह्मविद्या गायत्री अनि खिन्न भएर ब्रह्मनिष्ठ ब्राह्मणका सन्मुख आएर भन्न लागिन्-हे ब्राह्मण मलाई जोसुकैले वेस्याजस्तो सर्वभोग्या नबनाऊ बरु कुल वधूलाई जस्तै मेरो रक्षा गर । मेरो मन्त्रवाट दीक्षित हुने व्यक्ति सम्पूर्ण द्विजत्वविहित संस्कारादिवाट सुसंस्कृत हुनु परमावश्यक छ । जोसुकैलाई मन्त्रदान गरी मेरो हुर्मत जाने कामवाट मलाई बचाऊ । सदा दयादाक्षिण्यादि धर्म र गुणले रहित भएका जनले निन्दा गरिएकी म सर्वगुण सम्पन्न मेरो सधैं रक्षा गरी आफ्ना सम्पूर्ण इन्द्रियहरूलाई वशमा गरी द्विजत्व संस्कारयुक्त जनले मात्र सेवा गर्नयोग्य मलाई सेवा गर्दै मन, वचन, कर्मद्वारा गुरुको आज्ञानुसार मेरो जप गर्नु सर्वजनहिताय सर्वजनसुखाय हुन्छ । साथै यसरी सेवा गरिएकी मबाट मनोवाञ्छासिद्ध हुनुका साथै सर्वसिद्धि फल प्राप्त गर्नेछ । नियमविपरीत जन्म संस्कारविहीन जनले मेरो जप उपासना गर्दछ भने फलवर्जित वन्ध्या लहरजस्तै उसले गरेका सम्पूर्ण कर्महरू निस्फल हुनेछन् । त्यस उपासनावाट उल्टो फलवाहेक कुनै पनि सिद्धि प्राप्त हुने छैन ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागवत धर्मशास्त्रका वक्ता कस्तो व्यक्ति हुनु हुँदैन

कथं व्राह्मणता नष्टा भवेन्मे वद सुव्रत
शास्त्रेषु श्रुयते लोके व्राह्मणेभ्यो न चोत्तमः ॥

(भागवत महात्मय कौशिकी संहिता ४-३४०

अर्थः हे सुव्रत ! व्राह्मणता कसरी नष्ट हुन्छ ? वताऊ । लोकमा र शास्त्रमा पनि सुनिन्छ व्राह्मणभन्दा उत्तम अरु हुँदैनन् ।

तप्तमुद्राधारणेन यवनीमैथुनेन च ।
पाखण्ड मार्गोपादानान्निन्दनाद्विप्रशास्त्रयोः

४-३८ । कौ. संहिता

तप्त मुद्राको चिन्ह धारण गर्नाले, यवनस्त्रीसँग संसर्ग गर्नाले पाखण्ड वाटो अंगाल्नाले र शास्त्र र व्राह्मणको निन्दा गर्नाले (व्राह्मणत्व नष्ट हुन्छ) ।

व्रह्मविष्णुमहेशानां मध्ये ये भेददर्शिनः ।
देवीभक्तिविहीना ये पाखण्डा हिंसका खलाः ॥
विप्रद्रुहो नास्तिका ये न ते योग्याः कथाश्रवे ।

देवीभा म. ५.४२

व्रहमा, विष्णु र महेशका वीचमा भेदभाव गरेर हेर्ने, देवीको भक्ति नगर्ने, पाखण्डी, मूर्ख, व्राहमणद्रोही,नास्तिक, हिंसक आदि कथा सुन्न योग्य हुँदैनन् ।

पाखण्डनिरतो लुब्धः स्त्रैणो धर्मध्वजस्तथा ।
निष्ठुरः क्रोधिनो वक्ता देवयज्ञे न शस्यते ॥

देवी भा. माहात्म्य ५-२२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाखण्डधर्ममा लागेको, लोभी, स्त्रीलम्पट, धर्मध्वजी, निष्ठुर, क्रोधी वक्तालाई देवीयज्ञमा राख्न हुँदैन ।

श्री देवीभिन्नदेवेषु श्रद्धाभक्तिसमन्विता: ।
शङ्खचक्राद्यङ्कितताश्च भवत व्राह्मणाधमा: ॥

१२-९-७१ दे.भा.

गायत्रीदेवीभन्दा भिन्न देवताहरूमा श्रद्धा भक्ति गर्ने र शङ्ख चक्रले अङ्कित हे व्राह्मण हो तिमीहरू अधम व्राह्मण होऊ ।

विप्रो विप्रेतरगुरुरविप्रो जायते ध्रुवम् ।
न स विप्रेषु पूजार्हस्तस्मात् विप्रं गुरुं चरेत् ॥

कौशिक संहिता अ.६।२७॥

व्राह्मणले व्राह्मणभिन्नलाई गुरु वनाएमा निश्चय नै व्राहणत्व नाश हुन्छ । व्राह्मणहरूमा त्यो व्यक्ति पूजा गर्न योग्य हुँदैन त्यसैले व्राह्मणलाई गुरु वनाउनु पर्दछ ।

गोत्रप्रवर त्यागेऽपि विप्रत्वं नश्यति ध्रुवम् ।
विप्रेतरगुरोर्जाति: क्षत्रादेरपि नश्यति ॥६-२८॥ कौ.सं.

गोत्र र प्रवर त्याग गर्नाले पनि निश्चय नै व्राह्मणत्व नाश हुन्छ । व्राह्मणभिन्न जातिलाई गुरु मानियो भने क्षत्री आदि पनि नाश हुन्छन् ।

राजमुद्राङ्कितं देवमुद्राचिन्हितविग्रहम् ।
मातृत: पितृतश्चाथाऽशुद्धं देवलकं तथा ॥ ६-३२ कौ.सं.

राजमुद्रा धारण गर्ने, देवमुद्राको चिन्ह धारण गर्ने, माता र पिताको दोषवाट दूषित र देवलक (देवतालाई चढाएको भेटी खाएर जीविका गर्ने) अशुद्ध मानिएको छ ।

अनेक धर्म विभ्रान्ता: स्त्रैणा: पाखण्डवादिन: ।
शुकशास्त्रकथोच्चारे त्याज्यास्ते यदि पण्डिता: ॥

भागवत् महात्म्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक धर्मका चक्करमा परेका, स्त्रीलम्पट, (पाणिग्रहण गरिएकी नारीलाई दीक्षा मन्त्र दान गर्ने पनि) पाखण्डी यदि पण्डित भए पनि भागवतशास्त्र उच्चारण गर्न नलगाउनु अर्थात् त्यस्ता पण्डितलाई त्याग गर्नुपर्दछ ।

वैष्णवीं चाथ शैवीञ्च योऽन्यां दीक्षां समाचरेत् ।

ब्राह्मणो न भवेत् सोऽथ यद्यपि स्यात् षडङ्गवित् ॥

स्क. पु. २७४।८७

(स्वकुलोचित संस्कार उपनयन्ना द्विजातिले गायत्री (वैदिक मन्त्र) लिएपछि वैष्णवी, शैवी अथवा जुनसुकै अन्य दीक्षा लिएको ब्राह्मण सम्पूर्ण षडङ्ग (षडशास्त्र) जान्ने भए तापनि त्यसलाई ब्राह्मण भन्न सकिन्न अर्थात् त्यो ब्राहण हुँदैन ।

वर्णानामाश्रमाणां च सदाचारः पृथक् पृथक् ।

सामान्यः सविशेषाश्च स्वधर्मः स उदीर्यते ॥

स्क. पु. वैष्णव खण्ड १।२०।११

वर्ण र आश्रमको सदाचार आचरण अलग अलग हुन्छ । सामान्यधर्म र विशेषधर्म गर्गी स्वधर्म पनि बनाइएको छ ।

यः स्वधर्मं परित्यज्य परधर्मं समाचरेत् ।

पाखण्डः स हि विज्ञेयः सर्वधर्मबहिष्कृतः

वृहन्नारदीय पुराण १।२२।८॥

जो आफ्नो गोत्र धर्मलाई त्याग गरेर अर्काको धर्म पालना गर्दछ त्यो पाखण्ड हो र त्यस्तो व्यक्ति सबै धर्मबाट बहिष्कृत हुन्छ ।

ब्राह्मण्यं पुण्यमुत्सृज्य ये द्विजा लोभमोहिताः ।

कुकर्माण्युपजीवन्ति ते वै निरयगामिनः ॥

१६।२ पद्मपुराण

जुन ब्राह्मणहरू लोभ र मोहका कारणले ब्राह्मणत्व र पुण्य कर्म छोडेर कुमार्गमा जीविका गर्दछन् ती सबै नरकमा पुग्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणो यदि मोहेन तापयेत् वन्हिमुद्रया ।
न कर्म यज्ञे होमे च भवेत् पाखण्डसंज्ञकः ॥

ब्राह्मणले मोहपूर्वक आगामा तताएको धातुका मुद्राद्वारा शरीर तपाएको (डामेको) छ भने त्यस्ता ब्राह्मण यज्ञ हवन र भिक्षा, दान लिने दिने कर्ममा योग्य हुँदैनन् तिनीहरू पाखण्डी कहिन्छन् ।

हरिशङ्करयोर्मध्ये ब्राह्मणश्चापि यो नरः
भेदं करोति सोऽभ्येति नरकं भृशदारुणम् ॥ ४३।५ पु सु ख

विष्णु र शिवमा भेद गर्ने, ब्राह्मणमा भेद गर्ने व्यक्ति डरलाग्दो दुःख पाउने गरी नरकमा पुग्दछ ।

लिङ्गार्चनविहीनानां सिद्धिं चापि सुदुर्लभाः ।
विष्णुद्रोही च सरटः शिवद्रोही च मूषकः ॥ प पु

लिङ्गको पूजा नगर्नेहरूको सिद्धि हुन कठिन छ । विष्णु द्रोही छेपारो हुन्छ भने शिवद्रोही मुसो हुन्छ ।

सर्वेषामेव विश्वानां स तामस इति स्मृतः
राजसश्च स्वयं ब्रह्मा शिवो विष्णुश्च सात्विकौ ।
परमज्ञानिनो मूर्खा वदन्ति तामसं शिवम् ॥

८।२० ब्रह्मवैवर्त पुराण ब्रह्मा खण्ड

सबै विश्वसंसार तमोगुण युक्त सम्झनु । ब्रह्माजी स्वयम् रजो गुणी हुनुहुन्छ र शिव र विष्णु सत्वगुणी हुनुहुन्छ । परन्तु अज्ञानी मूर्खहरू शिवलाई तमोगुणी भन्दछन् ।

शिवं शिवस्वरूपं च कृष्ण प्राणाधिकं प्रियम्
ये नार्चयन्ति निन्दन्ति ब्रह्महत्यां लभन्ति ते ॥

३०।१३ ब्र वै पु ब्र ख

शिवलाई र शिवको स्वरूपलाई कृष्णको प्राणभन्दा प्यारो मानिएको छ । जसले शिवलाई पूजा नगरेर निन्दा गर्दछन् तिनीहरू ब्रह्महत्या समान पापका भागी हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्राद्धादि कर्मरहिताः गुरुसेवा विवर्जिताः ।
अमन्त्रा-भिन्नमर्यादा ते सर्वे ब्राह्मणाधमाः ॥ ४७१५ प.पु.

श्राद्धादिकर्म नगर्ने, गुरुसेवा नगर्ने, गायत्री मन्त्रभन्दा भिन्न मर्यादा पालन गर्ने अधम ब्राह्मण मानिन्छन् । (काल्पनिक लौकिक मन्त्र-दीक्षाद्वारा दीक्षित हुने) ।

ताम्रपात्रे पयःपानम् उच्छिष्टे घृत भोजनम् ।
दुग्धं लवणसार्धं च सद्योगोमांसभक्षणम् ॥

तामाका भाडाको दूध पान गर्नु, घिउ नै भए पनि जुठो खानु, नूनसँग मिसिएको दूध पान गर्नु गाईको मासु खाए समान हुन्छ ।

स्नानतर्पणदानेषु ताम्रे गव्यं न दुष्यति ।
होमे कार्ये तथा दोहे पाके च परिवेषणे ।

स्नान गर्दा, तर्पण गर्दा र दान गर्दा तामाका भाडामा हालेको दूध दूषित मानिदैन । हवन कार्यमा, दूध दुहुने कार्यमा पकाउनमा र पस्किनमा पनि तामाको भाडो दूषित हुँदैन ।

अपि स्तेयरताः मूढाः सर्वधर्मविवर्जिताः ।
उन्मार्गगामिनो नित्यं ब्राह्णाश्चाधमाधमाः ॥ ४७१४ प.प्र.सृ.ख

चोरी गर्ने, मूर्ख, सम्पूर्ण धर्मले रहित भएका उल्टो वाटामा नित्य लागेका ब्राह्मणहरू अधमभन्दा पनि अधम हुन् ।

शिवप्रियाः शिवाशक्ताः शिवपादार्चने रताः ।
त्रिपुण्डधारिणो ये च ते वै भागवतोत्तमाः ॥५।६८। नारद पु.पूर्व

जो विद्वान्-भक्त त्रिपुण्ड तिलक धारण गर्दै साम्वसदाशिव निर्माल्यको पाउको अर्चना वन्दना सहित निर्माल्योदक सेवन गर्दछन् ती त्यस्ताहरू उत्तम भगवान् भक्त हुन् । कूर्म पु.मा पनि यस्तै आशयको ।

सर्वेषामेव मुक्तानां शम्भोर्लिङ्ग मनुत्तममम् ।
सितेन भस्मनाकार्यं ललाटे तु त्रिपुण्ड्रकम । २।१००।

कू.पु.पु. विभाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीचकर्म गर्ने र धेरै चेलाचेली बनाउनेको कथा र गति

श्रीमद् भागवत् कौशिकसंहितामा उल्लेख गरिए अनुसार-नारायण भन्नुहुन्छ

शृणु नारद यत्नेन वदामि हितकारकम् ।
सर्वेषामेव वर्णानामाश्रमाणां विशेषतः ॥१॥
आसीत्पूर्वयुगे वैश्यो नेपालनगरे सुधीः ।
वृत्तिहीनो वन्धुहीनःसस्त्रीकः सुतवर्जितः ॥२॥
इत्यावेदितहार्दाय सांख्यायन उवाचह ।
श्रणु वैश्य पुरावृत्तंस्वकियंदुःखहेतुकम् ॥१५॥
भगवन्कृपया व्रूहि दीनंशरणमागतम् ।
यत्फलं दीनदयया नतत्क्रतुभिराप्यते ॥१४॥
इत्यावेदितहार्दाय सांख्यायन उवाचह ॥
श्रृणु वैश्य पुरावृत्तं स्वकीयं दुःखहेतुकम् ॥१५॥
शूद्रजातिसमुद्भुतोवेदाभ्यासं पुराकरोः ।
विप्रायित्वात्वमात्मानं काश्यां नाम्ना समूलकः ॥१६॥
अभ्यस्य वहुशास्त्राणि भिक्षुवेशं चकार ह ।
शिष्याश्चकार वहुशो विप्रान्नानाविधान् द्विज ॥१७॥
उच्छिष्टं भक्षयामास सर्वान्शिष्यान्मदोद्धतः ।
उच्छिष्टमार्जनंचापि पादसंवाहनं तथा ॥१८॥
विप्रैस्त्वं कारयामास शिष्यीभूतैर्हठात् वहु ।
कदाचि द्दैवतो मृत्युरागतो विट्पतेस्तव ॥१९॥
गतोभूर्धमराजस्य पुरं दुःखेन पीडितः ।
सशिष्यस्त्वं ततो वैश्य वहुधा दुःखमापिथ ॥२०॥
उच्छिष्टं प्राशयेद्विप्रं मोहात्स्नेहाद्धठाच्च यः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वाग्रभोजिनं मूढो लालाभक्ष प्रयाति सः ॥२१॥
शारीरिकमलान्भुंक्ते यावदाभूतसंप्लवम् ।
यो हीनश्चोत्तमंवर्णं शिष्यत्वे विनियोजयेत् ॥२२॥
स शूकरमुखं याति ताड्यमानो यमानुगैः ।
वहुवर्षसहस्राणि भुक्त्वानरकयातना ।२३॥
शौकरींगार्धभीं योनिं वहुशो वाप वैश्यजः ।
चाडालजातौ वहुधाजातस्त्वं निजकर्मणा ॥२४॥
केनचित्पुण्यशेषेण जाते वैश्यगृहे सुधीः ।
धनधान्यसुतैर्हीनोव्याधिभिःकृतवेश्मभूः ॥२५॥
अधुना कुरु भो वैश्य निष्कृतिं पूर्वकर्मणः ।
तेन त्वं चैहिकान्भोगान्भुक्त्वान्तेप्राप्स्यसे सुखम् ॥२६॥
इत्युक्तोऽवनतोवैश्य उवाच मुनिसत्तमम् ।
यथाहमाप्नुयां विप्र सुखं तव प्रसादतः ।
प्रायश्चित्तमतोब्रूहि कर्तुं शक्यं च यन्मया । २७॥
प्रायश्चित्तं न पश्यामि जात्वा वृजिनकारिणः ।
ब्राह्मणो जन्मना श्रेयान्सर्वेषां प्राणिनामिह
आत्मोद्धारकताशक्तिः परोद्धारकता तथा ।
शक्तिद्वे ईशरचिते स्वोद्धारा सर्वसंस्थिता ॥२९॥
परोद्धारा न सर्वत्र वैश्य हे ब्राह्मणं विना ।
विप्रे द्वे एव वर्तेते तस्माद्विप्रो गुरुर्भवेत् ॥३०॥
अतः सर्वं कृतं विप्रैर्जपहोमार्चनादिकम् ॥
लभते सर्व लोकोऽयं नान्यजातिकृतं क्वचित् ॥३१॥
अलाभे विदुषो विप्रजातिमात्र परिग्रहः ।
अतो विप्रः सर्वपूज्यःसर्वदासुख हेतवे ॥३२॥

अथः हे नारद ! सबै वर्णको र विशेष गरेर आश्रमको हित गर्ने उपाय यत्नपूर्वक सुन ॥१॥ पहिले नेपाल नामक नगरीमा विद्वान् वैश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए । तिनकी पत्नी थिइन् तर सन्तान र वन्धुवान्धव थिएनन् । धन पनि थिएन ॥२॥ एकदिन ती साङ्ख्यायनका शरणमा पुगे र भन्न थाले हे भगवन् म दीन दुःखी हजुरका शरणमा आएको छु । जुन फल गरिवलाई दया गर्दा पाइन्छ त्यो फल यज्ञवाट पनि पाइँदैन अतः मलाई दया गरी दुःखको कारण वताइदिनुहोस् ॥३॥ यसपछि सांख्यायनले भन्नुभयो-हे वैश्य ! तपाईंको दुःखको कारण पूर्वजन्मको कर्म रहेछ । तपाईं पहिलो जन्ममा शूद्र जातमा जन्मिनु भएको रहेछ । त्यसवेलामा वेदको अभ्यास गर्नुभयो । समूलक नाम गरेको तपाईं काशीमा गएर आफूलाई व्राह्मण हुँ भनेर चिनाउनुभयो ॥४॥ त्यसवेला धेरै शास्त्रहरू पढेर भिक्षुजस्तो वस्त्र लगाई धेरै व्राह्मणहरूलाई शिष्य वनाउनुभयो ॥५॥ आफ्ना शिष्यहरूलाई जुठो खुवाउनुभयो । सेवा गराउनुभयो र शरीर मालिस गर्न पाउ मिच्न पनि लगाउनुभयो ॥१६॥ धेरै शिष्यले युक्त भई सेवा सम्पन्न हुनुभएको तपाईंका जीवनमा काल आयो र मृत्युभयो ॥७॥ त्यस मृत्युपश्चात् अत्यन्त दुःखी भएर तपाईं शिष्यसहित यमराजको नगरमा पुग्नुभयो ॥८॥ यमराजवाट व्राह्मणलाई जुठो खुवाएको र घमण्डी र हठी स्वभावको तपाईंलाई शिष्यसहित लालाभक्ष नामक नरकमा पठाइयो ॥९॥ जति तपाईंले जुठो खुवाउनुभयो र शिष्य वनाउनुभयो त्यति नै नरकमा वसेर मलमूत्र खानुपर्‍यो ॥१०॥ त्यसपछि यमराजका दूतहरूले कुट्दै पिट्दै सूकरमुख नामक नरकमा लगे । त्यहाँ पनि हजारौं वर्षसम्म यातना भोग्नुभयो । त्यसपछि सुँगुर, गधा, चाण्डाल आदिमा जन्मदै दुःख पाउनुभयो र केही वाँकी रहेको पुण्यको प्रभावले वैश्यका घरमा गएर जन्म लिनुभयो । वैश्य वनेर पनि धनधान्य रहित सन्तानरहित र रोगी हुनुपर्‍यो ॥११॥ त्यही पूर्वजन्मका कारणले गर्दा तपाईं दुःखी हुनुभएको छ । अव यो जन्मभरि दुःख गर्नुहोस् र अर्को जन्मपछि सुख पाउनुहुनेछ ॥१२॥ यति सुनेपछि वैश्यले भने हे मुनि ! मैले दुःख पाएको कारण वुझें । अव यसको प्रायश्चित्त गर्ने केही उपाय छ भने मलाई वताइदिनुहोस् ॥१३॥ मुनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नुहुन्छ हे वैश्य ! तपाईंजस्ता व्यक्तिको त प्रायश्चित्त पनि हुँदैन । सबै प्राणीहरू मध्येमा ब्राह्मण नै श्रेष्ठ हुन्छ ॥१४॥ शक्ति भगवान्ले दुई प्रकारको रचना गर्नुभएको छ । एक आफूलाई उद्धार गर्ने आत्मोद्धारक र अर्को अर्कालाई उद्धार गर्ने परोद्धारक ॥१५॥ अर्काको उद्धार ब्राह्मण विना अरुले गर्न सक्दैनन् । त्यसैले ब्राह्मणलाई गुरु मान्नु परेको हो ॥१६॥ त्यसैले ब्राह्मणद्वारा नै जप, होम, यज्ञ, पूजन आदि गराउनु पर्दछ । अरु जातिले गराउन हुँदैन । अतः जति विद्वान् भए पनि अरु जातिले यज्ञ गराउन हुँदैन ब्राह्मणले नै गर्नुपर्दछ । त्यसैले सुख चाहनेले ब्राह्मणद्वारा यज्ञ गराउनू किनभने ब्राह्मणहरू सधैं पूज्य हुन्छन् ॥१७॥

नीच कर्म गर्ने र धेरै चेलाचेली वनाउनेको गति यस्तै हुन्छ ।

प्रकाशक- अहिले नौटङ्कीसरह देखिएका विचित्र वहुरङ्गी पन्थ सम्प्रदायमा गुरुले स्नान गरेको व्रहमचारीको पाउ धोएर हिन्दुधर्मभित्रका चारै वर्णका नारीहरूले पतिको वाहेक अन्य धर्मध्वजीको वैदिक सनातनी वर्णाश्रमी नरनारीहरूले त्यस्ताको दर्शन गर्नु पनि अशुभ हुन्छ भनेर शास्त्रमा छ भने झन् ती कथित धर्मध्वजीको पाउ धोएर जल अर्थात् चरणोदक लिनु अनि फोटो पूजा गरेर धूप, दीप, नैवेद्यादि चढाएर कैङ्कर्य गर्ने किङ्करले भोग लगाएको महाप्रसादस्वरूप लिनु विवाहमा चतुर्थी यज्ञ गरेसरह भएन र ? यस्ता अशास्त्रीय क्रियाकलापले पुर्नविवाहको झल्को दिँदैन र ?

आत्मोद्धारकताशक्तिः परोद्धारकता तथा ।
शक्ति द्वे ईशरचिते स्वोद्धारा सर्वसंस्थिता ॥२९॥
परोद्धारा न सर्वत्र वैश्य हे ब्राह्मणं विना ।
विप्रे द्वे एव वर्तेते तस्माद्विप्रो गुरुर्भवेत् ॥३०॥
अतः सर्वं कृतं विप्रैर्जपहोमार्चनादिकम् ॥
लभते सर्व लोकोऽयं नान्यजातिकृतं क्वचित् ॥३१॥
अलाभे विदुषो विप्रजातिमात्र परिग्रहः ।
अतो विप्रः सर्वपूज्यःसर्वदासुख हेतवे ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितृ कार्यमा निषेध गरिएको प्रकरण

व्राह्मणं न संगोत्रः तु पूजयेत् पितृकर्मणि ।
नोपतिष्ठति तत्तेषां किन्तु स्याच्च निराशता ॥ श्राद्धनिर्णय ।
सगोत्रं भोजये द्यस्तु पितृश्राद्धेषु वै द्विजः ।
हताःस्युःपितरस्तेन न मुक्त मुपतिष्ठते ॥" ।
श्राद्धंकुर्वन् द्विजोऽज्ञानात् स्वगोत्रम् यस्तु भोजयेत् ।
स लुप्त पितृदेवःसन् नरकं प्रतिपद्यते ।" ।
तस्मान्न गोत्रिणं विप्रं भोजयेद्विधि पूर्वकम् ।
ज्ञानिमत्वेन भोज्यास्ते उत्थितैस्तु द्विजोत्तमैः ।" ।
उर्ध्वपुण्ड्रं त्रिपुण्ड्रं वा चन्द्राकार मथाऽपिवा ।
श्राद्धकर्ता न कुर्वित यावद् पिण्डान्ननिर्वपेत् ।" ।
ललाटे तिलकं दृष्ट्वा स्कन्धे माल्यं तथैवच ।
निराशा पितरो यान्ति दृष्ट्वा च पुंश्चवलीपति । " ।
उर्ध्वपुण्ड्रं द्विजातिनां अग्निहोत्रं समोविधि ।
श्राद्धकाले तु सम्प्राप्तेकर्ता भोक्ता तु तत्त्यजेत् ।
पृथ्वी चन्द्रोदय उन्येति ।
वाम हस्ता च दर्भास्तु गृहेरङ्गवलिं तथा ।
ललाटे तिलकं दृष्ट्वा निराशा पितरो गताः ।
दिशि प्रतीच्यां मुनय उत्तरस्यां महारथा ।
तेषां तस्य च भूपस्य पृथग्गोत्राःपुरोहिताः ।
२३। अ.११४ मा.पु.

गीतवादित्रविरतो ह्यवकीर्णिस्तथैवच ।
मित्रध्रुक् पिशुनश्वैव नित्यंभायानुवर्तकः ।
मातापित्रोर्गुरोस्त्यागी दारत्यागी तथैव चः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोत्रभिद् भ्रष्टशौचश्च काण्डस्पृष्ट तथैवच ।
देवनिन्दापरश्चैव वेदनिन्दा रतस्तथा ।
द्विजनिन्दा रतश्चैते वर्ज्याः श्राद्धादि कर्मसु ॥
कृतघ्नः पिशुनः कुरो नास्तिको वेदनिन्दकः ।
मित्र धुक् कुहकश्वैव विशेषात् पंक्तिदूषकाः ।
रजस्वला च पाखण्डा पुश्चली पतितां तथा ।
त्यजेच्छूद्रां तथा वन्ध्यां विधवां चान्यगोत्रजाम् ।
कुक्कुटो विड्वराहश्च काकश्चाथ विडालक ।
वृशलि पुश्चिलि पति षण्डा विरा रजस्वला ।
एते तु श्राद्ध काले वै वर्जनीयाः प्रयत्नतः ।
पितृभक्ति परतया पितृकर्मणि वर्जयेत् ।

इति श्राद्धादि श्रौत स्मार्त कर्म नित्य नैमित्तिकेषु न भवति यत्नेन वर्जयेत् ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितृकार्यमा निषेधको अर्थ

अर्थः पितृकर्ममा सगोत्रीय ब्राह्मणलाई पूजा नगर्नु किन कि पितृहरूलाई दिएको वस्तु प्राप्त हुँदैन, निराशता हुन्छ ॥१॥

कुनै पनि द्विजले पितृकार्यमा सगोत्रीलाई भोजन गराउँछ भने पितृहरू आहत हुन्छन् भुक्तवस्तु पितृहरूलाई प्राप्त हुँदैन ॥२॥

जुन श्राद्धकर्ता द्विजले अज्ञान वश स्वगोत्री ब्राह्मणलाई भोजन गराउँछ, त्यो पितृदेव लुप्त भएका कारणले नरकमा पुग्दछ ॥३॥

त्यसकारण श्राद्धमा सगोत्रीय ब्राहमणलाई विधिपूर्वक भोजन नगराउनु तर प्रवुद्ध श्राद्धकर्ता द्विजहरूले सगोत्रीय भएता पनि ज्ञानीजनहरूलाई भोजन गराउन हुन्छ ॥४॥

श्राद्धकर्ताले जवतक पिण्ड सेलाइदैन तवतक ऊर्ध्वपुण्ड्र, त्रिपुण्ड्र अथवा चन्द्रकार कुनै पनि टीका धारण गर्नु हुँदैन ॥५॥

श्राद्धकर्ताको निधारमा टीका र गलामा माला देखेर पितृहरू निराश भएर फर्कन्छन् एवं वेश्यापति देखेर पनि पितृहरू फर्कन्छन् ॥६॥

द्विजहरूका लागि ऊर्ध्वपुण्ड्र अग्निहोत्र कर्म समान विधि हो ता पनि श्राद्धको समयमा श्राद्धकर्ता र श्राद्धभोक्ताले ऊर्ध्वपुण्ड्र त्याग्नु पर्दछ ॥७॥

वाँया हातमा कुशहरू, घरमा रङ्गवली र निधारमा तिलक देखेर पितृहरू निराश भई फर्कन्छन् ॥८॥

पश्चिममा वस्ने मुनिहरूका र उत्तरदिशामा वस्ने महारथ क्षत्रियहरूका पुरोहितहरू भिन्न गोत्रका हुन्थे ॥९॥

गीतवादनमा संलग्न, व्रह्चर्यभ्रष्ट, मित्रद्रोही, कुरौटे, जोईटिङ्ग्रे आमा वावु गुरु तथा पत्नी त्याग्ने, गोत्रभेदी, आचारभ्रष्टवाला, कुलपरिवर्तन गर्ने, देवता, वेद र द्विजको निन्दा गर्ने, गुण नदेख्ने, चुक्ली लाउने, निर्दयी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नास्तिक, शास्त्रको निन्दा गर्ने, मित्रसँग विश्वासघात गर्ने, कपटी, जातिच्युत यिनीहरू सबै श्राद्धकर्ममा त्याज्य हुन्छन् ॥९-१२॥

रजोवती, धर्मछाडा, वेश्या, पतित, वन्ध्या (बाँझी) परगोत्रकी विधवा शूद्र यिनीहरूलाई श्राद्धमा त्याग्नु पर्दछ ॥१४॥

कुखुरो, वैंश, सुंगुर, कौवा, विरालो, दासी, वेश्यापति, नपुंसक, वीराङ्गना, रजोवती यी सवैलाई पितृभक्तकर्ताले त्याग्नु पर्दछ ।

धातु तताएर डाम्नु वा त्रिशूलादि देवताका हतियार गोपीचन्दनमा चोवेर भए पनि (देव मुद्रा धारण गर्ने नारकी हुन्छ । केही कर्ममा छाप वा मोहर झैं) चल्दैनन् ।

वैष्णवादि सम्प्रदायहरूको परम्परामा "अच्युत गोत्र" स्वीकार गरेका हुन्छन् तर प्रवर चाहिं छैन, गोत्रावलीमा सम्पूर्ण ४ वर्णका गोत्र व्यवस्थामा उक्त गोत्रको कहीं कतै उल्लेख पाइएन त्यसकारण सम्प्रदायीहरू सगोत्रीलाई पुरोहित व्राहमण नियुक्त (स्वीकार) गर्दछन् र विवाह पनि सगोत्रमा हुने गर्दछन् । (किन कि सम्प्रदायले सम्प्रदायलाई नै पुरोहित (आचार्य) नियुक्ति गर्नुपर्दछ । वैदिक सनातनीहरूसँग कुनै पनि भिक्षा आदि कुराहरू लियो भने त्यो सम्प्रदाय धर्मवाट च्युत हुने कुरा उनीहरूकै गुरु-ग्रन्थमा उद्‌धृत छ) धर्म भनेको वैदिक (ऋग, यजु, साम, वेदी) सनातनलाई नै भनेको देखिन्छ र यथार्थ पनि यही नै हो । यस्ताहरूसँग सहकार्य गर्नु भनेको स्वशाखा सूत्रवाट पतन हुनु र स्वधर्मवाट च्युत भइन्छ भन्न सोचेर नै सम्वन्ध गर्नु पर्ला कि भन्ने देखिन्छ । जस्तै विद्युत्तीय शक्ति प्रवाह गर्ने सकारात्मक नकारात्मक (ने.पो) प्रवाहित तार जोडियो भने विष्फोट हुन्छ र विद्युत्तीय प्रक्रियाका वत्ती पङ्खा आदि जसरी वल्ने चल्ने गर्दैनन् त्यस्तो मिश्रित यज्ञ यज्ञादि कर्म पनि नष्ट हुन्छन् जसरी भागवत वा विष्णु पुराणमा चारै वर्णको मिश्रण भएको ठाउँमा प्रजा नष्ट हुन्छ भनिएको छ ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक भस्म रुद्राक्ष बाहेक ईश्वर-देवताहरूका हतियारले शरीरमा डाम्नु वा अङ्कित गर्नु हुँदैन

निर्णय सिन्धु द्वितीय परिच्छेद +अन्य

यस्तु संतप्त शंखादि लिङ्गाङ्किततनुर्नरः ।
सम्भास्य रौरवम् याति यावदिन्द्राश्चतुर्दश ।

इति वृहन्नारदियोक्ते ।

शङ्खचक्राद्यङ्कनं च गीतनृत्यादिकं तथा ।
एकजातेरयं धर्मो न जातु स्याद्विजन्मनः ॥२॥
शङ्खचक्रे मृदा यस्तु कुर्यातप्तायसेन वा ।
स शूद्रवद्बहिष्कार्य सर्वस्माद् द्विजकर्मणः ॥३॥
यथा स्मशानजं काष्ठं अनर्हं सर्वकर्मसु ।
तथा चक्रांकितो विप्रः सर्वकर्मसु गर्हित ॥४॥

विष्णुस्मृति

शिवकेशवयोरङ्काञ्छूलचक्रादिकान् द्विजः
न धारयेत मतिमान् वैदिके वर्त्मनि स्थितः ।५॥

निर्णय+धर्मसिन्धु

विष्णुदीक्षा न सा दीक्षा या दीक्षा भेदकारिणी ।
अभेदकारिणी दीक्षा विष्णुदीक्षा परामताः ।
पञ्चदेवार्चना दीक्षा विष्णु दीक्षा परामता ॥६॥

वृहदपराशर स्मृ ।

यस्योपनयम् व्रहन स एव द्विजैः कार्यं त्रिपुण्ड्रस्य च धारणम् ॥७॥

दे. भा.

चक्रांकृततनुर्यत्र तत्र कोपि न संवसेत् ।
यदि तिष्ठेत् महापापो सहस्र व्रहमहा भवेत् ॥ना. म. पु. उ.
चक्रांकृत्वांतनुदृष्ट्वा पश्येत् सूर्य जपेन्नरः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जपेच्च शतरुद्रियां अन्यथा रौरवं व्रजेत ॥
श्रुतिस्मृती ममैवाज्ञा यस्तामुल्लघ्य वर्तते ।
आज्ञाछेदी ममद्रोही न भक्तो न च वैष्णवः ॥
अजागलस्तनवच्च तस्य जन्म निरर्थकम् ॥१०॥

आनन्दरा हेमाद्रौ

जो व्यक्ति तताएको शङ्खादिले डामिएको हुन्छ । त्यो व्यक्तिसँग वोलचाल अर्थात सम्भाषणादि गर्दा पनि चौध इन्द्रहरूको (५६ पटकको सृष्टि) समयसम्म रौरव नाम गरिएको नरकमा त्यो व्यक्ति पर्दछ ॥१॥

शङ्ख चक्रादिले डामिनु (रासलीलाको नाममा) नाचगान गर्नु यो सवै कुनै एकजातिको धर्म हुनसक्छ तर द्विज जातिहरूको यो धर्म होइन र वाद्यवादन लोकलयमा गीत नृत्य गर्नु हुँदैन ॥२॥

शङ्ख चक्र मृन्मुद्रा (माटो आदिवाट नक्कली चिन्ह वा फलाम आदि धातुहरू मध्ये कुनैको देवायुधले चिन्हित वा डामिएको रहेछ भने सो व्यक्ति सम्पूर्ण द्विजत्व कर्मवाट वहिस्कार गर्न योग्य हुन्छ ॥३॥

जसरी मसान घाटमा मुर्दा जलाएर शेष रहेको काठ (दाउरा) जसरी सवै काममा प्रयोग नहुने (अस्पृश्य) हुन्छ र मानिन्छ, त्यस्तै अपवित्रता त्यो शङ्ख चक्रले अङ्कित व्राह्मण (मनुष्य) कुनै पनि कार्यमा अयोग्य हुन्छ र मानिन्छ ॥४॥

शिव र विष्णुका त्रिशुल र चक्रहरू (देवताका हतियार) वैदिक (श्रौतस्मार्त) मार्ग-सनातन परम्पराका अनुष्ठान गर्ने गराउने वुद्धिमान् व्यक्तिहरूले कदापि धारण गर्नुहुँदैन (त्यस्ताहरूसँग सहकार्य, आचार्यत्व, दान लिनु वा दिनु र अभिवादन आदि गर्नु हुन्छ ?) ॥५॥

भेदभाव राख्नेवाला दीक्षा विष्णु दीक्षा हुँदैन । अभेद राख्ने चाहिं दीक्षा हुन्छ । जुन दीक्षाले पञ्चाङ्ग अर्थात् पञ्चायतन पूजा गर्न सिकाउँछ त्यो नै विष्णु दीक्षा हो । त्यही दीक्षा श्रेष्ठ मानिन्छ (उपनयनमा दिइने गायत्री) ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे ब्रह्मन् जसको व्रतवन्ध संस्कार हुन्छ त्यही द्विज कहिन्छ। त्यसकारण श्रौतकर्म द्विजजातिहरूले गर्नुपर्दछ। साथै पितृकर्म अर्थात् श्राद्धादि कर्म गर्दावाहेक द्विजहरूले त्रिपुण्ड्र नै धारण गर्नुपर्दछ (व्रा.क्ष.वै.को) ॥७॥

चक्राङ्कित शरीर भएका व्यक्तिसँग सँगै नवसोस्, वस्छ भने महा पाप लाग्छ, हजारौं व्रहम हत्यासरहको पाप लाग्छ ॥८॥

चक्राङ्कित (देवायुधले डाम्ने वा छाप लगाउने) मनुष्यलाई देखियो भने (प्रायश्चितस्वरूप) सूर्य दर्शन गर्नु पर्दछ अनि शतरुद्री पाठ गर्नुपर्दछ ॥९॥

(सयत्रृचाको शिवस्तुति गर्ने शास्त्रले यस्तो आज्ञा दिएको छँदाछँदै किन यस्तो भ्रम ?)

ईश्वर भन्नुहुन्छ श्रुतिहरू र स्मृतिहरू मेरै आज्ञा हुन् जसले उनको उल्लङ्घन गर्दछ त्यो व्यक्ति मेरो (ईश्वरोक्त) आज्ञाका छेदन गर्नेवाला भगवद्रोही हो, त्यस्ताको जन्म वाखाको घाँटीमा उम्रेका स्तन-लुर्का झैं हुन्छ ॥१०॥ (जस्तो न भक्षार्थ न दूध आउछ)

सप्तपुरुषविज्ञेय सन्ततैकान्त निर्मले।
कुले जातो गुणैर्युक्तो विप्रःश्रेष्ठतमो गुरुः ॥११॥

नीतिसमुच्चय

(पितापितामह-प्रपितामह-आदि पूर्वज सात पुस्तासम्म जानेको वंशको स्वधर्मस्थ निर्मल कुलको लव्ध जाति व्राह्मण सवैभन्दा श्रेष्ठ गुरु हुन्छ)।

चतुर्णामपि वर्णानामाचारो धर्मपालनम्।
आचार भ्रष्ट देहानां भवेद्धर्मः पराङ्मुखः ॥ ना म.पु.पु॥

चारैवर्णलाइ आचरण पालनाका विधान छन्। पालना गर्नुपर्छ अशुभाचरणले त भ्रष्ट शरीरवाला त धर्मविमुख हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शूद्रो वानुपनितो वा स्त्रियो वा पतितो पि वा ।
केशवं वा शिववंवापि स्पृष्ट्वा नरक मश्नुते ।
पाखण्ड पूजितं लिङ्गं नत्वा पाखण्डताम् व्रजेत् ॥

(श्राद्ध निर्णयः)

य एप व्राह्मणो गायनो वा नर्तनो वा भवति तमाग्लागृधः इत्याचक्षते, तस्माद् व्राह्मणो नैव गायेन्नानृत्ये-माग्लागृधःस्यात् ॥१।२।२१॥

(गोपथ व्राह्मण)

दर्शनं स्पर्शनं केलिःप्रेक्षणं गुह्यभाषणम् ।
संकल्पोऽध्यवसायश्च क्रिया निष्पत्ति रेवच ॥
एतन्मैथुनमष्टाङ्गं प्रवन्ति मनिषिणः
विपरीतं व्रह्मचर्यं जह्यात्तन्न कदाचन ॥

हेर्नु, छुनु, टट्टा गर्नु, गोप्य रुपले हेर्नु, गोप्य कुरा गर्नु, मनले चिताउनु, प्रयास गर्नु र कामै गर्नु यी आठ प्रकारका कर्म मैथुनी कर्म हुन् ।

(पातञ्जलयोगसूत्र वेदज्योति)

आयुस्तेजो वलंवीर्यं प्रज्ञा श्रीश्च महद्यशः ।
पुण्यं सुप्रीतिम त्वं च हन्यते व्रह्मचर्यया ।
निद्राभंग कथाच्छेदोदंपन्त्योःप्रीति भेदनम् ।
शिशुमातृविभेदश्च व्रह्महत्या समंस्मृतम् ।९।५।२९ दे.भा.

व्रह्मचर्यवाट च्युत भयो भने आयु, तेज, वलवीर्य, वुद्धि, सम्पत्ति, कीर्ति, पुण्य आदिलाई नाश गर्दछ । निन्द्रा विथोलिनु, कथा भनिरहेको ठाउमा वाधा पुऱ्याउनु, पतिपत्नीवीचको प्रीति भङ्ग गरिदिनु, आमा र सन्तानको वीचमा विभेद ल्याइदिनु यी कुराहरू व्रह्महत्या वरावर हुन्छन् ।

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जननमरणाशौचमा सनातन गृहस्थद्विजहरूको कर्तव्य र प्रेतशब्दोच्चारण

नित्यं नैमित्तिकं काम्यं सूतके यःसमाचरेत् ।

तस्य पूर्वं कृतं नित्यादिकंकर्मं विनश्यति ॥१३।२२। (प्रेत कल्प)

आशौच सूतक परेको वेलामा नित्य, नैमित्तिक र काम्यकर्म गर्न हुँदैन गरेमा पूर्वकृत तीन जन्मका कर्महरू नाश या निस्फल हुन्छन् ।

आशीर्वादं देवपूजां प्रत्युत्थानाभिवन्दनम् ॥

पर्यङ्कशयनंस्पर्शं नकुर्यान्मृतसूतके ॥१३॥२०

मरेको सूतक परेमा आर्शीर्वाद नदिनु प्रत्युत्तर र अभिवन्दना नगर्नु, शय्यामा (खाटमा) नं सुत्नु, सहवास नगर्नु ।

सन्ध्यांदानं जपं होम स्वाध्यायम् पितृतर्पणम् ।

व्राहमण भोज्यं व्रतं नैव कर्तव्यं मृतसूतके ॥१३॥२१

मृतसूतक आसौच परेमा चन्दन तिलक आदि धारण संन्ध्या, दान, जप, होम, स्वाध्ययन व्राहमणलाई भोजन गराउने तीर्थ, व्रत यी सवै कर्म गर्न हुँदैन । १३।२१॥ ग.पु.

तदग्रे च ततो दत्वा पिण्डार्थ कौशमाशनम् ।

तस्योपरि ततः पिण्डं नाम गोत्रोपकल्पितम् ॥११।२८॥ ग.पु.

पिन् व्राहमणका अगाडि कुशको आसन (मोटक) गर्खी त्यसमाथि नाम गोत्र उच्चारणपूर्वक पिण्ड दिनु पर्दछ ।

दद्यात्तण्डुल पाकेन यवपिष्टेन वा सुतः ।

उशिरचन्द्रनमभृङ्गराज पुष्पम् निवेदयेत ॥

धूपंदिपञ्चनैवेद्यं मुखवासं च दक्षिणा ॥११।२९॥प्रे.क.

छोराले तण्डुलपाकको वा जौको पीठोले पिण्ड देओस्, पिण्डमा उसीर (खस)चन्दन, भृङ्गराजको पुष्प, धूप, दीप, नैवेद्य, पानसुपारी, चढाओस् र दक्षिणा पनि देओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्वान्नं पयसोपात्रे वर्धमानजलाञ्जलिम् ।
प्रेतशव्देन नाम्ना च मदत्तमुपतिष्ठतु ॥
अन्नं वस्त्रं जलं द्रव्यंमन्यद्वा दियते च यत् ॥ प्रे.क.

जलपात्रमा मध्यान्न, वढोत्तरी जलाञ्जलीहरू नाम किटेर र प्रेत शव्द प्रयोग गरेर मैले दिएको प्रेतलाई प्राप्त होओस् भनी (जलपात्रमा) दिनु पर्छ। अन्न, वस्त्र, जल, दक्षिणा वा अरु कुनै चीज प्रेत शव्द उच्चारण गरेर दियो भने प्रेतले अनन्त तृप्ति गर्दछ, त्यस कारण पहिला दिनदेखि नै सपिण्डी नहुन्जेलसम्म स्त्री, पुरुष जे भए पनि (मृतलाई) प्रेत भन्नुपर्दछ। नत्र उसले दिएका चिज प्राप्त गर्न सक्दैन । ११।३०।३१।३२

नवमे दिवसे चैव सपिण्डै सकलै जनैः ।
तैलाभ्यङ्ग प्रकर्तव्यो मृतकस्वर्गकाम्यया ।
अनादिनिधनोदेवः शंखचक्र गदाधरः ।
अक्षयः पुण्डरीकाक्ष प्रेतमोक्षप्रदोभव ॥११।३४।४०॥

नवम दिनमा सबै सपिण्डीहरूले मृतकलाई स्वर्गप्राप्ति होस् भनी तेलमर्दन गर्नुपर्दछ साथै आदि अन्त रहित शंखचक्र गदाधर नाशरहित। अविनाशि। पुण्डरीकाक्षलाई सम्भी वहाँले प्रेतलाई मुक्ति दिऊन् भनी प्रार्थना गर्न पर्दछ। १।३४।४० ।

निमन्त्रयेद्व्राह्मणांश्च वेदशास्त्रपरायणान् ।
प्रार्थयेत्प्रेतमुक्तिंच नमस्कृत्यकृताञ्जलिः ॥१३।३।

प्रेतकर्मकर्ताले वेदशास्त्रमा पारङ्गत व्राह्मणहरूलाई वोलाओस् व्राह्मणलाई हात जोडी प्रार्थना गरोस् प्रेत मुक्तिको कामना राखेर नमस्कार गरोस् ।

ऐतेनात्म परायन्ति सच्छास्त्र परिचिन्तकाः ।
अनन्य विष्णुभक्ताश्च गायत्रीमन्त्रजापकाः ।
व्रह्मचर्य व्रतधरा वानप्रस्थास्तपस्विनः ।
श्री पाद संन्यास पराः समलोष्टाश्मकञ्चना ॥१४-६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानवैराग्य सम्पन्नाः सर्वभूतहितेरताः ।
शिवविष्णु व्रतकराः कर्म व्रह्मसमर्पका ।

१३।३।१४।६७-६९-७०।

उक्त कार्य गर्नाले सत्शास्त्रमा रत आत्मवादी मुक्त हुन्छन् । मृतकको शुद्धिकार्यमा सनातन विष्णुभक्त गायत्री मन्त्र जप गर्ने व्राह्मण शास्त्रीय रीतले वानप्रस्थ र तपस्वी श्रीपाद एवं सन्यासी माटोका डल्ला र सुनमा समान भावना राख्ने (निर्लोभी) त्यागीहरू ज्ञान, वैराग्य समान सकल प्राणी मात्रको हितचिन्तक शिवव्रती एवं विष्णुव्रती स्वकर्म व्रम्हमा समर्पण गर्ने सनातनीहरूलाई वोलाउनु पर्दछ ।

उपर्युक्त सम्वन्धमा सम्प्रदायहरूमा कर्मकाण्डका वहुल पक्षलाई विश्लेषणात्मक विवेचना गर्दा याज्ञवल्क्य-वशिष्ठ अथवा वाशिष्ठी कर्मकाण्डहरूलाई ओझेलमा पारेर ऐले आएर मिश्रित कर्मकाण्डका कितावहरू वजारमा प्रसस्त छन् । ती कितावहरूमा एकरूपता देखिंदैन । काजक्रिया गर्दा कोही तिलका कण्ठी लगाएर नित्यकर्म विष्णुको पूजाहवन रङ्गीविरङ्गी (चित्रण कर्म तीनवटा ढिकुरामा हवन, विष्णु, लक्ष्मीको पूजा अनि पिण्ड दिएको र जीवः शव्द)प्रयोग गर्दछन् । कोही पञ्चगव्यको त्याग गर्दछन् त कोही के कोही के, कर्म गराउने पद्धति पनि आ-आफ्नो वनाएका छन् । जस्तैः(अर्चिरादिमार्ग, वैकुण्ठे पद्धति, गोलोकोत्सव, पितृयाग, तारतम सागर, वित्तक आदि) यस्ता खाले जसलाई जे मन लाग्यो त्यो नै धर्म हो भन्ने कुरामा विश्वास नगर्नु भन्ने कुरा भागवत माहात्म्यमाः-

अनेक धर्मःविभ्रान्ता स्त्रैणाः पाखण्डवादिनः ।
शुकशास्त्रकथोच्चारे त्याज्यास्ते यदि पण्डिताः ॥

अनेक धर्म अथवा ऐले यो कलि वाहुल समयमा (दैंत्या सर्वे विप्र कुलेषु भूत्वा) पूर्व संस्कारलाई नै तिरस्कार गर्ने विधर्मीहरूको पाप क्षीण (मुक्त) भई मनुष्य योनि लिएर व्राम्हण कुलमा जन्मेर पनि पुनः विधर्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै संस्कारमा लाग्न सक्ने कुरा आध्यात्म विज्ञानको भनाइले पनि र सती, गौतम, दधिची आदिको श्रापको कारणले पनि यस्तो विधर्ममा लाग्नेहरूले मानिस र समाजलाई लोभलालच हाउभाउ देखाएर वा तिरस्कार गरेर पनि आ-आफ्ना सम्प्रदाय वढाउने होडले गर्दा समाज एवं परिवारमा विभेद गराई वाग्युद्ध एवं द्वन्द्व ल्याइरहेका छन् । यस्तावाट वच्न सक्नुपर्छ । धर्मका नाममा विभेदकारी संगठन हुँदैन तर वंश संगठन मात्र हुन्छ । विद्वन् वर्गले सचेत गराउनु जरुरी छ । (सम्प्रदाय धर्ममा आफ्ना वंशको व्यक्ति फस्यो भने त्यसको मृत्यु हुँदा शवयात्राभन्दा पहिले वैदिक विधिअनुसार सन्तानले प्रायश्चित गराई आफ्नो सनातन धर्ममा स्थापित गराइकन मात्र शवयात्रा गराउनु उपयुक्त देखिन्छ । नत्र त गोत्र परिवर्तन गरेका वा आफ्नो कुल परम्परा विपरीत आचरण गरे गराइएका कारणले ती सन्तानले गरेको और्ध्वदैहिक प्राप्त गर्न पक्कै सक्तैन । सम्प्रदायहरू वावु सम्प्रदायी छ भने सारा सन्तानलाई कण्ठी वाँध्ने डाम्ने कान फुक्ने गर्दछन् । वैदिक क्रियाकलापभित्र त्यो कदापि पर्दैन र पाठक वर्गले *यो कुरालाई पनि विशेष रूपले अझै मनन गर्नुहोला इति ।)*

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वधर्मका रक्षक पुरुषभन्दा पतिव्रता नारी नै बढी सक्रिय हुन सक्छन्

स्वर्धकवचं तेषामभूद्यत्प्रथमं द्विज
तेन रक्षाभवत्पूर्वं नेशुर्नष्टे च तत्र ते ॥
ततो मैत्रेय तन्मार्गवर्तिनो येऽभवञ्जनाः
नग्नास्ते तैर्यतस्त्यक्तं त्रयोसंवरणं तथा ॥३५॥
ब्रह्मचारी गृहस्थश्च वानप्रस्थस्तथाश्रमी ।
परिव्राड् वा चतुर्थोऽत्र पञ्चमो नोपपद्यते ॥३६॥
यस्तु सन्त्यज्य गार्हस्थ्यं वानप्रस्थो न जायते ।
परिव्राट् चापि मैत्रेय स नग्नःपापकृन्नरः ॥३७॥
नित्यानां कर्मणां विप्र तस्य हानिरहर्निशम् ।
अकुर्वन्विहित कर्म सद्यः पतति तद्दिने ॥३८॥
प्रायश्चित्तेन महता शुद्धिमाप्नोत्यनापदि ।
पक्षं नित्यक्रियाहानेःकर्त्ता मैत्रेय मानवः ॥३९॥
संवत्सरं क्रियाहानिर्यस्य पुंसोऽभिजायते ।
तस्यावलोकनात्सूर्यो निरीक्ष्यस्साधुभिस्सदा ॥४०॥
स्पृष्टे स्नानं सचैलस्य शुद्धेर्हेतुर्महामते ।
पुंसो भवति तस्योक्ता न शुद्धिः पापकर्मणः ॥४१॥
देवर्षिपितृभूतानि यस्य निःश्वस्य वेश्मनि ।
प्रयान्त्यनर्चितान्यत्र लोके तस्मान्न पापकृत् ॥४२॥
सम्भाषणानुप्रश्नादि सहास्यां चैवकुर्वतः ।
जायते तुल्यता तस्य तेनैव द्विज वत्सरात् ॥४३॥
देवादिनिःश्वासहतं शरीरं यस्य वेश्म च ।
न तेन सङ्करं कुर्याद् गृहासनपरिच्छदैः ॥४४॥
अथ भुङ्क्ते गृहे तस्य करोत्यस्यां तथासने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शेते चाप्येकशयने स सदस्तत्समो भवेत् ॥४५॥
देवतापितृभूतानि तथानभ्यर्च्यर्योऽतिथीन् ।
भुङ्क्ते स पातकं भुङ्क्ते निष्कृतिस्तस्य नेष्यति ॥४६॥
ब्राह्मणाद्यस्तु ये वर्णास्स्वधर्मादन्यतोमुखाः ।
यान्ति ते नग्नसंज्ञां तु हीनकर्मस्ववस्थिताः ॥४७॥
चतुर्णां यत्र वर्णानां मैत्रेयात्यन्तसङ्करः ।
तत्रास्या साधुवृत्तीनामुपघाताय जायते ॥४८॥
अनभ्यर्च्य ऋषीन्देवान्पितृभूतातिथींस्तथा ।
यो भुङ्क्ते तस्य सँल्लापात्पतन्ति नरके नराः ॥४९॥
तस्मादेतान्नरो नग्नांस्त्रयीसन्त्यागदूषितान् ।
सर्वदा वर्जयेत्प्राज्ञ आलापस्पर्शनादिषु ॥५०॥
श्रद्धावद्भिः कृतं यत्नाद्देवान्पितृपितामहान् ।
न प्रीणयति तच्छ्राद्धं यद्येभिरवलोकितम् ॥५१॥
शूयते च परा ख्यातो राजा शतधनुर्भुवि ।
पत्नी च शैव्य तस्याभूदतिधर्मपरायणा ॥५२॥
पतिव्रता महाभागा सत्यशौचदयान्विता ।
सर्वलक्षणसम्पन्ना विनयेन नयेन च ॥५३॥
स तु राजा तया सार्द्धं देवदेवं जनार्दनम् ।
आराधयामास विभुं परमेण समाधिना ॥५४॥
होमैर्जपैस्तथा दानैरुपवासैश्च भक्तितः ।
पूजाभिश्चानुदिवसं तन्मना नान्यमानसः ॥५५॥
एकदा तु समं स्नातौ तौ तु भार्यापती जले ।
भागीरथ्यास्समुत्तीर्णौकार्तिक्यां समुपोषितौ ।
पाषण्डिनमपश्येतामान्यातं सम्मुखं द्विज ॥५६॥
पापाचार्यस्य तस्यासौ सखा राज्ञो महात्मनः ।
अतस्तद्गौरवात्तेन सखाभावमथाकरोत् ॥५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न तु सा वाग्यता देवी तस्य पत्नी पतिव्रता ।
उपोषितास्मीति रविं तस्मिन्दृष्टे ददर्श च ॥५८॥
समागम्य यथान्यायं दम्पती तौ यथाविधि ।
विष्णोः पूजादिकं सर्वं कृतवन्तो द्विजोत्तम ॥५९॥
कालेन गच्छता राजा ममारासौ सपत्नजित् ।
अन्वारुरोह तं देवी चिन्तास्थं भूपतिं पतिम् ॥६०॥
स त तेनापचारेण श्वा जज्ञे वसुधाधिपः ।
उपोषितेन पाषण्डसँल्लापो यत्कृतोऽभवत् ॥६१॥
सा तु जातिस्मरा यज्ञ काशिराजसुता शुभा ।
सर्वविज्ञानसम्पूर्णा सर्वलक्षणपूजिता ॥६२॥
तां पिता दातुकामोऽभूद्वराय विनिवारितः ।
तयैव तन्व्या विरतो विवाहारम्भतो नृपः ॥६३॥
ततस्सा दिव्यया दृष्ट्या दृष्ट्वा श्वानं निजं पतिम् ।
विदिशाख्यं पुरं गत्वा तदवस्थं ददर्श तम् ॥६४॥
तं दृष्ट्वैव महाभागं श्वभूतं तु पतिं तदा ।
ददौ तस्मै वराहारं सत्कारप्रवणं शुभा ॥६५॥
भुञ्जन्दत्तं तया सोऽन्नमतिमृष्टमभीप्सितम् ।
स्वजातिललितं कुर्वन्वहु चाटु चकार वै ॥६६॥
अतीव व्रीडिता वाला कुर्वता चाटु तेन सा ।
प्रमाणपूर्वमाहेद दयितं तं कुयोनिजम् ॥६७॥
स्वर्यतां तन्महाराज दाक्षिण्यललितं त्वया ।
येन श्वयोनिमापन्नो मम चाटुकरो भवान् ॥६८॥
पाषण्डिनं समाभाष्य तीर्थस्नानादनन्तरम् ।
प्राप्तोऽसि कुत्सितां योनिं किन्न स्मरसि तत्प्रभो ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री पराशर उवाच-

तयैवं स्मारिते तस्मिन्पूर्जजातिकृते तदा ।
दध्यौ चिरमथावाप निर्वेदमतिदुर्लभम् ॥७०॥
निर्विण्णचित्तस्स ततो निर्गम्य नगराद्वहिः ।
मरुत्प्रपतनं कृत्वा शार्गाली योनिमागत : ॥७१॥
सापि द्वितीये सम्प्राप्ते वीक्ष्य दिव्येन चक्षुषा ।
ज्ञात्वा श्रृगालं तं द्रष्टुं ययौ कोलाहलं गिरिम ॥७२॥
तत्रापि दृष्ट्वा तं प्राह शार्गाली योनिमागतम् ।
भर्त्तारमपि चार्वङ्गी तनया पृथिवीक्षितः ॥७३॥
अपि स्मरसि राजेन्द्र श्वयोनिस्थस्य यन्मया ।
प्रोक्तं ते पूर्वचरितं पाषण्डालापसंश्रयम् ॥७४॥
पुनस्तयोक्तं स ज्ञात्वा सत्यं सत्यवतां वरः ।
कानने स निराहारस्तत्याज स्वं कलेवरम् ॥७५॥
भूयस्ततो वृको जज्ञे गत्वा तं निर्जने वने ।
स्मारयामास भर्त्तारं पूर्ववृत्तमनिन्दिता ॥७६॥
न त्वं वृको महाभाग राजा शतधर्नुर्भवान् ।
श्वा भूत्वा त्वं श्रृगालोऽभूर्वृकत्वं साम्प्रतं गतः ॥७७॥
स्मारितेन यदा त्यक्तस्तेनात्मा गृध्रतां गतः ।
अपापा सा पुनशचैनं वोधयामास भामिनी ॥७८॥
नरेन्द्र स्मर्यतामात्मा ह्यलं ते गृध्रचेष्टया ।
पाषण्डालापजातोऽयं दोषो यद्गृध्रतां गतः ॥७९॥
ततः काकत्वमापन्नं समनन्तरजन्मनि ।
उवाच तन्वी भर्त्तारमुपलभ्यात्मयोगतः ॥८०॥
अशेषभूभृतः पूर्वं वश्या यस्मै वलिं ददुः ।
सत्वं काकत्वमापन्नो जातोऽद्य वलिभुक् प्रभो ।
एवमेव च काकत्वे स्मारितस्य पुरातनम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्याज भूपतिःप्राणान्मयूरत्वमवाप च ॥८२॥
मयूरत्वे ततस्या वै चकारानुगतिं शुभा ।
रत्तैः प्रतिक्षणं भोज्यैर्बाला तज्जातिभोजनैः ॥८३॥
ततस्तु जनको राजा वाजिमेधं महाक्रतुम् ।
चकार तस्यावभृथे स्नापयामास तं तदा ॥८४॥
सस्नौस्वयं च तन्वङ्गी स्मारयामास चापि तम् ।
यथासौ श्वश्रृगालादियोनिं जग्राह पार्थिव ॥८५॥
स्मृतजन्मक्रमस्सोऽथ तस्याज स्वकलेवरम् ।
जज्ञे स जनकस्यैव पुत्रोऽसौ सुमहात्मनः ॥८६॥
ततस्सा पितरं तन्वी विवाहार्थमचोदयत् ।
स चापि कारयामास तस्या राजा स्वयंवरम् ॥८७॥
स्वयंवरे कृते सा तं सम्प्राप्तं पतिमात्मनः ।
वरयामास भूयोऽपि भर्तुभावेन भामिनी ॥८८॥
बुभुजे च तया सार्द्धं सम्भोगान्नृपनन्दनः ।
पितर्युपरते राज्यं विदेहेषु चकार सः ॥८९॥
इयाज यज्ञान्सुवहून्ददौ दानानि चार्थिनाम् ।
पुत्रानुत्पादयामास युयुधे च सहारिभिः ॥९०॥
राज्यं भुक्त्वा यथान्यायं पालयित्वा वसुन्धराम् ।
तत्याज स प्रियान्प्राणान्संग्रामे धर्मतो नृपः ॥९१॥
ततश्चितास्थं तं भूयो भर्त्तारं सा शुभक्षणा ।
अन्वारुरोह विधिवद्यथापूर्वं मुदान्विता ॥९२॥
ततोऽवाप तथा सार्द्धं राजपुत्र्या स पार्थिवः ।
ऐन्द्रानतीत्य वै लोकाँल्लोकान्प्राप तदाक्षयान् ॥९३॥
स्वर्गाक्षयत्वमतुलं दाम्पत्यमतिदुर्लभम् ।
प्राप्तं पुण्यफलं प्राप्य संशुद्धिं तां द्विजोत्तम ॥९४॥
एष पाषण्डसम्भाषाद्दोषः प्रोक्तो मया द्विज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथाश्वमेधावभृथस्नानमहात्म्यमेव च ॥९५॥
तस्मात्पाषण्डिभिःपापैरालापस्पर्शनं त्यजेत् ।
विशषतःक्रियाकाले यज्ञादो चापि दीक्षितः ॥९६॥
क्रियाहानिर्गृहे यस्य मासमेकं प्रजायते ।
तस्यावलोकनात्सूर्यं पश्येत मतिमान्नरः ॥९७॥
किं पुनर्यैस्तु सन्त्यक्ता त्रयी सर्वात्मना द्विज ।
पाषण्डभोजिभिःपापैर्वेदवादविरोधिभिः ॥९८॥
सहालापस्तु संसर्गःसहास्या चातिपापिनी ।
पाषण्डिभिर्दुराचारैस्तस्मात्तान्परिवर्जयेत् ॥९९॥
पाषण्डिनो विकर्मस्थान्वैडालव्रतिकाञ्छठान् ।
हैतुकान्वकवृत्तींश्च वाङ्मात्रेणापि नार्चयेत् ॥१००॥
दूरतस्तैस्तु सम्पर्कस्त्याज्यश्चाप्यतिपापिभिः ॥
पाषण्डिभिर्दुराचारैस्तस्मात्तान्परिवर्जयेत् ॥१०१॥

स्वधर्म परित्याग गराउने विष्णुशिवद्वारा र अरिहनद्वारा वनाएका अवैदिक शास्त्रका मतानुयायी कुमार्गगामी 'नग्न'हरूलाई झन् कुमार्गमा प्रेरित गर्ने शास्त्रहरूमाथि लेखिएकै छन् जो अरिहन्त नाम दिइएको छ उसलाई माया मोह पनि भनिएको हो नग्न भनेको वेदविरुद्ध सनातन-हिन्दू-आर्य धर्मको आलोचना गर्दै स्वसंस्कार त्यागनेहरू र मिश्रित संस्कार गर्नेहरूसंगको सहकार्य संसर्गले पनि निम्न प्रकारको अधोगति हुने कुरा विष्णु पुराणमा यसरी आएको छ ।

व्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्यासी यी चार आश्रम वैदिक हिन्दू आर्य धर्मावलम्वी छन् र हुन्छन् । यसका अतिरिक्त पाँचौ आश्रमी हिन्दू सनातन शास्त्रहरूमा छैन ।

हे मैत्रेय ! जो पुरुप गृहस्थाश्रम त्यागदछ र पनि वानप्रस्थ या सन्यासी हुँदैन त्यो त्यस्तो मनुष्य पापी पनि नग्न नै हो । हे विप्र सामर्थ्य हुँदाहुँदै पनि विहित वैदिक कर्म गर्दैन भने तुरुन्त पतित हुन्छ र सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(नित्य, नैमित्तिक, काम्य) कर्महरू हानी हुन्छन् । हे मैत्रेय आपत्ति काललाई छोडेर अरु कुनै समय पनि नित्य कर्म त्याग्ने पुरुष महान प्रायश्चितवाट मात्र शुद्ध हुनसक्छ । जो पुरुष आफ्नो धर्म वा नित्य क्रिया गर्दैन त्यस्तालाई देखेमा प्रायश्चित स्वरूप स्वधर्मी पुरुषले सधैं सूर्यको दर्शन गर्नुपर्दछ । मैत्रेय जी ! यस्ता मनुष्यलाई स्पर्श गरियो भने सचैल अर्थात् वस्त्र सहित स्नान गर्दा मात्र शुद्ध हुन्छन् तर त्यो पापात्माको त कुनै प्रकारले पनि शुद्धि हुन सक्दैन । जुन मनुष्यको घरवाट देवगण, ऋषिगण, पितृगण र भूतगण विना पूजन् निश्वास (निरास) भएर अन्यत्र जान्छन्, त्योभन्दा पापी र पतित यस संसारमा कोही हुन सक्दैन । हे द्विज ! त्यस्ता विधर्मी पुरुषहरूसँग सम्माषण, कुशल प्रश्न अनि उठवस वा संसर्ग गर्नाले मनुष्य त्यसकै समान पापात्मा हुन्छ । जसको शरीर अथवा गृह देवता (कुल) आदिलाई निरास निश्वास पार्दछन् त्यस्ताको संगत घर आसन र कपडा (वस्त्र) अलग गर्नु । जो पुरुष त्यस्ता नग्नका घरमा खानु आसन ग्रहण गर्नु अथवा त्यस्तासँग एकै ठाउँ सुत्दछ तुरुन्त त्यसकै समान हुन्छ । जो मनुष्य देवता, पितृ, भूतगण, कुलदेवता, अतिथिको सत्कार नगरी आफू मात्र भोजन गर्दछ त्यो पापमय भोजन गर्दछ उसको शुभ गति हुँदैन । जो व्राह्मणादी वर्ण स्वधर्मलाई छोडेर परधर्म (सम्प्रदाय)मा प्रवृत्त हुन्छन् अथवा हीनवृत्तिको अवलम्वन गर्दछन् ती 'नग्न' कहिन्छन् । हे मैत्रेय ! जुन ठाउँमा चारै वर्णको अत्यन्त मिश्रण छ त्यस्तामा (सहकार्य गर्नाले) स्वकर्म एवम् साधुवृत्तिको नाश हुन्छ । ऋषि, देव, पितृ, भूत र अतिथिगणको पूजन् यजन विना भोजन गर्नेवालासँग वोलचाल गर्नाले पनि नरक पर्दछन् । अतः वेदत्रयीलाई त्याग्ने अर्थात् वैदिक सनातन् धर्म विरुद्धका आचरण गर्ने 'नग्नहरू' का साथ स्वधर्मी-प्राज्ञ पुरुष सधैं सम्भाषण-आसन एवम् स्पर्श नगर्नु । यदि यस्ता नग्न अधर्मीको दृष्टि परेमा श्रद्धावान् मनुष्यहरूले यत्नपूर्वक गरिएका श्राद्धादि देवता पितृ-पितामहहरू तृप्ती हुँदैनन् (त्यस्तो कर्म पूर्ण अशुद्ध हुन्छ) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिएको छ कि पृथ्वी तलमा शतधनु नामका राजा थिए तिनकी पत्नी शैव्या धर्म परायणा थिइन् । ती पतिव्रता, सत्य, शौच, दया, विनय नीतिशास्त्र सम्पूर्ण लक्षणले युक्त थिइन् । उनकै साथमा राजाले परम समाधिद्वारा सर्वव्यापक देवदेवको आराधना गर्दथे । तिनीहरू प्रतिदिन अनन्य भावले होम, जप, दान, उपवास, पूजन आदिद्वारा भगवान्‌को भक्तिपूर्वक आराधना गर्न लागे । हे द्विज ! एकदिन कार्तिक पूर्णिमाको उपवास गरे ती दम्पत्ति गङ्गाजीमा एकसाथ स्नान गरेर वाटामा आउँदा एउटा पाखण्डी (स्वधर्म त्यागी)लाई आउँदै गरेको देखे । त्यो ब्राह्मण (पाखण्डी) ती महात्म राजाकै धनुर्वेदाचार्यको मित्र थियो) । अतः उक्त आचार्यको गौरवको कारण राजाले पनि उसलाई मित्रवत् व्यवहार गरे किन्तु ती पतिव्रता पत्नीले उसलाई कुनै पनि आदर गरिनन्, उसँग वोलचाल पनि गरिनन् किन कि ऊ उपोषिता (उपवासयुक्त) थिइन् उसलाई देखेर सूर्यकों दर्शन गरिन् । हे द्विजोत्तम ! फेरि ती स्त्री-पुरुषहरूले यथारीति आएर भगवान्‌लाई पूजा आदि सवै कर्म विधिपूर्वक गरे । कालान्तरमा ती राजा मरे । तव देवी शैव्याले पनि चितारुढ महाराजको अनुगमन गरिन् ।

राजा शतधनुले उपवास अवस्थामा पाखण्डीसँग वोलचाल गरेका थिए । यसैले त्यो पापको कारण उनले कुकुरको जन्म पाए तथा ती शुभलक्षणा (शैव्या) काशी नरेशकी छोरी भइन्, जो सवै प्रकारका विज्ञानयुक्त, सर्वलक्षण सम्पन्न अनिं जातिस्मरा (पूर्वजन्मको कुरा जान्ने वाली) भइन् । काशी नरेशले कुनै वरलाई दिने विचार गरे, तर उनै कन्याले नै त्यो मानिनन् र रोकिदिइन् विवाह गरिनन् ६३ तव ती पतिव्रता शैव्याले दिव्य दृष्टिले आफ्ना पूर्वपति कुकुर 'श्वान' योनिमा जन्म भएको थाहा पाइन् र विदिशा नाम भएको सहरमा गएर त्यो कुकुरलाई देखिन् । आफ्ना पूर्वपतिको कुकुरको रूपमा देखेर ती पतिव्रताले कुकुरलाई सत्कारपूर्वक अतिउत्तम भोजन गराइन् । त्यो उनले दिएको अति मिठो र इच्छाअनुसार खाएर त्यो कुकुरकै स्वभावले नाना प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुसी प्रदर्शन गर्न लाग्यो । उसले गरेको चाटुता देखेर अति विह्वल हुँदै ती वालिकाले कुत्सित योनिमा उत्पन्न भएका ती प्रियतमलाई प्रणाम गर्दै त्यो कुकुरलाई यसो भन्दी भइन । "महाराज ! तपाईं आफ्नो त्यो उदारताको सम्झना गर्नुहोस् जुन कारणले आज तपाई 'श्वान' कुकुरको योनिमा जन्मनु पर्‍यो मेरो चाटुकार हुनुभयो । हे प्रभो ! के तपाईंलाई थाहा छैन कि तीर्थस्नानपछि पाखण्डीसँग वार्तालाप गरेका कारण नै तपाईलाई यो कुत्सित (कुत्ता) योनि मिलेको छ । पराशरजी भन्नुहुन्छ - काशीराजकी छोरीद्वारा यसरी पूर्वजन्मस्मरण गराएपछि कुकरले पूर्वजन्मको चिन्तन गर्‍यो । तव उसलाई अति दुर्लभ निर्वेद प्राप्त भयो अर्थात पाखण्ड संसर्गको फल चाख्यो । पूर्व शतधनु हाल कुत्ताले अति खिन्न उदास चित्तले सहर नगरको वाहिर आएर प्राण त्याग्यो । अनि कोलाहल पर्वतमा स्यालको योनिमा जन्म लियो । फेरि ती पूर्व पतिव्रता हाल काशीराज कन्याले स्याल योनिलाई पनि तीर्थमा पाखण्डसँगको जम्काभेटवार्ताको कारण स्मरण गराएर त्यो शरीर पनि त्याग्यो एवम् प्रकारले चितुवा, गिद्ध, काग, मयूर योनि पश्चात जनकपुरमा मनुष्य योनिमा जन्म भयो । अनि ती सुन्दरी कन्या (पूर्वशैव्या)ले आफ्ना वुवा काशीराजलाई विवाह निमित्त प्रेरित गरन् र स्वयम्वर भएपछि ती राजकन्याले स्वयम्वरमा आएका आफ्ना ती पति (नरक भोगिसकेका)लाई पातिव्रत्यको प्रभावद्वारा शीघ्रातिशीघ्र मनुष्य योनिमा पति भावले वरण गरिन् । ती राजकुमारले काशीराज सुताका साथमा सुखभोग गरे । पछि पिता परलोक भएपछि विदेहनगर (जनकपुर)को राजा भए । तिनले धेरै यज्ञ गरे, याचकहरूलाई नानाप्रकारको दान दिए, धेरै सन्तान उत्पन्न गरे, अनि शत्रुहरूसँग धेरै युद्ध गरे। ती राजाले पृथिवीको न्यायानुकूल पालन गर्दै राज्य भोग गरे । अन्तमा आफ्नो प्रिय प्राणहरूलाई धर्म युद्धमा समर्पित गरे । अनि सुलोचनाले पूर्वजन्मझैं चितारुढ आफ्ना पतिलाई विधिपूर्वक प्रसन्न मनले अनुगमन गरिन् । यसै पुण्यले ती राजा र उनी राजकन्यासहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रलोकभन्दा पनि उत्कृष्ट अक्षय लोकहरूलाई प्राप्त गरे । हे द्विज श्रेष्ठ यसरी शुद्ध भएपछि उनीहरूले अतुलनीय अक्षय स्वर्ग, अति दुर्लभ दाम्पत्य अनि आफ्नो (पूर्वार्जित) पुण्यको फल प्राप्त गरे । हे द्विज श्रेष्ठ ! यसरी मैले तिमीलाई पाखण्डीसँग सम्भाषण गरेको दोष अनि अश्वमेध यज्ञमा अवभृथ स्नान गरेको कारणको महात्म्य (पुण्य)ले फलप्राप्त गरेको वर्णन गरिदिए । यसकारण पाखण्डी अनि पापाचारीहरूसँग कहिल्यै वार्तालाप र स्पर्श नगर्नु, विशेषत: नित्य नैमित्तिक कर्महरू गर्दाका समयमा अनि यज्ञादि क्रियाहरूका लागि सङ्कल्पित जो छ सोले त ती (आफ्नो गोत्र, प्रवर, कुल, वंशको वैदिक सनातन धर्म त्यागेर अगोत्रको पञ्च संस्कारमा झरेका) पाखण्डीसित संसर्ग त्याग्नु अत्यन्त आवश्यक छ । जसका घरमा एक महिना नित्य कर्मको अनुष्ठान भएको छैन उसलाई देख्नाले वुद्धिमान् पुरुषले सूर्यलाई दर्शन गर्नु (सूर्याष्टक पढ्नु) फेरि वेद-त्रयी-ऋग्यजुसामलाई सर्वथा त्याग्नेवाला (दीक्षित)छ र जो त्यस्ता पाखण्डीहरूको अन्न खान्छन् अनि वैदिक मतको विरोध गर्छन् ती पापात्माहरूको दर्शन स्पर्शनादिले त भन्नु नै के छ र ? यी यस्ता दुराचारी पाखण्डीहरूको संसर्ग गर्नु, वार्तालाप गर्नु सम्पर्क राख्नु, उठ वस गर्नु महान् पाप हुन्छ, यसकारण उपरोक्त संसर्ग दोपवाट वच्नुपर्छ । पाखण्डी, विकर्मी, विडाल व्रतवाला दुष्ट, स्वार्थ र वगुला भक्तहरूको वचनद्वारा पनि आदर सत्कार नगर्नु ।१०० यी यस्ता पाखण्डी, दुराचारी, अनि अतिपापी (पञ्च संस्कारीहरू) को संसर्ग टाढैवाट त्याग्नु उत्तम हुन्छ । यस कारण यी यस्ता स्वसंस्कार त्यागीहरू सधैं त्याज्य मानिन्छन् त्याग्नु उचित हुन्छ ।१०१ हिन्दू आर्य नारीहरूको महत्त्व र इज्जत सम्मान कति छ ? तर आजको पाखण्डकारी आडम्वरीहरूको र पाश्चात्य अन्धानुकरणले नग्न निर्लज्जता सिकाउने शैक्षिक गुणस्तरीयता वुझक्कड प्रगति गज्य नीतिकारका जहरिला भाइरसको पीडाले गाउँ देश, सहरवासी पीडित हुन्छौं नै ।

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टिपन-टापन

दूषितोऽपि चरेद्धर्मं यत्रतत्र श्रमे वसन्
समः सर्वेषु भुतेषु न लिङ्गं धर्मकारणम् ॥(मनु)

आफू वा आफ्नो आश्रम जतिसुकै दूषित भएपनि अर्काको आश्रम वा धर्मको आश्रम कदापि लिनु हुँदैन । सवैलाई सह भाव र समानताको व्यवहार गर्नु । तर कोहीले पनि अर्काको धर्म र आश्रममा प्रवेशको लागि प्रयत्न नगर्नु र तयो आश्रमको चिन्ह धारण नगर्नु शरीरमा चिन्ह लगाउने र त्यही परधर्मको जयजय गाउनु धर्म होइन । यो त अधर्म वाटो हो । मोहित भै आफ्नो परत्र विगार्नु हो ।

कानीनस्य मुनेःपौत्रा भ्रातृजायाभिगामिनः ।
गोलकस्य च वै पांडो पुत्राःकुंडाःस्वयं तथा ।९।

अ. ८६ पा. खं. प. प.पु.

ते पंचापि च भूपालाः पांडवा द्रौपदीं रताः
तेषां च पुण्यश्लोकत्वं, सूक्ष्मा धर्मगतिस्ततः ॥

१०। अ. ८६ पा.खं.प.

ये पापिनो ह्यधर्मिष्ठाःकेवलं विषयात्मकाः
पितरौ निन्दितौ यैश्च निर्दैवास्ते न संशयः ॥

जो पापी छ, अधर्मी छ, तथा केवल विषयमा मात्र रमाउँछ र विषयको मात्र वढोत्तरी हुने कार्य गर्दछ अनि यसैमा लिप्त हुँदै आफ्ना मातापिताको निन्दा गर्दछ भने निसन्देह त्यो भाग्यहीन हो । त्यसको कहिल्यै पनि कल्याण हुँदैन । जन्म दिएर संसार देखाउने देवता मातापिता नै हुन् । तिनै देवताको अपमान गर्नेको जतिसुकै ठूला यज्ञ-अनुष्ठान गरेपनि त्यो मात्र देखाउने दाँत वरावर हुन्छ । त्यसले मातापिता विरोधी भएर गरेका यज्ञको फल नपाई हानि मात्र व्यहोर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वत्युवाचः-

तेनैव दर्शितःपन्था वुध्यस्य त्वं तथैव हि
ततस्त्री पातिव्रतं धर्म भ्रष्टं कुरु मदाज्ञया ॥

शि. पु. यु. खं. २२-५०

पार्वती भन्नुहुन्छ- हे ! विष्णु जालन्दरले देखाएको व्राटो नै तपाईंले अवलम्वन गरी मेरा आज्ञाले वृन्दाको पतिव्रता धर्म पनि नष्ट गरिदिनुहोस् किन कि मेरो पातिव्रत्य नष्ट गर्ने उद्देश्यले ऊ यहाँ आएको थियो । वृन्दालाई थाहा थियो कि मेरो पातिव्रत्य नष्ट गर्न जाँदैछन् । पतिलाई उसले रोक्नु पर्दथ्यो ।

परेषामुपकारं च ये कुर्वन्ति स्वशक्तितः ।
धन्यास्त एव विज्ञेयाःपवित्रा लोक पालकाः ॥

(स्क. मा. के. १२।५२)

जसले आफ्नो शक्ति अनुसार अरुको उपकारमा तल्लीन हुन्छ, त्यो नै यस संसारमा धन्य छ । त्यसैले त्यो परोपकारी व्यक्तिलाई जगतको रक्षक हो भनेर जान्नुपर्दछ ।(पतिलाई पनि पत्नीले सुमार्गदर्शन दिन सक्छिन्) ।

ये निन्दकाश्च पापाश्च कृतघ्ना वेददूषकाः
वेदभ्रष्टा ह्प्रतिष्ठा अवाच्यास्तेमनीषिभिः ।
आर्याणां निन्दनं श्रुत्वा ये नयान्ति त्वरान्विताः
स्थानान्तरं ह्यप्रतिष्ठास्तेऽपि पातकिनो जनाः ॥

(स्क. मा. के. २२।६३-६४)

ः जसले महात्माहरूको निन्दा गर्छ त्यो पानी, कृतघ्न, वेददूषक, वेदभ्रष्ट र मर्यादाहीन हो । त्यस्तासँग स्वधर्मको पालन (वर्णश्रम र वर्णधर्म) गर्ने र रक्षामा तत्पर हुनेले वार्तालाप गर्नु नै हुँदैन । वर्णाश्रमको पालना गर्दा त्यो धर्मको निन्दा हुन्छ भने वरु त्यहाँवाट उठेर हिंडी नै दिनु पर्दछ । नत्र आफू पनि नारकीय अवस्था हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जवसम्म हृदयमा पाप रहन्छ तवसम्म श्रद्धा उत्पन्न हुँदैन । श्रद्धा नआए पछि संयम हुँदैन । अनि ऊ जतिसुकै, जस्तोसुकै धर्ममा लागोस्, महापुरुष वन्ने र महागुरु वनेको स्वाँग गरोस् । शरीरमा नाना चिन्ह वनाओस् कठोर व्रत गरोस् र शरीरलाई कष्ट देओस् ऊ ज्ञानी ठहर्दैन । त्यो त पाखण्ड मात्र हुन्छ । यस्तै कुरा स्क.मा.पु.के ३१।२९ मा भगवान् शंकर यमराजप्रति भन्नुहुन्छ-

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।
निरस्तमस्ति भो धर्म श्रद्धा मनसि वर्तते ।

जसको मन र वुद्धि संयम छ हात खुट्टा पनि संयममा रहन्छन् जसका क्रियाहरू निर्विकार भाववाट सम्पन्न हुन्छन् त्यसैले मात्र तीर्थ, व्रत, धर्मको फल प्राप्त गर्दछ भन्दै उग्रश्रवा ऋषिले अर्जुनलाई भनेको कुराको वारेमा स्क.पु.कु.मा. २।६ मा भनेको छ-

यस्य हस्तौ च पादौ च मनश्चैव सुसंयतम् ।
निर्विकारा:क्रिया:सर्वा:स तीर्थफल मश्नुते ।
वैदिकं लौकिकं चैव सर्वज्ञानमवाप्य य:
आश्रमस्यो वशी नित्यमृषिकल्प इति स्मृत: ।

जो वैदिक आचार विचारको वारेमा जान्दछ र त्यही अनुसारको कार्य गर्दछ साथै लौकिक व्यवहार पनि जानेर वुझेर त्यसमा समाहित हुन्छ, मन र इन्द्रियलाई वशमा राखेर वर्णाश्रम र गृहस्थाश्रममा रहनेलाई ऋषि कल्प भनेर भनिन्छ । भनेर स्क.पु.कु.मा. ३।२९५ मा गृहस्थको साथै वर्णाश्रमको महत्त्व दर्शाउँदछ । कुनै पनि वैदिक शास्त्रमा आफ्नो आश्रम त्यागेर अर्कै आश्रम धर्म लेऊ भनेर भन्दैन ।

नज्ञायते कुलं यस्य वीजशुद्धिं विना तत: ।
तस्य खादन् पिवन वापि साधु: सीदति तत्क्षणात् ।

(स्क.मा.कु.ख. ३४।५०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्छे मात्र चिनेर हुँदैन । उसको कुल पनि ज्ञात हुनुपर्छ । त्यसको कुल द्रिनंगन पो छ कि ? (३ पिंढी यता कोही पनि वेद पाठ गर्दैन, उता वा ३ पिंढी माथि पनि) हीन वर्णको पो छ कि ? अहिले कुल र वर्ण लुकाएर वसेको व्यक्ति पो हो कि सवै विचार नगरेर त्यसको संगत र दान दातव्य खाने, पिउने, मन्त्रदान लिने दिने गुरु वनाउने गरियो भने त्यो व्यक्तिको विश्वास गर्ने साधु पुरुष तत्काल कष्टमा पर्दछ । त्यस्तालाई अर्थात् वैदिकेतर सम्प्रदायको विद्वान् नै छ भने पनि त्यो अपूज्य हुन्छ । दान दिनु वा लिनु हुन्न ।

हाम्रा शास्त्रहरूले मनव मात्रको कल्याणका निमित्त अनेकौं उपायहरूको विधि वर्णन गरेका छन् । उपदेश दिएका छन् । गुणग्राहीले त्यो लिन्छ र उपयोग गर्दछ । तर नास्तिक आचरण भएकाहरू देखावटी रूपमा वडो धार्मिक भएर धार्मिक नेता वनिरहेका छन् । सत्य शास्त्रको खिल्ली उडाइरहेका छन् । शास्त्रविरुद्ध लागिरहेका छन् । उपभोग गर्न सकिरहेका छैनन । आफ्नो स्वभाव र पूर्ण संस्कारको छाप परेकोले कहाँ सत्यमार्गको वाटो लिन्छ र 'सर्पलाई जति दूध ख्वायो त्यति नै विष वनाउँछ' र आखिर मानिसलाई डसेर मार्दछ । त्यस्तै यी नयाँ मतवाद पनि मानिसलाई आफ्नो मायामा भुलाइ धर्मवाट च्युत पारिरहेका छन् । ठीकै हो एक अज्ञान कविको भनाइ पनि ।

उपभोक्तुं न जानाति श्रियं प्राप्यापि मानव ।
आकण्ठ जलमग्नोपि श्वालिहत्येव जिह्वया ।

जनि नै धन भयो भने पनि त्यो उपयोग गर्न मान्छेले जान्दैन । जसरी कुकुर कोशी (नदी) तर्दा घाँटीसम्म डुवेर तर्दछ तर प्यास लाग्यो भने पानी चाँहि ल्याप-ल्याप जिव्राले चाट्छ ।

त्यस्तै चाणक्य पनि भन्नु हुन्छ-

अनाभ्यासे विषंशास्त्रमजीर्णे भोजनम विषम् ।
दरिद्रस्य विषं गोष्ठी वृद्धस्य तरुणी विषम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यासविना सुनेर मात्र जानिएको शास्त्र, आजीर्ण भएको बेलाको भोजन दरिद्रको सभा र वृद्धलाई तरुणी यी सबै विषसमान हुन्छन् । यहाँ योगवाशिष्टको उत्पत्ति प्रकरणको कुरालाई राख्नु उपयुक्त ठानेर राखेको छ । त्यसमा भनिएको छ-तर्क, तप, तीर्थ, दान, स्नान, ध्यानबाट मात्र जगद्भ्रम निर्मल हुँदैन । यी साधनबाट निवृत्त गर्न खोज्नु महामूर्खता हो र यी कर्मबाट दृश्य भ्रम झन् गाढा हुन्छ । किन कि जहाँ गए पनि यी देश, काल, क्रियासहित पञ्च भौतिक सृष्टि नै देखिन्छ । समाधिमा पनि यी वस्तुहरू आइरहन्छन् । यसको कारण हो अज्ञानरूपी बीज नाशिन गाह्रो छ ।

चौध विद्या, सात सिद्धान्त, तीन सय शास्त्र, सत्तरी तन्त्र भएको विशाल काव्यमय संसारमा शुद्ध वैदिक धर्मभित्र पर्ने चौध विद्या (चारवेद, छ अंग मीमांशा, न्याय, महाभारतादिपुराण र स्मृति) मात्रको अध्ययन गर्नुपर्दछ यस्ता कुराहरूको पालना गर्नुपर्दछ । अन्य मानव मन बहकाउन मायावादी शास्त्रहरूमा सात सिद्धान्त पर्दछन् । (पञ्चरात्र, कपिल, तारतम सागर, ब्रह्मिष्ठ, पाशुपत, हिरण्यगर्भ) यिनीहरूको मतको आधारमा मानिएको धर्मले धर्मको मर्म नजानेर त्यसै मानव जीवनलाई ध्वस्त पार्दछन् । महाभारत शान्तिपर्व अध्याय १२२ मा-

एतासामेव विद्यानां व्यासमाह महेश्वरः
शतानि त्रीणि शास्त्राणां महातन्त्राणि सप्रतिः ३२ ।
व्यास एवतु विद्यानां महादेवेन कीर्तिनः ३४
तन्त्रं पाशुपतं नाम पाञ्चरात्रं विश्वतमम ॥
योगशास्त्रं च सांख्य च तन्त्रं लोकायतं तथा ३५
तन्त्रं बहमनुला नाम तर्कविद्या दिवौकसाम ॥
सुख दुःखार्थ जिज्ञासा कारणं चेति विश्रुतमः ३६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता-यस्ता शास्त्र वनेका छन् । तीमध्ये आफ्नो स्वभावअनुसार तिनको पालना गर्छन् मानवले । यहाँ आफ्नो स्वभावअनुसार कै शास्त्र, वैदिकलाई नै आधार मानेर लेखिएको हो । रुचि भए ग्रहण र अरुचि भए त्यागेमा कुनै दुःख हुने छैन । यस्तो लेख र संकलनको उद्देश्य भनेको सत्शास्त्र र सत्आचरणमा रही मानव मनलाई स्वच्छ र भगवत्मय वनाउनु मात्र हो। कसैको टीका टिप्पणी गर्नु होइन । तर प्रस्तुत पुस्तकमा प्रसंगवश आएका टिप्पणीप्रति गुनासो गर्ने पाठक वर्गलाई यो सल्लाह छ कि पूर्वाग्रह नलिई अन्तरआत्मा देखि नै चिन्तन गरेर असत्य भए त्यागिदिनु होला । गुनासो रहने छैन । म विद्वान् होइन सक्षर मात्र छु तर पनि आफूलाई लागेका कुरा, आफूले पढेका ग्रन्थको आधारमा ग्रन्थनाम सहित दिएको छु । उच्च नीच भएमा सुझाव पाए पुनःअर्को पल्ट तदअनुरूप देखा पर्ने छु । अस्तु

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ पुरानो वैष्णव धर्म विचार

लेखक पं. लीलाकान्त पोखेल
भोजपुर, दलगाउँ-२

प्रकाशक
अच्युतानन्द पोखेल
दलगाउँ, भोजपुर, हालः विराटनगर
२०४८ आश्विन २८ गतेमा

प्रथमबाट ५०० प्रति

(मूल्य रु. ६।-

सर्वाधिकार लेखकाधीन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंगलाचरण

श्री गणेशाय नमः श्री सरस्वत्यै नमः

यः एको वर्ण वहुधा शक्ति योगान वर्णाननेकान निहितार्थो दधाति ।
विचैति चित्ते विश्वमादौ स देव सनो वुध्या शुभया संयुनक्तु ॥

अर्थः रूप वर्ण शरीरको अवयवरहित यौटै परब्रह्म विचित्र सृष्टिका संकल्प हृदयमा धारण गर्ने भएका यौटै भगवानले आफ्ना परा नाउ गरिएकी वल वुद्धि कृयात्मक भएकी यस्ती प्रकृतिद्वारा विचित्र सृष्टि गरी अन्त्यमा आफैंमा विलीन गर्नेवाला भगवानले हामीलाइ वैज्ञानिक वुद्धि दिऊन भनिकन परमात्मालाई र परब्रह्म गुरु गणपति सरस्वती र इष्टदेवलई विनयपूर्वक प्रणाम गर्दछु । यो नया पुरानो वैष्णव धर्मविचार नामक सानु ग्रन्थ मैले हाम्रो परापूर्व कालदेखि चलिआएको सनातन धर्मका ग्रन्थहरूका आधारमा हाम्रो समस्त धर्मप्रेमी दाजुभाइ तथा दिदीवहिनीहरूका आँखामा कसैले पनि भ्रम पारेर आफ्नो सनातन धर्मलाइ लोपहुन नदिऊन् भन्नाका लागि मैले यो सानो ग्रन्थ प्रकाशित गरको छु र समस्त धर्मप्रेमीहरूलाई रुचि साथ अध्ययन गरेर वास्तविक मार्गमा पुग्न सफल होऊन भन्दै यस ग्रन्थ निर्माणमा मुख्य अभिभारा लिनु भएका सांख्य योग वदान्ताचार्य पूज्यपाद गुरु श्री पद्मनाभ निरौलाज्यूलाई र सहयोग पुर्‍याउने श्री धमचन्द्र सुवेदी तथा श्री पीताम्वर पोखरेललार्य सहर्प धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा पुस्तक प्रकाशित गर्नमा पूर्ण योगदान गर्ने नाती अच्युतानन्द पोखरेललाई सदा ईश्वले सुदृष्टि दिऊन् भन्दै मेरो मंगलाचरण ईश्वरमा अर्पण गर्दछु ।

लेखकः वेदान्ताचार्य
पं. लीलाकान्त पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई शब्द

अनादि सृष्टिकालदेखिनै अविच्छिन्न रूपले चली आएको अपौरुषेयवेद प्रतिपाद्य सनातन धर्मको जगेर्ना गर्ने प्रवल इच्छा उत्पन्न भएकाले विद्यार्थी अवस्थादेखि यसवेलाको अवस्थासम्म अथक परिश्रम गरेर दूधको दूध पानीको पानी झैं गरेर नयाँ पुराना वैष्णव धर्मको विवेचना गरी पं. लीलाकान्त पोखरेलज्यूले मलाई हेरिदिन पठाउनु भएको रहेछ ।

मैले विवेचनालाई आदिदेखि अन्त्यसम्म हेरें । समयको भेलसित पण्डितज्यूले निकै संघर्ष गरी वर्णाश्रम धर्मलाई जोगाउन चाहनु भएको रहेछ । "अनाश्रमी न तिष्ठेत दिनमेकमपि द्विजः" भन्ने वचनलाई आजको वैज्ञानिक युगमा पनि "स्वधर्मे निधनं श्रेयः" भन्ने कृष्णको निर्णय देखाउन खोजेको मैले अनुभव गरें । किनभने अर्जुनले गति नछोडेका भए श्री कृष्णले गीत वताउनु हुने थिएन सो सवैले जानेकै कुरा हो । ईसवीय सन ५५५ वाट नयाँ वैष्णव धर्मको (जन्म) आरम्भ भएको पण्डितजीले लेखी यौटा ठूलो दिग्गज ज्योतिषीको परिचय पनि यसमा राख्नुभएको छ । किनभने नयाँ र पुरानोको साँध उस्तैले किटान गरी भन्न, लेख्न देखाउन सक्दैन । यो किताव हेर्दा गहिरो अध्ययन नभएकाले वैष्णव धर्मको निन्दा जस्तो लाग्छ होला, तर वैष्णवको निन्दा गरेको होइन, खोजी गरेको हो किनभने यस कितावको आरम्भमा पण्डितज्यूले भन्नुभएको छ "म निन्दा गर्दिन नमस्कार गर्दछु" वहाँलाई सारै दुःख लागेको हुँदा नयाँ वैष्णवहरूले पुरानो वैष्णव धर्म लोप गर्न शाखा खोली पार्टी वनाइ आमा वावुको दशगोत्र क्रिया समेत गर्न नदिंदा र गोत्रगणनामा गोत्र नदेख्ता यो पुस्तकले जन्म लियो ।

पद्मनाभ निरौला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

वैष्णव धर्म के हो ? कहाँवाट आयो ? र कहिले सुरु भयो भन्ने विषयमा पूज्य वुवा पं. लीलाकान्त पोखेलले कलम चलाएर सनातन धर्मको दिग्गज स्तम्भ भएर आफू अडिने र अरुलाई पनि अड्याउने प्रयास गर्नुभएको छ । यो निश्चय नै तपाईं हामी जो वैदिक सनातन धर्ममा आस्था राख्नेका लागि अमूल्य देन हो । हुन त यो समाज आज आएर हैन परापूर्व कालदेखिनै परिवर्तन चाहन्छ र नयाँ कुराको खोजी गर्दछ । पुराना कुराहरूलाई विस्तार विस्तार परम्परावादी विचार भन्ने र उपनाम दिएर लत्याउँदै आएको छ । आजको वैज्ञानिक युगमा आएर परम्पराको नारा दिनु निश्चयनै आँखा भएको अन्धो हुनु हो तर आजको समाज त्यसरी विज्ञानका गतिसँगै वदलिएको भए तापनि अनुसन्धान र सफल प्रयोग विना त्यसै दौडिएको देखिँदैन तर आज आएर आध्यात्मिक क्षेत्रमा जुन परिवर्तन देखा परेको छ त्यसको न त कुनै अनुसन्धान भएको देखिन्छ न त त्यो हाम्रो प्राचीन सनातन धर्मसँग तालमेल खाने नै देखिन्छ । परिवर्तनको नाममा सनातन धर्मावलम्वीहरू (जो वैदिक नियमानुसार वास्तविक वैष्णव हुन्) नै आज नयाँ वैष्णव धर्मावलम्वी वनी प्रचार प्रसार समेत गर्न लागेको देखिन्छ । लेखकले आफ्नो जीवनको लामो समयमा गर्नुभएको गहिरो अध्ययनको निचोड आज तपाईंको हातमा आइपुगेको छ । यस पुस्तकको गहिरिएर अध्ययन गरेको खण्डमा वैष्णव धर्म सम्वन्धी तपाईंमा रहेको भ्रम निवारण हुने कुराको विश्वास दिलाउन चाहान्छु ।

त्यसैले एक पटक यस पुस्तकको अध्ययन गरेर आफ्नो शङ्का दूर गर्नुहुनेछ भन्ने आशा राख्दछु । तपाईंको यस पुस्तकका वारेमा भएको प्रतिक्रिया र सुझावको सर्वथा स्वागत गरिनेछ ।

२०४८ आश्विन

-प्रकाशक-

अच्युतानन्द पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री

श्री गणेशाय नमः श्री सरश्त्यै नमः

मैले यो पुस्तक प्रकाशित गरी वैष्णवहरूको निन्दा गर्न खोजेको होइन किनभने -

यस्तु सर्वाणि भूतान्यात्मन्यैवानु पश्यति ।
सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ॥ ईश ६

अथ: सम्पूर्ण भूतप्राणीमा भगवान्ले वास गर्नुभएको रहेछ, सम्पूर्ण प्राणीहरू भगवान्कै आधारमा रहेछन् भनेर जो देख्दछ त्यो व्यक्ति कसैको निन्दा गर्दैन भनी ईशावास्योपनिषद् भन्छ । कसैको निन्दा नगर्ने म वैष्णव हुं भन्नेलाई ईश्वरकै स्वरूप सम्झेर म नमस्कार गर्दछु, तर निम्न लिखित हाम्रो शास्त्रोक्त वैदिक सनातन वैष्णव धर्म लोप गर्न आधुनिक वैष्णवहरूले शाखा खोली प्रत्येक घरमा विरोध पारिरहेका छन् । कसरी भने स्त्री पुरुषमा स्त्रीलाई मन्त्र सुनाइ प्रति पत्नीमा झगडा, आमा छोरामा आमालाई मन्त्र सुनाइ आमा छोरामा झगडा पारिरहेका छन् । देहान्त हुँदा पतिले पत्नीको और्ध्वदेहिक क्रिया र छोराले आमाको क्रिया गर्नु पर्दैन भनेर हाम्रो प्रधान वैदिक संस्कारलाई खलबल्याइ रहेका छन् । यो के रहेछ भनेर यसो विचार गर्दा हामीले जानेका पारस्कर गृहयसूत्र, धर्मसिन्धु, निर्णयसिन्धु, मनुस्मृति, याज्ञवल्क्य स्मृति, अन्हिकसूत्रावली इत्यादि धर्म ग्रन्थ हेर्दा और्ध्वदेहिक नगर्नु पर्ने वैष्णवधर्म नदेखिएको हुँदा यो त वेददेखि वाहिरको पो रहेछ भनी आफूलाई अनुभव भएको कुरा लेख्तछु ।

यो वैष्णवधर्मको वारेमा निर्णय गर्दा परम्परागत रूपमा पहाड, तराई, काठमाण्डौं उपत्यका, भनौं नेपाल अधिराज्यभर वैष्णवहरू थिएनन् । स्कूल, पाठशाला, काठमाण्डौंमा मात्र थिए । मेरो जन्म साल वि.सं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९४८ हो । म १९६६ सालमा पढ्न दिङ्ला गएँ, त्यहाँ आवाल व्रह्मचारी गुरुमहाराज षडानन्द अधिकारीज्यू हुनुहुँदोरहेछ । त्यसवेला वहाँभन्दा विद्वान् नेपाल अधिराज्यभर नै कोही थिएन । वहाँले आफ्नो जन्मभूमि दिङ्लामा विद्यालय खोल्नुभएको रहेछ.। म पनि त्यसैमा भर्ना भै व्याकरण पढ्न थालें ।

"विद्याकामस्तु गिरिशम्" भनेको हुनाले गुरु महाराजले शिवदीक्षा लिनु भएको रहेछ । निधारमा त्रिपुण्ड्र विभूति धारणगरी जटाको मुकुट बाँधी ३२ दानाको रुद्राक्षको माला गलामा पहिरी साक्षात् शिवजस्तो सुन्दर मूर्तिको हुनुहुँदोरहेछ । वहाँसँग मैले पनि दीक्षा आदि पाँच मन्त्र सुनें ।

वहाँले के भन्नुहुन्थ्यो भने हामीले वैदिक विष्णु गायत्री मन्त्र व्रतवन्धमा नै सुनिसकेको हुनलो हामी वैष्णव हौं । तसर्थ हामीले एकादशी व्रत लिंदा जुनदिन " वैष्णवानां एकादशी व्रतम्" भनि पात्रामा लेखेको हुन्छ सोही दिन लिनुपर्छ ।

यो विष्णु स शिव प्रोक्तो यः शिवो विष्णुरेव सः ।
एकमेव स्वरूपञ्च द्वितीयं परिदृश्यते ॥

दुई वर्ष दिङ्ला वसेर गुरु महाराजसित पढी १९६८ सालमा म पढ्न अयोध्य गएँ, त्यहाँ पनि यौटा दुइटा मात्र विद्यार्थी ऊर्ध्वपुण्ड्र लगाउने थिए । धेरैजसो त्रिपुण्ड्र लगाउने नै थिए । त्यहाँ राजगोपालको ठूलो पाठशालामा पढाउने पाँच सात जना धुरन्धर विद्वान्हरू हुनुहुन्थ्यो । वहाँहरू पनि शास्त्रमा छलफल गरी यही भन्नुहुन्थ्यो ।

हामी सवै विष्णु गायत्रीको जप गर्ने हुँदा वैष्णव हौं । हामीले "वैष्णवानामेकादशी" भनेर लेखेका दिन नै एकादशी व्रत लिनुपर्छ भन्नुहुन्थ्यो । त्यसवेला पहाडमा कुनै स्कूल पाठशाला थिएन १९७२ सालदेखि मथुरावाट विद्यार्थी झिकाई तिनीहरूलाई खाने लगाउने समेत प्रवन्ध मिलाई वैष्णव मन्त्रको दीक्षा दिएर पढाउन थाले । यतावाट मथुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानेलाई उतावाट नेपाल आउनेलाई खर्चवर्चको आवश्यक पर्थ्यो । उता जाने र यता आउनेलाई वैष्णवहरूले खर्चवर्चको व्यवस्था मिलाई दिएको हुनाले त्यतै (मथुरैवाट) यो ऊर्ध्वपुण्ड्र तप्तमुद्राको चलन चल्न लागेको हो । त्यस अघि यो चलन थिएन । किनभने २०४४ वर्ष कलि वितेपछि विक्रम सम्वत् प्रवेश भएको हो । ३००१ कलि वितेपछि इस्वी सन् आरम्भ भयो । यो भन्दा ९८ वर्षपछि शालीवाहन शाके आरम्भ भएको रहेछ । ३६५६ वर्ष कलि वितेपछि ५५५ इस्वीमा रामानुजाचार्यको जन्म भएको रहेछ । सवै आचार्यको जन्म समय "संस्कृत साहित्य" भन्ने कितावमा लेखेको छ यही हो-

इृस्वीय सन् ५४५ मा वल्लभाचार्यको जन्म भएको हो ।

इस्वीय सन् ५४५ मा विज्ञानाचार्यको जन्म भएको हो ।

इस्वीय सन् ५४५ मा वलदेवाचार्यको जन्म भएको हो ।

इस्वीय सन् ५४७ मा मध्वाचार्यको जन्म भएको हो ।

इस्वीय सन् ५५६ मा श्री कण्ठाचार्यको जन्म भएको हो ।

इस्वीय सन् ५६२ मा श्री निम्वार्काचार्यको जन्म भएको हो ।

यिनीहरू सवै सहरमा जन्मी सहर वजारमा नै विद्या पढी विद्वान् भएपछि निम्नलिखित कारणवाट यो नयाँ वैष्णव धर्मको जन्म भएको हो । वेदमा अधिकार नभएका मानिसहरू कसरी तर्छन् भनी पञ्चरात्र आदि वैष्णवधर्म प्रचार गरेका रहेछन् । यसवाट के सिद्ध हुन्छ भने वेदमा अधिकार भएकालाई पञ्चरात्र आदि वैष्णवधर्मको आवश्यकता छैन ।

अब शास्त्रको प्रमाण देखाइन्छ

वैष्णवहरूले अठार पुराणभित्रको श्रीमद्भागवत हो । देवीभागवत हैन भनेका छन् किनभने देवीभागवतमा नयाँ वैष्णव धर्मको खण्डन गरेको छ । व्यासका शुकदेव र सूतजी दुवै शिष्य हुन् । शुकदेव छोरो सूतजी अर्के कुनै व्यक्ति हुन् । शुकदेव आफ्नो वुवासित अलिक हठ गर्ने हुनाले व्यासले शुकदेवलाई भन्दा सूतजीलाई धेरै प्यारो गर्नुहुन्थ्यो । अतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धान्त ज्ञानमा शङ्का रहित भएर सूतजी शौनकलाई भन्नुहुन्छः

एतन्मया श्रुतं व्यासात् कथ्यमानं सविस्तरम् ।
पुराणं पञ्चमं नूनं श्रीमद्‌भागवताभिधम् ॥

दे. भा. च. २५ अ. ८८ श्लो.

अर्थः सूतजी भन्नुहुन्छ हे शौनकादिहो ! व्यासजीवाट मैले सुनेको यो देवीभागवत महापुराण १८ पुराण मध्येको पाँचौं पुराण हो । पुराण संख्या क्रममा पनि देवीभागवत पाँचौं हुन्छ । जस्तैः

व्राह्मं पाद्मं वैष्णवं च लैङ्गं भागवतं तथा ।

अर्थः महापुराण सङ्ग्रह वाक्यको टिप्पणीमा लेखेको छ । "पुराणेषु अनेकेषु पञ्चमत्वेन गृहीतं" भन्ने लेखेको छ । यसकारण देवी भागवत महापुराण हो । जसमा पञ्चायतन देवताको पूजा सवैका लागि अनिवार्य वताएको छ । शूद्रले पनि आफ्ना धर्ममा रहेर आफ्ना इष्टदेवताको पूजा गर्न सक्छ । यसमा शास्त्रमा विरोध छैन ।

श्रावयेच्चतुरो वर्णान कृत्वा व्राह्मणमग्रतः ।

अर्थः शूद्रले पनि व्राह्णलाई प्रतिनिधि वनाएर सुनेमा शास्त्रीय दोष छैन, भन्ने प्रमाण छ । निर्णयसिन्धुवाट यो स्पष्ट थाहा पाइन्छ कि व्यासको भविष्यवाणी र गौतमको श्राप सिद्ध भएता पनि गायत्री पुरश्चरण गर्नेलाई र उनका सन्तानलाई समेत गौतमको श्राप लाग्दैन यो कुरा देवी भागवतमा लेखेको छ । यी वैष्णवहरूले पुराण र श्रुतिहरूमा ठाउँ-ठाउँमा थपेर भिन्न भिन्न अर्थ गरेका छन् । जस्तो-

अतप्ततनुतमोऽश्नुते इति ऋग्वेदात्" ।

अर्थः अतप्त भएको शरीर अपवित्र हुन्छ, न अश्नुते-भगवानलाई पाउन सक्दैन भन्ने अर्थ वैष्णवहरूले उल्टै अर्थ गरेका रहेछन् । निर्णयसिन्धुमा भनेकै छ -

"इयं श्रुतिर्वैष्णवैः स्वमतानुसारेण परम्परा व्याख्याता" ।

अर्थः यो श्रुतिको उल्टो अर्थ आफ्नो-आफ्नो वुद्धि अनुसार परम्परा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्या गरेका छन् ।

"अस्य वास्तविक यान्त तदपवित्रमतप्ततनुपयोव्रतादिनाअतप्ततनु अपवित्रं गात्रं अपरिपक्व: नाश्नुते न व्याप्नोति" इति मत्सराणाचार्येण ऋग्वेदसंहिताभाष्ये उक्ता ।

अर्थ: यसको सही अर्थ त के हो भने जसको शरीर पयोव्रतादि तपस्याले सन्तप्त भएको छैन त्यस्तो शरीर भएको व्यक्तिले ईश्वरलाई पाउन पनि सक्दैन, ईश्वरमा मिल्न सक्दैन भन्ने अर्थलाई अर्काको डाहा गर्ने आचर्याहरूले अर्थको अनर्थ ऋग्वेदसंहिताको भाषामा लेखिदिएका छन् ।

"एवमन्यान्यपि श्रुतिवाक्येन वस्तुतो भिन्नार्थानि वलादाकृष्य व्याख्यातानि सन्ति ।"

अर्थ: वास्तवमा भिन्नभिन्न अर्थ भएका श्रुति वाक्यहरूलाई पनि आफ्ना मतपट्टि जवरजस्ती तानेर व्याख्या गरेका छन् अर्थात् उल्टो अर्थ लगाएका छन् ।

धर्मसिन्धुमा र प्रष्टरूपले लेखेको छ- जसका कुलमा तीनपुस्तासम्म वैष्णव भएको पाइन्छ, तिनीहरू मात्रै वैष्णव हुन सक्नेछन् । जसका कुलमा तीनपुस्ताका पितृहरू वैष्णव भएकाछैनन् तिनीहरूले यो वैष्णवमत लिंदा धेरै दोष लाग्दछ ।

देवीभागवत द्वादशस्कन्धको नवौं अध्यायमा व्रह्माजीका पुत्र गौतम ऋषिले यौटा पवित्र टप्पु भूमिमा गायत्रीको पुरश्चरण गरी दर्शनपाइ मेरो मन्दिर वनाइ ::स भन्ने आज्ञा पाइ गायत्रीको मन्दिर वनाइ गायत्रीको मूर्ति स्थापना गरी प्राणप्रतिष्ठा गरी पूजा गरी त्यसै ठाउँमा अग्निहोत्र यज्ञ गरी वसेका थिए । एक सय १२ वर्षको अनावृष्टि भई अनिकाल पर्नगयो । गौतमका टप्पुमा सुखा भएन आनन्दको ठाउँभयो र वडेवडे विद्वान् तपस्वीहरू आइ वस्न लागे गौतमले स्वागत गर्न नसकी गायत्रीको मन्दिरमा गई गायत्रीलाई विन्ती चढाउँदा एउटा सुनको पूर्णपात्र दिनुभयो र भण्डारमा पूजा गरी राख सवै पूर्ण हुन्छ भन्नुभयो । खाने समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खोली हेर्दा खाद्य पदार्थ तयार भइ रहेको हुन्छ र सबैलाइ स्वागत तथा भोजन गराउनु भनी वरदान दिएकाले सो बमोजिम मुलुकभरमा मानिस भेला हुन थाले यो कुरा स्वर्गमा इन्द्रले थाहा पाएर आश्चर्य मानी नारद ऋषिलाई वुझ्न पठाउनुभयो । त्यस ठाउंका नारद ऋषि आई मानिस थुप्रिएको तमाशा हेरी गायत्रीको मन्दिरमा दर्शन गर्न जादा गायत्री हाँसिरहेकी देखेर दण्डवत प्रणाम गरी स्तुति गरी सवै व्राहमणहरूका अगाडि स्वर्गमा पनि गौतम ऋषिको कुरा चल्न गएको कुरा नादरजीले गौतमलाई वताउनुभयो र स्वर्गमा गई इन्द्रलाई यो कुरा गर्दा इन्द्र खुसी भई पानी वर्षाई दिनुभयो र सहकाल हुन लाग्यो र सबै मानिसहरू आफ्ना-आफ्ना आश्रममा गई बसेका थिए । दैव संयोग हुनुहुनामी ती विद्वान्हरूलाई गौतभ ऋषिको नारदजीले गरेको प्रशंसा सुनी हामी पनि उत्तिकै विद्वान् तपस्वी हाम्रा नाम चलेन यो गौतमको नाम यसरी चल्यो यसको कीर्तिलाई नष्ट गरौं भनी आफ्ना मायाले वूढीलाई सृष्टि गरी यज्ञ भूमिमा ल्याइ दिए । गौतम ऋषि त्यसवेला होम गरी बसेका थिए । गाईले आफ्नो यज्ञ विध्वंस गर्न लागेकाले गौतम ऋषि उठी हटाउ भनी वचेच्दा गाई लडी मर्न गइन् । उही नजिकमा चियो गरी बसेका विरोधी ऋषीहरूले गौतमले गाई माऱ्यो गो हत्या लागो भनी कराउन थाले । गौतमलाई सारै पिर पऱ्यो र ध्यान दृष्टिले विचार गर्दा मायाको गाइ रहेछ भन्ने प्रष्ट थाहापाई रिसले आकुल भई देवीभागवतको द्वादशस्कन्धको नवौं अध्यायको ५० श्लोकदेखि श्राप दिन लाग्नुभयो । हे व्राहमणधम हो निरपराधी मलाई कलङ्क लगाउने युक्ति गरी गो हत्या लगाउने सर गरेकाले तिमीहरूले पढेको पनि नष्ट होओस् । तिमीहरूको ऐश्वर्य पनि नष्ट होओस् र कुम्भिपाक आदि गरिएका नरक गइ वस्नु परोस् भनी धेरै श्राप दिएका छन् । त्यसकारण उत्तिखेरै पढेको विद्या नष्ट भई पटमूर्ख जस्ता भई अरु थोक गर्न नसकी उनै गौतमका पाउमा आइ पाहि पाहि जानिएन अनुग्रह गर्नुहोओस् भनी वारम्वार रुन लागेकाले केही दया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागेजस्ता भई गौतमर्जीले भन्नुभयो- 'हे ब्राह्मण हो जहांसम्म तिमीहरू गायत्रीको पुरश्चरण गर्दैनौ तबसम्म मैले दिएको श्राप अन्यथा हुनेछैन गायत्री पुरश्चरण गरेपछि मात्र हाल पढेको तिमीहरूलाई सचेत हुनेछौं भनी भन्न लाग्नुभयो-

श्री देवीभिन्न देवेषु श्रद्धा भक्ति समुन्नतिः

शंखचक्राद्यंकिताश्च भवता ब्राह्मणाधमाः ।

अर्थः गायत्रीदेखि भिन्न अरु देवताको भक्ति गरी शंखचक्र तप्तमुद्रा आदिधारण गरी रहनु परोस् र वैष्णव हुं भनी उर्ध्वपुण्ड्र तप्तमुद्रा धारण गररहने धर्म भो, जैन धर्म भो, कापालिक धर्म भो चारप्रकारका बौद्ध धर्मभा, चार प्रकारका वैष्णव धर्मको, यिनै धर्म पालन गर्नु परोस् भनी गौतमले भन्नुभएको भन्ने श्लोक-

लम्पटा परदारेषु दुराचारपरायणा ।

कुम्भी पाके पुनः सर्वे यास्यन्ति निज कर्मभिः ॥

अर्थः त्यस्तो वैष्णव धर्म धारण गरेर परस्त्रीमा लम्पट भई दुराचारी कर्म गर्ने गरेकाले फेरि पनि कुम्भिपाक नाम गरिएका नरकमा गइ दुःख पर्ने छ । श्लोकः

कृष्णावतारपर्यन्तम कुम्भिपाके भवेत स्थितिः ।

न मे वाक्य मृषा भूयादितिजानीथ सर्वदा ॥

अर्थः जहांसम्म कृष्ण अवतार नहुन्जेल कुम्भिपाक नरकमा वस्नुपर्ने छ । मेरो वचन कदाचित मिथ्या हुने छैन यो कुरा तिमीहरूले जान्नु भनी गौतमले श्राप दिएको । श्लोकः

तत परं कलि युगे भुवि जन्म भवेद्वि वाम ।

मदुक्तं सर्वमेतत्तु भवेदेव नचान्यथा ॥

अर्थः जव कृष्ण स्वर्गारोहण भएपछि फेरि पृथ्वीमा जन्म भइ लिइ पूर्वोक्त कर्म गर्नुपरोस् र जहांसम्म गायत्रीको पुरश्चरण गर्दैन त्यहांसम्म यो कुरा मिथ्या हुने छैन भनी गौतमले श्राप दिएको यो कुरा सिद्ध हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउँछ । यो कुरा देवीभागवत्मा लेखेको छ । अतः उनीहरूले सम्प्रदाय वढाउन अनेक प्रकारका पलोभन देखाए तापनि त्यतापट्टि वैदिक सिद्धान्तमा आस्था भएकाहरूले लाग्नु हुँदैन, लागेमा दोष लाग्दछ ।

प्रमाणः

"येषां कुले पितृपितामहादिभिस्तप्तमुद्रा धारणादिधर्मोऽनुष्ठितस्तैस्तथैवानुष्ठेयः येषांतु कुलेषु न केनाप्यनुष्ठितस्तैर्नस्वर्मति विलसित श्रद्धाया तद्धर्मोऽनुष्ठयो दोष श्रवणादिति तात्पर्यम् धर्म" मत्स्य पुराणअनुसार व्यासजीले पहिले अठार पुराण वनाउनुभयो । त्यसपछि स्त्री शूद्रादिका उद्धारको लागि सवालाख श्लोक भएको महाभारत ग्रन्थ निर्माण गर्नुभयो त्यसपछि नारदको उपदेशले पारमहंस्यसंहिता भनेको निर्गुणको भजन गर्ने सात्विक पुराण श्रीमदभागवतको रचना गर्नुभयो । महाभारतपछि भागवत् वनेको हुनाले अठार पुराणमा पाँचौ पुराण देवीभागवत गनिएको हो । चतुश्लोकी भागवतको आधारमा श्रीमद्भागवत वनिएको हो । मस्त्य पुराणअनुसार भनेका केही निम्नाङ्कित श्लोक हुन्-

अष्टादश पुराणानि कृत्वा सत्यवतीसुतः ।
ततोभारतमाख्यानं चक्रे तदुपवृंहितम ॥इति ।

यसवाट यो सिद्ध भयो कि व्यासजीले अठार पुराण भन्दा छुट्टै सर्व शास्त्रसमन्वयात्मक श्रीमद्भाभगत पुराण आत्माशान्तिका लागि निर्माण गर्नु भएको रहेछ यही उसले गर्दा कसै-कसैले श्रीमद्भागवत वोपदेवले रचना गरेका हुन् भन्दा रहेछन् । चतुश्लोकी भागवतको वास्तविक अर्थ विचार गर्दा श्रीमद्भागवतको संसारसित सम्वन्ध छैन । फल वताएको पनि झुट्मुटै हो भनेको छ । एकादशस्कन्ध भागवतमा लेखेको छः

पिव निम्व प्रदास्यामि खलु ते खण्डलड्डुकान ।
पित्रैवमुक्तः पिवति न फलं तावदेवतु ॥ इति ।

अर्थः "कारिता कणलोभेन" भनी पद्मपुराणान्तर्गत यसै भागवतको महात्म्यमा उल्लेख पाइदा निर्गुणमा सरस वनाइ भजन गर्न सजिलो पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा मात्र फलांश राखिएको हो द्वैपायन व्यासले नै निर्माण गर्नु भएको हो । वोपदेवले होइन भन्ने विषयलाई पुष्टि गर्ने प्रमाण "श्रीमद्भागवते महामुनिकृते" वचनद्वारा प्रष्ट वुझाउँछ ।

अव भस्म धारण गर्ने कि मृत्तिका धारण गर्ने भन्ने प्रश्नमा यही उत्तर छ वेदमा सृष्टिकर्ता व्रह्माजीकै सन्तान हामी हौं, अरु होइनौं । यदि कुल परम्परालाई तिलाञ्जलि दिने हो भने त्यो दोश्रो कुरा हो, हैन भने हेर्नुहोस् देवी भागवतको एकादशस्कन्धको वाह्रौं अध्यायको अट्ठाइस श्लोकमा

"त्रिपुण्ड्रकं विना विप्रो नाधिकारी शिवार्चने" भनेको छ ।

अर्थः भस्म नलाउनेलाई शिवपूजनको अधिकार छैन ।

तिर्यग्रेखाः प्रदृश्यन्ते ललाटे सर्वदेहिनाम ।

तथापि मानवा मूर्खा न कुर्वन्ति त्रिपुण्ड्रकम ॥

अर्थः सम्पूर्ण मानिसका निधारमा तेर्सा धर्का देखिन्छन् तापनि ऐनामा निधारका धर्का नहेरी मानिसहरू मूर्ख भएर व्रह्मा, विष्णु शिवस्वरूप त्रिपुण्ड् धारण गर्दैनन् । यसै कारणले ती सवै आधुनिक वैष्णव भए । तर भस्म कस्तो हो हेर्नुहोस: व्रह्मा, विष्णु, शिवले लक्ष्मी, पार्वती, सरस्वतीले पनि भस्मको महिमा वुझेरै भस्म धारण गरेका हुन् । देखावटी मात्र होइन । वेदमा भस्म लाउनु भनेको छ प्रमाण पनि छः

विज्ञानार्थ च सर्वेषां विद्यते वैदिकी श्रुतिः ।

शिवेन विष्णुना चैव वह्मणा वजिणा तथा,

उमादेव्या च लक्ष्म्याच वाचा नान्याभिरास्तिकैः ॥

अर्थः साक्षात्कार ज्ञानको लागि नै वेदले आवाज उठाएका हुँदा शिवले, विष्णुले, व्रह्माजीले, इन्द्रले, पार्वतीले लक्ष्मीले, सरस्वतीले र अरु सवै वैदिक धर्ममा विश्वास मान्ने सनातन धर्मावलम्वीहरूले भस्म धारण गर्दछन् । कतैकतै तन्त्रशास्त्रको पक्षपाती भएर वैदिक धर्म खलवल्याउन त्रिपुण्ड् वाहेकमा पनि हठ गर्दछन् । त्यो दोस्रो कुरा हो किनभने हामीले जीवनपथमा सोझो वाटो पहिल्याउनु पर्छ । अलपत्र परिने वाटो विर्सेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि लिनु हुँदैन । वेदमा आस्था (विश्वास) भएकाले ऐना हेरी निधारमा तीन रेखा देखेकाले त्रिपुण्ड्र धारण गर्नुपर्दछ ।

ऊर्ध्वपुण्ड्रं त्रिशूलं च वर्तुलं चतुरस्रकम ।
अर्धचन्द्रादिकं लिङ्गं वेदनिष्ठो नधारयेत ।
श्रोतृलिङ्गे तु विज्ञेयं त्रिपुण्ड्रधूलनादिकम ।
अश्रौतमूर्ध्वपुण्ड्रादि नैवतिर्यकत्रिपुण्ड्रकम ॥

अर्थः धेरैजसो मानिसहरू ऊर्ध्वपुण्ड्र, त्रिशूल, वाटुलो, चारकोणे, अर्धचन्द्राकारको तिलक (टीका) लगाउँदछन् । भगवानको भक्तले न केही दियो भने पनि लिन्न लिन्न भन्छ, मनको इच्छा पूर्ति गर्न वेदवाह्य हुन चाहँदैन । यो कुरा रिस रागले भनेको होइन, आँखा भएका सबैले हेर्न सक्छन् उर्ध्वपुण्ड्र आदि तिलकलाई अवैदिक भनेको छ

"अश्रौतमूर्ध्वपुण्ड्रादि" हो त्रिपुण्ड्र होइन । जस्तै:
अश्रौतमूर्ध्वपुण्ड्रादि नैव तिर्यक त्रिपुण्ड्रकम ।

दे.भाए.क. १५ अ. ११७ ।

हामीलाई निन्दा गरेर नामापराध गर्नु छैन । हामीलाई दुःख छ । स्त्री-पुरुषमा, आमा-छोरामा फाटो गराई वैदिक सनातनीलाई नेह्र दिनको काम गर्न पनि नयाँ वैष्णवले दिँदैनन् अरे भनेको सुन्दा । अब वायु पुराण, नारद पुराणमा लेखेको प्रमाण देखाइन्छ ।

वायु पुराणमा:

वाहमणो यदि मोहेन तापयेत वन्हिमुद्रया
न कर्माऽर्हो भवदेव सवै पाखण्डसंज्ञकः ।

अर्थः यदि विचार नगरी व्राहमण डामियो भने कुनै शुभ कर्ममा ग्रहण गर्न योग्य हुँदैन किनभने पाखण्डी भनेको त्यहीहो ।

नारद पुराणः

यस्तुसंतप्तशंखादिलिङ्गचिन्ह तनुर्नरः।
ससर्व यातनाभोगी चान्डालो कोटिजन्मसु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ: जुन मनुष्य शखचक्रले चिन्हित भएको शरीर धारण गर्दछ त्यो सवै नरकयातनादि भोगेर कोटी जन्मसम्म चाण्डाल हुन्छ ।

यसो गम्भीर भएर विचार गर्दा यस्तो निष्कर्ष आउँछ, सत्य युगमा वेदविहीन कर्म गरेर गायत्री मन्त्र जपी सूर्यभित्रका व्रहमको ध्यान गरेर मुक्त हुन्थे । त्रेता युगमा आपसमा केही वैमनस्य फैलिएकाले ऋषिमुनिहरूले सांख्यले मुक्ति मिल्दछ भने । द्वापरमा पाशुपत व्रतले मुक्ति पाइन्छ भने । यो घोर कलियुगमा त नारदमुनिले पाञ्चरात्र वैष्णवमत प्रचार गरे । अपठित मानिसहरू धेरैजसो दायाँ वायाँ नहेरी लहैलहैमा लागेर नयाँ वैष्णवमतवाट नै धेरै प्रभावित भैसकेका छन् । यसैकारण त गुरु भन्नुहुन्छ- लहै लहैका भलमा वगेका "अवोधमा वोध हुनेछ जान" । कुन राम्रो वाटो हो, कुन नराम्रो वाटो हो कसैलाई केही थाहा छैन । यो कुरा भनेको पनि छ,

श्रुतिविभिन्ना स्मृतयश्च भिन्ना नैकोमुर्निर्यस्यवच: प्रमाणम् ।
धर्मस्यनत्व निहितं गुहायां महाजनो येन गत: स:पन्था:॥

अर्थ: चार वेदहरू छन्, कनु वेदले भनेको मान्ने अनगिन्ती स्मृतिहरू छन् कुन स्मृति मान्ने । यही हो भनेर ठोकुवा गरेर भन्ने यौटै पनि मुनि छैनन्। धर्मको तत्ववुद्धिरूपी गुफामा लुकेर वसेको छ । यस्तो परिस्थितिमा के गर्ने त ? भन्दा उत्तर मिल्छ, आफूभन्दा ठूलो व्यक्ति हिडेको वाटो हिड्नुपर्छ । ठूलो व्यक्ति कसलाई मान्ने भन्दा यही निष्कर्ष निचोड अर्थात् मतलव निक्लन्छ सकल श्रुति, सकल स्मति, इतिहास, पुराणमन्थन गरेर वुद्धिमा लुकेर वसेको आफ्ना धर्मलाई जसले निकाली लिन्छ त्यसले वनाएको वाटामा हिड्नु पर्दछ । उदाहरण: अर्जुन भगवान् कृष्णको पछि नलागेका भए अहिंसावादी भिकारी हुन्थे । आफ्नो धर्म सम्झन सके थिएनन् । यसकारण वर्ण व्यवस्था अनुसारको धर्म नै स्वधर्म हो । आफ्ना धर्म नराम्रो भए पनि छाड्नु हुँदैन । आगो हो ता पनि त्यसलाई अहिले धूँवाले र खरानीले छोपेको हुन्छ । गीताले के भनाइरहेको छ, मानिसले ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिरहका छन् । गीतामा तप्तमुद्राङ्कित हुनुपर्छ भन्ने कतै पनि वचन पाइदैन । गीताले त चार आश्रम नटुटाउ भन्छ । युग अनुसार व्रह्मचर्याश्रम र संन्यासाश्रम विल्कुल टुट्न लागिरहेछ । हामी टाठावाटा हुँदाहुँदै चार आश्रम टुट्यो भने ख्वै के स्वधर्म थामियो त ? हिजोआज वर्णव्यवस्था अनुसारको शिक्षादीक्षा छैन । देह क्षणिक छ, यसमा आसक्त हुनुहुँदैन भन्ने ज्ञान कसैमा छैन । वरु आफ्ना धर्मलाई र शास्त्रीय सिद्धान्तलाई अवहेलना गरी चार्वाकका चेला वन्न खोजिरहेका छन् अर्थात् आत्मवादी भन्दा देहात्मवादी हुन तम्सिदैछन् ।

लिङ्ग पुराणमा लेखेको छः

शङ्खचक्रं तापयित्वा यस्य देहः प्रदृश्यते ।
सजीव कुणपः त्याज्यः सर्वकर्म वहिष्कृत ॥

अर्थः शङ्खचक्रको छाप देखिने शरीर मुर्दा झैं त्याज्य हुन्छ । सवै कर्मवाट वहिष्कृत पनि हुन्छ ।

अग्नि पुराणमा लेखेको छः-

पूर्वं यस्य तनर्दग्धा शङ्खचक्रादिभिः पृथक् ।
न तस्य निष्कृतिः ईष्ट स्नानदानजपादिभिः ॥

अर्थः पहिले नै अलग गरेर शङ्ख र चक्रले डामिइसकेको छ भने स्नान, दान, जपद्वारा हुने प्रायश्चित्त कुनै शास्त्रमा पनि देखिँदैन । विचार पुऱ्याएर काम गर्दा पछुताउनु पर्दैन भन्ने प्रमाणः-

सुजीर्णमन्नं सुविचक्षणः सुतः सुशासिता स्त्री नृपतिः सुसेवितः ।
सुचिन्त्य चोक्तं सुविचार्य यत्कृतं सुदीर्घकालेऽपि न याति विक्रियाम् ॥

अर्थः पुरानो परिपक्व अन्न, सनातन धर्मको तालिम पाएको छोरो, पिता माता र सासु ससुरावाट शिक्षा पाएकी स्त्री, सधैं राम्ररी सेवा गरिएका राजा, राम्रो विचार गरेर वोलेको कुरा, पछुतो हुन्छ कि भनेर गरेको काम कहिल्यै विग्रेर जाँदैन । भनाइको मतलव के भने हामी धर्म गर्छौं त भन्छौं र शास्त्रमा विरोध खान्छ कि भनेर विचार नपुऱ्याई गर्छौं । अर्जुनले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌सित निकै ढिपी गरेका थिए । तर भगवान्‌ले भन्नुभयो कि-

"तस्माच्छास्त्रं प्रमाणं ते कार्याऽकार्यं व्यवस्थितौ"

यस्तै अर्को पनि छः

आदित्यान्तर्गतस्तेजोभर्गाख्यं च मुमुक्षुभिः ।
ध्यानेन पुरुषोयस्तु द्रष्टव्यः सूर्य मण्डले ॥

अर्थः सूर्यको माझमा रहेको जुन भर्ग नाम भएको तेज छ, त्यसलाइ र ध्यान गरिने पुरुष विष्णुलाई पनि सूर्य मण्डलमा दर्शन गर्नुपर्छ अर्थात् साक्षात्कार गर्नुपर्छ । जो जन्मनु मर्नु चौराशी घुम्नु र आध्यात्मिक आधिदैविक आधिभौकि दुःख नाश गर्दछ । म हजूरमा मिल्न सूर्य मण्डलमा विष्णुको ध्यान गर्छु भन्ने माथिका श्लोकको अर्थ हो ।

व्राह्मण भएर सन्ध्या नगरी हुँदैन भन्ने प्रमाणः-

विप्रो वृक्षस्तस्य मूलच सन्ध्या वेदाःशाखा धर्मकर्मादि पत्रम
तस्मान्मूलं यत्नतो रक्षणीयं छिन्ने मूले नैव शाखा नपत्रम ॥

अर्थः यो संसारमा व्राह्मणलाई रुखको रूपमा उभ्याएको छ, त्यस रुखको फेद सन्ध्या हो, चार वेद हाँगा हुन् विभिन्न धर्म र विभिन्न कर्म पात हुन् । यसकारण हाँगा, पात, फूल, फल सवैलाई रक्षा गर्न अर्थात् वचाउन सर्वप्रथम सन्ध्या गर्नुपर्दछ । फेद, जराको रक्षा भए सवै जीवित हुन्छन् नभए हाँगा, पात, फूल, फल सव सुक्तछन् यसैले सन्ध्या अनिवार्य छ ।

व्राह्मणको मुख्य कर्तव्यः-

हाम्रा पुर्खाका पालादेखि (परापूर्वकालदेखि) हामीहरूले गरी ल्याएको वेद विहित संस्कार गर्भाधान, पुंसवन, सीमन्तोन्नियन, जातकर्म, नामकर्म, अन्नप्राशन, कर्णवेध, चूडा व्रतवन्ध, विवाह हुन् । यी संस्कारभित्र पर्ने व्रतवन्ध व्राह्मणको मुख्य संस्कार हो । जीवनभर व्रतमा रहनको लागि व्रतवन्ध गर्दा वैदिक गायत्री मन्त्र सुनाइन्छ । त्यसैदिनदेखि गायत्री माताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जप गर्दा र पुरश्चरण गर्दा हामीले सूर्य मण्डलको माझ जुन ज्योतिको ध्यान गर्दछौं त्यो विष्णुको मूर्ति हो यसै कारण हामी वैदिक वैष्णव हौं भन्न हामीलाई करै लाग्दछ ज्योतिको ध्यान गर्दा यस्तो गर्नु भनेको छः-

धेयः सदा सवितृमण्डलमध्यवर्ती ।
नारायणः सरसिजासन सन्निविष्टः ॥
केयूरवान मकरकुण्डलवान किरीटी ।
हारि हिरण्मयवपुर्धृतशङ्खचक्रः ॥

अर्थः म सधैं गायत्री जप गर्दा सूर्यविम्वका माझमा रहेका शङ्ख चक्र गदा पद्म चार हातमा लिएका कौस्तुभमणिको हारले गला सुशोभित भएका पहेंलो उज्यालो मूर्तिधारी विष्णुको ध्यान गर्दछु ।

सन्ध्या न गर्नेलाई यस्तो भनेको छः-

नोपास्ते यस्तु वै पूर्वम नोपास्ते यस्तु पश्चिमाम ।
स शूद्रवद वहिष्कार्यः सर्वस्माद द्विज कर्मणः ॥

अर्थः ब्राह्मणले सके तीनै टाइम सन्ध्या गरोस् विहान र बेलुकीको अवश्यै गरोस् नगरे त्यसलाई (ब्राह्मणलाई) शूद्र झैं ब्राह्मण समाजवाट वहिष्कार गर्नुपर्दछ ।

गायत्री उपस्थानको अर्थः

"गायत्रस्येकपदी द्विपदी त्रिपदी चतुष्पद्यसि नहिपद्यसे नमस्ते तुरीयाय दर्शताय पदाय परोरजसेसादोम" ।

अर्थः हे गायत्री ! तपाइं सृष्टि हुनुभन्दा पहिले रूपलाइं लिएर एक पाऊ भएकी हुनुहुन्थ्यो । विद्या र रूपलाई लिएर द्विपदी हुनुहुन्थ्यो । फेरि भूर्भुवः स्व त्रिलोकी रूप धारण गर्नुभयो । त्रयो विद्या नामवाट अर्थात तीनवेदवाट ८-८ अक्षर झिकी २४ अक्षरकी मात्र हुनु भएको छ । त्रिपदी तपाइं प्राण्वायु रूपले सबैका घटमा साक्षी रूपभै वस्नु भएको छ । यसैकारण तपाईलाई कसैले पनि जान्न सक्दैनन् पाउ नहुनाले ध्यानले मात्र जान्न् सकिने भएकी छयौं । "निष्त्रैगुण्यो भवार्जुन" भनेझैं त्रिगुणमय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारदेखि अलग व्रहमा विष्णु महेश्वरवाट पनि अलग भएकी हजुरलाई उपस्थान गर्दछु अर्थात् नमस्कार गर्दछु ।

शरीर विष्णुरूप भएकी गायत्री मन्त्र हामी सधैं जप गर्छौं यसैकारणले हामी वैदिक वैष्णव भएका हौं । एकादशी लिंदा पनि हामी वैष्णवनाम एकादशी नै लिन्छौं । स्मार्ता एकादशी लिदैनौं । "गायत्री मात्र निष्णातो द्विजो मोक्षमवाप्नुयात्" ।

अर्थ: नुहाएर शुद्ध भई शास्त्रमुताविक शुद्ध गायत्री मात्रै जप्छ भने पनि त्यो व्राहमण मुक्त हुन्छ । श्रुति भनेको वेद हो स्मृति भनेका गीता, धर्मसिन्धु, निर्णयसिन्धु, मनुस्मृति, याज्ञवल्क्यस्मृतिहरू हुन् । शास्त्र यिनै हुन् । यिनमा इतिहास भनेका रामायण र महाभारत हुन् । यिनमा इतिहास र पुराण वाझे भने स्मृति प्रमाण लिनुपर्छ । स्मृतिको पनि विरोध देखिए श्रुति प्रमाण लिनुपर्छ भनी पूर्वमीमांसामा लेखेको छ । तसर्थ हामी व्राहमणले श्रुतिको नै सहारा लिएर विरोध देखिएका ठाउँमा समाधान गर्नुपर्छ ।

वेद वाह्य भएकालाई मात्र "ॐ नमोनारायणाय" भन्ने मन्त्र जप्ने अधिकार छ । "दण्ड धारण मात्रेण नरो नारायणो भवेत्" भनि ग.पु.मा. लेखका छ ।

पृथ्वी चन्द्रादयको मत:-

यस्तु संतप्तशङ्खादि लिङ्गचिन्हतनुर्द्विज: ।
संभाष्य रौरवं याति यावदिन्द्राश्चतुर्दश ॥

अर्थ: जुन व्राहमण शंखचक्रादिले चिन्हित शरीर भएर वस्तछ त्यस्तासित वात गर्दा पनि त्यो व्यक्ति जहाँसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्, त्यहाँसम्म रौरव नरकमा वस्तछ ।

शङ्खचक्राद्यङ्कनं च गीतानृत्यादिकंतथा ।
एकजातेरयं धर्मो न सधर्मो द्विजन्मनाम् ॥

अर्थ: शङ्खचक्रादि चिन्ह धारण गर्नु लोक गीत गाएर नाच्नु यो धर्म एक जातिको हो द्विजातिको होइन अर्थात् व्राहमण क्षत्रीय वैश्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होइन। नयाँ वैष्णवहरूको धर्मको वारेमा मैले सम्पूर्ण उपनिषद हेरे, कुनै उपनिषदमा पनि ब्राह्मणले उर्ध्वपुण्ड्र लगाइ तप्त मुद्राङ्कित हुनुपर्छ भन्ने वैदिक वचन भेटिन। अनि व्रह्म सूत्रको भाष्यमा छ कि भनेर तीन अध्यायको चार पाउ हेरें। त्यहाँ चार आश्रम र चार आश्रमका कर्म वताएर भक्ति यागलाई सर्वोपरि स्थान दिएको भेटें।

"चातुर्वर्ण्यं मयासृष्टं गुण कर्मविभागशः" भने अनुसार आ-आफ्ना धर्ममा अधिकार छ भने चारवर्ण छत्तीस जातको भक्ति योगमा अधिकार छ भन्ने निश्चय गरेको रहेछ। तसर्थ अव भक्तियोग सम्वन्धलाई लिएर देवहुतिले कपिलदेवलाई भनेकोः-

अहोवत श्वपचोऽतो गरियान् यज्जिव्हाग्रे वर्तते नाम तुभ्यम्।
पेतुस्तपस्ते जुहुवुः सस्नुरार्या व्रह्मानूचुर्नाम गृणन्ति येते ॥

अर्थः देवहुति भन्छिन् हे भगवान् ! तपईंको भक्ति गर्नुभन्दा ठूलो केही रहेनछ किन कि चण्डाल जातिले पनि हजुरको पवित्र नाम कीर्तन गरेछ भने सम्पूर्ण तीर्थ, तप, दान प्रदान वेदाध्ययन आदि गरेको फल पाउँदोरहेछ भने अरु हामी जस्ताले गर्दा के नआउला ? अर्थात् पाउँछौं। नृसिंहको स्तुति गर्दा प्रल्हाद भन्छन् - हे भगवान्ः

विप्राद् द्विषड्गुणयुतादरविन्दनाभ पादारविन्द विमुखाच्छ्वपचं वरिष्ठम्।
मन्ये तदर्पितमनोवचने हितार्थं प्राणं पनाति स कुलं नतु भूरिमानः ॥

अर्थः हुनत वाह्र गुणले सम्पन्न व्राह्मण छ, तर पद्मनाभका चरणकमलवाट विमुख रहेछ भने त्यो व्राह्मण भन्दा चण्डाल ठूलो हो जस्तो म ठान्दछु। किनभने जसले मन वचन, कर्म, धन, प्राण सवै प्रभुका चरणमा समर्पण गरेर आफ्ना कुललाई तारिसको। त्यो व्राह्मण त अभिमानले चुर भएर आफूलाईसम्म पवित्र पार्न सकेको छैन। भगवान्को दर्शनवाटै कृतार्थ भएर कुन्ती भन्छिन्ः

श्रृण्वान्ति गायन्ति गृहणन्त्यभीक्ष्णशः
स्मरन्ति नन्दन्ति तवेहितं जनाः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त एव पश्यन्त्यचिरेण तावकं
भवप्रवाहोपरमं पदाम्बुजम ॥

अर्थ: हे भगवान् ! हजुरका भक्तहरू निरन्तर तपाईंका चरित्रको श्रवण, गान, कीर्तन, स्मरण गरेर आनन्दले विभोर हुन्छन् । त्यसो गर्दागर्दै तिनीहरूले नै हजुरका चरणारविन्दको दर्शन पाउँछन्, जुन दर्शनले जन्म मरणको भेल सदाको लागि रोकी दिन्छ अर्थात् मुक्त हुन्छन् ।

अखण्डभूमण्डल चक्रवर्ती पृथुमहाराजलाई सनत्कुमारले भनेको :

शास्त्रेष्वियानेव सुनिश्चितो नृणां
क्षेमस्य सध्र्यग्विमृशेषु हेतु ॥
असङ्गआत्मव्यतिरिक्तेआत्मनि ।
दृढा रतिर्ब्रह्मणि निर्गुणे च या ॥

अर्थ: गुरु र शास्त्रोक्तमा अटल श्रद्धा र विश्वास राखेर भगवत धर्म आचरण गर्नाले तत्वजिज्ञासा उत्पन्न हुन्छ, नित्यप्रति कथाश्रवण गर्नाले ज्ञानयोगमा निष्ठा हुन्छ ज्ञानयोगमानिष्ठा भएपछि विषयासक्ति हट्तै जान्छ विषयासक्ति हट्तै गएपछि अर्काको निन्दा गर्नु पनि नामापराध हो भनी कसैको पनि निन्दा गर्दैन निन्दा गर्न छोडेपछि साधना समाप्ति हुन्छ, साधना समाप्त भएपछि त्यो निष्काम भक्तिले जीवलाई निर्गुणव्रह्ममा नदीलाई समुन्द्रमा मिलाउँछ । जसरी कुमालेले घटाकाशलाई महाकाशमा मिलाइ दिन्छ । जसरी भेलले नदीलाई समुद्रमा मिलाउँदछ । विश्वलाई ज्ञानै कल्याण र शान्ति हुने यही शास्त्रको भनाइ छ । शास्त्र यतिकैमा समाप्ति पनि हुन्छ । अरु जान्ने वाँकी रहँदैन । उत्तरकाण्ड रामायणमा श्री रामले सरा प्रजालाई दिएको उपदेश हो । यो तिमीहरू सबैले मनमा हेक्का राख्नु भन्नुहुन्छ ।

प्यारा प्रजा हो ! दुई जोरी हात
भन्छु तपाईलाई रहस्य वात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भजन् शिवैको नगरेर भक्ति
मिल्दैन अर्को पनि छैन जुक्ति ॥

अर्थ: हे मेरा प्रजा हो ! एउटा अर्को गुप्त मत छ। हात जोरेर सवैलाई भन्दछु (त्यो क्या हो भने) शङ्करजीको भजन नगरिकन मेरो भक्ति पाइदैन, तसर्थ मैले हात जोरेर भनेको यो कुरामा हेक्का राख।

श्री रामचन्द्रका भने यस्तो भनाइ छ, यी आधुनिक वैष्णवहरू हौं भन्नेहरू शिवजीको दर्शनसम्म पनि गर्न हुंदैन भन्छन्, यो कुन मत हो ? कली सन्तरणोपनिषद्मा लेखेको छ-

हरे राम हरे राम राम राम हरे हरे ।
हरेकृष्ण हरेकृष्ण कृष्ण कृष्ण हरेहरे ।
इति षोडाशकंनाम कलिकल्मष नाशनम ॥
नातपरतरोपाय: सर्ववेदेषु दृश्यते ॥

अर्थ: ॐकार समेत लगाई यो सोह्र अक्षरात्मक मन्त्र जप्नाले कीर्तन गर्नाले कलिकालको मनुष्यहरूको सम्पूर्ण पापहरू नष्ट हुन्छन् यसको विधि नारदले सोद्धा व्रह्मा भन्छन्:

सर्वदा सदा शुचिरशुचिर्वा पठन व्राह्मण: सलो
कतां सामीप्यतां सारूप्यतां सायुज्यतामाप्नोति ।

अर्थ: व्राह्मणले सदा सर्वदा शुद्ध अशुद्ध जस्तो अवस्थामा पनि यो सोह्र अक्षर मन्त्र जप गरेछ अथवा कीर्तन गरेछ भने भगवान्‌को जस्तै लोकमा वस्ने, भगवानका नजिकै वस्न पाइने भगवान् जस्तै भएर वस्न पाइने अथवा भगवान् मै मिलेर वस्न पाइने, चार प्रकारको मुक्ति पाउंछ। कतैकतै तन्त्रमा वैष्णवहरू मुमुक्षु हुंदैनन् भनेको छ। "दीयमानं नगृह्णन्ति" वचन देखेर होला अथवा यिनै चार प्रकारका मुक्ति लिनुपर्छ भनेर होला यस्तै: सोह्र अक्षरको मन्त्रमा पनि परिवर्तन गरेर "राधे कृष्ण राधे कृष्ण कृष्ण राधे राधे" भन्ने कीर्तन गरेको सुनिन्छ। परिवर्तन गर्ने कारण हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्धान्त विग्रिन्छ होला भनी कलिसन्तरणोपनिषद्मा लेखेकामा पनि विश्वास हुँदैन ।

मुक्ति चार प्रकारका किन मानेको भने सवै उपासकहरू वासना अनुसार एकै किसिमका हुँदैनन्, यसैकारण कुन अत्युत्तमाउपासना गर्ने हुन्छन्, कुनै कुनै उत्तम उपासना गर्ने हुन्छन्, कुनै मध्यम उपासना गर्ने हुन्छन्, कनै कनिष्ठ उपासना गर्ने हुन्छन् । यो कुरा "योग सागर" भन्ने पुस्तकमा लेखेको छ । सोही वमोजिम यहाँ चार प्रकारको देखाइएको हो ।

व्रह्म सूत्र र सवै उपनिषद्हरू विचार गर्दा भक्तिपूर्वक कीर्तन गर्नुभन्दा अर्को उपाय नदखिएकोले हाम्रो वैदिक सनातन धर्ममा लेखे अनुसार कीर्तन गरिरहेका छन् । सुख भोगको इच्छा गर्नेहरू गृहस्थी भई स्वर्गीय सुखभोग गरेका गऱ्यै छन् भने हे जनता हो ! तिमीहरू अपठित र शास्त्रको मर्म नवुझेको हुनाले हाहामा लागी त्यो वाटामा लाग्ने काम नगर ।

यी सवै वैष्णवको वारेमा मैले सवै ग्रन्थ हेरें । व्रह्मसूत्र र उपनिषद्हरूमा सवै आश्रमको धर्मको टुङ्गो लगाएको भेटें । तर वैष्णव धर्मको टुङ्गो लगाएको भेटिन । अनि श्रीभद्भागवत हेरें । त्यहाँ प्रथमस्कन्धको चौथो अध्यायका २५ श्लोकमा लेखेको रहेछ:

स्त्रीशूद्रद्वीजवन्धूनां त्रयी न श्रुतिगोचरा ।
कर्मश्रेयसि मूढानां श्रेय एव भवेदिह ॥

अर्थ: स्त्रीशूद्र जातिलाई र द्विज वन्धु जातिलाई वेदमा अधिकार नभएकाले तिनीहरूलाई पनि कल्याण होस् भन्ने हेतुले महाभारत वनेको रहेछ भन्ने थाहा भयो । तसर्थ उनीहरूले त्यसलाई महाभारत नभनेर महाभारत पुराण भन्दा रहेछन् । "द्विजवन्धु" भनेको के रहेछ भनी खोजी गर्दा भागवत्को टीकामा व्राह्मण, क्षेत्रीय, वैश्यवाट खसेका पतितहरूलाई "द्विजवन्धु" भन्ने लेखेको रहेछ । फेरि धर्मसिन्धुको "गोत्र गणना" भन्ने हेरें यहाँ यो श्लोक लेखेको रहेछ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चमें सप्तमें चैव येषां वैवाहिकी क्रिया ।
क्रिया परा अपि हिते पतिताः रुद्रतां गताः ॥

अर्थ: पाँचौं अथवा सातौं पुस्ताकी कन्या विवाह गर्ने वा गराउने पतित हुन्छ त्यसैलाई शूद्र पनि भन्दछन् भन्ने लेखेको रहेछ ।

लोकमा पनि विवाह नभएकी कन्या जवरजस्ती संभोग गरेर जन्मेका व्राह्मण भाट व्राह्मण हुन्छन् । अझै पनि त्यस्ता भाटहरू व्रतवन्ध गरी जनै लगाई भाट वेसी भन्ने ठाउँमा वसेका देखिन्छन् ।

यो सवै कुरा के हो त ? भन्दा ३६५६ छत्तीससय छपन्न कलियुग वितेपछि (इस्वीय सन् ५५५ पाँचसय पचपन्न वितेपछिं रामानुजाचार्य आदि जन्मेपछि यो वैष्णव धर्मको थालनी गरेका रहेछन् । सृष्टिका आदिदेखिनै वेद विहित कर्म चलेर आएको हो आधुनिक होइन । त्यस्तो हुनाले यिनीहरू तिनै विवाह नभएका कन्यावाट जन्मेका हुनाले यो आधुनिक नयाँ धर्म प्रचार गरेका हुन् । यिनीहरू आफ्नो अच्युत गोत्र स्वीकार गर्छन् । धर्मसिन्धुमा सवै गोत्रको गणनापूर्वमा उल्लेख गरेको पाइन्छ । गोत्र भनेको एक प्रकारको वंशावली हो । मान्छेको मात्र गोत्रको कुरा के गरौं, द्यौताको पनि गोत्र हुन्छ । जस्तैः नौ ग्रहमा सूर्यको काश्यप गोत्र हो । यस्तै चन्द्र आदिको गोत्र पनि सवैमा विदितै छ । यहां भनिरहनु पर्दैन । यिनीहरूले गोत्रावली न छपाएको कारण वुझ्न सकिएको छैन । छपाएको भए उनीहरूलाई मुक्ति पनि मिल्थ्यो होला । धर्मसिन्धुमा अच्युत गोत्र मैले भेटिन । नभेटेका शव्दमा कसरी विश्वास मान्नु । व्यावहारिक अवस्थामा यस्तो अन्यौल हुनुहुँदैन । हाम्रा आँखा भएको व्यर्थ हुन्छ ।

तसर्थ यिनीहरूले मुलुक भ्रष्ट पार्नका निम्ति नयाँ विधान छपाएका होलान् । त्यसमा उनीहरूको स्वार्थ लुकेको हुनाले आफ्नो धर्ममा ल्याउन भनेसम्म र पुगेसम्म कोसिस गर्दैछन् । तापनि "आदित्यचन्द्रावनलोऽनिलश्च"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा देखि रहने भगवानले कसले पाप धर्म गरेको छ भनेर विचार गर्नु नै हुनेछ । यसैमा म पूर्ण विश्वस्त छु ।

अव वैदिक सनातन धर्ममा रहेका हामीहरूले त्यस धर्ममा लाग्नु हुँदैन, लाग्यौं भने पतन हुनेछौं । या कुरा व्रह्मसूत्रको चौथो अध्यायको तेस्रो पाठमा लेखिएको छ। उत्तम आश्रमवाट नीचा आश्रममा आयो भने पतित हुन्छन् । जस्तै सन्यासी गृहस्थी भयो, वानप्रस्थी गृहस्थी भयो भने माथिल्ला आश्रमवाट तल्ला आश्रममा झर्ने पतित हुन्छ । यस्तै स्वधर्म छाडेर परधर्ममा गएर वेद विहित कर्म छाडेर आफू खुसी मन लागेका धर्मकर्म गर्न लाग्यो भने त्यस्तै पतित ठहर्छ । आफू पावन वन्न सक्दैन । शास्त्रवाट च्युत भएकाले भगवान्लाई पाउन सक्दैन । यसैकारण कृष्ण भन्नुहुन्छ “तस्माच्छास्त्रं प्रमाणंते” भनेर ।

मुण्डकोपनिषदमा अथर्व वेदको मन्त्रले लेखेको रहेछः

नायमात्मा वलहीनेन लभ्यो नच प्रमादात्तपसो वाप्यलिङ्गात ।
एतैरूपायैर्यतते यस्तु विद्वांस्तस्यैष आत्मा विशते वह्मधाम ॥

अर्थः गुरुहरूले मोटामोर्टीमा वताएर पाउन सकिंदैन । बलहीन भनेको आफ्ना धर्ममा रहेर भक्ति गरेछ भने मात्र भगवान्को धाममा जान पाइन्छ, नभए पाइदैन भन्ने निर्णय भयो । यसकारण अव उप्रान्त कसैले पनि आफू विग्रने त्यो मतमा जानु हुंदैन ।

अव सधवास्त्रीहरूको लागि व्रह्माजीले सावित्रीलाई भनेको कुरा देखाइन्छ-:

नच स्त्रीणां पृथग धर्मो न वतं नप्युपोषणम ।
भर्ता यद वदते वाक्यं नतुकुर्यादकुत्यसया ॥

अर्थः स्त्रीजातिको अलग धर्म, अलग व्रत, अलग उपवास केही हुदैन, आफ्ना पतिले जे भन्दछन् त्यसै कुरालाई मात्र मानी रहनु पर्दछ पतिले भनेको कुरालाई दोष देखाएर निन्दा गरेर अर्काको धर्ममा लाग्नु हुदैन, लागेको खण्डमा पछि सारै नराम्रो परिणाम हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भर्तृ निन्दा या कुरुते श्वश्रूनिन्दा तथैवच ।
परीवादः प्रलापं वा नरकं सातु गच्छति ॥

अर्थः जुन स्त्रीले आफ्ना पतिलाई फत्तुर लगाएर अथवा भए नभएको अर्थ न व्यर्थको कुरा गरी निन्दा गर्दछे त्यस्तै सासु ससुराका पनि वचन नमानी हेला गर्दछे, त्यो स्त्री मरेपछि सरासर नर्कमा जान्छे ।

पत्यौ जीवति या नारी ह्युपवासो व्रतं चरेत ।
आयुष्यं हरते भर्तुर्मृता नरकमृच्छति ॥

अर्थः जुन स्त्रीजाति आफ्नो पति जीवित छदै पतिले गनर नगर भन्दा भन्दै पनि अटेरी भएर वचन नाघेर उपवास, तीर्थ, व्रतहरू गर्दछे भने त्यस्ती स्त्रीले गरेको धर्मले पतिको आयु क्षीण पारेर चाँडै विधवा हुन्छे, मरेपछि पनि त्यो अटेरी स्त्री सरासर नरक जान्छे । अब पतिव्रता विधवा स्त्रीहरूको आन्हिकमा लेखेको कुरा देखाइन्छ-

विधवा कवरीवन्धो भर्तुर्वन्धाय जायते ।
शिरसो वपनं तस्मात्कार्यं विधवया सदा ॥
वैशाखे कार्तिके माघे विशेषनियमं चरेत ॥

अपुत्रा विधवां भर्तादि त्रयमुद्दिश्य प्रत्यहं तिलकुशोदकैस्तर्पणं कुर्यात् ।

अर्थः विधवा धर्म पालन गर्छु भनेकीले कपाल वाटी चुल्ठो पार्नु हुदैन, विधवा भएर कपाल काटिन भने त्यस्तो पति सधै त्यहीं चुल्ठोमा भुण्डिएर वस्तछ तसर्थ अवस्य नै विधवास्त्रीले मुण्डन गर्नुपर्दछ । सधैं गर्ने नियमहरू सामान्य भए पनि वैशाख कार्तिक माघमा विशेष नियममा रही पतिरूप मधुसूदन, पतिरूप दामोदर, पतिरूप माधवको आराधना गरी यो शरीरलाई र आफ्ना मनलाई पतिमा मिलाउनु पर्दछ । अपुत्रा विधवाले पतिका तीन पुस्ता आफ्ना माता पिताका तीन पुस्ता र मावलीका तीन पुस्ताका पितृलाई सधैं तिल कुश जलले तर्पण गर्नुपर्दछ ।

पं. लिलाकान्त पोखेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीले लिनुपर्ने उपदेश:

वेदो नित्यमधीयतां तदुदितं कर्मस्वनुष्ठीयताम ।
तेनेशास्त्र विधीयतामपचिती काम्येमतिस्त्यज्यताम ।
पापौघपरिधूयतां भवसुखे दोषोऽनुसंधीयतां ।
मात्येच्छा व्यवसीयतां निजगृहात्तूर्णं विनिर्गम्यताम ॥

अर्थ: ब्राहमणले सधैं वेदपाठ गर्नुपर्छ, वेदले वताए वमोजिम कर्म पनि गर्नुपर्छ, त्यो कर्मवाट व्यापक ब्रहमको पूजा हुनुपर्छ, तर पूजा गर्दा कामना त्याग्नु पर्दछ। अनि मात्र संसारी सुखमा लटपटिदा लागेको पापरूपी मयल धुइन्छ। पाप धोइएपछि, वल्ल दोष खोज्ने मन हुन्छ, दोष खोज्ने मन भएपछि, आत्म चिन्ने इच्छा हुन्छ। आत्मा चिन्नको लागि घर वसेर हुँदैन। अत: सद्गुरु खोज्न घरवाट निक्लनु पर्छ। अनि अरुन्धती न्याय लगाएर गुरुले आत्मा भन्ने वस्तु साक्षात्कार गराई दिनुहुन्छ।

ब्राहमणले नजानी नहुने कुरा:

हामी सात ऋषिका सन्तान हौं। यो कुरा हामीलाई विर्सन्छौं भनेर प्रतिवर्षको जनै पूर्णिमाले पुरुष जातिलाइ र ऋषि पञ्चमीले स्त्री जातिलाई सम्झाइरहेको कुरा हामीलाइ थाहै छ। सात ऋषिहरू:

विश्वामित्रो जमदग्निर्भरद्वाजोऽथ गौतम: ।
अत्रिर्वशिष्ठ कश्यप सप्तैते ऋषय: स्मृता: ॥
तेषां वंशानु वंशानां वेदमन्त्रस्य द्रष्ट्णाम ।
संस्मरामि सदा भक्त्या धर्ममार्गप्रदर्शकान ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनै सात ऋषि संख्याः

गोत्राणां तु सहस्राणि प्रयुनान्यर्बुदानिचः पुगेको छ । व्यवहार गर्न सवैलाई सजिलो होस् भनेर प्रवर वनाए। गोत्र वंशप्रवर्तक ऋषिहरू र सप्तर्षिहरू यसै प्रवरले छुट्याउँछ । गोत्र गनिनसक्नु छ ता पनि मोटामोटी रूपले तथ्य संकलन गरे झैं उन्चासओटा छन् । उन्चास वायु जस्तैः
कुन गोत्र कति भेद छः

भृगु ७, अङ्गिरा १७, अत्रि ४, विश्वामित्र १०, कश्यप ३, वशिष्ठ ४, अगस्ति ४ गरी जम्मा ४९ वटा गोत्र छन् । यी सवै सृष्टिकर्ता व्रह्माका पुत्र हुन् । यिनीहरूले वर्णाश्रम धर्म पालना गर्छन् । वर्णसङ्कर धर्म पालना गर्दैनन् ।

अन्वेषणकर्ताः
प. पद्मनाभ शर्मा निरौला

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओं

नमः शिवाय

ओं नमो भगवते वासुदेवाय:

श्री परम्पूज्यपाद आवाल व्रह्मचारी षडानन्द उपाध्याय अधिकारीज्यूवाट आशीर्वादसहित विद्याध्ययन गर्नु भएका वेदान्त शिरोमणि श्री लीलाकान्त पोखरेलज्यूले लेख्नुभएको नयाँ-पुरानो वैष्णव धर्म विचार भन्ने पुस्तकको उपादेयता एवम् अनुवाद श्री पूज्यपाद पद्मनाभ निरौलाज्यूले (Trancelate) गरेर सहमतिका साथ श्री घमचन्द्र सुवेदी र श्री पिताम्वर पोखरेल समेतको योगदानमा लेखकज्यूका चिरञ्जीवी सुपुत्र अच्युतानन्दज्यूले २०४८-६-२८ मा छपाएर प्रकाशनमा ल्याउनुभएको रहेछ । सानै आकारमा भए पनि सारांश वस्तुतथ्य र साँचो कुरा धेरै आवश्यक पर्दैन । सत्मार्गमा चल्नेलाई । तर त्यसवखतमा प्रेस-कम्पोज प्राविधिक त्रुटिका कारण अपरिष्कृत थियो । त्यसैलाई प्रुफ रिडिङ गराईदिनु होला भनेर अच्यूतजीलाई भनेको थिएं । ससम्मान पूर्वप्रकाशकज्यूले मलाई हस्तान्तरण गरेपश्चात् पुन: रिकरेक्सन श्री हेमन्तराज अर्यालज्यूले आफ्नो अमूल्य समय दिएर यथासक्य प्रुफ गरिदिनु भई उक्त कृति लोप हुनवाट र वैदिक आध्यात्मिक उद्घोष गर्नुभएका यस्ता मानवको सम्मान स्वरूप मैले यो स्वधर्म निर्णय ग्रन्थमा सम्मान स्वरूप यसै स्वधर्म निर्णय ग्रन्थमा प्रस्ट पारेर प्राविधिक त्रुटिवाहेक पूर्वलेखक लीलाकान्त पोखरेलज्यूकै शव्दालङ्कारमा फोटोकपी सरह राखिदिएको छु ।

समावेशक

पुन: प्रकाशक

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिककाल पूर्व वर्णाश्रम वा जातीय धर्म थियो पाश्चात्य विद्वान् मेगास्थिनिसले वर्णन गरेअनुसार वर्णाश्रम वैदिककालभन्दा पहिला यस्तो थियो

"This first is called the Brahmanas, man of pure conduct. They guard themselves in religion, live purely and observe the most correct principles. The second is called the Kshatrias, the royal caste for ages they have been the governing class. They apply themselves to virtue (humanities) and kindness. The third is called the Vaisyas, the merchant class; they engage in commercial exchange, and they follow profit at home and abroad. The fourth is called the Shudras, the agricultural class. They labour in ploughing and tillage. In the four classes purity or impurity of caste is assigdnes is everyone to according his or her place XXX . They do not allow promiscuous marriages between relatives. A woman once married can never take another husband." (Megasthenes, It, Indika cited from Kalyan, vol. 24, No. 1: 278; Gorakhpur pp.79-80, Geeta Press Publication, Magh 2006).

"The Brahamanas study the four Vedas-sastras. The teachers must themselves have closely studied the secret principles they contain, and penetrated to their most intricate meaning."

"When they have finished their education, and have attained to 30 years of age, their character is made and

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

their knowledge mature. When they have secured an occupation, they first of all thank their master for his attention. There are some, well versed in antiquity, who devote themselves to elegant studies, and live apart from the world, and retain the simplicity of their character. They rise above mundane pursuits, and are insensible to renown as to the contempt of the world. Their name having spread afar, the rulers appreciate them highly, but are unable to draw them to court. The chief of the country honours them on account of their mental gifts, and the people exalt their fame and render them universal homage. This is the reason of their devoting themselves to the studies with ardour and resolution, without any sense of fatigue. (Ibid p.83)

वैदिक काल (प्रथम ऋग्वेद-सत्ययुग) मा पनि वर्णाश्रम थियो। उल्लेखअनुसार प्रस्ट्याउनु पर्दछ। यी पाश्चात्य विश्लेषकहरू कसैको संस्कार संस्कृतिको अतिक्रमण (बलात्कार) गर्न नभई वास्तविक सत्यको खोज गर्नेहरू थिए न कि संस्कार-संस्कृति- धर्मका नाममा व्यापार गर्दथे। यी थिए (हुन्) वास्तविक सत्य बुझ्ने अध्येताहरूका सत्यार्थ।

वर्णभेदको विषयमा प्रसिद्ध धुरन्धर वेदा-लोचक डा. किथ (Dr. Keith) ले हिन्दू आर्य (भारतको) केम्ब्रीज इतिहासमा जो-जो जस्तो लेखेका छन्-थिए, त्यस्को उदाहरण तल दिइएको हो-

'विद्वत वर्गहरू (म्यु, जिम्नर, बेवर) ले अध्ययन गरेर उनीहरूले अस्तित्वसहित आफ्नो निश्चय यसरी लेखेका छन् ....।

" The existence of the caste system in any form in the age of the 'RIGVEDA' has been denied by high authority (Munar, Zimner, Weber), though it has been as-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

serted of late with increasing insistence (Gelnmer, Niubarg) indeed its presence in the Rig-Veda can not be disputed." (Keith: Cambridge Histoy, Sanskrit of P. 923) "While there is much truth in the view, it must be admitted that it exaggerates the freedom of the Rigveda from caste XXX . Moreover, there is no actual proof in the Rigveda that the priesthood was not then a closed hereditary class. The term 'Brahmana' (son of Brahma) seems, on the contrary, to show that the priesthood which can be quoted of any person who is said to be other than a priest appearing to exercise priestly practices" (Ibid, p.98)

" XXX The Rigveda certainly knows of a ruling class, the Kshatria, and the Vedic kingship was normally hereditary. XXX There are traces, moreover, of the division of the tribe into the holypoor (Brahman), the kingly poor (Kshatria) and the commonalty (vis)." (Ibid., pp 93-94)

यसमा विश्वास गर्ने यथेष्ट प्रमाणहरू छन् कि ऋग्वेदीय युगमा पुरोहित (ब्राम्हण) एवं आभिजात्य (क्षेत्रीय) वंशानुक्रमिक नै थिए ....सगोत्र र निकटसम्बन्धी (कपितृ-मातृ-वंशका) हाड नातामा विवाह हुँदैन थियो । संस्कार प्रथाअनुसार पुरुषको स्वजाति मै विवाह गर्नु पर्थ्यो । अनि जातभन्दा बाहिर अर्थात् (अन्तर्जातिय) विवाह त निम्नतर जातिमा मात्र हुन सक्दथ्यो ।

'जाति-जात परिवर्तन गर्नु वा धर्म संस्कार परिवर्तन गर्नु सम्भव थियो कि थिएन, यो निकै गम्भीर प्रश्न छ । परिवर्तनको थोरै क्रमिक प्रमाण छन् । वैदिक शास्त्रमा यस्ता प्रमाण उपलब्ध छैनन् कि कुनै एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णले उन्नति गरेर ब्राम्हणत्व अथवा क्षत्रीयत्व प्राप्त गरेको होस्। यर्जुर्वेदको समयमा जातिभेद सुदृढ रूपले नै वर्तमान थियो सम्भवत शूद्रमा पनि आफ्नै (स्वजातीय) जात जातिमा विवाह प्रथा थियो। वैदिक आर्य एवं अनार्य दुई पक्ष नै आ-आफ्ना जातिहरूमा नै विवाह गर्दथे।

"There is good reason to believe that in the period of the Rigveda the priesthood and the nobility were hereditary.'XX There shall be no marriage with agnates or cognates and they require that a man must either marry in his own caste, or if he marries out of the caste it must be in to a lower caste' (Keith in Cambridge History of Sanskrit, p. 126).

"The question of how far change of caste was possible raises difficult problems. The evidence of any change is scanty in the extreme. XXX There is no instance recorded in the Vedic texts of a Vaisya rising to the rank of a priest or prince.' (Ibid.p127)

"Caste system existed substantially in the time of Yajurveda." (Cambridge History, p.99)

"It is probable enough that among the Shudras themselves there were rules of endogamy. XX The Vedic Aryans and the aborigines alike married within the tribe (p.129).

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिककालमा मूर्ति पूजा हुन्थ्यो

'On the other hand, fetishism is seen in the allusion already quoted to the use of an image of Indra against one's enemies" (Cambridge History, p.1006)

"The Rigveda records that in the opinion of the poet ten coins was adequate price for an image of Indra to be used doubtless as a fetish." (Lbid p.97).

❑❑❑

भगवद् गीतामा वर्णाश्रमको प्रमाण

'चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः।'- यो आधा श्लोकबाट पनि परापूर्व कालदेखि नै 'जन्मनालब्ध जातिस्तु'.....गुण एवम् कर्म भेदबाट वर्ण भेद थियो र रहनेछ । श्रीमद्भगवद् गीता अ.....निम्नानुसार वर्णाश्रममा नै संसार चल्दछ अन्यथा शान्ति हुँदैन ।

(५-१८), (९-३२/३३), (१८-४१), (६-४३-४४), (१८-४७/४८), (३-३५) 'न योत्स्य इति 'मन्यसे' स्वभावजेन (स्वभावः क्षत्रियत्वे हेतुः पूर्वकर्म संस्कारस्तस्मात् जातेन) निवद्धः स्वेन कर्मणाः ।' 'स्थितःअस्मि (युद्धाय उत्थितः अस्मि) । करिष्ये वचनं तव ।

(३-२४), (१-४२/४३) । यदि वर्ण अनि जाति भेद जन्मगत एवं वंशानुक्रमिक थिएन भने त कुलको धर्मसंस्कार अथवा जातीय धर्म संस्कारको प्रसङ्ग कहाँबाट आयो । एउटै बाबुका विभिन्न वर्णका छोराछोरी हुन्छन् भने कुन कुनले पिण्ड दानादि दिने हुन् ? अनि त समाज, जाति, वंश, संस्कार, विवाह, अशौच, श्राद्ध आदि सम्पूर्ण असम्भव हुँदैनन् र ?

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मबाट नै जाति सिद्ध हुन्छ

(महाभारत सौप्तिक पर्व १६/३२) (गीता अ. श्लो. १७/४२, २/३३, १८/४५, १६/२४) शास्त्रहरूमा सर्वप्रथम वेद हो । विश्वकोष अर्थात् यो ब्रम्हाण्ड संसारमा जति भाषा ग्रन्थ छन् ती सबैकी जननी हिन्दू आर्य ग्रन्थ संस्कृत प्रथम वेद नै हो । (जसरी पानी भए मात्र लेउ उत्पन्न हुन्छ) हिन्दी भाषाभन्दा नेपाली भाषा १००० वर्ष पहिलेको हो कन्नौजं विश्वविद्यालयको अध्ययनअनुसार हिन्दी भाषा अठारसय पुरानो हो। त्यो भन्दा पनि एकहजार वर्ष अर्थात् उन्नाइससय वर्ष पुरानो नेपाली भाषा हो । साभार: ०६५।४।१२।१ कान्तिपुर) । जन्मनालब्ध जाति नै हो भन्ने सत्यतालाई निम्न तथ्यहरूले सिद्ध हुन्छ ।

ऋग्वेद-संहिताको १०/९० (पुरुष सूक्त)मा तथा तैत्तिरीय संहिताको ७/१/१ मा भनिएको छ कि चार वर्ण प्रजापति ब्रम्हाजीको चार अङ्गबाट उत्पन्न भए । छान्दोग्योपनिषद्को ५/१०/७ मा यस्तो वर्णन् छ कि जो मनुष्य पुण्यकर्म गर्दछ त्यो अर्को (पुनर्) जन्ममा ब्राम्हण अथवा क्षत्रीय, वैश्यको कुलमा जन्म लिन्छ अनि जो-जो पाप कर्म गर्दछन् ती ती चाण्डालादिं योनिहरूमा प्राप्त हुन्छन् । (रमणीयाचरणा रमणीयां योनिमापद्येरन् ब्राम्हणयोनिं वा क्षत्रीययोनिं वा वैश्ययोनिं वा । कपूयचरणाः कपूयां योनिमापद्येरन् श्वयोनिं वा सूकरयोनिं वा चाण्डालयोनिं वा ।) उपनिषद्हरू वेदकै भाग हुन् । अतः वेदकै समान उनीहरू प्रामाण्य छन् । मनुस्मृति सुविख्यात धर्म शास्त्र हो । महाभारत कालभन्दा धेरै पहिले यसको रचना भएको थियो । अतः गीतामा जब शास्त्रको कुरा आएको छ (१६ अ. २४ श्लो.), वहाँ वेदोपनिषद्हरूको साथै मनुस्मृति पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिप्रेरित हन्छन् नै । मनु महाराज भन्नुहुन्छ- एउटै जातिका माता-पिताबाट उत्पन्न (जन्मिएका) सन्तान पनि त्यही जातिका हुन्छन् । (सर्ववर्णेषु तुल्यासु पत्नीस्वक्षतयोनिषु । अनुलोम्येन सम्भूता जात्या ज्ञेयास्त एवहि मनुस्मृति १०/५) सबै वर्णहरूको 'लाई' अक्षत योनि बराबर (तुल्य) पत्नीहरूमा गर्भाधान (ऋतुदान) गर्नाले जुन सन्तानोत्पत्ति गर्दछिन्, ती ती सन्तान अनुलोम क्रमबाट उस-उस वर्णमा स्वीकारयुक्त हुनछन् । अर्थात ब्रा. क्ष. वैश्य पति पत्नीबाट उत्पन्न सन्तान स्व-स्व वर्णका नै हुन्छन् । जस्तै (ब्राम्हण ब्राम्हणेनैवमुत्पन्नो ब्राम्हणः स्मृतः । हरितसंहिता १/१५) जन्मना ब्रामहणो ज्ञेयः संस्काराद् द्विज उच्यते । अत्रिसंहिता १/४०) जन्मबाट ब्राम्हण हो कुल, जात, संस्कारबाट द्विज संज्ञा प्राप्त हुन्छ । श्रीकृष्णले जब गीताद्वारा १६ अ. २४ श्लो. मा शास्त्रलाई नै प्रमाण मान्नु भने त्यसले पनि यो सिद्ध छ कि जाति निर्णयको कुनै यस्तो व्यवस्था दिन सकोस् कि यो सक्दैन जो गीता अ. ४ को १३ श्लो. 'गुणाकर्मविभागशः' किन भनियो ? यहाँ कर्मको अभिप्राय वृत्तिबाट नभएर कर्तव्य हो । कर्म विभागको अर्थ हो- जन्म, कुल, गोत्र, वंशको साथ लागेर गी.अ.श्लो. १८-४२-४४ मा भएको छ । गुणको अभिप्राय हो त्रिगुण अथवा सत्व , रज़, तम यी तीन गुणबाट । गुण विभागको अर्थ हो, जन्म, कुल, गोत्र, वंशको साथ लागेर (जोडिएर) आएको गुणहरूकै मानिसहरूको वर्गीकरण वा जातजाति । गी. अ. १८ श्लो.४१ मा भगवान् श्रीकृष्णले स्वयं गुण कर्म विभागशः के हो ? स्पष्ट रूपमा भन्नुभएको छ (कर्माणि प्रविभक्तानि स्वभावप्रभवैगुर्णैः । 'स्वभावबाट उत्पन्न गुणहरूका अनुसार कर्महरूको विभाग भएको हो ।)' 'स्वभाव प्रभव शब्दहरूबाट नै यो प्रकट भएको छ कि जन्मजात गुणहरू द्वारा नै वर्ण निश्चित हुन्छ । छान्दोग्योपनिषद्को जुन ५/१०/७ वचन छ) यो पनि युक्तिसँगत छ । जो व्यक्ति पुण्य कर्म गर्दछ, उसलाई मृत्युपश्चात् सत्वगुणको प्रभुत्व सञ्चय हुन्छ । यसकारण ती ती ब्रामहण भएर जन्मन्छन् । (गीता १८/४८ मा 'सहजं कर्म' शब्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउँछ त्यसबाट पनि जन्मना जाति अनि जातिबाट धर्म निश्चित हुन्छ । अर्थात् जन्मको साथसाथै कुल, वंश, गोत्र, देश, धर्मका संस्कारहरू लागेका बसेका हुन्छन् । यही हो 'सहजं कर्म कौन्तेयः' । माथि उल्लेख गरिएका 'आप्तवाक्य' पूर्वैपूर्वत्तरैर्कृतम्, जाति निर्णयको लागि यस्तो व्यवस्था दिन सक्दछ ? जो वेद, उपनिषद्, मनुस्मृति, अत्रि-हारित-संहिता, मैत्रायणी-वृहदारण्यकोपनिषद् शास्त्र ग्रन्थहरूको विरुद्ध भागवतलाई समेत लाञ्छित गरोस् ।

❑❑❑

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समष्टि स्वरूप

Civilization is an expression of flesh, while culture is the manifestation of the soul.

संक्षिप्त तर्कबाट निसन्देह यो निश्चय हुन्छ कि यस हिन्दू पुण्य भूमिमा सृष्टदेखि नै जाति एवम् वर्ण व्यवस्था जन्मगत नै थियो, कर्म गत कहिल्यै थिएन । असवर्ण विवाह (विशेषतः प्रतिलोम) निन्दित थियो-छ । यसको ऐतिहासिक प्रमाण छन् । प्राग्-ऐतिहासिक एवम् प्रचीनतम समयदेखि नै जन्मगत जातिप्रथा चलेरै आएको हो र छ । वेदशास्त्रहरूमा जाति भेदका प्रमाणहरू पाइन्छन् । गुण र कर्मभेदबाट जाति एवम् इच्छाअनुसार वर्ण- परिवर्तनका उदाहरण छैनन्, यस्तो भन्नु अनुचित हुँदैन होला ।

यतिका बावजुद जो मनुष्यहरू यो भन्न चाहन्छन् कि वेद रचना पूर्व अनि प्राचीन समयमा (युग) वर्णव्यवस्था थिएन एवम् अन्य देश झैं स्वच्छन्द कर्म अथवा विवाह आदि यहाँ (हिन्दुंस्कृतिमा) हुन्थ्यो । ती त्यस्ता व्यक्तिले मात्र बेसोच-वेविचार सबथोक भन्न सक्दछन् । परन्तु यो निश्चित हो कि वैदिक समय पूर्व वर्णाश्रमी अथवा सनातन धर्मको अस्तित्व थिएन होला अनि तर्क एवम् वादविवादको अवसर कहाँ छ ?

अराजके हि लोकेऽस्मिन् सर्वतो विद्यते भयम् ।
रक्षार्थमस्य सर्वस्य राजनमसृजत्प्रभुः ॥मनु ॥
राज्ञो हि परमोधर्मः स्वधर्मस्यानुपालनम् ।
शासतोऽन्यान् यथाशास्त्रमनापद्युत्पथानिह ॥ भा.पु.॥
राज्ञि धर्मणि धर्मिष्ठाःपापे पापाः समे समाः ।
राजानमनुवर्तन्ते यथा राजा तथा प्रजाः ॥म.भारत
नरोऽन्यथा प्रवर्तेत स दण्ड्यो भूभृतो भवेत् ।
ये च स्वधर्म संत्यागात पापं कुर्वन्ति मानवाः ॥
उपेक्षतस्तान्नृपते रिष्टापूर्तं प्रयात्यधः ।
तस्माद्राज्ञा प्रयत्नेन सर्वे वर्णाः स्वधर्मतः॥
प्रवर्तनेऽन्यथा दंड्याः स्थाप्याश्चैव स्वकर्मसु ॥ मार्क. पु.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक, सनातन, हिन्दू संस्कृतिमा ईश्वरवाद (एक युरोपियन (अंग्रेज) ले भनेका थिए)

'A man cannot pay a more sincere compliment than spend his life seeking it.'

युरोपका प्रसिद्ध वैज्ञानिक 'रिकेजक्'ले दास्यभावमा आरुढ भएर आफ्नो अनुभव गाएका छन् ।

'I live yet not I, but God in me.

म जीवित छु तर ममा मेरो म (अहं) भाव छैन । ममा (मभित्र) इश्वर नै ओतप्रोत छन्/छ ।

हामी (हिन्दू)हरूको (वैदिक-हिन्दूवाद) ईश्वरवादको अनुभूति 'हल्का साधारण छैन' असाधारण छ । पाश्चात्य देशवासीहरू त्यसको प्रशंसा (गाथा) यसरी भन्ने (गरे) का छन् ।

More perceiving of reality will not do, but participating in it, possessing and being possessed by it.

'सत्यको अनुशीलन मात्रले पूर्ण हुँदैन, सत्यमय हुनलाई भित्र वाहिर त्यही अनुरूप (ओतप्रोत) रहनु-राख्नु परम श्रेयस्कर हो ।' म हामी आफ्नो भाव भाषा एउटै शव्दमा भन्ने गर्दछौं- गोपीवत गोपीनी समूहले प्रभास क्षेत्रमा आफ्ना प्रियतमसंग मागेथे कि ।

आहुश्चते नलिननाभ पदारविन्दं योगेश्वरे हृदि विचिन्त्यमगाधवोधैः ।
संसारकूपपतितोत्तरणावलम्वम् गेहञ्जुषामपि मनस्युदियात् सदा नः॥
१०-८२, ४९॥भा. म. पु

ईश्वर प्राप्तिको अन्तिमसम्म सन्तुष्ट हुदैन ।(journey ends with lovers meeting) भक्तको स्वरूप कति महत्वपूर्ण हुन्छ ? त्यही कुरालाई कृष्णले-' अनुव्रजाम्यहं नित्यं पूयेयेत्यंङ्घ्रि रेणुभिः' । यो रहस्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्नेवालाहरूले कहिलेदेखि यसै तत्वलाई भनेर-बुझाउन (ग्रन्थादि - शास्त्रहरू) लेखेर छोडेका थिए । The supreme experience demands the whole man, no man can serve two masters,- (Theologia Germanica)

ईश्वरवाद नै एकमात्र सत्य हो । त्यो सत्यको प्रकाश जुनसुकै समयमा हुन सक्छ, अनि जस्तोसुकै भाव-स्वरूपमा पनि हुन सक्दछ ।त्यस कार्यका लागि पाववन्दी-समय निर्धारण छैन -हुँदैन- none can say when and how it shall come, it is not for me and you to fix the movement, afer making some escort, Jacob became glazed freely upon a burnished pewter, and fell into an ecstasy, stigma ties Loyola on seeing the running water, (in refifth Veda-Harvard University) **वैदिक हिन्दुधर्म (ईश्वरवाद)लाई सत्यताको अनुभव गरेर 'जर्मन दार्शनिक' सोपेनहर** (Schopenhaur) **भन्दछन्** 'in the whole world there is no study so beneficial and elevating as that of the Upanishadas, it has been the solace of my life, it will be the solace of my death',

नासतो विद्यतेभावो नाभावो विद्यतेसतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनययोस्तत्वदर्शिभिः ॥ *(२अ.१६ गीता)*

जो असत् छ, त्यसको भाव रूपवाट विद्यमानता छैन-हुँदैन, अनि सत्यको कहिल्यै अभाव हुँदैन । तत्वदर्शीहरूले यिनै 'दुईवटा' सत्य र असत्यलाई नै अन्त्य देख्दछन् । जो यसको पथिक छन्, तिनीहरूको यही अनुभव छः there is a great experiment possible in this life and there is a great crown of the experiment, 'but in the nature of things it is not to be bought cheaply, for it demands the whole man, it has been said that the life of the mystic is one of awareness of God and as to the

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

nature we must remember that we are boiling with a question of life and of a life problem ....(Lamps of Western Mysticism by A. E. White, p.242.)

'जीवनमा ठूलाभन्दा ठूला अनुभूति अनुभवका अवसर छन् अनि तिनको ठूल-ठूला फल श्रेय पनि छन्, परन्तु छन् तर कष्टसाध्य मुहँगा। यो उपलब्धिको लागि सम्पूर्ण जगत् नै मिथ्या छ, तर निस्पृह-निःस्वार्थी कर्मले समर्पणपूर्वक कर्मको आवश्यक हुन्छ। यसै स्म्वन्धमा यस कुराको ध्यान राख्नु अत्यन्त आवश्यक हुन्छ कि जो जीवनलाई जीवनभर समाधान (हल) गरिरहने योग्य प्रश्न हो ? 'वेट लिखित' (लेम्प अफ वेस्टर्न मिष्टिसिज्म) हिन्दु सन्तले भने यस अनुभूतिको निम्ति परम शुद्ध जीवन विताउनु पर्छ (Ethical life is a prelude to life spiritual) सदाचार आध्यात्मिक जीवनको भूमिका हो। त्यो जीवन श्रद्धावाट युक्त हुन्छ, श्रद्धा के हो निरंकुश आस्तिकता। भगवानलाई चाहे जुन रूपको पनि कल्पना गर्ने र उनको व्यापकत्व अर्थात् व्यापक स्वरूपको अनुभूति पश्चात् मात्र उस परम तत्त्वको साक्षात्कार गर्न सकिन्छ। व्रम्हभूत, व्रम्हस्वरूपवाट मात्र भगवत्कृपाद्वारा पराभक्ति पाएर जीव (शिव) प्रभु ईश्वरलाई वुझेर कृत कृत्य हुन्छ। (गीता १८/५५-५६) उपर्युक्त विषयवस्तुको निचोड यही हुन्छ कि -'ज्ञानोपदेशायं गृहीतदेहं' मनुष्य प्राणी मात्रलाई शिक्षा ज्ञान दिन म देह शरीर धारण गर्दछु तर 'अहं निर्विकल्पी निराकार रूपी' म विकल्परहित निराकार हुँ, तसर्थ लीलाअवतार राम, कृष्ण, वलराम एवम् ऋषि महर्षिहरूले गरे गराएका कर्तव्य कर्मका शास्त्रोल्लेख उपदेशलाई मनन गर्नु आजको आवश्यक हो नर कलिप्रभावित पाखण्डी सोचवोकेकाहरू वाट यस्तो उपलब्धि दिन दिलाउन असम्भव छ। स्वार्थी जीवनोपयोगीहरूले वास्तविक धर्मको मर्म वुझाउन सक्दैन र गर्दैन पनि। सन्य देखे, जाने भने ऊ नाङ्गो वन्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वसंस्कृतिलाई
वैदिक सनातन हिन्दु धर्मावलम्बीले उपेक्षा गर्दैनन्

देवा मनुष्या: पशवो वयांसि सिद्धास्सयक्षोरगदैत्यसङ्घा: ।
प्रेता: विशाचास्तरवस्समस्ता, ये चान्नमिच्छिन्ति मयात्रदत्तम् ॥
पिपीलिका: कीटपतङ्काद्या, वुभुक्षिता: कर्मनिवन्धवद्धा: ।
प्रायन्तुते तृप्तीमिदं मयान्नं तेभ्यो विसृष्टं सुखिनो भवन्तु ॥
येषां न माता न पिता न वन्धु: नैंवान्नसिद्धिन तथान्नमस्ति ।
ततृप्तयेन्नं भुविदत्तमेतत्, तेयान्तु तृप्तिं मुदिता भवन्तु ॥
भूतानि सर्वाणि तथान्नमेत-,दहं च विष्णुर्न ततो न्यदस्नि
तस्मादहं भूतानिकायभूतमन्नं प्रयच्छामि भवाय तेषाम् ॥
चतुर्दशो भूतगणो य एष, तत्र स्थिता ये खिलभूतसङ्घा: ।
तृप्यर्थमन्नं हि मया विसृष्टं, तेषामिदं ते मुदिता भवन्तु ॥

देवता, मनुष्य, पशु, पक्षी, सिद्ध, यक्ष, सर्प, दैत्य, प्रेत, पिशाच वृक्ष लगायन अरु पनि कमिलाहरू कीटपतङ्ग जो कर्मवन्धनले वाँधिएकाले क्षुधातुर (भोकाएका) छन् जो (मैले) मेरो दिएको अन्नको इच्छा (आशा) गर्दछन् ती त्यस्ता आशामुखीलाई म यो अन्न दान गर्दछु। उनीहरू यसैद्वारा पूर्ण तृप्त अनि आनन्दित हऊन् । ४९-५० जसका माता पिता अथवा कुनै अरु वन्धु वान्धव छैनन् वा थिएनन् तथा अन्न प्रस्तुत (दिने वा उत्पन्न) गर्ने उपाय (साधन) अनि अन्न पनि छैन तिनीहरूको तृप्तिका लागि मैले पृथ्वीमा यो अन्न राखिदिएको हुँ (छु) । उनीहरू यसले तृप्त भएर आनन्द हऊन् रहुन् । सम्पूर्ण प्राणी यो अन्न र म सवै विष्णु (सर्वं विष्णुमयं जगत्) मय जगत हो, किनकि ईश्वरदेखि भिन्न अन्य कुनै वस्तु हुनै सक्दैन र छैन । यसकारण म सवै समस्त जीव कीटपनङ्ग लता, वृक्षादिहरूको यो शरीर रूप, अन्न उनीहरूको पोषण हेतु दान वलिदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप) गर्दछु । यी चौध प्रकारका भूत समुदायहरू छन् तिनमा जति पनि प्राणी समुदाय छन् ती सबैको तृप्तिको लागि मैले यो अन्न प्रस्तुत (दान-अग्रासन्न) गरेको छु, ती सबै य बाट प्रसन्न हऊन् । ५

उपरोक्त शास्त्रीय अनुबन्धले पनि के प्रष्ट हुन्छ भने "वेद शास्त्र इतिहास' सम्पूर्ण जगत रचयिता 'एक एव त्रिधोच्यते' एक परब्रम्ह-निराकार नै लिङ्ग ज्योति रूपबाट नै साकार प्रत्यक्षको अनुभव नगरी आत्मानुभूतिद्वारा निराकारको पत्तो मनुष्यले त्यसमा पनि कलियुगमा प्राप्त गर्न नसक्ने हुँदा पञ्चभौतिक (मनुष्यझैं) शिवको स्थूलशरीर भइदिएको मात्र हो । (जस्तो शिशुले क अर्थात अक्षरको रूप शब्दबोध बाट नभई हातले कागजमा रूप नै लेखेर मात्र त्यो साकार क अक्षरलाई आफ्नो ब्रम्हाण्ड-दिमाग- कम्प्युटरमा क्लोज गर्दछ) ईश्वरवाद हिन्दुधर्म वैदिक सनातन जे नाम दिए पनि धर्मशास्त्रले असल विचार बोकेको र असहिष्णुताको उपदेशको अभाव भएको वेद निर्देशित सम्पूर्ण धर्मशास्त्रले असल गुणी सज्जन विवेकी दयावान् नागरिक बनाउने हो ता पनि कलिमा पाखण्डको वाहुल्यवाट नै संसार दुःखी हुने हुँदा र त्यो असल शिक्षाको प्रयोग गरे गराएका खण्डमा मानिस ज्ञानी सज्जन भएपछि पाखण्डको पिछा गर्दैन । त्यसकारणले यो शिक्षा लोप हुँदै गइरहेको रहेछ किनकि सज्जनलें त पाखण्डी चिन्दछ चिनेपछि साथ दिंदैन र गुट-उपगुट- पटिको ठूलो जमात् बन्दैन त्यसैले यो विद्यालाई उपेक्षा गरेको बुझिन्छ तर यसको पुनःप्रवाह गर्नु जरुरी छ । राष्ट्रव्यापी शान्ति तव सम्भव छ, जब नागरिकले स्थूल-सूक्ष्म, जीव-निर्जीव, चेतन्-अचेतन्,ऊँच-नीच,. मान्य-अमान्य, हित-अहित, वर्ण-अवर्ण, मान-अपमान, आफूलाई सानु अज्ञानी ठान्नु-अरुलाई ठूलो ज्ञानी ठान्नु यी सम्पूर्ण कुरा शिक्षाको माध्यमद्वारा मात्र सम्भव छ भने ज्ञानोपार्जनपछि मात्र अर्थोपार्जनको विद्या वैदिक संस्कृतमा भन्दाअन्य भाषामा पाइन्थ्यो भने आज आफ्नो पछि नलाग्ने वा उसको मत धर्म-संस्कार संस्कृतिअनुसारको र उसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोषणापत्र गुरुवाक्य र उस्ले धर्मशास्त्र विरुद्ध स्वविवेकीय निर्णयले अर्काको वलपूर्वक मान्न बाध्य गराउने । त्यो नमाने वा सम्प्रदाय पाटी गुटबन्दीको चिन्ह नांगो)लाई स्वीकार नगरे उसको जीउ ध सम्पत्तिमा त्यो विवेकहीन अधर्मको गुट संगठनमा भेडियाबथानको धर्मगुरु-नेता वकिल र न्यायधीशको न्याय एक्लो भौतिकवादको अन्धो कानुनको प्रयोगबाट दिन सक्दछ कि आफ्नो पक्षधरहरूलाई दिई दिलाई आफ्नो विवेक र धर्म रक्षार्थ आफ्नो जायजेथा घर परिवारको परवाह नगरी त्यागन बाध्य हुन्छ र पारिन्छ, पारिएको पनि छ । नमः शिवाय ।

❑❑❑

हिमालय (पार्वतीका पिता) लाई भ्रममा पार्न शिव स्वयंले नक्कलि (ऐले देखिए जस्ता) वैष्णवको वेशमा आफ्नो आफैले निन्दा गर्नुभएको कुरालाई सम्प्रदायले अवलम्बन गरेको छन् यथाः-

ब्राह्मणोऽहं गिरिश्रेष्ठ वैष्णवो वुधसत्तमः घटिकीं वृत्तिमाश्रित्य भ्रमामि धरणीतले ॥
मनोपयि सर्व गामि सर्वज्ञोऽहं गुरोर्वलात् । परोपकारी शुद्धात्मा दयासिन्धुविकारहा ॥
भया ज्ञातं हराय त्वं स्वसुतां दातुमिच्छसि । इमां पद्मासमां दिव्यां वररुपां सुलक्षणाम् ॥
निराश्रयायासङ्गाय कुरुपाया गुणायच । श्मशानवासिने व्यालग्राहिरुपाय योगिने ॥
दिग्वाससे कुगात्राय व्यालभूषण धारिणे । अज्ञातकुलनाम्ने च कुशीलाय विहारिणे ॥
विभुतिदिग्धदेहाय सङ्क्रुद्धायाविवेकिने । अज्ञातवयसेऽतिव कुजटाधारिणे सदा ॥
सर्वाश्रयायभ्रमिणे नागहाराय भिक्षवे । कुमार्गनिरतायाथ वेदाध्वत्यागिने हठात् ॥
इयं ते वुद्धिरचला न हि मङ्गलदा खलु । विवोध ज्ञानिनां श्रेष्ठ नारायणकुलोद्भव ॥
न ते पात्रानुरुपश्च पार्वतीदानकर्मणि । महाजनः स्मेरमुखः श्रुतमात्राद्भविष्यति ॥
पश्य शैलाधिपश्त्वञ्च नतस्यैकोऽस्ति वान्धवः । महारत्नाकरश्त्वञ्च तस्य किञ्चिद्धनं न हि ॥
वान्धवान्मेनकां कुधपतेर्शीघ्रं सुतांस्तथा । सर्वान्पृच्छ प्रयत्नेन पण्डितान्पार्वती विना ॥
रोगिणो नौषघं शश्वद्रोचते गिरि सत्तम । कुपथ्यं रोचतेऽभीक्ष्णम् महादोषकरं सदा ॥

ब्रह्मोवाच

इत्युक्त्वा ब्राह्मणः शीघ्रं स वै भुक्त्वा मुदान्वितः । जगाम स्वालयं शान्तो नानालिलाकर शिवः ॥

(इति शिव माया वर्णनम्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वीयदर्शन शास्त्रसंस्कृत भाषाका बारेमा पश्चीमा दार्शनिक पण्डितहरूको धारणा

१. संस्कृत विश्वको महत्तम भाषा हो । (म्याक्समुलर जर्मनका नागरिक)

२. ग्रीक एवम् ल्याटिन भाषाभन्दा संस्कृत सर्वश्रेष्ठ भाषा हो । (सर विलियम जोन्स इङ्लेण्ड)

३. कुनै समयमा संस्कृत एकमात्र भाषा थियो । (प्रो. वोप्प फ्रान्स)

४. संस्कृत युरोपका आधुनिक भाषाहरूको उद्‌गम हो । (मिष्टर उवाइज फ्रान्स)

५. भारोपीय परिवारकी समस्त भाषायें संस्कृत से हि उत्पन्न हुइहै । (डा. वालाटिन केनाडा)

६. ग्रीक या रोम की कोही भि स्मृति लेख ऋग्वेदकी मुकावला नहि करसक्ता । (मोन्स ले ओन्डेल ओज अमेरिका) ।

□□□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपसंहार

यस स्वधर्म-निर्णयमा वस्तुतथ्यको अन्तस्तलमा पुगी विवेचना गरेर शास्त्रहरू वेद, उपनिषद, व्राह्मण ग्रन्थ, स्मृति, पुराणहरू एवं महाभारत, रामायण गीता रामचरित मानस वाल्मीकि आनन्द रामायणादि सम्पूर्ण धर्मशास्त्रहरूमा आलोचना एवम् समालोचना-विवेचनात्मक रूपले शोध-खोज गर्दै हाम्रा धरोहर धर्मशास्त्रमा प्रयोग गरिएका वैष्णव:धर्मशव्द कस्ता उपहासका निम्ति गरिएका हुन् र वास्तविक वैष्णवत्व कसले प्राप्त गर्ने हो भन्ने कुराको निर्क्योल गर्न साह्रै गाह्रो र कठिन त छँदैछ (छँदै थियो) तथापि संयम घरमूली एवं त्यो वंश वा स्वगोत्रियले स्कुलोचित धर्म संस्कारको विपरीत आचरण गर्दै र व्राह्मण विवाह संस्कारद्वारा संस्कृत पति एवं पत्नीमा भएको अपृथक गोत्र, धर्म र उपनयन संस्कारवाद प्राप्त द्विजित्व वेद-गायत्रीको अवज्ञा गराउँदै-गर्दै दीक्षित हुने कथित शव्दालंकारी वैष्णव र गृहस्थ धर्म यथोचित-समयानुकूल स्वशाखा सूत्रको आचरण गर्ने मानवहरू नै वास्तविक वैष्णव हुन् भन्ने तथ्य प्रष्ट हुन आएको हुँदा र स्वशाखा सूत्र परित्यागजन्य प्रत्यवायको भागी वन्ने कुराको र यदि वंश, कुल, गोत्रमा कोही कसैले स्वधर्मवाट परधर्ममा अर्थात् धर्मका वा छद्मभेषी विधर्म प्रचारक संस्थागत रूपवाट सदस्यताको नाममा प्रवेश गर्ने गराउने वा गराइएका व्यक्तिहरूले त्यो त्यो संघ संस्था एवम् छद्मभेषी सम्प्रदायका नियम पालना गर्दा त्यो त्यो परिवार एवं समाजका कुल गोत्र वंशले गर्ने वैदिक कर्म अर्थात् श्रौतसूत्र, गृहयसूत्र अन्तर्गत गरिने नित्य नैमित्तिक र काम्य कर्म विपरीत आचरण सिकाउने आन्हिक तथा आचार पद्धतिले नै छलंङ्ग चिनाउने भएकाले वैदिक सनातन धर्म र अवैदिक पाखण्ड धर्मलाई चिनो लगाउन धर्मको मर्म वुझ्नेलाई सजिलै हुन्छ र हुँदोरहेछ किन ? विधर्मी पाखण्डको अनुकरण गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवारका मूली वा सदस्यलाई तिक्त वाणी एवम् विभेदपूर्ण तिरस्कारजन्य व्यवहार पाखण्ड धर्मगुरुले दिने दीक्षा-शिक्षाको आज्ञा पालन गर्दा अनेक संस्थागतानुयायी सम्प्रदायहरूका विचित्र नियम कर्मकाण्ड अनेक प्रकारका तिलक कण्ठी केशको वनावट लकंट कपडाको रङको पहिरन मालामा गुरुको फोटो एवं भाषिक शैली आदिद्वारा अनेकताको रूप दिनु धर्मको लक्षण नहुने कुरा भागवत महापुराण र पद्म पुराणले प्रष्ट पारेका छन् (अनेक धर्मविभ्रान्ता स्त्रैणा पाखण्डवादिन । शुकशास्त्र कथोच्चारेत्याज्यास्ते यदिपण्डिता: ।)

वैदिक सनातन धर्मावलम्वीहरू शास्त्र मर्यादामा रहेर आफ्ना गच्छेअनुसार स्वकुलोचित मर्यादामा रही आ-आफ्ना धर्म कर्तव्य कर्म गर्दछन् । अनेकौं स्वमतानुयायीका चक्करमा पर्दैनन् । र पद्म पुराणमा यस्तो छ-

(स्वकुलोचित धर्मेण यत्कृतंविहितं व्रतं । तत्तदेवाचरेद्यस्तु तेन तुष्यति केशव:) ।

जसले कुलाचारवाट यज्ञ व्रत अनुष्ठान पूर्वजले गरे वमोजिम गर्दछन् ती त्यस्ताहरूवाट भगवान् केशव सन्तुष्ट हुनुहुन्छ । (पद्म.पु.मा यसरी-विरक्तो वैष्णवो विप्रो वेद शास्त्र विशुद्धि कृत । दृष्टान्त कुशलोधीरो वक्ताकार्योऽति निस्पृह: ॥) भनिएका विरक्त वैष्णव व्राह्मण जो वेदको अर्थ र शास्त्रलाई व्यांख्या एवं तर्क दिएर श्रोतालाई वुझाउँछन् ती त्यस्ता स्वधर्मानुरागी मात्र वक्ता हुन सक्छन् । यस्ता शव्दालङ्गारी वैष्णव वा सम्प्रदाय धर्मावलम्वीहरू वैदिकेतर नै हुन् भनेर भागवतादि पुराणहरूमा निषेध गरिएका वाक्य र पालनीय वाक्य कसरी छुट्याउने ? भनेर अलमलिएको स्पष्ट वुझिन्छ तर अलमलिने कुरै छैन । (भागवत पुराण स्त्री शूद्र द्विज वन्धूनां त्रयी न श्रुति गोचरा । कर्म श्रेयसी मूढानां श्रेय एवं भवेदिह । इति भारत माख्यानां कृपया मुनिना कृतम् ॥) व्राह्मण विवाह संस्कार नभएकी (विवाह दीक्षा अप्राप्त) स्त्री, स्वधर्मवाट च्युत, उपनयन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभएकालाई मात्र लौकिक दीक्षाको उपयोग विधि छ । चुडोपनयन गरी वेद-गायत्री प्राप्त द्विज जातिले अगोत्र धर्म वा अर्के खाले दीक्षा मन्त्र लिने कार्य गर्नु हुन्न भन्ने भा.म.पु. ५-१४-३० मा र वैदिकेतर (स्वधर्म त्यागने)लाई ५-२६-१५ मा यमयातनाको एवम् वानरयोनिमा जन्म हुने भनेको र निर्णय सिन्धुमा (शंखचक्रद्यङ्कनं च गीतनृत्यदिकं तथा एक जातेरयं धर्मो न जातुस्याद्विजन्मनः ॥ शंख चक्र मृदायस्तु कुर्यात्तप्ताय सेन वा । स शूद्रवहिष्कार्यः सर्वस्माद्विजकर्मणः ॥ व्राह्मण अर्थात् द्विजले लोकलयमा गीत वाद्यवादन नाचगान गर्नु हुँदैन । त्यस्तै शंख चक्रको छाप (शीतमुद्रा) डाम्नु (तप्त मुद्राङ्कित हुनु)हुँदैन । त्यसरी गरे गराएको व्राह्मण-मनुष्य शूद्रसरह कुनै व्राह्मण कर्ममा चल्दैन र वहिष्कृत हुन्छ । ती त्यस्ता काल्पनिक धर्मपरायण (सम्प्रदायमुखी तिलक-चिन्ह धारण गर्ने) हरूका लागि पद्म पुराणले (मन्ये धर्मज्ञ कल्पोसि पांन्थ त्वं शास्त्र शंसय । देहि मे जीवनंवरि चातकाय धनो यथा । मनुष्यहरूले कल्पनामा आधारित धर्मको संज्ञा दिंदै वनाइएका कथित धर्मग्रन्थका आडमा अनेक मतानुयायीहरूले प्रचार प्रसार गरेका धर्महरू पंथमात्र हुन् । यसमा संयम नै छैन । समुद्रमाथि उड्ने काकाकुलले आकाशपट्टि फर्केर पानी मागेजस्तो हो । त्यो पनि समुद्रमाथि उड्दै, अर्थात् आफ्नो कुल, वंश, गोत्रको मर्यादालाई छोडेर अन्य पाखण्ड सम्प्रदाय-पंथमा जानु भनेको उक्त काकाकुलको योनिको निश्चय गर्नु हो । त्यसरी नै-यत्र

नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।
यत्रै तास्तु न पूज्यन्ते सर्वास्तत्राऽफला क्रियाः ।

सृष्टिकर्ता नारीजातिको महत्त्व यसरी दिइएको छ कि जहाँ स्त्री जातिको सम्मान पूजा हुन्छ त्यहाँ देवताहरूको वास हुन्छ, जहाँ नारी अपहेलित हुन्छिन् त्यहाँ वा त्यस घरमा सम्पूर्ण कर्म क्रियाहरू असफल हुन्छन् । नर पत्यौ जिवतयात् स्त्री ह्युपवासव्रतं चरेत् । आयुष्यंहरतेभर्तुमृता नरक गच्छतिः॥ पत्नीद्वारा गरिएको उपवास व्रत तीर्थादिले पतिको आयु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यशकीर्ति वढ्दछ । यदि पतिको विपरीत आचरण धर्म गर्दछिन् भने त्यो पतिको आयु क्षीण हुन्छ र कीर्ति चरित्रको नाश हुन्छ । छिट्टै मृत्यु हुन्छ र वयस्क मै विधवा भै मरेपछि नरक जान्छे। पदम पुराणमा यसरी भनिएको छ कि-

विद्यमाने यदा कान्ते अन्य धर्मं करोति या ।
निष्फलं जायते तस्या पुंश्चली परि कथ्यते ॥

विवाह संस्कार दीक्षा प्राप्त स्त्री (पत्नी)ले पतिको भन्दा फरक धर्मको आचरण गर्छिन् भने तिनले गरेका सम्पूर्ण कर्म मिथ्या नष्ट हुन्छन् । ती त्यस्ती नारीका पूर्व तीन जन्मका राम्रा कर्महरू पनि नष्ट हुन्छन् र वेश्या सरहकी हुन्छिन् । अनि -

पत्यौ गते तु या नारी गृहे तिष्ठती शौनवे ।
स्नु सा धिनातुसा नारी शुनी व परवेश्मनि ॥

ती त्यस्ती नारी पतिलाई वा पतिको धर्म त्यागने र त्यही पति कै घरका छोरा वुहारीकी अधीनकी भतुवा कुकुर्नी झैं जन्मिने हुन्छिन् । अनि विवाहित पतिलाई पनि पदम पुराणमा यस्तो -

अगोत्र धमाच्चरणं क्षिप्रं नश्यति वै कुलम् ।
अश्रोत्रृये च दानाच्च वृषलेषु तथैव च ॥

स्वगोत्र धर्मै त्यागेर अगोत्रधर्मको दीक्षा शिक्षादिको वा पाखण्ड धर्मको (आवरण-चिन्ह लगाएर) आचरण पालना गर्ने मनुष्य जन्मिएको कुल वंश गोत्रवाट नष्ट हुन्छ र त्यस्तै नष्ट त्यो पनि हुन्छ जो वैदिकेतर वेदवाह्य वेदविरोधी धर्ममा लागेका वृषली वा वृषलि पतिलाई दान दिन्छ र लिन्छ । अनि श्रीमद्भागवत १०-२९ अ.मां ग्रन्थमा यसरी दुःशीलो दुर्भगोवृद्धों जडो रोगयधनो पीवा । पति स्त्रीभिर्न हातव्योलोकेप्सुभिरपातकि ॥ शिल स्वभाव नभएको भाग्यहीन वूढो मूर्ख रोगी निर्धनी गरीव भए पनि नारी स्त्री जातिले पनि त्यागनु हुँदैन तर आफ्नो कुल गोत्र परम्परा अर्थात् स्वधर्म छोडेर अन्य पाखण्ड धर्महरूको आंचरणमा लागेको पातकी छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहवास नगर्नु त्यो पति पति रहँदैन । त्यस्तै विवाह संस्कार शिक्षा दीक्षा अनुरूप स्वीकारिएकी पत्नी स्त्रीले त्यो पतिको कुल गोत्र वंश धर्मविरुद्ध आचरण गर्दछिन् भने पतिले वा पत्नीले परस्पर धर्म अर्थ मोक्ष काममा सहकार्य अर्थात् सङ्कल्पवाक्यमा सम्वन्ध जोड्नु वा काजक्रिया आशौच वार्न पर्दैन स्नान नै नगर्नु भनिएको छ । यो यथार्थले वैदिक सनातन धर्म र वैदिकेतर धर्म आचार कर्म काण्ड कै आधारवाट वुझ्न पर्ने हुन्छ । भा.मा.पु.मा जन लोककल्याणार्थ धर्मद्वारा दक्षपुत्रीको गर्भवाट अंशावतार नर नारायणवाट सनातन धर्मको व्याख्या र नारद ऋषिले धर्मराज युधिष्ठिरका प्रति वताउनु भएको-

संस्कारा यदविछिन्ना:स द्विजोऽजो जगादयम् ।
इज्याध्ययनदानानि विहितानि द्विजन्मनाम् ॥

जन्मकर्मवदातानां क्रियाश्चाश्रमचोदिता: । जसका कुल वंश गोत्रमा हे धर्मराज अविछिन्न रूपले स्वकुलोचित संस्कार हुँदै आएको छ र भएको छ र कुलाचार मै रहेका छन् जसलाई व्रह्माजीले पनि संस्कारयोग्य मान्नु भएको छ । उनी (द्विज) हुन् ती जन्मकर्मले शूद्ध विप्रका निम्ति यज्ञ, अध्ययन र दानादि कर्म विहित मानिन्छन् र उनकै निम्ति यज्ञाज्ययनादि वर्णाश्रमोचित कर्मका विधान गरिएका छन् । नारद भन्नुहुन्छ- हे युधिष्ठिर (भा.म.पु.) गृहेष्ववस्थितो राजन् क्रिया:कुर्वंन् गृहोचिता: । वासुदेवार्पणंसाक्षादुपासित महामुनीन् ॥ गृहस्थाश्रमी मनुष्यले गृहस्थोचित काममा भगवदर्पण पूर्वक कर्म गर्दै शान्तसँग विरक्तशान्त पुरुषसँग वसेर भगवान्का अमृतमयी अवतार कथा (इतिहास) हरूलाई श्रद्धापूर्वक वैदिक सनातनी विद्वान्वाट सुनोस् र त्यस्ताको सत्संगत गरोस् । (किनभने सम्प्रदाय धर्महरू एकाङ्गी भएकाले कुल वंश धर्मको नाश हुन्छ । सम्प्रदाय धर्ममा लागेका पण्डित नै भए पनि वैदिक वैष्णवत्वको व्याख्या गर्ने दक्षता हुँदैन :- अनेक धर्म विभ्रान्ता स्त्रैणा पाखण्ड वादिन: । शुक शास्त्र कथोच्चारं त्याज्यास्ते यदिपण्डिता: । सम्प्रदायले शिक्षा दिने विद्यालयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइने शिक्षा दीक्षा आ-आफ्ना धर्मग्रन्थका आधारमा र श्रुति स्मृतिहरूलाई पनि सम्प्रदायहरूले आफ्नो सम्प्रदाय संस्थाको स्वार्थ लक्ष्यमा आधारित अनुवाद गर्ने भएकाले पनि ती त्यस्ता अनेक धर्मका अनुयायीको प्रवचन त्याग्नु भनिएको (भागवत महात्म्य मा) छ ।

विष्णुस्मृतिमा पनि यस्तो छ-

यथाश्मशानजं काष्ठं अनर्हं सर्वकर्मसु ।
तथा चक्रांकितो विप्रः सर्वं कर्मषु गर्हितम् ॥

जसरी मुर्दा लाश जलाएर वचेका चिताका दाउराका मुढा कुनै कार्यमा चल्दैनन् त्यस्तै ती शङ्ख चक्रले डामिने छाप लगाउने व्राह्मण मनुष्य कुनै कार्यमा चल्दैनन् । त्यसरी नै पद्मपुराणमा पनि यस्तो छ-

शंखे चक्रेतापयित्वा यस्यदेहें प्रदृश्यते ।
स जीवःकुणपःस्त्याज्य सर्वधर्म वहिष्कृतः ॥

शंख चक्र भनेको त देवताका हतियारको (नक्कल गर्ने) छाप डाम चिन्ह लगाएको व्यक्ति देखियो भने त्यो मनुष्य ज्यूँदो भएता पनि लाशै समान (ज्यूँदो मुर्दा) मान्नु कुनै धर्म कर्ममा नचलाउनु । उक्त पुराणमा फेरि भगवान् शिव पार्वतीप्रति भन्नुहुन्छ कि-

वाह्यचिन्हमिद देवी मोहनार्थाय विद्विषाम् ।
आध्यान्तरहृदयंदेवी ध्यात्वा देवं जनार्दनम् ॥
पवित्रं व्रह्माणस्पत्य जगद्व्याप्तं हरेस्सदा ।
तेन तप्ततनुयेणां न ते यान्तिपरम् पदम् ॥

हे देवी पार्वती वाहिरी चिन्ह त अज्ञानी मानिसलाई मोह जालमा फसाएर र आफूनिर तान्न आकर्षित गर्न अनि अक्रांसग वदला लिनका लागि र द्रोहसँगै आफू ठलो वन्न लगाइन्छ । हे शैलपुत्री भगवान्को भक्त भन्नु त अन्तर्हृदयवाट नै शुद्ध भावनाले स्वधर्ममा रहेर ध्यान जपोपासना गर्नुपर्छ । अनि हे पार्वती व्राह्मण भनेका वर्णहरूमा (प्रथमोनघः) प्रथम हुनु हरिले पनि पूजन गर्नुहुन्छ, त्यस्ता ती पवित्र भएकाले पनि धातुका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्ग चिन्ह (ईश्वरका आयुध) आगामा तताएर डामे छाप लगाए भने ती लिङ्ग चिन्हधारीले परम पद पाउँदैनन् । श्राद्ध तप्त मुद्राङ्कित विप्र निषेधः (निर्णय सिन्धु) । श्राद्धादि कर्मकाण्डमा देवमुद्राङ्कित व्राह्मण चल्दैनन् (पञ्चसंस्कारको दीक्षा लिएकाले ऊर्ध्वपुण्ड्र तुलसी कण्ठी, शंख चक्रको छाप वा डाम भगवान् विष्णुको नाम लौकिक दीक्षाको अनुसरण गर्दछन् यस्ता व्यक्ति वेद वाह्य हुन् र ५ मध्ये कुनै एउटा चिन्ह मात्र लाए पनि कर्ममा चल्दैनन् -

यावत् पिता च माता च द्वावेतौ निर्विकारिणौ ।
तावत् सर्वं परित्यज्य पुत्रःस्यात् तत्परायण ।
पिता माता च सुपृतौ स्यातां पुत्र गुणैर्यदि ।
सुपुत्र सकुलं धर्ममाप्नुयात् तेन कर्मणा ॥
नास्ति मातृ समं दैवं नास्ति पितृ समो गुरुः ।
तयोः प्रत्युपकारोऽपि न कथञ्चन विद्यते ॥१२।३४-३६ कूर्म पु.पु.वि.

जवसम्म आमा र वावु दुवै निर्विकार भाव गर्दछन् तवतक सवैथोक छोडेर छोराले उनीहरूप्रति आस्थावान् एवम् आज्ञाकारी सेवक सरह रहनु पर्दछ । यदि छोराका गुणहरू (स्वकुलोचित निष्ठा सेवा भाव आदि को कारण मातापिता छोरप्रति प्रसन्न रहे भने त्यो छोराले त्यै सेवा प्रभावको कारण सत्कर्मनिष्ठादि गुण कर्महरू)द्वारा सम्पूर्ण तीर्थादि व्रतानुष्ठानको फल प्राप्त गर्दछ । जति ठूलायज्ञ तीर्थ व्रतहरू छन् ती सवै माता पिताको सेवाले नै त्यो पुत्रले प्राप्त गर्दछ । आमासमान कुनै देवता छैन । वावुसमान कुनै गुरु छैनन् । यिनीहरूको सेवा, आज्ञा पालन एवं उपकारको कुनै प्रत्युत्तर छैन तर निर्विकार छैनन् भने त्यो सेवा छोराले दिनु हुँदैन । तात्पर्य निर्विकारको अर्थ यो हो कि आफनो कुल, गोत्र, वंश, जातअनुसार श्रुति स्मृति सदाचारको न्यूनतम समयानुकूल स्वधर्ममा रहनु निर्विकार हो । यदि आमावावु वा दुवै आफ्नो स्वशाखा सूत्र धर्मको विपरीत अन्य सम्प्रदायहरूमध्येका पञ्चसंस्कारविहीन धर्मको संज्ञा रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिइएको छ भने विकारयुक्त हुन्छन् र त्यस्ताको दीक्षा शिक्षा ततसम्वन्धी तिलक, कण्ठी, लकेट, कपडा, केशको वनावट, कपडाको पहिरन, रंग, फोटो र साम्प्रदायिक भाषिक शैलीले चिनिने कुनै पनि पन्थमा लागे भने विकारयुक्त हुन्छन् र त्यस्ता पुरुषले एक्काइस कुल नरकमा हाल्छन् र नारीले उभय अर्थात् दुवै कुलका ४२ कुल नरकमा हाल्छिन् । भा.म.पुराण मा सर्यातिराजाले छोरीलाई यसरी (वास्तविक थाहा नहुन्जेल) भने ।

चिकीर्षितं ते किमिदं पतिस्त्वया प्रलम्भितो लोक नमस्कृतो मुनिः ।
यत् त्वं जराग्रस्तमसत्यसम्मतं, विहाय जारं भजतेऽमुमध्वगम् ॥९।३-२०
कथंमतिस्तेऽवगतन्यथा सतां कुलप्रसूते कुलद्विषणंत्विदम् ।
विभर्षिजारं यदपत्रया कुलं पितृश्च भर्तुश्च नयस्यधस्तमः॥९।३-२१

वावु आएको देखेर सुकन्याले स्वकुलोचित अभिवादन गर्न निहुरिँदै गर्दा पिठ्युँ फर्काएर छोरीको मुखै हेरेनन् र भन्दछन् हे व्यभिचारिणी ! तँ के गर्न खोज्दैछस् ? के यस्तो ठानेर ? यो भिखारी वूढो मेरो लायक छैन भन्दै सम्पूर्ण लोकले मानेका त्रिकालदर्शी तेरा पति च्यवन ऋषिलाई धोका दिइस् र उनीलाई त्यागेर एउटा अपरिचित (नाम गोत्र, थर) अनचिनार वटुवा जारपुरुपको सेवा चाकरी गरिरहेकी छेस् ? हे सत्कुल प्रसूते सुकन्या तेरो मनमा यस्तो विपरीत धारणा किन उत्पन्न भयो ? तेरो यो यस्तो व्यवहारले त कुलमा कलङ्क लाइदियो किन कि तैंले लज्जा त्यागेर जार पुरुषलाई आश्रय दिएकी छेस् । अव वर्णसङ्करता उत्पन्न हुन्छ । हे पापिनी तैंले आफ्ना पिता र पति दुवैको कुललाई नरकमा लगिस् । पिताका ती त्यस्ता वचन सुनेर मञ्जुहासिनी सुकन्याले पूर्व वृत्तान्त अश्विनीकुमारवाट भए. गरेका वृत्तान्त सुनाउँदी भइन् । एक दृष्टान्तः वर्तमान समयका छलपर्ण शव्दले ढाँकिएका कथित धर्म र सम्प्रदाय धर्म गुरुको चिन्ह लोगो (चिन्ह) एवम् फोटो पुज्ने र पूजाउनेहरू (छोरी मान्छेको गुरु एउटै मात्र हुन्छ जो पति व्रतका लागि मात्र मान्य छ) हो क्यासिनो चलाउने डिस्को डान्स तुल्य गीदाङ्ग भागवताचार्यका लागि त सामान्य होला वैदिक हिन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातनीहरूले पुंश्चलीलाई र पातकीलाई कुनै पनि कसैको पनि श्राद्धादि यज्ञ यज्ञादिहरूमा त्यस्ताको सहकार्य निषेध मात्र गरिएको छैन । छि: त्यस्ता धर्म गुरुहरूले दीक्षित वनाइएका की ले ३३ कोटि भनिएका तेत्तीस प्रकारका वैदिक देवताको पूजा उपासना तीर्थ मठ पूजारी आचार्य वा पुरोहितसम्मको आज्ञाशास्त्रले दिएको पाइदैन । तथा उपगुरु अर्थात् उपपतिको निर्देश शास्त्रमा छैन । श्रीकृष्णले गोपिनीहरूलाई जुगुप्सीतञ्च सर्वत्र औपपत्य कुलस्त्रियाः ॥ भने कि हे गोपिनी हो जार पुरुषको सेवा गर्ने नरक पर्छ गोत्र नाम थर त्याग्ने नरनारी पातकि र पुंश्चली हुन्छन् ।

प्रिय पाठक वर्गहरूमा म सविनय निवेदन गर्दछ कि वैष्णव भनेको त जो गायत्रीको उपासना गर्दछ अनि -

विष्णुदीक्षा न सा दीक्षा या दीक्षा भेद कारिणी ।
अभेद कारिणी दीक्षा विष्णु दीक्षा परामता ।
शिवकेशवयोर्भेदं ये कुर्वन्ति नराधमाः ।
अजागलस्तनवच्च तस्य जन्म निरर्थकम् ॥

अभेद गर्ने दीक्षा मात्र विष्णु दीक्षा हो कुनै पनि देवता विग्रह अवतारलाई निन्दा गर्दैन अनि जोशास्त्रानुमोदित पाञ्चायनको पूजा रुद्राक्ष भस्मत्रिपुण्ड्र धारण गर्दछ अथवा आफ्नो कुल गोत्र वंश वर्णानुकूलको न्यूनतम संस्कारमा छ र गर्दछ त्यही मानिसलाई शास्त्रले भनेको चारैवर्णलाई स्वकुलोचित अनुष्ठानवाट मात्र मेरो सान्निध्य प्राप्त गर्न सक्तछ नत्रं त पन्थ वा सम्प्रदायवाट मेरो उपासना गर्नेले त श्रममात्रै गर्दछन् । मलाई पाउँदैनन् । ती वर्णाश्रम विरोधी सम्प्रदायका अनेक धर्मविभ्रान्ताः कस्ता हुन् भने वोकाको घाँटीमा झुण्डिएका थुन विकामे छन् दूध पनि आउन्न मासु पनि खादैनन् त्यस्तै विकामे ती अनेकौं सम्प्रदायका दीक्षित र डामिएका पन्थिहरू भगवानले गायत्री (२४ अक्षर) लाई र सम्पूर्ण तीन वेदलाई तराजुमा राख्दा गायत्री नै वसेको पल्ला नउठेको कथा छ है त्रयी विद्या तीनवर्णले आफ्ना आफ्ना गायत्री नै जप्नु उत्तम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक जना कवि अज्ञातले भन्नुभएको रहेछ-

उपभोक्तुं न जानाति श्रियं प्राप्यापि मानवः ।
आकण्ठ जलमग्नोऽपिश्वा लिहन्त्येव जिह्वया ॥

कुकुरले कोशी नदी तर्दा घाँटीसम्म डुवेर तर्दछ प्यास मेटाउन चाहिं जिब्रोले ल्यापल्याप पारेर खान्छ । त्यस्तै वैदिक सनातन धर्म नै अपौरूषेय हो विष्णु स्वयंले उपदेश गर्नु भएको हो प्रमाण छन् । शठकोप अर्थात् मूर्ख रिसाहा कारिको छोरो शूद्रले एकजातीय धर्म चलायो त्यही धर्मको अनुकरण गर्दै पाखण्डमा रुमल्लिएर पनि वैदिक हुँ भन्दै पारपाचुके गराउँदै छन् यी सम्प्रदायीहरू यस्तामा फाल्हाल्नुभन्दा पहिला आफू र आफ्ना (पूर्वपूर्वोत्तरैर्कृतम्) पुर्खाहरूलाई सम्झेर आफैंले आफैंलाई वचाऔं अरुको सहारा चाहिन्न चाहिन्छ भने शास्त्र एवं विद्वान् समक्ष जाऔं । सम्प्रदायले पाखण्ड मच्चाएका केले रहेछ हेर्नुहोस् । कुनै पनि सम्प्रदाय वैदिक धर्म होइनन् यी विधर्म, परधर्मश्च, आभाग, उपमा र छल मात्र हुन्-

कापालिकमतासक्ता वौद्धशास्त्ररताःसदा ।
पाखण्डा चारनिरता भवना व्राह्मणधमाः ॥
पाञ्चरात्रे कामशास्त्रे तथा कापालिकं मते ।
वौद्धे श्रद्धा युतायूय भवनव्राह्मणा धमा ॥ दे.भा
कापालं नाकुलं वामं भैरवं पूर्व-पश्चिमम् ।
पाञ्चरात्रं पाशुपतं तथान्यानि सहस्रशः ॥ कू. पु. पुर्व वि

यी माथि लेखिएका शास्त्रहरू हेर्दा, पढ्दा, सुन्दा धर्म हो भन्ने लाग्छ तर वैदिक धर्म विरूद्धमा छन् । कपालिक वौद्ध पाञ्चरात्र, कामशास्त्र, कापालिक, नाकुल, वाम, भैरव, पूर्व, पश्चिम, पाशुपत र अन्याय सहस्र मायवी मोहित भ्रम पार्ने शास्त्रहरू वनिए र यिनै पाखण्ड शास्त्रलाई नै मानेर वैदिक धर्मको विपरीत विभिन्न सम्प्रदाय वनेर अझै वन्दै जान्छन् होसियार रहनु पर्छ । निम्न प्रकृतिका कर्म गर्ने स्वयं वावुआमा, दाजु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काका, काकी वा कसैको पनि जुठो सुतक लाग्दैन ती त्यस्ता सम्प्रदायीहरूले नित्यकर्म अन्तर्गत गरिने सबै कर्म तिलक आदि लाउँछन् आशौच बारेको ठहर्दैन तर १० दिनमा आफ्नो वंशमा जूठो बारेजस्तो गरेर पञ्चगव्य खान चाहिं जान्छन् । ती त्यस्ता जोसुकै भए पनि पाखण्डमतवाला हुन् त्यस्ताको आशौच लाग्दैन । सनातन विरुद्धका कर्मकाण्ड जस्तै वेदविरुद्ध नै हुन् जनन मरणाशोचमा नित्य नैमित्तिक कर्म वैदिकले गर्दैनन् । त्यस्तै सम्प्रदायका अहिले पनि वेदविरोधी ग्रन्थ नै जस्ता कर्मकाण्ड प्रणामीको वितक, तारतम्सागर वैष्णवहरूका पितृयाग, वैकुण्ठपद्धति, अर्चिरादि मार्गजस्ता ग्रन्थ बनाएर अवैदिक कर्मकाण्ड अनौठो किसिमले गरेको देख्दछौं-

गो ब्राह्मण हतानां तु पतितानां तथैवच ।
व्युत्क्रमाच्चप्रमीतानां नैव कार्या सपिण्डता ।
पाखण्डमाश्रिताश्चैव महापातकिनं तथा ।
स्त्रियश्चभिचारिण्य आरुढपतितास्तथा ।
पतितानां न दाहः स्यान्नान्त्येष्टिर्नोस्थि संचयः ।
न चाश्रुपातः पिण्डो वा कार्यं श्राद्धादिकं क्वचित ॥ कू. पु. उ. अ. ३२

उपरोक्त स्वधर्म कुल गोत्र वंश परम्पराविरुद्ध अगोत्र धर्मको दीक्षा शिक्षा ऊर्ध्वपुण्ड्र कण्ठी आदि पञ्च संस्कारमा गिरेर आश्रय लिएका जो कोहीको मृत्युमा कुनै पनि अन्त्येष्टि क्रिया नहुने कुरा उपरोक्त श्लोकले प्रमाण सिद्ध छ । यदि कसैले गरे गराए दाता भोक्ता समेत नरकगामी हुन्छन्-

स्वधर्मपरमो नित्यमीश्वरार्पित मानसः ।
प्राप्नोति तत् परंस्थानं यदुक्तं वेदवादिभिः ॥

९३ कू. पु. अ. १५

नित्य आफ्नो कुल गोत्र परम्पराबाट नै ईश्वरको नित्य निस्काम उपासक वैदिकले मात्र फल प्राप्त गर्दछ र त्यस्ताले मात्र तर्पण पिण्डादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्य आफ्नो कुल गोत्र परम्पराबाट नै ईश्वरको नित्य निस्काम उपासक वैदिकले मात्र फल प्राप्त गर्दछ र त्यस्ताले मात्र तर्पण पिण्डादि और्ध्वोदहिक प्राप्त गर्दछ अन्यथा पाखण्डी सम्प्रदायवालाले पाउँदैन । जस्तो भत्किएको कुलोबाट खेतमा पानी पुग्न सक्दैन त्यस्तै कुलाचारबाट पतितले वेदमन्त्र प्रयोग गरे पनि पाउँदैन त्यो गर्ने गराउने पनि नरक भोग्छन् । वैदिकमन्त्रको दुरूपयोगको पाप लाग्छ ।

पाठक वर्गहरूमा निवेदन::

यो उपसंहारबाट स्वधर्म निर्णयको सारभूत समग्र उपादेयता बोध होओस् भन्ने मेरो उद्देश्य हुँदा स्पष्ट्याउन खोजेको हुँ । आजकलको विलासिता र महत्वकांक्षी होहोपाडरी पाडरीको लहैलहैमा लागेर आफ्नोपनलाई गुमाउँदै अर्काको पन मनपराउने र सिर्फ अर्थोपार्जनको लक्ष्य राखेर मात्र आर्जित शिक्षा दीक्षाले संस्कार संस्कृतिको ज्ञान प्राय शून्य नै पारिसकेको भान हुन्छ । हाम्रा भविष्यका कर्णधार युवा पिंढीहरू पनि म को हुँ मेरो संस्कार संस्कृति के हो भन्ने पट्टि चिन्तन गर्ने समय अगावै व्यापारिक शिक्षा नीतिले उम्रिएको विरुवालाई उसको गन्तव्य ऊर्ध्वगतिलाई डोरीले बाँधेर तेर्सो अर्थात् पश्चिमतिर तानेको छ । स्वामी विवेकानन्द विश्वनाथ शास्त्रीले भन्नुभएको रहेछ-

भित्तिश्चायं सुस्थिरा भारतीया स्वलङ्कारो वित्तभाजां प्रतीच्ये ।
धर्मोस्माकं स्वास निस्वास रूपं सत्ये तेन भारती प्राणितिया ॥

(चम्पुकाव्य)

युरोपीय कुशिक्षया कवलिते धर्माश्रिते भारते,
लोके मानसकार्यकर्म वचनैर्दासेयता मापिते ।
द:शिक्षां व्यपनीय धर्मधनुषोद्धर्तु पुनर्भारतं,
सर्वस्वेन कृतोद्यमान् गुरुवरान् साष्टाङ्ग पातुंनुम: ।

यो केवल धर्म संस्कार संस्कृति कसैको मौलिक पहिचान गुमाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मारमा नपरून् र त्यस्तामा भूलवस कतै फसे फसाइएकाले पनि वास्तविकता बुझेर आत्मआलोचना गर्ने मौका पाउन सकून् भन्ने अभिप्रायले यो शास्त्रीय प्रमाण सहितको स्वधर्म निर्णय प्रकाशन गरिएको हो । महाभारत युद्धपछि श्रीकृष्ण भगवानले पाँचपाण्डवलाई जीवितै सशरीर स्वर्ग जान पाउने वरदान थियो । श्रीकृष्णको नेतृत्वमा महाभारत युद्ध हुनु, गराउनु तर प्रायश्चित नगरी स्वर्ग जान नपाउने हुँदा श्रीकृष्णले युद्ध प्रायश्चित गर्न पाण्डवलाई नेपाल (स्वर्गद्वारी) पठाउनु, शिव बद्रि पुग्नु पाण्डव उहीं पुग्नु शिवले महिष (रागो)को रूप लिनु रागो रूप शिवको अङ्ग छिन्नभिन्न हुनु, भक्तवत्सले नामले प्रख्यात हुनु शिर चाहिं नेपाल आउनु पुनः पाण्डवले नेपाल आएर प्रायश्चित्त गर्नु शिवले दर्शन दिनु र श्रीकृष्णले भस्मधारण त्रिपुण्ड्र तिलक रुद्राक्ष धारणा गरेर उपमन्युद्वारा शिवको तप गराउनु र सन्तान हुनु, रुक्मिणीले कृष्णलाई पति पाउन देवीको मन्दिरमा तप गर्नु आदि कुरा शास्त्रप्रमाण अनुसार नै मनन गर्नु उचित हुन्छ र वैदिक देवताको पूजार्चना गर्दाखेरि शास्त्रले बताएको विपरीत संस्कार कर्मसंकरताबाट श्रेय प्राप्ति गर्न सकिन्न । तसर्थ स्वकुलोचित संस्कार संस्कृतिको न्यूनतम पालना गर्नुपर्ने नै शास्त्रको निचोड देखिन्छ । जति अहिले अनुष्ठान भएका छन् ती अनुष्ठानबाट शान्ति भएको पाउँदैनौं किन ? नियम आचारको पालनाकै कमीले त होइन ? विचारौं । धर्म प्रिय भक्तहरूमा सविनय निवेदन यो छ कि किताबको आकार बढ्ने भयले साथै मितव्ययिताको पनि ख्याल गर्नुपर्ने बाध्यताले प्रामाणिक श्लोक एवं व्याख्या छोटो सरल गरिएको हो । यो प्रकाशनमा मानवसुलभ केही कमजोरी भएमा क्षमा तथा सुझाव पाउने आशा राखेको छु । पाठकको रुचि र आग्रह भए पुनः प्रकाशनमा यहाँहरूको सहयोगमा अरु विस्तृत गर्नेछु भन्दै विदा माग्दछु ।

विनीत

प्रकाशक

□□□

22568 / 289/75

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

卐 समर्पण 卐

ओमकार परब्रह्म-शिव-विष्णु-ब्रह्म-जमदग्नि-भृगु-भार्गव-च्यवन-आप्तवान्-

और्व-वत्स-वेणुमाधव-चिन्तामणि-कान्तु -

[illegible] ।

[illegible] ॥

[illegible] ॥

[illegible] ॥

[illegible] (लोकनाथ) -

[illegible] (बिनभाइ)

गुरुकापुत्र ज्योतिश्वर उनका शशिधर हुन् ।
उनकाश्री लक्ष्मी नारायण उनका निलकण्ठ हुन् ॥
श्रीकान्त उनका पुत्रतिनका पद्मलाल हुन् ।
शिवनिधि मेरापिताउनकैपुत्र म केशव ॥
लेखेयोसाम्प्रदायिकखोजेकस्तोभनीकन ।
धर्माधर्मकेहो ? बुझ्नोस्स्वधर्मनिर्णयैकन ॥
। केशव काहुनपुत्र श्री कृष्णराज भनीकन ।
मेराआत्मजलाइतशान्तिरहोस्दिनैदिनः ॥
उन्का पेशल पुत्रले पितारक्षागरिरहोस ।
स्वधर्मकुलकोसंस्कारअक्षुण्णपालनागरोस् ॥
कौडिन्यकुलउत्पन्न कृष्ण-पत्नि सुनिताका ।
सन्तान सन्तती दुई छन् पेशलकिदिदि मेनका ॥
निस्वार्थ,भावमा वग्दै लेखेंखोजें जसोतसो ।
मानव सुलभत्रुटि हुन्छ क्षमा दिदा होला कसो ? ॥

पूर्वादिदिव्यपित्र्यादिमातृपितृहेतुश्चापि ।
वैदिकसंस्कारर्थायसततंअर्पयामिती ॥
सबैवर्ण जातजाति यो भूगोल परिधिमा ।
स्थुल सुक्ष्मजिवनिर्जिवको, सृष्टि भो स्वैरधिनमा ॥
एकको निर्मुलैपारि स्वभीकत्वा सृष्टि हैन है ।
यो पूण्यभूमि वर्षः मा एकापसमिलि रहौं है ॥
यसैरितलेवंशोत्पत्तिमानवलेनियालीहेरी ।
भ्रममा पार्नेथिएनन्योजगतऔंधिवेहेरी ॥
अन्यलेउल्क्याएरपोभ्रमभाकोरहेछममा ।
भन्नेज्ञानोत्पतिहुन्थ्यो, लाग्थेनबुद्धिक्रूरमा ॥
यो ग्रन्थ पुनः रुक्तिसाथ लेख्नु बाध्यता बुझ्दिनु ।
बोधगम्यहोस दोहोऱ्यो वे झन्झट हेरिलिनु ॥

वत्सगोत्रबुलदाहालका कुलदेवताभ्यांनमः

लक्ष्मी नारायणका निलकण्ठ र प्रमानन्द दुई भाइ हुनुहुन्थ्यो र भिन्न भई प्रमान्नद पोकलावाङ्ग जानुभएको अभिलेख मेरा पुर्वग्रज्को लेखानुसार जेष्ठ क्रमशः जयमंगल, भवानिशङ्कर, तारानाथ, शक्तिवल्लभ र नन्दिकेश्वर ५ भाई हुनुहुन्थ्यो ।

श्रीकान्तका भाइ एउटै हरिनन्द हुनुहुन्थ्यो र श्री कान्ताका छोरा ५ भाई जेष्ठक्रमशः सिद्धिकर्ण, प्राजापति, देवदत्त (४ नाम छैन), पद्मलाल ।

पद्मलालका सात भाइ जेष्ठक्रमशः जनकलाल, पशुपति, शिवनिधि, कृष्णचन्द्र, धनपति, त्रिलोचन् र रघुनाथ हुनुहुन्थ्यो ।

वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः । वेदो नारायणः साक्षात्स्वयम्भुरिति शुश्रुम ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

...धर्मावलम्बिभिः देवतानां प्रतिमा निर्मित समय शास्त्रीय मर्यादां मनुस्मृत्य निर्मितव्यमिति किं कर्तुकिः?

ललाटेत्रिपुण्ड्रहिनानांरुद्रक्षमालाविहिनानां।

जलंअन्नचद्रव्यंचनग्राह्यंविष्णोदेवता।।

श्री नारायण उवाच

महापातकसंघातंव्यपातकान्यपराण्यपि । तंघ्नन्तिमुनिशादुलसत्यंसत्यंनचान्यथा ॥

शुद्राणांपुण्यदोनित्यमलक्ष्मीपापनाशनम् । भस्मनोद्धुलनंचैवतथातिर्यक्त्रिपुण्ड्रकम् ॥

विप्रानांचसर्वेषांविधत्तवैदिकी श्रुतिः । शिवेनविष्णुनाचैवब्रह्मणावज्रिणा तथा ॥

हिरण्यगर्भणतदवतारैर्वरुणादिभिः । देवताभिर्धृतंभस्मत्रिपुण्ड्रोद्धुलनात्मकम् ॥

उमादेव्याचलक्ष्म्याचवाचाचान्याभिरास्तिकै । सर्वस्त्रीभिधृतंभस्मत्रिपुण्ड्रोद्धुलनात्मना ॥

यक्षराक्षसगंधर्वसिद्धविद्याधरादिभिः । मुनिभिश्चधृतंभस्म त्रिपुण्ड्रोद्धुलनात्मना ॥

ब्राह्मणैः क्षत्रियैवैश्यै : शुद्रैरपिचसंकरैः । जपभ्रंशैधृतंभस्मत्रिपुण्ड्रोद्धुलनात्मना ॥

सत्यंशौचंजपोहोमस्तीर्थंदेवादिपुजनम् । तस्यव्यर्थमिदंसर्वंयस्त्रिपुण्ड्रंनधारयेत् ॥

तत्रदेवादिदेवेनरुद्रेनत्रिपुरारिण । शिलातलेपदंन्यस्तंनास्तिकानां निदर्शनं ॥

तत्रपाशुपताः शान्ताभस्मोद्धुलित विग्राहा । उपाशतेमहादेवं वेदाध्यायनतत्पराः ॥

एवमेतानितत्वानिप्रधानपुरूषेश्वराः । विष्णुर्ब्रम्हचभगवान्रुद्रः कालइति श्रुतिः ॥

केशव प्रसाद दाहाल

(प्रकाशक एवम् संकलक)

जन्मः वि.सं. २००६ वैशाख

जि. खोटाङ्, खावा कटहरे

गा.वि.स.नर्मुवा,वार्ड-४ (नेपाल)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

9789937212861 01